# नारी मनोविश्लेषणका दृष्टिले विन्द्या सुब्बाका उपन्यासको विवेचना

गीता शर्मा

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध

दिसम्बर २०१५

# नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध


शोध निर्देशक

**पुष्प शर्मा**

सह प्राध्यापक

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

शोधार्थी

**गीता शर्मा**

एमफिल 14MPNP05

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


२०१५

## प्रस्तावना तथा कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभाग, भाषा तथा साहित्य सङ्कायअन्तर्गत एमफिल उपाधि र शैक्षिक परिपूर्तिका निम्ति तयार पारिने लघु शोधप्रबन्धअन्तर्गत मेरो शोध विषय **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** रहेको छ। उपन्यासकार विन्ध्या सुब्बाका तीनवटा उपन्यासहरू **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६, **अथाह** सन् १९९९ र **निर्गमन** सन् २००६ प्रकाशित भएका पाइन्छन्। यी तीनैवटा उपन्यासहरूलाई नारी मनोविश्लेषणका दृष्टिले विवेचना गरिने क्रममा मनोविज्ञानमा विशेष केन्द्रित रहेर अध्ययन गरिएको छ।

प्रस्तुत लघु शोधप्रबन्धमा मूलतः नारीका मानसिक मनोवृत्ति, संवेग, संवेदना, सामान्य-असामान्य स्थिति र नारीले मानसिक सन्तुलन गुमाउन पुगेका पक्षबाट उपन्यासकार विन्ध्या सुब्बाका तीनवटा उपन्यासहरूको अध्ययन-विवेचना गरिएको छ। उपन्यासकार सुब्बाका उपन्यासहरूमा देखा परेका अन्य पक्षलाई पनि यथासम्भव उल्लेख गरिएको छ। एमफिलको पाठ्यक्रमको शैक्षिक अवधि १८ महिना निर्धारित गरिएको हुनाले यस अवधिभित्र रहेर 'नारी मनोविज्ञान' जस्तो गम्भीर विषयमा उपन्यासकार विन्ध्या सुब्बाका उपन्यासहरूको अध्ययन-अनुसन्धान गर्नु कठिन कुरो हो किनकि प्रस्तुत लघु शोधप्रबन्धको अध्ययन गरिने क्रममा समयको अभाव भएको बारम्बार अनुभव गरेंं। यद्यपि प्रस्तुत शोध अध्ययनमा केही नयाँ पक्ष खोज्ने प्रयास भने अवश्यै गरेको छु। प्रस्तुत शोध लेखनमा देखापर्न गएका अर्थात् देखा परेका जति पनि कमी कमजोरी, त्रुटिहरू रहेका छन् ती सबैका भागीदार म स्वंम हुनेछु।

प्रस्तुत लघु शोधप्रबन्ध लेखन कार्यमा मलाई कुशल मार्गदर्शन, सुझाउ, प्रोत्साहन दिनुका साथै

मेरो प्रेरणाको स्रोत बनिदिनुहुने श्रद्धेह गुरूमा पुष्प शर्माप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

प्रस्तुत लघु शोधप्रबन्ध तयारी गर्दा उहाँले मेरा विशेष कमजोरी पक्षहरूलाई औँल्याई दिएर, त्यसप्रति मेरो ध्यान केन्द्रित गरिदिएर सँधै मलाई सही दिशा निर्देश गर्नुभएको छ।

यसरीनै प्रस्तुत शोध अध्ययन क्रममा मलाई उपयोगी सामग्री उपलब्ध गराइदिनुहुने लेखक विदुषी विन्द्या सुब्बा, राजकुमार छेत्री, हेमन्तकुमार नेपाल तथा सबिता तामाङप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्तमा, प्रस्तुत लघु शोधप्रबन्ध तयार गर्दा उचित सुझाउ, उत्साह र प्रेरणा दिनुहुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका, गरूजन प्रतापचन्द्र प्रधान, कविता लामा, समर सिन्हा, बलराम पाण्डे र देवचन्द्र सुब्बाप्रति आभार व्यक्त गर्दछु। प्रस्तुत लघु शोधप्रबन्धको तयारीमा हरसम्भव सहयोग गर्ने साहिद राई र शान्तिकुमार भट्टराईप्रति पनि धन्यवाद टक्राउँद्छु।

गीता शर्मा
एमफिल, 14MPNP05
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

## संक्षिप्त शब्दरूप

१ अनु-------अनुवादक

२ पृ----------- पृष्ठ

३ दो. संस्क----------- दोस्रो संस्करण

४ ज. ब. रा--------- जङ्गबहादुर राणा

५ सम्पा------------ सम्पादक

६ प्रा. लि.----------प्राइवेट लिमिटेड

७ एन. एस. एस---------नेशनल सोशियल सरभिस

८ जी. टी. ए----------- गोर्खाल्याण्ड टेरोटेरियल एडमिन्सिट्रेसन

९ यु. एस. ए-----------युनाइटेड स्टेट अफ् अमेरिका

१० एम. ए----------मास्टर अफ् आर्टस

११ बी. एड-----------बेचुलर अफ् एडुकेशल

१२ बी. एस्सी----------बेचुलर अफ् साइन्श

# विषय सूची

| | पृष्ठ |
|---|---|
| **प्रतिबद्धता पत्र** | **क** |
| **शोध निर्देशकबाट अग्रसारण** | **ख** |
| **प्रस्तावना तथा कृतज्ञता ज्ञापन** | **ग- घ** |
| **संक्षिप्त शब्दरूप** | **ङ** |
| **पहिलो अध्याय** | **१- ८** |
| १.१ शोध शीर्षक | |
| १.१.१ शोध परिचय | |
| १.२ शोधको प्रयोजन | |
| १.३ समस्याकथन | |
| १.४ उद्देश्य | |
| १.५ पूर्वकार्यको समीक्षा | |
| १.६ शोधको औचित्य | |
| १.७ शोध सीमाङ्कन | |
| १.८ शोधविधि | |
| १.८.१ सामग्री सङ्कलन स्रोत | |
| १.९ शोधको सैद्धान्तिक आधार | |
| १.१० शोधको ढाँचा | |

**दोस्रो अध्याय** **९-५५**

२. आधुनिक नेपाली उपन्यास मनोविज्ञानको परम्परा र प्रवृत्ति

२.१ आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि

२.२ आधुनिक नेपाली उपन्यासको विकास परम्परा

२.३ आधुनिक नेपाली उपन्यासको स्वरूप र प्रवृत्ति

२.४ आधुनिक नेपाली उपन्यासमा मनोविज्ञानको थालनी र विकास

२.४.१ सिग्मण्ड फ्रायड र आधुनिक मनोविज्ञान

२.४.२ सामान्य मनोविज्ञान

२.४.३ असामान्य मनोविज्ञान

**तेस्रो अध्याय** **५६-१११**

३. नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना

३.१ उपन्यासकार विन्ध्या सुब्बाको परिचय

३.२ नारी मनोविज्ञानका आधारमा फूलहरू, पहाडहरू, धर्साहरू उपन्यासको विवेचना

३.३ नारी मनोविज्ञानका आधारमा अथाह उपन्यासको विवेचना

३.४ नारी मनोविज्ञानका आधारमा निर्गमन उपन्यासको विवेचना

३.५ निष्कर्ष

**चौथो अध्याय** **११२-१५४**

४.१ आधुनिक नेपाली उपन्यास परम्परामा विन्ध्या सुब्बाको स्थान र योगदान

**पाँचौं अध्याय** **१५५-१५८**

५.१ निष्कर्ष

सन्दर्भग्रन्थ सूची १५९-१६२

परिशिष्ट १६३-१७६

# पहिलो अध्याय

## १ लघु शोधप्रबन्धको सैद्धान्तिक परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** रहेको छ।

### १.१.१ शोध परिचय

नेपाली साहित्यमा सफल सुपरिचित रहेकी विन्ध्या सुब्बा नारी आख्यानकारका रूपमा एकजना सिद्धहस्त सर्जक हुन्। **सागर** पत्रिका सन् १९६८ मा *जीवनफूल* शीर्षक कविता र सन् १९७१ मा **दर्पण** पत्रिकामा *जलन* शीर्षक कथा प्रकाशित गरी उपन्यासकार विन्ध्या सुब्बाले नेपाली साहित्य लेखन यात्रा शुरू गरेकी हुन्। सुब्बाका **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६, **अथाह** सन् १९९९ र **निर्गमन** सन् २००६ गरी तीनवटा उपन्यास प्रकाशित भएको पाइन्छ। यी तीनवटा उपन्यासलाई विभिन्न विशेषताले अध्ययन गरिएका समीक्षा, लेखहरू केही पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ। यद्यपि यी उपन्यासहरूमा मुख्यतः नारी मनोविश्लेषणका दृष्टिले नै अध्ययन गरिएको कुनै समालोचनात्मक लेख प्रकाशमा आएको थाहा लाग्दैन तसर्थ प्रस्तुत विषयमा अध्ययन गर्ने उद्देश्यले यस लघु शोधको मूल विषय **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** राखिएको हो।

### १.२ शोधको प्रयोजन

प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालय नेपाली विभागमा एमफिल उपाधि र शैक्षिक परिपूर्तिका निम्ति तयार गरिएको हो।

### १.३ समस्याकथन

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** माथि प्रकाश गरिने क्रममा निम्नलिखित समस्याहरूबारे खोज गरिएको छ-

१ नेपाली उपन्यास परम्परामा मनोविज्ञानको थालनी कहिले भएको हो?

२ विन्ध्या सुब्बाका उपन्यासमा नारी मनोविश्लेषणका आधारहरू के के हुन्?

३ नारी  मनोविश्लेषणका दृष्टिले उपन्यासकार विन्ध्या सुब्बाको वैशिष्ट्य कस्तो रहेको छ?

### १.४ शोधको उद्देश्य

प्रस्तुत लघु शोधप्रबन्धका प्रमुख उद्देश्य निम्नलिखित रहेका छन्-

१ नेपाली उपन्यास परम्परामा मनोविज्ञानको थालनीबारे खोजी गर्नु।

२ विन्ध्या सुब्बाका उपन्यासमा नारी मनोविश्लेषणका आधारहरू खुट्याउनु।

३ नारी मनोविश्लेषणका दृष्टिले उपन्यासकार विन्ध्या सुब्बाको वैशिष्ट्य दर्शाउनु।

### १.५ पूर्वकार्यको विवरण र समीक्षा

भारतीय नेपाली उपन्यासमा एउटा स्थापित नाम हो विन्ध्या सुब्बा। केही पुस्तक र पत्र-पत्रिकामा उनका उपन्यासहरूमाथि समालोचनात्मक लेख, समीक्षा आदि प्रकाशित भएको

पाइन्छ। तर ती प्रकाशित लेखमार्फत विभिन्न दृष्टिले संक्षिप्त र छुटपुट रूपमा मात्र अध्ययन गरिएको पाइन्छ।

लीला लुइटेलले उपन्यासकार विन्द्या सुब्बाका तीनैवटा उपन्यासबारे संक्षिप्त व्याख्या गर्दै नारीका इच्छा पुरूषका भन्दा बेग्लै किसिमका हुने, नारीलाई भोगको साधन ठान्ने पुरूष मानसिकताको विरोध तथा अस्तित्वचेतनाका कारण नारी संवेदनशील रहेका प्रसङ्ग उल्लेख गरेकी छन्।[१] घनश्याम नेपालले नेपाली उपन्यासमा नारीवादी चिन्तन पारिजातको प्रभावबाट हुर्किएको र उपन्यासकार विन्द्या सुब्बाका उपन्यास समकालीन नारीवादी चिन्तनको मूल विषय मनस्तात्विक अन्तर्वेदनामाथि आधारित रहेको कुरा प्रस्तुत गरेका छन्।[२] शरद् छेत्रीले उपन्यासकार विन्द्या सुब्बाको **अथाह** उपन्यासमा रहेको कथानकगुम्फन, अन्य पारम्परिक नेपाली उपन्यास लेखनका तुलनामा बेग्लै र सशक्त अभिव्यक्ति रहेको उल्लेख गरेका छन्।[३] कविता लामाले उपन्यासकार विन्द्या सुब्बाको **अथाह** उपन्यासलाई मनोविश्लेषणमा आधारित बताउँदै उपन्यासमा मनोश्चिकित्सा पद्धतिलाई अप्नाइएको कुरा प्रस्तुत गरेकी छन्।[४] सपन प्रधानले उपन्यासकार विन्द्या सुब्बाको उपन्यासमा मूलत: व्यक्तिका आवेग संवेग, द्वन्द्व-अन्तर्द्वन्द्व तथा मानवीय मनोजगतका विभिन्न पक्षहरूको उद्घाटन गरिएको छ भन्ने मत प्रकट गरेका छन्।[५] दीपक तिवारीले

[१]लीला लुइटेल, सन् २०११, **नेपाली महिला उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, पृ २१-२२

[२] घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी : एकता बुक हाउस प्रा. लि, पृ २४४

[३] शरद् छेत्री, सन् २000, *केही क्षण : उपन्यास 'अथाह' भित्र,* वीरभद्र कार्कीढाली (सम्पा), **प्रक्रिया**, सिकताम: पश्चिम सिक्किम, वर्ष- १४, अङ्क- २५, पृ १५९

[४]कविता लामा, सन् २००५, **दिदृक्षा,** दार्जिलिङ :श्याम प्रकाशन, पृ ८४

[५]सपन प्रधान, सन् २०११, ***कृति-कीर्ति,*** दार्जिलिङ :गामा प्रकाशन, पृ ९५-९९

उपन्यासकार विन्ध्या सुब्बाका तीनैवटा उपन्यासमाथि संक्षिप्त चर्चा गर्दै उपन्यासमा पाइने समस्यालाई निराशा, हताश र पलायनयुक्त जीवन भोगिरहेको व्यक्तिका व्यथाको धर्सा हुन् भन्ने प्रतीकका रूपमा चिनाएका छन् भने उनले पितृरतिग्रन्थिको उच्चताभास जस्ता मनोवैज्ञानिक सन्दर्भलाई लिँदै एक्काइसौं शताब्दीमा आइपुग्दा पनि नारीलाई वस्तुसरह व्यवहार गरिने सङ्कीर्ण पुरूष मानसिकताको तीव्र विरोध गरेका छन्।[६] राजकुमार छेत्रीले उपन्यासकार सुब्बाको तेस्रो उपन्यास **निर्गमन**बारे चर्चा गर्दै संवृत्ति सत्यमा विशेष केन्द्रित रहेर परमार्थ सत्यको खोजको अनन्त चेष्टा, लैङ्गिक समताको प्रयास तथा जीवन चिन्तनको नवीन परिपाटीको प्रस्तुति पाइन्छ भन्ने मत प्रकट गरेका छन्।[७] जय क्याक्टसले उपन्यासकार सुब्बाको **निर्गमन** उपन्यासबारे पराख्यानात्मक शैलीको झुल्को, नारीवादी चिन्तन, यथार्थ जीवनप्रतिको वितृष्णा, भूमण्डलीय पृष्ठभूमि, दर्शन र चिन्तनको सङ्कथन (डिस्कोर्स) आदिले उत्तराधुनिकतर्फ इङ्गित गरेको बताउँदै औपन्यासिक पृष्ठभूमि र प्रवृत्तिलाई झलक्क हेर्दा मनोविश्लेषणात्मक लेखनकै पुनरावृत्ति भएको देखिन्छ भन्ने कुरा प्रस्तुत गरेका छन्।[८] शारदा अधिकारी (ढकाल) ले **निर्गमन** उपन्यासको चर्चा गर्दै नेपाली उपन्यासमा साहित्यको स्वाद, जीवन चिन्तनको प्यास, परमार्थ सत्यको खोजी गर्ने क्रममा नेपाली उपन्यासमा अति उपयोगी विषयको प्रवेशले समतामुखी समाजको

---

[६] दीपक तिवारी, सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी : नेपाली साहित्य प्रचार समिति, पृ २५०-२५१

[७] राजकुमार छेत्री, सन् २०१४, *'निर्गमन'को औपन्यासिक वस्तु-शिल्प र रूपविन्यासपरक अध्ययन,* बी. डी गुरूङ (सम्पा), **हिमालयन रिसर्च जर्नल**, कालेबुङ, वार्षिक, अङ्क- ३, पृ १६३

[८] जय क्याक्टस, सन् २००६, *भारतेली उपन्यास परम्परा अनि प्रयोगमा विन्ध्या सुब्बाकृत 'निर्गमन': एक दृष्टि,* कुमार प्रधान (सम्पा), **हिमालय दर्पण**, सिलगढी : दर्पण पब्लिकेसन प्रा.लि, २ र ६ नवम्बर, २००६, आइतबार, पृ ३

विकासतर्फ पाइला चालेको कुरा प्रस्तुत गरेकी छन्।[९] तथापि भारतीय नेपाली उपन्यास साहित्यमा नारीवाद, नारी मनोविज्ञान र यसका सिद्धान्तबारे विभिन्न समालोचकहरूले विभिन्न पक्षहरूमाथि प्रकाश पारेका छन्।

वस्तुतः **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** माथि अहिलेसम्म कुनै पनि कार्य गरिएको थाहा लाग्दैन। त्यसैले प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सब्बाका उपन्यासको विवेचना** राखिएको हो। नारी मनोविज्ञानलाई केन्द्रमा राखेर उपन्यासकार सुब्बाका उपन्यासभित्रका नारी पात्रहरूको मनोवैज्ञानिक विवेचना र विश्लेषण गरिएको छ।

## १.६ शोधको औचित्य

नेपाली साहित्यको इतिहासमा उपन्यास विधा एउटा महत्त्वपूर्ण विधा रहेको छ। आधुनिक नेपाली उपन्यासमा चित्रण गरिएका नारी चरित्रहरूको मनोविश्लेषण गर्ने प्रवृत्ति सशक्त र समृद्ध रहेको पाइन्छ। आधुनिक नेपाली उपन्यासको विकासमा विन्ध्या सुब्बाले पनि नारी मनोविश्लेषण भित्र्याएर नेपाली उपन्यासको मूल स्रोतका विकासमा थप योगदान दिएकी छन्। त्यसैले नारीका समस्या र बद्लिदाँ स्थितिहरूलाई मनोवैज्ञानिक दृष्टिले अध्ययन-अनुसन्धान गर्नु, यस प्रवृत्तिका उपन्यासहरूको विश्लेषणात्मक चर्चा र मूल्याङ्कन गर्नु आवश्यक हुनुको साथै त्यसको उपयोगिता र औचित्य पनि रहेको देखिन्छ। प्रस्तुत लघु शोधप्रबन्ध पनि नारी मनोविश्लेषणसँग सम्बन्धित भएको हुनाले भावी विद्यार्थी तथा शोधार्थीका लागि उपयोगी देखिन्छ।

---

[९] शारदा अधिकारी (ढकाल), सन् २००६, *कथ्य र पात्रको आलोकमा विन्ध्या सुब्बाको ' निर्गमन,* गोपालप्रसाद पराजुली (सम्पा), **गरिमा,** काठमाडौं : साझा प्रकाशन, पूर्णाङ्क-२८७, वर्ष-२४, अङ्क- ११, पृ ७४

### १.७ शोध सीमाङ्कन

प्रस्तुत लघु शोधप्रबन्धमा विन्ध्या सुब्बाका प्रकाशित तीनवटा उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू, अथाह** र **निर्गमन**भित्र प्रयुक्त नारी मनोविश्लेषणका आधार, नारीप्रतिको दृष्टिकोण तथा नारीमा निहित मनोविज्ञानका पहलुहरूका पक्षमाथि विशेष केन्द्रित रही अध्ययन गरिएको छ। प्रस्तुत शोधप्रबन्धको शीर्षक **नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** रहेको छ। यद्यपि नारीमा पुरूष अवतार भएर लेखिएको हुनाले नारी पुरूष दुवैको मनोविज्ञानको उल्लेख पनि गरिएको छ।

प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल पाठ्यक्रमको निर्धारित समयावधिभित्र पूरा गरी अध्ययन गरिएको छ।

### १.८ शोधविधि

प्रस्तुत लघु शोधप्रबन्धमा निगमनात्मक शोधविधिको प्रयोग गरी अध्ययन गरिएको छ। अध्ययन गरिने क्रममा विविध सामग्री सङ्कलन विधि अप्नाइएको छ।

#### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत लघु शोधप्रबन्ध सम्बद्ध तथ्याङ्क र अन्य आवश्यक सामग्रीको सङ्कलन यसप्रकार गरिएको छ-

**क प्राथमिक स्रोत**

प्रस्तुत लघु शोधप्रबन्ध तयार गर्ने क्रममा उपन्यासकार विन्ध्या सुब्बालाई भेटेर विषयसम्बन्धित अन्तर्वार्ता लिनु, उनका उपन्यासबारे थप जानकारी प्राप्त गर्नु आदि प्राथमिक स्रोत रहेको छ।

### ख द्वितीय स्रोत

प्रस्तुत लघु शोधप्रबन्धको द्वितीय स्रोतका रूपमा विविध व्यक्तिहरूका घरेलु पुस्तकालय र विश्वविद्यालयका पुस्तकालयबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ। जसमा सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, नेपाली विभागको पुस्तकालय, उत्तरबङ्ग विश्वविद्यालयको पुस्तकालय, पुष्प शर्माको घरेलु पुस्तकालय र हेमन्तकुमार नेपालको घरेलु पुस्तकालय प्रमुख रहेका छन्।

## १.९ शोधको सैद्धान्तिक आधार

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **नारी मनोविश्लेषणका दृष्टिले विन्द्या सुब्बाका उपन्यासको विवेचना** रहेको हुनाले मनोविश्लेषणमाथि पाश्चात्य विद्वानहरूले व्यक्त गरेका सान्दर्भिक अवधारणा तथा पूर्वीय मान्यताहरूलाई पनि आधार मानिएको छ। फ्रायडीय मनोविज्ञानको प्रभाव परेका नेपाली उपन्यासहरूलाई पनि आधार मानेर अध्ययन गरिएको छ। प्रस्तुत शोधप्रबन्ध तयार गरिने क्रममा विभिन्न प्राविधिक पक्षको रूपरेखा नेपाली लेखन शैलीमा आधारित रहेको छ।

## १.१० शोधको ढाँचा

प्रस्तुत लघु शोधप्रबन्धलाई निम्नलिखित अध्यायमा विभाजन गरेर अध्ययन गरिएको छ-

१ पहिलो अध्याय : लघु शोधप्रबन्धको सैद्धान्तिक परिचय

२ दोस्रो अध्याय : आधुनिक नेपाली उपन्यासमा मनोविज्ञानको परम्परा र प्रवृत्ति

३ तेस्रो अध्याय : नारी मनोविश्लेषणका दृष्टिले विन्द्या सुब्बाका उपन्यासको विवेचना

४ चौथो अध्याय : आधुनिक नेपाली उपन्यासमा विन्द्या सुब्बाको स्थान र योगदान

५ पाँचौं अध्याय : निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट।

# दोस्रो अध्याय

# २ आधुनिक नेपाली उपन्यासमा मनोविज्ञानको परम्परा र प्रवृत्ति

## २.१ आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि

आधुनिक नेपाली उपन्यासको पृष्ठभूमिलाई हेर्नुपर्दा नेपाली गद्यको प्राचीन नमूना विभिन्न शिलालेख, ताम्रपत्र, दानपत्र, लालमोहर आदिमा पाइन्छ। ललित साहित्यका गद्य परम्परामा देखा परेका **कादम्बरी, दशकुमारचरित** जस्ता औपन्यासिक कृतिहरूले उपन्यासको पृष्ठभूमिलाई टेवा पुऱ्याएको पाइन्छ भन्ने कुरा राजेन्द्र सुवेदीले गरेका छन्।[१०]

आजसम्मको खोज-अनुसन्धानका आधारमा उपलब्ध शक्तिवल्लभ अर्यालको **विराटपर्व** सन् १७७० र अनुदित **हास्यकदम्ब** सन् १७७८, **श्री पिनासको कथा** सन् १८१५, **दशकुमारचरित** सन् १८१८, **स्वस्थानी व्रतकथा** सन् १८२१, मुन्सीका **तीन आहान** सन् १८१७ र भानुदत्तको **हितोपदेश मित्रलाभ** सन् १७७६ आदिले नेपाली उपन्यास साहित्यको प्रारूप उठान तथा निर्माण गर्न सहयोगी देखिन्छन्।

नेपाली साहित्यको वास्तविक रूप निर्माण गर्ने पहिलो अर्थात् जेठो कृति शिवदत्तको **वीरसिक्का** सन् १८८९ लाई मानिन्छ। यसरीनै सदाशिव शर्माको **महेन्द्रप्रभा** सन् १९०२ प्रकाशनको दृष्टिले पहिलो मौलिक नेपाली उपन्यास हो भने लेखनका दृष्टिले गिरीशवल्लभ जोशीद्वारा लिखित **वीरचरित्र** सन् १८९९ पहिलो मौलिक नेपाली उपन्यास मानिन्छ।[११]

---

[१०] राजेन्द्र सुवेदी, सन् २००७, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, पृ ३३

[११] मोहन पी. दाहाल, सन् २०११, **आधुनिक नेपाली उपन्यास**, दार्जिलिङ : गामा प्रकाशन, पृ १०-१२

यी उपन्यासहरू विशेष गरी तिलस्मी, जासुसी र ऐयारीमा केन्द्रित रहेको पाइन्छ। यसका अतिरिक्त नरदेव पाण्डेको **नलोपाख्यान** सन् १८९९, देवकीनन्दन खत्रीको **चन्द्रकान्ता** सन् १८९९ आदि कृतिहरूले पनि यस परम्परालाई अघि बढाएको देखिन्छ।[१२]

नेपाली उपन्यास साहित्यको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ। काठमाडौंबाट निस्किने **गोरखापत्र** १९०१ मा प्रकाशित **कथा** सन् १९०३, **वीरमालोजी भोसल** सन् १९०४, **यमपञ्चक प्रपञ्च** सन् १९०६, **जादुगर** सन् १९०७, **नौलखाहार** सन् १९१०, **मायानाम्नी नदीका तिरको कायापुर** सन् १९१४, **कर्मको गति नजानी सक्नु छ** सन् १९१४, **विचित्र जासूसी** सन् १९१४, **प्रेमकान्ता** सन् १९१५ आदि उल्लेखनीय कृति हुन्। **विज्ञान विलास, उपन्यासमहारानी प्रियंवदा डाक्टर सूर्यप्रसाद, एकलाख रूपियाँको चोरी, महाकाल जासूस** जस्ता उपन्यासहरू जासूसी, तिलस्मी परम्परालाई केही रूपमा त्यागेर ऐतिहासिकताको मार्गतर्फ ढल्किएको पाइन्छ। वनारसबाट निस्किने **उपन्यास तरङ्गिणी** सन् १९०२ मा प्रकाशित **महेन्द्रप्रभा** र **लाक्षारञ्जितस्फटिकांस्तम्भ** जस्ता उपन्यासहरू पनि प्राचीन उपन्यासका उदाहरणहरू हुन्। यसरीनै **सुन्दरी** सन् १९०६ मा प्रकाशित उपन्यासहरूमध्ये **सुन्दरी भूषण** सन् १९०६, **गायकचरित** सन् १९०६, **कलावती** सन् १९०७, **मधुवाला** सन् १९०७, **विलासिनी** सन् १९०७, **दयाकी भाव** सन् १९२२, **राजपूत रमणी** सन् १९३२, **महासती अनुसूया** सन् १९२८ जस्ता प्रमुख तथा प्रचलित कृतिहरूले नीति उपदेशात्मक समाजसुधारको भाव बोकेको पाइन्छ। **चन्द्र** सन् १९१४ मा प्रकाशित उपन्यास **बङ्ग विजेता** सन् १९१४ रहेको पाइन्छ भने **गोर्खाली** सन् १९१६ मा प्रकाशित **हिरण्यमयी चरित्र** सन् १९१५ खरसाङबाट निस्किने **चन्द्रिका** सन् १९१८

[१२] मोहन पी. दाहाल, सन् २००१, **दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन, पृ ६३

मा लघुउपन्यास **विलायत यात्रा** प्रकाशित भएको पाइन्छ।[१३] यसरी हुर्कदैं गरेको नेपाली उपन्यास विधालाई विकास गर्न नेपाल तथा भारतबाट पत्रपत्रिकाहरूले धारावाहिक रूपमा उपन्यासहरू प्रकाशित गरेर एउटा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। यसरी नेपाली उपन्यासको प्राचीन स्रोत र पृष्ठभूमि पहिल्याउँदै जाँदा उपन्यासलेखनका विभिन्न स्वरूप प्राप्त गर्न सकिन्छ। तत्कालीन उपन्यासका प्रवृत्ति हेर्दा जासूसी, तिलस्मी, विस्मयकारी चरित्रको प्रस्तुति भए तापनि यसपछिका उपन्यास नैतिकशिक्षा, समाजसुधार, संस्कारपरक, आदर्शप्रति प्रेरित रहेका पाउन सकिन्छ।

## २.२ आधुनिक नेपाली उपन्यासको विकास परम्परा

नेपाली उपन्यास विधालाई सामाजिक धरातलमा उभ्याउने काम रूद्रराज पाण्डेको **रूपमती** सन् १९३४ र विष्णुचरण श्रेष्ठको **सुमती** सन् १९३४ ले गरेको पाइन्छ। आदर्शवादी परम्परा अङ्गीकार गरेका यी दुवै उपन्यासहरू नारी समस्यामा आधारित पाइन्छ। नारीले भोग्नु परेका यातना, उत्पीडन नै यी उपन्यासहरूले औँल्याएका प्रमुख समस्या हुन्। यी उपन्यासहरूमा पितृसत्तात्मक समाजको दबावमा परेर शोषित अवहेलित अशिक्षित नारीहरूको दुरावस्याको चित्रण पाइन्छ। आदर्श र यथार्थको सम्मिश्रण तथा समाज सुधारको आग्रह राखिएका यी उपन्यासहरूले आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिको प्रतिनिधत्व गरेको पाइन्छ।[१४]

बीसौं शताब्दीको दोस्रो र तेस्रो दशकतिर एकातिर भारतमा ब्रिटीस शासनको विरूद्ध चलिरहेको आन्दोलनले उग्र रूप लिइरहेको थियो भने अर्कातिर त्यही आन्दोलनको प्रभाव

---

[१३] मोहन पी. दाहाल, पूर्ववत्, पृ १२-१५

[१४] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, **नेपाली कथा र उपन्यास,** काठमाडौं : ओसन पब्लिकेसन प्रा.लि, पृ १९४

स्वरूप नेपालमा पनि राजनैतिक जागरण हुन लागेको थियो।[१५] सन् १९२० को **मकैपर्व** नेपालको राजनैतिक मञ्चमा दिशा परिवर्तनको सूचक बनेर अघि बढेको देखिन्छ। यसै समयमा बङ्किमचन्द्रको **दुर्गेशनन्दिनी** सन् १९३३ जस्तो क्रान्तिकारी उपन्यास नेपालीमा पनि अनुवाद भएको पाइन्छ। यसै पृष्ठभूमिमा रूद्रराज पाण्डेको **रूपमती** सन् १९३४ लेखिएको पाइन्छ। उनका अन्य उपन्यासहरू **चप्पाकाजी** सन् १९३६, **प्रायश्चित** सन् १९३८ र **प्रेम** सन् १९४८ आदिले मूलत: समाजसुधारको भाव वा विषयवस्तु नै प्रतिपादन गरिएको पाइन्छ।

समाजसुधार संस्कारमूलक स्वरलाई प्रमुखता दिदैं सामाजिक नियमलाई सर्वोपरी मानेर लेखिएका यी उपन्यासहरूले गरेको मार्गदर्शन नै तत्कालीन उपन्यासको मूल स्वर बनेको पाइन्छ। रूपनारायण सिंहको उपन्यास **भ्रमर** सन् १९३६ बाट आधुनिक नेपाली उपन्यासलेखनको थालनी भएको पाइन्छ। समाजसुधारमूलक, मानवतावादी, आदर्श तथा यथार्थपरक प्रस्तुत उपन्यासबाट नै नेपाली उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्ति प्रवेश गरेको देखिन्छ। यसै अवधिका प्रमुख उपन्यासहरूमध्ये काशीबहादुर श्रेष्ठका **उषा** सन् १९३८, **वचन** सन् १९४४, भवानीभक्तसिंह प्रधानको **यौवनको आँधी** सन् १९३६, टुक्रराज पदमराज मिश्रका **रजबन्धकी** सन् १९३६, **रामकृष्ण कुवँर राणा** सन् १९४२, शान्तशमशेर ज.ब.रा.को **दुःखी जीवन** सन् १९४१, शिवप्रतापशमशेर थापाको **श्रीकृष्ण चरितामृत** सन् १९४१, शोभाचन्द्र उपाध्यायको **पाटलीपुत्र** सन् १९६४, शिवकुमार राईको **डाकबङ्गला** सन् १९५६, कृष्णसिंह मोक्तानका **चरणधूलि** सन् १९५६, **अशेषयात्रा** सन् १९६४ प्रमुख रहेका पाइन्छन्।

[१५] मोहन पी. दाहाल, पूर्ववत्, पृ १६

आधुनिक नेपाली उपन्यासलाई नयाँ दिशातर्फ विकसित गर्दै लेखिएको लैनसिंह बाङ्देलको **मुलुकबाहिर** सन् १९४८ यथार्थवादी उपन्यासका रूपमा प्रचलित रहेको पाइन्छ। उनका अन्य तीनवटा उपन्यासहरू **माइतघर** सन् १९४६, **लङ्गडाको साथी** सन् १९४९ र **रेम्ब्राण्ट** सन् १९६६ ले यसै पृष्ठभूमिलाई अँगालेको पाइन्छ। बाङ्देलको **लङ्गडाको साथी** उपन्यासलाई यथार्थवाद र अतियथार्थवादको उपज मान्न सकिन्छ। यस अवधिमा देखा परेको डायमनशमशेर राणाको अर्को उपन्यास **बसन्ती** सन् १९४९ पनि यसै परम्परालाई विकसित गरेर लेखिएको पाइन्छ।

साठीको दशकमा लिखित अधिकांश उपन्यासहरू मुख्य रूपले दुईवटा धारालाई अँगाल्दै अघि बढेको देखिन्छ। **रूपमती**बाट भित्रिएको आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति र **मुलुकबाहिर**बाट भित्रिएको यथार्थवादी प्रवृत्तिले आधुनिक नेपाली उपन्यासलाई गति प्रदान गरेको पाइन्छ। आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिभित्र पर्ने यस दशकका प्रमुख उपन्यासहरूमध्ये मुक्तिनाथ तिमसिनाका **मातृत्व र धर्मपुस्तक** सन् १९५०, **को अछुत** सन् १९५४, मोहनबहादुर मल्लका **उजेली छाया** सन् १९५१, **पञ्चायत** सन् १९५३, **समयको हुरी** सन् १९५७ र **भुमरी** सन् १९५८, अच्छा राई रसिकका **लगन** सन् १९५५ र **दोभान**, इन्द्र सुन्दासको **मङ्गली** सन् १९५८, भुवनेश्वर कोइरालाका **बैकुण्ठको महल, सत्य सन्देश** र **विधुवा जीवन** सन् १९५६, लीलाध्वज थापाका **मन** सन् १९५८, **पूर्वस्मृति** सन् १९५६ तथा दौलतविक्रम विष्टको **मञ्जरी** सन् १९५६ आदि प्रमुख रहेका छन्।

यसरीनै यथार्थवादी प्रवृत्तिभित्र पर्ने यस अवधिका उपन्यासहरूमध्ये लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** सन् १९५७, हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** सन् १९५४ र **एक चिहान** सन् १९५८, लीलबहादुर छेत्रीको **बसाइँ** सन् १९५७ आदि प्रमुख रहेका पाइन्छन्। **स्वास्नीमान्छे** उपन्यास समाजसुधारोन्मुख रहेको नारी केन्द्रित उपन्यास हो र

यसमा व्याकुल, पीडाजन्य स्तिथिमा जीवन बाँच्न बाध्य नारीहरूको विवशता र व्यथाको चित्रण पाइन्छ।

पचासका दशकमा नेपाली उपन्यास साहित्यमा एउटा नयाँ मोडले गति समातेको देखिन्छ। गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** सन् १९५९ नै नेपाली उपन्यास साहित्यको परम्परामा मनोविज्ञान प्रयोग गरिएको पहिलो उपन्यास मानिन्छ।[१६] मनोविज्ञानले मानसिक क्रियाकलाप अर्थात् मनोजगतको आन्तरिक पक्षलाई अधिक प्राथमिकता दिइएको पाइन्छ। यसले व्यक्ति वा पात्रका मनभित्र उत्पन्न हुने द्वन्द्व तथा मानसिक प्रकियालाई चित्रित गरेको पाइन्छ।[१७] यसका अतिरिक्त आन्तरिक जीवनको निरीक्षण र प्रवृत्तिगत विश्लेषण गरेर व्यक्तिलाई उसको सम्पूर्ण वैविध्यमा, वैचित्र्यहरूमा यथार्थतः जान्न-चिन्नका लागि मनोविज्ञान सर्वोत्तम माध्यम सिद्ध भएको देखिन्छ।[१८] गोठालेको प्रस्तुत उपन्यासमा नारीको मूलप्रवृत्यात्मक अतृप्ति, समष्टि अचेतनको चेतन जीवनमा प्रभाव, चेतन र अचेतन प्रतिक्रियाहरूमा अन्तर्द्वन्द्व, व्यक्तित्वको यथार्थ-स्वको लुप्तता, अतृप्त र सुषुप्त अचेतनको उदय, दाम्पत्य प्रेममा शुष्कता र असमायोजन, जटिल भावनाग्रन्थि प्रभाव, पात्रको खण्डित-स्वको वर्णन र व्यक्तित्वमा विच्छिन्नता पाइन्छ।[१९]

---

[१६] पूर्ववत्, पृ १७-२१

[१७] विष्णुकुमारी शर्मा, सन् १९९२, **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य,** वाराणसी : सयपत्री प्रकाशन, पृ ५२

[१८] कृष्णचन्द्रसिंह प्रधान, सन् २००४, **नेपाली उपन्यास र उपन्यासकार,** पुलचोक : साझा प्रकाशन, पृ १६९

[१९] मुरारीप्रसाद रेग्मी, सन् १९९३, **मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड), काठमाडौं : साझा प्रकाशन, पृ ६६

यसरी बीसौं शताब्दीको उत्तरार्द्धको पहिलो दशकमा नेपाली उपन्यास साहित्यले विगत दशकभन्दा प्रवृत्ति र प्रयोगका दृष्टिले नवीन उपलब्धि हासिल गरेको देखिन्छ। समाजवादी प्रवृत्तिको थालनी हृदयचन्द्रसिहं प्रधानले गरेको पाइन्छ। उपन्यासमा मनोविज्ञानको प्रवेश गोविन्दबहादुर गोठालेबाट भएको देखिन्छ भने अतियथार्थवादको आरम्भ लैनसिहं बाङ्देलबाट भएको देखिन्छ। त्यसैले उपर्लिखित उपन्यसकारहरूलाई यस दशकमा प्रचलित बनेको औपन्यासिक प्रवृत्तिमध्ये मनोविज्ञान, यथार्थवाद र अतियथार्थवादका प्रमुख जनक मानिन्छ।

साठी र सत्तरीका दशकमा यथार्थवादी प्रवृत्तिको साथ-साथै अस्तित्ववाद, विसङ्गतिवाद आदिको प्रयोग र विकासले नेपाली उपन्यासलाई नवीन मार्ग निर्माण गर्दै गतिशील बनाएको देखिन्छ। यस अवधिका प्रतिनिधि उपन्यासहरूमध्ये विजय मल्लको **अनुराधा** सन् १९६१ फ्रायडीय मनोविश्लेषणमा आधारित पाइन्छ। प्रस्तुत उपन्यासमा व्यक्तिको मनोदशा, मानसिक विकृति र असन्तुलनले उसका जीवनमा पारेका प्रभावहरूलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरेको पाइन्छ।

यसै अवधिका प्रमुख उपन्यासहरूमध्ये शङ्कर कोइरालाको **खैरिनीघाट** सन् १९६१, इन्द्रबहादुर राईको **आज रमिता छ** सन् १९६४, पारिजातका **शिरीषको फूल** सन् १९६५, **महत्ताहीन** सन् १९६८, डी.पी.अधिकारीका **आशमाया** सन् १९६८, **धरती अझै बोल्दै छ** सन् १९७०, दौलतविक्रम विष्टको **एक पालुवा अनेकौं याम** सन् १९६९, केशवराज पिँडालीको **एकादेशकी महारानी** सन् १९६९ रहेका पाइन्छन्। विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती** सन् १९६८, **नरेन्द्र दाइ** सन् १९७०, **सुम्निमा** सन् १९७०, उपन्यासहरू मूलतः यौन-मनोविश्लेषणात्मक पद्धतिमा आधारित देखिन्छ। कोइरालाले आफ्ना उपन्यासहरूमा यौन समस्यालाई समेट्दै त्यसैको परिधिमा दमित इच्छा, अतृप्त, मानसिक

विकार, असन्तुलित मनोवृत्ति तथा स्वाभाविक परितुष्टिको अभावमा अप्राकृतिक बाटो अप्नाउँदा देखापर्ने विवशता र कुण्ठाको विश्लेषण गरेको पाइन्छ। मञ्जुल राल्फाको **छेकुडोल्मा** सन् १९६९, खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो डाँक** सन् १९७० यस दिशामा नयाँ पहलहरू हुन्।

नेपाली उपन्यास साहित्यमा मनोविज्ञानका प्रयोक्ताका रूपमा देखा परेका गोविन्दबहादुर मल्ल गोठालेपछि विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला जस्ता उपन्यासकारहरूले मनोविश्लेषणात्मक पद्धतिलाई गतिशील बनाएको देखिन्छ।

पारिजातको **महत्ताहीन**सँगै प्रकाशित भएको विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** सन् १९६८ मूलतः यौन-मनोविश्लेषणमा केन्द्रित भए तापनि यसमा अस्तित्ववादी चिन्तन पाइन्छ। यद्यपि समालोचक इन्द्रबहादुर राई र कृष्णचन्द्रसिंह प्रधान **तीन घुम्ती**को सैद्धान्तिक आधारबारे एकमत देखिँदैनन्। पारिजातले **शिरीषको फूल** र **महत्ताहीन**मा अस्तित्ववादी चिन्तन भित्र्याए तापनि 'राल्फा' भएर अस्तित्ववादी र मार्क्सवादको समिश्रण गरेको पाइन्छ। अस्तित्ववादी चिन्तनधाराबाट प्रगतिवादी चिन्तन धारातर्फ लम्कने प्रवृत्ति पारिजातले थालनी गरेको देखिन्छ भने अस्तित्ववादी चिन्तनधाराबाट फ्रायडवादी चरमतातर्फ उन्मुख हुने प्रवृत्ति विश्वेश्वरप्रसाद कोइरालामा लक्षित देखिन्छ। **नरेन्द्रदाइ** हुदैं **सुम्निमा**सम्म आइपुग्दा कोइरालाको औपन्यासिक यात्रामा फ्रायडवादको चरमता देखिन्छ भने मञ्जुल 'राल्फा' को उपन्यास **छेकुडोल्मा** विसङ्गतिबोध र अस्तित्वबोधको झल्को पाइन्छ।

साठीको दशकमा प्रचलित बनेका असीत राईका उपन्यासहरूमध्ये **त्यो हिमालः यो जीवन** सन् १९६७, **दृष्टिहीन दृष्टि** सन् १९६७, **सिगरेट र धुवा** सन् १९६७, **ढुङ्गाः एउटा जीवन** सन् १९७०, **विचार पात जस्तो झर्ने जीवन** सन् १९७१, **प्रेमको अर्को रूप** सन् १९७६,

**विश्रृङ्खलता** सन् १९७३, **विसङ्गति** सन् १९७४, **भोक र भोग** सन् १९७७, **पहिरो जाने पहाडः या** सन् १९७६ जस्ता उपन्यासहरू विसङ्गतिबोध, विकृति र अस्तित्ववादी चेतनामा हुर्किएको पाइन्छ।

अस्तित्ववादी चिन्तनको गति प्रदान गर्ने पारिजातका **तोरीबारी बाटा र सपनाहरू** सन् १९७६ र **अन्तर्मुखी** सन् १९७८ मा विसङ्गतिबोध पाइए तापनि यी उपन्यासहरूबाट प्रगतिवादी चेतनाको घँडेरी उठेको देखिन्छ। अस्तित्ववाद, राल्फावाद र प्रगतिवाद पारिजातका उपन्यासहरूका प्रमुख प्रवृत्तिगत विशेषताहरू हुन्। उनको **बैंसको मान्छे**मा राल्फावादी धारणा परिलक्षित हुदँछ। समालोचक कृष्णचन्द्रसिंह प्रधानको विचारमा —

“राल्फा मार्क्सवादी थिएन र अस्तित्ववादी पनि होइन, यसकारण दुवै नहुने र तीमध्ये कुनै एकको प्रभाव बोक्ने सुविधा त्यहाँ छ।” राल्फावादी र नास्तिक अस्तित्ववादीहरूका मान्यतामा कतिपय समानता पाइन्छ। राल्फावादीहरू व्यक्तिगत विद्रोह र आक्रोशमा विश्वास गर्छन्। **बैंसको मान्छे**मा आक्रोशको शमन हत्याद्वारा गरिएको पाइन्छ भने **पर्खालभित्र र बाहिर** विद्रोहमा मुछिँदै प्रगतिवादतर्फ लम्किएको देखिन्छ।

प्रारम्भिककालीन उपन्यास लेखनकालदेखि नै भवानी भिक्षुका उपन्यासमा रतिरागको आकर्षण-विकर्षण, मनस्तात्विक विश्लेषण, पात्र-पात्राका कुण्ठा आदि पक्षको विश्लेषण पाइन्छ। उनको उपन्यास **आगत** सन् १९७५ मा नेपालमा जमिनदारी व्यवस्था र सामन्ती प्रथाभित्र झुल्केका आदर्शको प्रस्तुति पाइन्छ। डायमन शमशेरका **सेतो बाघ** सन् १९८३, **प्रतिबद्ध** सन् १९७७ जस्ता उपन्यासहरूमा ऐतिहासिक महत्त्व रहेको पाइन्छ।

सत्तरीको दशकमा पी.जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** सन् १९७० पारम्परिक उपन्यासहरूभन्दा छुट्टै अस्तित्व बोकेर देखा परेको पाइन्छ। यसरीनै बानीरा गिरीको

**कारागार** सन् १९७८ ले कारागाररूपी जीवनको विसङ्गतिमा बाँच्नुको निरर्थकता, विसङ्गति, दुर्भाग्य र कष्टप्रद यथार्थ बोकेको देखिन्छ। धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू** सन् १९७८ मा उपन्यासकारको सामाजिक यथार्थवादी दृष्टिकोण पाइन्छ। उनी भन्छन्-

"**घामका पाइलाहरू**मा मैले ओढेको यथार्थ होइन आफ्नो भोगेको यथार्थलाई चित्रण गर्ने प्रयास गरेको छु।"

यसै दशकका अन्य उपन्यासहरूमध्ये  नन्द हाङ्खिमको **अर्को अनुहार** सन् १९७१, अर्जुन निरौलाका **शिशिरको बतास** सन् १९७१, र **घाम डुबेपछि** सन् १९७६, धनुषचन्द्र गोतामेको **यहाँदेखि त्यहाँसम्म** सन् १९७५, शङ्कर कोइरालाको **हेलम्बु मेरो गाउ** सन् १९७५, भाउपन्थीका **पलाँस** सन् १९७० र **आदिपुरूष** सन् १९७५, कृष्णसिहं मोक्तानका **जीवन परिक्रमा** सन् १९७८, ओकिउयामा ग्वाइनको **सुनाखरी** सन् १९७५, इन्द्र सुन्दासको **जुनेली रेखा** सन् १९७९, ज्ञानेश्वर गिरीको **तारा रोएको बेला** सन् १९७९, मोहन दुखुनको **झरी बतास र फागुन** १९७९, टीका खातीको **कोरस** सन् १९७८, विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** सन् १९७९, भरत जङ्गमको **कालो सूर्य** आदि प्रमुख रहेको पाइन्छ। यसै अवधिका अन्य उपन्यासकारहरूमध्ये आर्नोल्ड रोङगोङ, काजी प्रधान, जय धमला, प्रकाश कोविद, सलोन कार्थक, सुवास घिसिङ, समीरण प्रियदर्शी, हर्क योन्जन, गोविन्दराज भट्टराई, केशवराज पिँडाली, गङ्गा कप्तान, के.बी.नेपाली प्रभृति उपन्यासकारहरू प्रमुख रहेका छन् भने यिनीहरूका यी उपन्यासहरू उल्लेखनीय रहेका पाइन्छन्।

अस्सीका दशकदेखियताका उपन्यासकारहरूबाट नवीन शिल्पशैली प्रयोग गरेर उपन्यासहरू लेखिएको पाइन्छ। यस काँटका प्रमुख उपन्यास र उपन्यासकारहरूमध्ये

असीत राईका **नयाँ क्षितिजको खोज** सन् १९८०, **यन्त्रणा** सन् १९८०, डायमन शमशेरको **सत्प्रयास** सन् १९८१, **अनिता** सन् १९८६, इन्द्र सुन्दासका **नियति** सन् १९८३, **सहारा** सन् १९९५, दौलतविक्रम विष्टका **भोक र भित्ताहरू** सन् १९८१, **ज्योति ज्योति महाज्योति** सन् १९८८, रमेश विकलका **अबिरल बग्छ इन्द्रावती** सन् १९८३, **सागर उर्लन्छ सगरमाथा छुन** सन् १९९५, पारिजातका **अनिदो पहाडसँगै** सन् १९८२, **परिभाषित आँखाहरू** सन् १९८९, **बोनी** सन् १९९१, धुस्वाँ सायमीका **टिस्टादेखि सतलजसम्म** सन् १९८६, **माटो बोल्दो हो** सन् २००७, विन्द्या सुब्बाका **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६, **अथाह** सन् १९९९, **निर्गमन** सन् २००६, वानीरा गिरीका **निर्बन्ध** सन् १९८७, **शब्दातीत शान्तनु** सन् १९९९, मदनमणि दीक्षितका **माधवी** सन् १९८२, **त्रिदेवी** सन् १९९४, धुर्वचन्द्र गौतमका **अलिखित** सन् १९८२, **निमित्त नायक** सन् १९८६, **अग्निदत्त + अग्निदत्त** सन् १९९७, सीता पाण्डेको **अन्तर्द्वन्द्व** सन् १९९९, कृष्ण धरावासीका **शरणार्थी** सन् १९९९, **आधाबाटो** सन् २००२, **राधा** सन् २००५, भीम दाहालका **अभीष्टको खोज** सन् १९९२, **द्रोह** सन् २००२, **विद्रोह** सन् २००५, नारायण वाग्लेको **पल्पसा क्याफे** सन् २००५, पुष्प राईको **मध्यान्तर** सन् २००७, मत्सेन्द्र प्रधानको **आरोहण** सन् २००८, शान्ति थापाको **मोहनी डट् कम** सन् २००९, पारसमणि समको **लक्ष्यतिर** सन् २००६, अमर न्यौपानेको **सेतो धरती** सन् २०१२, कृष्ण धरावासीको **गेस्टापो** सन् २०१३, राजन मुकारूङको **दमिनी भीर** सन् २०१३, सिर्जना शर्माको **गोल्डेन गेट** सन् २०१३, कृष्ण अविरलको **रक्तबीज** सन् २०१४ प्रमुख देखिन्छन्। यसका अतिरिक्त समकालीन नेपाली उपन्यास साहित्यको विकासमा योगदान पुऱ्याउने उपन्यासकारमध्ये इन्दिरा प्रसाई, नयनराज पाण्डे, ऋषिराज

बराल, गीता केशरी, शोभा राना, देव भण्डारी, गीता शर्मा, मुक्ति उपाध्याय बराल, राधा रसाइली प्रभृति उपन्यासकारहरूको उल्लेखनीय भूमिका रहेको पाइन्छ।[२०]

## २.३ आधुनिक नेपाली उपन्यासको स्वरूप र प्रवृत्ति

### २.३.१ उपन्यासको परिचय

साहित्यको आख्यान विधाअन्तर्गत पर्ने उपन्यास एउटा लोकप्रिय विधाका रूपमा प्रचलित रहेको छ। यसमा मानव जीवनको सम्पूर्ण पक्ष र सिङ्गो युगको विस्तृत चित्रण गर्न सकिन्छ। वस्तुतः गद्यमा लेखिने कलात्मक, वर्णनात्मक, चित्रात्मक, व्यञ्जनात्मक, स्वतन्त्र एवम् वैयक्तिक विधा नै उपन्यास हो।[२१]

उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा धञ् (अ) प्रत्यय लागेर बनेको हो। सूत्रात्मक रूपमा उप+नि+अस्+घञ (अ)=उपन्यास बन्दछ। संस्कृतमा उपन्यास शब्दको अर्थ युक्तिपूर्ण प्रस्तुतिकरण, प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द दिने वाक्यका अर्थमा प्रयोग भएको पाइन्छ।[२२] उपन्यासलाई आख्यान अर्थमा पनि प्रयोग गरिन्छ।

अङ्ग्रेजी भाषामा उपन्यासलाई नोभेल भनिन्छ, यसकै नेपाली रूपान्तर उपन्यास हो। नोभेल इटालियन भाषाको नोभेलाबाट विकसित भएको हो। यसको अर्थ नयाँ वस्तु हो। नोभेला शब्द ग्रसेली भाषाको नोभषबाट बनेको हो। नोभोलको अर्थ हुन्छ नयाँ समाचार

---

[२०] मोहन पी. दाहाल, पूर्ववत्, पृ २१-३२

[२१] मोहन पी. दाहाल, पूर्ववत्, पृ ३

[२२] राजेन्द्र भण्डारी र पारसमणि शम, सन् २०१२, **भाषा साहित्य**, गान्तोक : साहित्य सिर्जना सहकारी समिति लिमिटेड, पृ ९९

वा नयाँ घटना। हिन्दी र बङ्गला भाषामा यसलाई उपन्यास नै भनिन्छ भने गजुरातीमा नवलकथा, मराठीमा कादम्बरी र नेपाली भाषामा उपन्यास शब्द नै प्रचलित रहेको पाइन्छ।

उपन्यासका सम्बन्धमा पूर्वीय र पाश्चात्य साहित्यका विद्वान समालोचकहरूले विभिन्न परिभाषा दिएका छन् ;

१ हेनरी जेम्स- जेम्सले उपन्यासलाई जीवित, गतिशील र सम्पूर्ण मानवीय चेतनाका वृहत्तर परिवेश समेट्न सक्ने विधा मानेका छन्।

२ फिल्डिङ- उपन्यास गद्यमा लेखिएको सुखान्त महाकाव्य हो भन्ने मत फिल्डङले जाहेर गरेका छन्।

३ प्रेमचन्द्र- प्रमचन्द्रको भनाइअनुसार मानव चरित्रको व्याख्या गर्नु र त्यसको रहस्य खोल्नु नै उपन्यासको मूल कार्य हो।[२३]

४ मोहन हिमांशु थापा- उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बन्ध परिवेशको प्रस्तुति हुन्छ।[२४]

५ कृष्णचन्द्रसिंह प्रधान- प्रधानले उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो भनेका छन्।[२५]

---

[२३] पूर्ववत्, पृ १००

[२४] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, पूर्ववत्, पृ १६३

[२५] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ १

यसप्रकार समयको गति, साहित्यका विविध स्वरूप सभ्यतासँग-सँगै गतिशील एवम् परिवर्तनशील हुनेहुनाले यसका परिभाषामा पनि विविधता पाइन्छ। यद्यपि उपन्यास विधा एउटा नवीन, लोकप्रय विधाको रूपमा भने प्रचलित रहेको साहित्यको एउटा महत्त्वपूर्ण विधा हो।

प्राचीन पद्य विधाअन्तर्गत पर्ने महाकाव्यले उपन्यासको रूप धारण गरेको भन्ने धारणाले उपन्यासलाई गद्य महाकाव्य पनि भन्ने गरेको पाइन्छ। नेपाली साहित्यमा उपन्यासलेखनको थालनी **वीरचरित्र** सन् १९६० बाट भएको मानिन्छ। सन् १९६० का दशकको प्रारम्भबाट थालिएको नेपाली उपन्यासले दीर्घकालीन अवधि पार गरेको पाइन्छ। यस अविधामा वहुसंख्यक उपन्यासकारका धैरै उपन्यास प्रकाशित भएका पाइन्छन्। यसमा पुरूष उपन्यासकारसँग-सँगै महिला उपन्यासकारहरूको पनि उल्लेखनीय उपस्थिति र सहभागिता रहेको पाइन्छ। नेपाली उपन्यासमा महिला उपन्यासकारको प्रवेश सन् १९८९ देखि भएको पाइन्छ। सन् १९६० का दशकको प्रारम्भबाट थालिएको सयवर्षभन्दा बढी समयावधि पार गरेर दीर्घकालीन इतिहास निर्माण गरिसकेको पाइन्छ।

नेपाली उपन्यासका क्षेत्रमा महिला उपन्यासकारको प्रवेश सन् १९८९ देखि नै भएको पाइए तापनि आजसम्मको खोजी र प्राप्तिअनुसार उपलब्ध भएको अम्वालिकादेवीको **राजपूत रमणी** सन् १९३२ उपन्यास महिला उपन्यासकारद्वारा लिखित पहिलो नेपाली उपन्यास हो र अम्वालिकादेवी प्रथम उपन्यासकार हुन्। जो भारतीय भूमिबाट लिखित एवम् प्रकाशित रहेको पाइन्छ। यसले प्रमाणित गर्दछ, पहिलो उपन्यासलेखन भारतबाट प्रारम्भ भएको हो। यही समयावधिलाई दृष्टिगत गरेर नेपाली साहित्यमा अस्सीका

दशकमा देखा परेकी भारतीय मूलकी महिला उपन्यासकार विन्द्या सुब्बा र उनका उपन्यासको पनि यथास्थानमा विस्तृत रूपमा चर्चा गरिनेछ।

भारतीय भूमिमा बसेर लेखिएको **राजपूत रमणी**को कथावस्तु भारतीय इतिहासमा आधारित प्रस्तुत उपन्यासको शीर्षक पनि उपन्यासकी मुख्य पात्र राजपूत रमणीको नामबाट राखिएको छ। त्यसैले महिला उपन्यासकारले नारीका चरित्रलाई औपन्यासिक कलाद्वारा प्रस्तुत गरिसकेकोले यसको आफ्नै ऐतिहासिक महत्त्व रहेको छ।

मध्यकालमा स्पेनिश, इटालिन, फ्रेन्च आदि युरोपेली भाषाहरूमा प्रचलित रोमान्स र आख्यानमूलक काव्यहरूबाट उपन्यासको उत्पत्ति भएको मानिन्छ। फ्रान्समा प्रचलित काल्पनिक, असम्भाव्य, अलौकिक र अप्राकृतिक रोमान्स कथाहरू, इङ्गल्याण्डमा लेखिने यथार्थ घटनामा आधारित 'टेल' हरू तथा रहस्यमय स्थान, विजय अभियान सम्बन्धी लेखिएका प्राचीन युनानी कथाहरू नै उपन्यासका स्रोत मानिएका पाइन्छन्। यसरीनै संस्कृत साहित्यका आख्यानहरूलाई पनि आधुनिक उपन्यासका स्रोत मानिन्छ।[२६]

इटालियन लेखक गायोवानी बोकासियोको **डेकामेरन**लाई 'नोभेला', 'रोमान्स' र 'टेल' हरूको विकसित रूप मानिएको पाइन्छ। पश्चिमी **ईसप्स फेबल्स** र **अलिफलैला** जस्ता गद्याख्यानहरूका पनि प्रेरक र जनक मानिएको संस्कृत साहित्यको **हितोपदेश**बाट प्रभावित भएको **डेकामेरन**मा विद्वानहरूले उपन्यासको स्वरूप पाएको उल्लेख गरेको पाइन्छ। फ्रान्सेली लेखक फ्रयाङ्कोइ राब्लेको व्यङ्ग्यविनोदी कृति **गार्गन्तुआ एण्ड पान्ताग्रएल** तथा स्पेनी सर्वान्तीसको **डन किओटे**मा पाइने औपन्यासिक प्रारूपलाई मान्यता दिएर राब्ले र सर्वान्तीस नै उपन्यासका वास्तविक निर्माणकर्ता हुन् भन्न सकिन्छ। **डेकामेरन**बाट

[२६] मोहन पी. दाहाल, पूर्ववत्, पृ ५

प्रभावित ज्योफ्रे चसरको **केन्टरबरी टेल्स** हुदैं डेनियल डिफोको **रबिन्सन क्रुसो**द्वारा उपन्यास विधाले आधुनिक स्वरूप लिइएको मानिन्छ। नेपाली साहित्यमा उपन्यासको पृष्ठभूमि प्राचीन गद्याख्यानका कृतिहरूले तयार पारे तापनि शिवदत्तको **विरसिक्का** सन् १८८९ बाट उपन्यास विधाले घँडेरी खनेको देखिन्छ। रूपनारायण सिंहको **भ्रमर**बाट मात्र नेपाली उपन्यासको आधुनिक स्वरूप निर्माण भएको देखिन्छ।

चौधौं शताब्दीदेखि उपन्यासको प्रारूप तयार हुदैं आएर पन्ध्रौं र सोह्रौं शताब्दीतिर यसको जन्म भए तापनि विशेष गरी सत्रौं र अठारौं शताब्दीको युरोपेली औद्योगिक व्यवस्थामा सामाजिक, वैयक्तिक स्वाधीनताको चेतनाले प्रस्फुटन हुने र विकसित हुनाले अघिको सामन्ती व्यवस्थाका मान्यता, जीवनमूल्यको साटो नयाँ चेतनाले उपन्यासमा उदात्त अभिव्यक्ति पाएको देखिन्छ।[२७]

उपन्यासले सामाजिक-सांस्कृतिक, आर्थिक, धार्मिक, दार्शनिक, वैज्ञानिक चिन्तन-मनन एवम् अनुसन्धानका आधारमा मानव जीवनलाई यथार्थ, भौतिक, आध्यात्मिक जीवनको कल्पनासँग मानवीय मूल्य र मान्यताप्रति साक्षात्कार गराउँछ। मानिसका प्रकृति, प्रवृत्ति, अन्तर्द्वन्द्व जस्ता समस्याहरूको विश्लेषण गर्दै सत्य र मिथ्या, अन्धकार र प्रकाश, मानवता आदिलाई भाषाको माध्यमद्वारा प्रस्तुत गर्दछ। यसले समाजको हितका निम्ति उचित मार्गदर्शन गर्दछ।

प्रवृत्तिगत रूपमा उपन्यासका प्रवृत्तिलाई संक्षेपमा उल्लेख गर्न सकिन्छ- आदर्शोन्मुख धारा, आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा,

[२७] पूर्ववत्, पृ ५-७

प्रगतिवादी धारा, मनोविश्लेषणवादी धारा, प्रयोगवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा आदि।

प्रस्तुत शोधप्रबन्धको मूल विषय मनोविश्लेषणमाथि आधारित भएकाले मनोवैज्ञानिक उपन्यासका आधार, पक्ष र विषयवस्तुलाई यहाँ चर्चा गरिन्छ। मानव समाजसँग सामञ्जस्य स्थापना गर्नुको साटो आफ्नै अन्तर्जगतमा मुग्ध रहने तथा आफ्ना कार्य र विचारद्वारा प्रायः असामान्य मनोदशाको परिचय दिने पात्रहरूको मानसिक स्थललाई मनोवैज्ञानिक उपन्यासले प्रस्तुत गरेको पाइन्छ। यसमा विशेषतः मानवमनभित्रका दमित इच्छा, कुण्ठा, चाहना, आशा- निराशा, विक्षिप्त मनस्थिति, अचेतन र अवचेतन मनभित्र रहेका अतृप्ति, यौन समस्या, वासनात्मक विषयलाई जागृत गराउने किसिमको विषयवस्तु समाविष्ट गरिएको पाइन्छ।[२८] मानव मनस्थितिको चरित्रलाई दुई पक्षबाट उद्घाटित गरिएको हुन्छ, जसमा मनोवैज्ञानिक र यौनमनोविश्लेषणात्मक उपन्यास पर्दछन्। मानिसभित्रको अन्तरमनलाई केलाउनका निमित्त चरित्रद्वारा केन्द्रित गरिएका उपन्यास मनोवैज्ञानिक हुन्छन् भने अतृप्त यौन कुण्ठाहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा चित्रण गरिएका उपन्यास यौनमनोविश्लेषणात्मक प्रवृत्तिका हुन्छन्।

फ्रायडद्वारा प्रतिपादित सिद्धान्तअनुसार मानव मनका तीन तह इद, अहम् र पराहम् हुन्छन्। अचेतन मनमा पार्ने प्रभावका विषयलाई मनोविश्लेषणवादी उपन्यासमा प्रस्तुत गरिएको हुन्छ र मानव मनका मनोविकारलाई अन्तर्मुखी चरित्रहरूका माध्यमबाट प्रस्तुत गरी मानसिक स्थितिको विश्लेषण गरिएको पाइन्छ। मानव अन्तर्मनका यावत् कुण्ठा, तृष्णा, इच्छा, मनोवेगको उतारचढावलाई प्रस्तुत गर्नु मनोवैज्ञानिक प्रवृत्तिको उद्देश्य मानिन्छ।

---

[२८] मोहन पी. दाहाल, पूर्ववत्, पृ ११

मनोविश्लेषणवादमा अचेतन मनको स्थान उच्च रहेको हुन्छ। अन्तरतहमा प्रवेश गर्ने अचेतन मन र बाहिरी रूपमा रहने चेतन मनसँग तुलना गरेर हेर्दा यी दुईको मिश्रणबाट मानव व्यक्तित्वको विकास भएको पाइन्छ। मनको चेतन, अचेतनभित्र इद, अहम् र पराहम् रहेका हुन्छन्। इदले वंशानुक्रमका कुराहरूलाई अन्तर्निहित गर्न चेतन मनलाई प्रभावित गर्दछ। व्यक्तिको इच्छा यसमा रहेको हुन्छ। अहम् इदको परिष्कृत रूप मानिन्छ। इदको वासनालाई दमन गर्ने कार्य अहमले गरेको हुन्छ। पराहम् अहमको विकसित रूप हो, जसले सामाजिकीकरणमा नैतिक शिक्षा दिने तत्त्वको रूपमा काम गर्दछ। यसले आदर्श स्थापना गरी जीवनको उपयुक्त स्थान निर्धारण गर्न थालेपछि अनुभूतिजन्य र मानसिक क्रियाकलापहरूलाई मनोविश्लेषणवादले अध्ययन गर्दछ।

मनोवैज्ञानिक उपन्यासमा द्वन्दात्मक स्थितिको सिर्जना पनि गरिएको पाइन्छ। यस्तो उपन्यासमा चित्रित पात्रहरूबीचका विविध क्रियाकलाप अर्थात् घोचपेचबाट उचाल्ने-खसाल्ने गर्दा उत्पन्न हुने द्वन्द, मानव मनस्थितिमा उथलपुथल ल्याउने प्रक्रियाको चित्रण गरिएको हुन्छ।[२९]

नेपाली उपन्यास साहित्यमा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**, विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती**, **सुम्निमा**, विजय मल्लको **अनुराधा** आदि मनोवैज्ञानिक उपन्यासका प्रबल उदाहरण हुन्। मनोवैज्ञानिक प्रवृत्तिलाई आत्मसात् गरी भारतीय नेपाली उपन्यासलेखनमा विन्ध्या सुब्बा अघि बढेकी छन्। उनका उपन्यासमा कारूणिक अवस्था, नैतिकता, पात्रहरूको मनोदशालाई खोतल्दै तिनका मनोकाङ्क्षा, चाहना, शङ्का र पश्चतापको विश्लेषण गरिएको पाइन्छ।

---

[२९] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, पूर्ववत्, पृ २००

**उपन्यासका तत्त्व**

उपन्यासका तत्त्वहरूको प्रसङ्गमा कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई अगाडि सारेका छन् भने ऋषिराज बराल कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई अगाडि सार्दछन्।[३०] यसरी तत्त्वहरूका विषयमा एउटै मत नभए पनि मूलतः उपन्यासका निर्माणमा निम्नलिखित तत्त्वहरूलाई महत्त्वपूर्ण मानिन्छ-

**१ कथानक**

आख्यानात्मक कृति मानिने उपन्यासमा कथानक मूल तत्त्वका रूपमा रहेको हुन्छ। कथानकको सेरोफेरोमा पात्र, संवाद, वातावरण, भाषाशैली, संरचना, उद्देश्य, बिम्ब र प्रतीक समेटिएका हुन्छन्।[३१] कथावस्तु स्थूल साधन हो भने कथानक सूक्ष्म कलात्मक चेतको मूर्त रूप हो।[३२] कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजना र शृङ्खलाबद्ध ढाँचा हो।

**२ पात्र तथा चरित्र चित्रण**

पूर्वीय काव्यशास्त्रमा वस्तु, नेता र रसमध्ये रसलाई र पाश्चात्य काव्यशास्त्रमा कथानकलाई प्राथमिकता दिए तापनि आधुनिककालमा साहित्यका सबै विधामा चरित्र-

---

[३०] पूर्ववत्, पृ १६४

[३१] पूर्ववत्, पृ १६४

[३२] घनश्याम नेपाल, सन् २००५, **आख्यानका कुरा**, सिलगढी : एकता बुक हाउस प्रा. लि, दो संस्क, पृ ३३

चित्रणलाई बढी महत्त्व दिइएको पाइन्छ।[३३] आख्यानमा जुन तत्त्वका माध्यमद्वारा घटनाहरू हुन्छन् र विकसित बन्दछन् त्यस तत्त्वलाई पात्र भनिएको पाइन्छ। पात्रका हाउ-भाउ, आनीबानी, आचरण वा कार्यशैली आदिलाई चरित्र भनिन्छ। पात्रको चरित्रका विषयमा पाठकलाई जानकारी दिन वा बोध गराउन आख्यानकारले समातेको उपाय वा रोजेको तरिकालाई चाँहि पद्धति भनिएको पाइन्छ।[३४] कथानकको स्रोतका आधारमा पात्रको छनोट भएको पाइन्छ।

पाठकलाई पात्र- पात्रका चरित्र एवम् व्यक्तित्वबारे अवगत गराउन आख्यानलेखकले प्रयोग गरेको विवरण वा समातेको उपायलाई चरित्र-चित्रण भनिन्छ। यसरी चरित्रको चित्रण गर्ने विविध उपायहरू हुन्छन्, जसलाई चरित्रचित्रण पद्धति भनिएको पाइन्छ। आख्यानमा पात्र त्यो तत्त्व हो, जसद्वारा कार्यव्यापार अधि बढ्दछ वा गति पाउन सफल हुन्छ। सामान्यतः आख्यानका पात्रलाई निम्नलिखित वर्गमा बाँडेर हेर्न सकिन्छ-

१ गोला र च्याप्टा पात्र

२ सापेक्ष र निरपेक्ष पात्र

३ गतिशील र गतिहीन पात्र

४ सार्वभौम र आञ्चलिक पात्र

५ पारम्परिक र मौलिक पात्र

---

[३३] मोहन पी. दाहाल, पूर्ववत्, पृ ४६

[३४] घनश्याम नेपाल, पूर्ववत्, पृ ५१

६ प्रकार र आद्यप्रकार पात्र आदि।[३५]

**३ देश, काल, वातावरण**

उपन्यासका तत्त्वहरूमध्ये परिवेश महत्त्वपूर्ण तत्त्व हो। यसलाई देश, काल र वातावरण पनि भनिन्छ। परिवेशलाई आन्तरिक र बाह्य गरी दुई रूपमा हेर्न सकिन्छ। आन्तरिक परिवेशअन्तर्गत पात्रको मानसिक अवस्थाको वस्तुस्थितिलाई लिन सकिन्छ। यसमा पात्र-पात्राको घात-प्रतिघात र मानसिक धरातललगायत अन्य पक्षहरू पर्दछन्[३६] भने भौतिक समाज तथा प्रकृति चित्रणलाई बाह्य परिवेशमा लिन सकिन्छ। वस्तुतः उपन्यासको विषयवस्तु, घटना र पात्रका क्रियाकलाप प्रस्तुत गर्न तयार पारिएको पृष्ठभूमि नै देश, काल र वातावरण हो। यसले कृतिको बाह्य र आन्तरिक परिवेश निर्माण गरी कृतिलाई स्वाभाविक, सम्भाव्य र यथार्थिक तुल्याउन सहयोग गर्दछ।[३७]

**४ दृष्टिबिन्दु**

कथावाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण, दृष्टिबिन्दु अथवा परिप्रेक्ष्य भनिन्छ। आख्यानमा परिप्रेक्ष्य साधारणतः पात्रसित सम्बन्धित तत्त्वजस्तो भएर रहेको हुन्छ। परिप्रेक्ष्य वा दृष्टिबिन्दुलाई दुई प्रकारले हेर्न सकिन्छ - आन्तरिक परिप्रेक्ष्य भनेको प्रथम पुरुष **म** कथावाचकको प्रयोग गरेर

[३५] पूर्ववत्, पृ ५४-५६

[३६] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, पूर्ववत्, पृ १७१-१७२

[३७] मोहन पी. दाहाल, पूर्ववत्, पृ ५३-५४

कथावाचन गरिने पद्धति हो र बाह्य परिप्रेक्ष्य भन्नाले अन्यपुरुष कथावाचक ऊ को प्रयोग पद्धति भन्ने बुझिन्छ।[३८]

### ५ भाषाशैली

उपन्यास भाषाद्वारा अभिव्यक्त गरिने साहित्यिक कला हो। साहित्यका भाव, विचार वा चिन्तन आदिलाई अभिव्यक्त गर्ने साधन भाषालाई मानिएको पाइन्छ। कृतिको संरचनासँग भाषाको गहिरो सम्बन्ध रहेको हुन्छ तथा रचनाकारको अभिव्यक्ति प्रणालीमा देखापर्ने विशिष्ट ढङ्गलाई शैली भनिन्छ।[३९] उपन्यासको भाषाशैली संक्षिप्त, सहज र सरल छ भने उपन्यास सम्प्रेषणीय बन्द्छ।

### ६ प्रतीक र विम्ब

सामान्य रूपमा विम्ब भन्नाले छाँया-नक्सा, प्रतिमा आदि बुझिन्छ। मनोविज्ञानमा पनि 'विम्ब' एउटा पारिभाषिक शब्दका रूपमा प्रयोग गरिन्छ। अङ्ग्रेजीमा विम्बलाई 'इमेज' र विम्बविधानलाई 'इमेजरी' भनिन्छ। मनोविज्ञानमा विम्बविधान भन्नाले मानसिक पुनः प्रस्तुति भन्ने बुझिन्छ।[४०] मानसिक अवस्थामा रहेको छायाले भाषाका शब्द वा वाक्यहरू निर्माण हुन्छ र कुनै पनि पाठक वा श्रोतालाई मस्तिष्कमा कुनै पनि किसिमको घटना स्थान वा पात्रबाट प्रभाव पार्ने प्रक्रिया विम्बविधानमा पर्दछ।

---

[३८] घनश्याम नेपाल, पूर्ववत्, पृ ९८-१०१

[३९] मोहन पी. दाहाल, पूर्ववत्, पृ ५४

[४०] घनश्याम नेपाल, पूर्ववत्, पृ १११

प्रतीक भन्नाले चिन्ह वा सङ्केत बुझिन्छ। मानवीय संवेग र संवेदनालाई व्यञ्जनात्मक रूपमा प्रस्तुत गर्नका लागि प्रतीकको प्रयोग गरिन्छ।[४१] मनोनिश्लेषणात्मक प्रवृत्तिका आख्यान प्रायः प्रतीकधर्मी हुन्छन्।[४२] कुनै पनि वस्तु वा घटनाको सोझो अर्थ नदिई त्यसभन्दा भिन्नार्थ बुझाउन आउने वस्तु वा घटनालाई प्रतीकका रूपमा लिइन्छ।

**७ उद्देश्य**

उपन्यासमा समावेश गरिने महत्त्वपूर्ण तत्त्वका रूपमा उद्देश्यलाई मानिन्छ। कुनै पनि कृतिबाट लेखकले प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले समाजलाई केही न केही नैतिक सन्देश छोडेका हुन्छन्। उद्देश्यलाई जीवनदर्शन पनि भनिन्छ।

**८ शीर्षक**

उपन्यासको शीर्षक आकर्षक तथा शीर्षकले उपन्यासको केन्द्रीय भाव वा तथ्य उद्घाटित गरेको हुनुपर्छ। कुनै पनि कृतिको शीर्षक प्रमुख नायक वा नायिकाको आधारमा पनि चयन गर्न सकिन्छ।[४३]

## २.४ आधुनिक नेपाली उपन्यासमा मनोविज्ञानको थालनी र विकास

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यासलाई समृद्ध विधा मानिन्छ। सन् १९५० को दशकमा नेपाली उपन्यास साहित्यमा एउटा नयाँ मोडले गति समातेको देखिन्छ। गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** सन् १९५९ नै नेपाली उपन्यास

---

[४१] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, पूर्ववत्, पृ १७३-१७४

[४२] घनश्याम नेपाल, पूर्ववत्, पृ ११५

[४३] शेखरकुमार श्रेष्ठ र शेखर अर्याल, पूर्ववत्, पृ १७४-१७५

साहित्यको परम्परामा मनोविज्ञान प्रयोग गरिएको पहिलो उपन्यास मानिन्छ।[४४] मनोविज्ञानले मानसिक क्रियाकलाप अर्थात् मनोजगतको आन्तरिक पक्षलाई अधिक प्राथमिकता दिइएको पाइन्छ। यसले व्यक्ति वा पात्रका मनभित्र उत्पन्न हुने द्वन्द तथा मानसिक प्रक्रियालाई चित्रित गरेको पाइन्छ।[४५] यसका अतिरिक्त जीवनको निरीक्षण र प्रवृत्तिगत विश्लेषण गरेर व्यक्तिलाई उसको सम्पूर्ण वैविध्यमा, वैचित्र्यहरूमा यथार्थतः जान्न-चिन्नका लागि मनोविज्ञान सर्वोत्तम माध्यम सिद्ध भएको देखिन्छ।[४६] गोठालेको प्रस्तुत उपन्यासमा एउटी युवतीको अन्तर्मनका वासनात्मक अन्तर्द्वन्दको विश्लेषण गरेको पाइन्छ।[४७] नारीको मूल प्रवृत्त्यात्मक अतृप्ति, समाविष्ट अचेतनको चेतन जीवनमा प्रभाव, चेतन र अचेतन प्रतिक्रियाहरूमा अन्तर्द्वन्द, व्यक्तित्वको यथार्थ- स्वको लुप्तता, अतृप्त र सुसुप्त अचेतनको उदय, दाम्पत्य प्रेममा शुष्कता र असमायोजन जटिल भावनाग्रन्थिको प्रभाव, पात्रको खण्डित-स्वको वर्णन र व्यक्तित्वमा विच्छिन्नता पाइन्छ।[४८] त्यसपछि दौलतविक्रम विष्टको **मञ्जरी** सन् १९५९ उपन्यासले मनोविज्ञानको परम्परालाई अधि बढाएको पाइन्छ।

यसै अवधिमा देखा परेका लैनसिंह बाङ्देलको **माइतघर** सन् १९५७ उपन्यासमा विशेषतः एउटी आश्रयहीन नारीको करूण जीवनचरित्रलाई सामाजिक, सांस्कृतिक, प्राकृतिक र कलात्मक परिप्रेक्ष्यमा मनोवैज्ञानिक विश्लेषण गरिएको पाइए तापनि बाङ्देलको

---

[४४] मोहन पी. दाहाल, पूर्ववत्, पृ १७-२१

[४५] विष्णुकुमारी शर्मा, पूर्ववत्, पृ ५२

[४६] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ १६९

[४७] घनश्याम नेपाल, पूर्ववत्, पृ २०८

[४८] मुरारीप्रसाद रेग्मी, पूर्ववत्, पृ ६६

उपन्यासलेखन नारी प्रतिभाको चरम विकासतर्फ ढल्किएको पाइन्छ। एउटी नारीको वेदना र प्रेमको अन्तर्द्वन्द, आन्तरिक मनोदशा एवम् व्यथालाई प्रस्तुत गरिएको पाइन्छ।[४९] प्रस्तुत उपन्यासमा सामाजिकता र मनोलोककाबीच द्वन्द पाइन्छ। यही द्वन्दद्वारा सृजना भएको सङ्घर्ष र कारुणिक पक्षको मनोवैज्ञानिक विश्लेषण गरिएको पाइन्छ।

साठीका अवधिमा मनोवैज्ञानिक परम्परालाई विजय मल्लको **अनुराधा** सन् १९६१ उपन्यासले प्रतिनिधित्व गरेको पाइन्छ। फ्रायडीय मनोविश्लेषणा आधारित प्रस्तुत उपन्यासमा व्यक्तिको मनोदशा, मानसिक विकृति र मानसिक असन्तुलनले उसका जीवनमा पारेका प्रभावहरूलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरेको पाइन्छ।

नेपाली उपन्यास साहित्यमा मनोविज्ञानको थालनी गोविन्दबहादुर मल्ल गोठालेबाट भएको पाइन्छ। उनीपछिका प्रमुख उपन्यासकारहरूमध्ये विजय मल्ल र विश्वेश्वरप्रसाद कोइरालाले यस परम्परालाई व्यापकता दिएको पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती** सन् १९६८, **नरेन्द्र दाइ** सन् १९७०, **सुम्निमा** सन् १९७० उपन्यासहरू मूलतः यौन-मनोविश्लेषणात्मक पद्धतिमा आधारित देखिन्छन।[५०] कोइरालाले आफ्ना उपन्यासहरूमा यौन समस्यालाई समेट्दै त्यसैको परिधिमा दमित इच्छा, अतृप्त, मानसिक विकार, असन्तुलित मनोवृत्ति तथा स्वाभाविक परितुष्टिको अभावमा अप्राकृतिक बाटो अप्नाउँदा देखापर्ने विवशता र कुण्ठाको विश्लेषण गरेको पाइन्छ। कोइरालालाले विशेषतः नारी मनका अतल गहिराइभित्र डुबेर त्यसका माध्यमबाट नारीका

---

[४९] पूर्ववत्, पृ २२

[५०] मोहन पी. दाहाल, पृ २२

मनोवैज्ञानिक पक्षको विश्लेषण गरेका छन्। उनका अन्य उपन्यासहरूमध्ये **मोदिआइन** सन् १९७९, **हिटलर र यहुदी** सन् १९८२ **आमा, बाबु, छोरा** सन् १९८८ उपन्यासमा पात्रको बाह्य पक्षको चित्रणभन्दा आन्तरिक पक्षको चित्रण नै मूल रूपमा रहेको देखिन्छ। उपन्यासकारको अन्तर्मुखिताको कारणले गर्दा यी उपन्यासहरूमा पनि सामाजिक दृष्टिभन्दा मनोवैज्ञानिक दृष्टि प्रबल देखिन्छ।[५१]

त्यसपछि केशवराज पिँडालीको **एकादेशकी महारानी** सन् १९६९ उपन्यासमा महल वा दरवारभित्रका बालिका र युवराज्ञीहरूको मानसिक असन्तुलन, शारीरिक भोग, यौन असन्तुष्टि तथा यौनेच्छाको प्रबल अतृप्तिले जन्माएका विविध नकारात्मक क्रियाकलाप, मानवीय घात-प्रतिघात एवम् मानसिक द्वन्दको विश्लेषण गरिएको पाइन्छ।[५२] भवानी भिक्षुका उपन्यास **आगत** सन् १९७५ र **पाइप नं. २** सन् १९७७ मा रतिरागको आकर्षण-विकर्षण, मनस्तात्विक विश्लेषण, पात्र-पात्राका कुण्ठा आदि पक्षको विश्लेषण गरिएको पाइन्छ। आधुनिक नेपाली उपन्यासमा मनोविश्लेषणवादी धारालाई प्रतिनिधित्व गर्ने अर्थात् मनोविज्ञानलाई केन्द्रमा राखेर लेखिएका उपन्यासहरूमध्ये निम्नलिखित प्रमुख रहेका छन् - हरिश वमजनको **सोकेश भित्रको जिन्दगी** सन् १९६८, लीलबहादुर क्षेत्रीको **अतृप्त** सन् १९६९, वानिरा गिरीको **कारागार** सन् १९७०, ताना शर्माको **सुली** सन् १९७३, रमेश विकलको **सुनौली** सन् १९७४, विजय मल्लको **कुमारी शोभा** सन् १९८२ नयराजको **अतिरिक्त** सन् १९९३, गोविन्दबहादुर मल्ल गोठालेको **अर्पणा** सन् १९९६, इन्दिरा प्रसाइँको **विश्वामित्र** सन् १९९८, गोविन्दराज भट्टराईको **मणिपुरको चिट्ठी**, दौलतविक्रम विष्टको **थाकेको आकाश** आदि रहेका छन्।

---

[५१] प्रतापचन्द्र प्रधान, सन् २००१, **उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला**, काठमाडौं : आदि प्रकाशन, पृ ८७

[५२] मोहन पी. दाहाल, पूर्ववत्, पृ २५

## १.५ सिग्मण्ड फ्रायड र आधुनिक मनोविज्ञान

सिग्मण्ड फ्रायडको जन्म अस्ट्रियाको फ्रिवर्ग सहरमा ६ मई, १९५६ मा भएको थियो। उनी मध्यमवर्गीय यहुदी परिवारका थिए।[५३] उनले भियानामा चिकित्साविज्ञानको अध्ययन गरेर स्नायुविज्ञानमा विशेषता हासिल गरेका थिए। १८८५-१८८६ मा पेरिस स्कूलका मनः चिकित्सक सार्कोका साथमा उन्मादको चिकित्साका लागि सम्मोहनको पद्धतिबारे जानकारी हासिल गरेका थिए।[५४] त्यसपछि फ्रायडले सम्मोहनलाई अपनाएर हिस्टेरियाको उपचारतर्फ लागेको पाइन्छ।[५५]

मनको वैज्ञानिक अध्ययन गर्ने शास्त्रअन्तर्गत विकसित विशिष्ट रूप वा अनुशासनलाई मनोविश्लेषण भनिन्छ।[५६] मनोविश्लेषणमा मानव मनका अन्तर्निहित विभिन्न घात-प्रतिघात, द्वन्द तथा मानसिक तानातानीका अनिश्चितता र विकारहरूको निरीक्षण तथा वैज्ञानिक विश्लेषण गरिएको हुन्छ।[५७] मनोविश्लेषणको मूलाधार फ्रायडेली मनोविज्ञानलाई मानिन्छ। यस क्षेत्रमा तीनजना मनोवैज्ञानिकका सैद्धान्तिक अवधारणामा प्रतिस्थापित पाइन्छन्।

---

[५३] रमा सिवाकोटी, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमान्डौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्, पृ १८८

[५४] कृष्ण गौतम, सन् २००२, **आधुनिक आलोचनाः अनेक रूप, अनेक पठन,** ललितपुर : साझा प्रकाशन, दो संस्क, पृ ९३

[५५] रमा सिवाकोटी, पूर्ववत्, पृ १८८

[५६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, सन् २०१०, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, तेस्रो संस्क, पृ १६१

[५७] ममता लामा, सन् २००८, *कोइराला र भिक्षुका कथामा मनोवैज्ञानिक प्रयोगः एक तुलनात्मक अध्ययन,* नवीन पौड्याल (सम्पा), **सन्धान,** पाकिम पूर्व सिक्किम : सन्धान प्रकाशन, अर्द्धवार्षिक, वर्ष-३, अङ्क-३, पृ ४५

सिग्मण्ड फ्रायडको मनोवैज्ञानिक सिद्धान्त, एलफ्रेड एडलरको वैयक्तिक मनोवैज्ञानिक सिद्धान्त र कार्लगुस्ताभ युङ्गको मनोविश्लेषणात्मक विज्ञान यस क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण सिद्धान्त मानिन्छ।[५८] यस सिद्धान्तअन्तर्गत साहित्यको अध्ययनमा पात्रको मनस्थितिको विश्लेषण र मानवीय आन्तरिक पक्षको अध्ययन हुन्छ।[५९]

फ्रायडले प्रतिपादन गरेको मनोविश्लेषण सिद्धान्तले बौद्धिक जगतमा उथल-पुथल मच्चाएको पाइन्छ। यसले मनोविज्ञानको क्षेत्रमा मात्र नभएर साहित्य,दर्शन, चिकित्साशास्त्र आदिमा नयाँ मोडको स्थापना गरेको पाइन्छ। फ्रायडको भनाइमा मान्छेमा लाग्ने मानसिक रोग शरीरसँग मात्र सम्बन्धित नभएर मान्छेको अन्तर्मनसँग पनि सम्बन्धित हुन्छ। उनको मनोविश्लेषण सिद्धान्त मनसँग सम्बन्धित रहेको देखिन्छ। मान्छे बाहिर देख्दा जस्तो हुन्छ, त्यो उसको वास्तविक रूप होइन, मान्छेका मनभित्र विभिन्न जटिलताहरू हुन्छन् र तिनलाई फुकाएर विश्लेषण गर्न सक्यो भने रोगीले आफ्नो मानसिक समस्याबाट मुक्ति पाउँछ भन्ने कुरालाई फ्रायडले पुष्टि गरेको पाइन्छ।[६०]

मनोविश्लेषणमा मानसिक विकारहरूको मूल कारण विशिष्ट पद्धतिद्वारा खोजिन्छ। यसको स्रोत चेतन नभएर अचेतन हुनसक्ने सम्भावना बढी देखिन्छ। फ्रायडले मानसिक क्रियाव्यापारको ठूलो क्षेत्र अचेतनसँग सम्बन्धित हुन्छ, जुन कुरा मान्छेलाई थाहा हुँदैन। तर त्यसले चेतन आचरणमा दरिलो छाप वा प्रभाव पारिरहेको हुन्छ भनेका छन्। मानिसका समग्र व्यक्तित्व अध्ययन गर्नका लागि शरीर र मन दुवै महत्त्वपूर्ण मानिन्छ। मनोविज्ञान भनेको मन र शरीरको संयुक्त प्रतिक्रियाको अध्ययन हो। यसमा व्यक्तिको

---

[५८] पूर्ववत्, पृ ४६

**[५९]** मोहनहिमांशु थापा, सन् २००९, **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन, पाँचौं संस्क, पृ १९८

[६०] रमा सिवाकोटी, पूर्ववत्, पृ १८८

आचरणको अध्ययन र विश्लेषण गरिन्छ। मन तथा शरीरको सम्पूर्ण क्रियाहरू दुई परस्पर विरोधी मूल प्रवृत्तिद्वारा प्रेरित हुन्छन्। फ्रायडले मानव व्यवहारलाई दुई मूलभूत प्रेरक शक्तिको आधारमा छुट्याइएको पाइन्छ-

**१ जीवनमूलप्रवृत्ति**

मान्छेमा बाँच्ने इच्छाशक्ति प्रवल हुन्छ, यसलाई जीवनेच्छा पनि भनिन्छ। यसले मान्छेलाई जतिनै जटिल र कठिन अवस्थामा पनि जीवनतर्फ उन्मुख गराउँछ। फ्रायडले जीवनमूलप्रवृत्ति कामशक्तिसँग सम्बन्धित हुन्छ भनेका छन्। कामशक्तिद्वारा नै यसलाई शक्ति मिल्ने कुरा पनि उनले उल्लेख गरेको पाइन्छ। तर कामशक्तिमा जीवनमूलप्रवृत्तिको थोरै अंश मात्र रहने र यी दुवै एकअर्कासँग अलग नहुने कुरा पनि व्यक्त गरेका छन् ।[६१]

**२ मृत्युमूलप्रवृत्ति**

यसमा व्यक्तिको बाँच्ने इच्छा झिनो वा क्षणिक हुन्छ। यसलाई घृणामूलप्रवृत्ति पनि भनिन्छ। यदि जीवनमूलप्रवृत्ति मृत्युमूलप्रवृत्तिभन्दा अधिक कमजोर भयो भने मान्छेको मृत्यु हुन्छ। ध्वंसात्मक शक्ति रचनात्मक शक्तिभन्दा बढी भयो भने व्यक्ति मानसिक रोगबाट ग्रस्त हुन्छ र उसको व्यवहारमा असामाञ्जस्य देखापर्छ। फ्रायडका अनुसार आमाको गर्भ सबै मानिसका लागि संसारको स्वर्ग जस्तै हो, त्यहाँ व्यक्तिले सबैभन्दा धेरै सुरक्षा प्राप्त गर्छ र जब व्यक्ति गर्भबाट निस्कन्छ त्यसपछि मान्छेलाई विभिन्न अभाव र

[६१] पूर्ववत्, पृ १८९

असुरक्षा अनुभव हुन्छ। त्यसबेला मान्छे आक्रात्मक हुन्छ र विरोध गर्न थाल्छ। यसबाट मान्छेमा ध्वंसात्मक प्रवृत्तिको विकास हुन्छ।[६२]

जीवनमूलप्रवृत्ति र मृत्युमूलप्रवृत्ति परस्पर विरोधी जस्ता देखिन्छन् तर पूर्ण रूपले होइनन्, किनभने रचनात्मक शक्तिबाट प्रेरित भएर ध्वंसात्मक शक्ति र ध्वंसात्मक शक्तिबाट प्रेरित भएर रचनात्मक शक्तिको लक्षण पनि देखिन्छ। त्यसैले फ्रायडले प्रेम र परपीडन साथैमा आउँछन् भनेर उभयवाद सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। त्यस्तै स्वास्नीमान्छेमा पुरूषत्व र लोग्नेमान्छेमा स्त्रीत्व रहन्छ। जसमा जुन स्वभाव प्रमुख रहन्छ त्यसको आधारमा फ्रायडले मनोवैज्ञानिक लिङ्ग निर्धारण गरेका छन्। जीवनमूलप्रवृत्ति र मृत्युमूलप्रवृत्ति अन्तर्द्वन्दका कारणहरू हुन्।[६३]

मनका अवस्था वा गतिशील पक्ष, मनको स्थायी वा आकारात्मक पक्ष गरी फ्रायडले मनका दुई पक्षहरूको उल्लेख गरेको पाइन्छ। मनका अवस्था वा गतिशील पक्षअन्तर्गत फ्रायडले इद, अहम् र पराहम् गरी तीन मानसिक क्षेत्रमा विभाजन गरेका छन्-[६४]

**१ इद**

फ्रायडका अनुसार इद इच्छाशक्ति एवम् कामशक्तिको भण्डार हो र मानसिक शक्तिको स्रोत पनि हो।[६५] अधिक इच्छाशक्तिका कारण वास्तविकताको ज्ञान नरहनु यसको मूल कारण हो। व्यक्तिको जन्मको समयदेखि नै उसमा इदको अवस्था विद्यमान रहन्छ।

---

[६२] पूर्ववत्, पृ १८९

[६३] पूर्ववत्, पृ १९०

[६४] कृष्ण गौतम, पूर्ववत्, पृ ८०

[६५] रमा सिवाकोटी, पूर्ववत्, पृ १९१

मनोविक्षिप्त व्यक्तिमा इदकै स्थान प्रमुख रहेकाले त्यहाँ अहम् र पराहम् छिन्न-भिन्न रहेका हुन्छन्। इद सँधै सुख प्राप्तिको चाहना राख्तछ र जुनसुकै अवस्थामा पीडाबाट मुक्त बन्न चाहन्छ। इद प्रबल भएको व्यक्ति नैतिकता, नियम, औचित्य आदिको परवाह गर्दैन। अहम् र पराहमद्वारा नियन्त्रण नगरिएको इद अनुशासनहीन हुन्छ। यो कामशक्तिसँग सम्बन्धित भएकाले यसले तत्कालीन परितुष्टि प्राप्त गर्न चाहन्छ।[६६]

फ्रायडले इदलाई वास्तविक मानसिक सत्य मानेका छन्। यसको सम्बन्ध बाह्य संसारको वास्तविकतासँग नभएर आन्तरिक जगतसँग हुन्छ। इद अचेतनमा रहने भएकाले यसमा चेतनको अभाव रहन्छ। इदमा नै व्यक्तिका गतिशील शक्तिहरू रहन्छन्। यसैमा उसको जीवन उर्जा पनि रहेको हुन्छ। इदबाट उत्पन्न हुने प्रेरणा र इच्छाहरू परस्पर विरोधी हुन्छन् तथा तिनीहरूले सङ्घर्ष उत्पन्न गराउँछन्। यही सङ्घर्षमा सामञ्जस्य ल्याउन नसक्दा व्यक्तित्वमा असामान्यताका लक्षणहरू देखिन्छन्।[६७]

## २ अहम्

बाल्यकालमा इच्छापूर्ति नहुनाले उत्पन्न नैराश्यले गर्दा अहमको उद्भव हुन्छ।[६८] फ्रायडले स्वचेतन बुद्धिको रूपमा अहमको व्याख्या गरेका छन्। अहमले बाह्य वातावरणसँग सम्पर्क राख्छ। त्यसैले वास्तविकतासँग यसको गहिरो सम्बन्ध हुन्छ। व्यक्तिलाई विभिन्न नियमहरू पालन गराएर सुरक्षित गराउने काम अहमले गर्छ। यो चेतनसँग सम्बन्धित हुन्छ। यसकै माध्यमबाट व्यक्तिले गर्ने व्यवहार नियन्त्रण हुन्छ। अहमले इदद्वारा माग

---

[६६] पूर्ववत्, पृ १९२

[६७] पूर्ववत्, पृ १९२

[६८] कृष्ण गौतम, पूर्ववत्, पृ ८१

गरिएका इच्छाहरू र वास्तविकताद्वारा उत्पन्न जटिलताहरूका बीच सम्झौता गरेर समन्वय कायम राख्छ। यसरी अहमले व्यक्ति र वातावरणका बीच सन्तुलन स्थापना गर्छ। यसले सँधै कारण र औचित्य खोज्छ। यो समय र स्थानको सन्दर्भमा सचेत रहन्छ। कुनै कार्य गर्नुभन्दा अगाडि नै यसले परिणामको बारेमा विचार गर्छ। यसले सामाजिक तथा नैतिक मूल्यहरूमा चोट नपुऱ्याइकन इच्छाहरूलाई तृप्त हुनदिन्छ।[६९]

### ३ पराहम्

पराहमको ठूलो भाग अचेतनसँग सम्बन्धित हुन्छ। यसलाई फ्रायडले नैतिकता जाँच्ने तत्त्व भनेका छन्। अहम् मौका मिल्नसाथ खराबतिर पनि लाग्नसक्छ। बालकहरूमा पराहमको निर्माण अभिभावकको प्रभावद्वारा हुने कुरा फ्रायडले बताएका छन्। पराहमले चेतन, अवचेतन र अचेतन मनका तीनै तहसँग सम्बन्ध राख्छ। जीवन तथा परिवेशमा सन्तुलन राख्नका लागि इद, अहम् तथा पराहममा गतिशील रूपमा चेतन, अवचेतन र अचेतनमा सङ्घर्ष चलिरहन्छ। यसैबाट व्यक्तिको व्यक्तित्व पनि निर्धारित हुन्छ।[७०] पराहम् आदर्शको भवन हो। मनोविज्ञानका अनुसार पराहमको विकास दण्डको डरले र असल-खराबको धारणाले हुन्छ। आफ्नो अहम् उच्च राख्न सबै व्यक्ति असल बन्न चाहन्छन् तथा यसलाई सन्तुलित राख्ने प्रयासमा व्यक्तिमा पराहमको विकास हुन्छ। गल्ती, खराबी र अपराध भएमा व्यक्तिलाई पश्चताप र पापबोध गराउने पनि पराहम् नै हुन्छ।[७१]

---

[६९] रमा सिवाकोटी, पूर्ववत्, पृ १९३

[७०] पूर्ववत्, पृ १९३

[७१] पूर्ववत्, पृ १९४

मनको स्थायी वा आकारात्मक पक्ष फ्रायडका तीन स्तरमा आधारित चेतन, अवचेतन र अचेतन मनोविश्लेषणद्वारा मानव मनका स्थितिहरूको अध्ययन व्याख्या र विश्लेषण भएको पाइन्छ। यी तीन पक्षहरू यसरी छुट्याएको पाइन्छ-

**१ चेतन**

चेतन मन मानव व्यक्तित्वको सानो अंश मात्र मानिएको छ। फ्रायडले यसको सम्बन्ध वर्तमानसँग हुने बताएका छन्। वर्तमानमा प्रयोगमा आइरहने कुराहरू चेतन मनको स्तरमा धकेलिन्छन्, जसलाई झट्ट स्मरण गर्न सकिन्छ, यो तात्कालिक ज्ञानसँग सम्बन्धित हुन्छ।[७२] चेतनले प्राप्त गरेको दैनन्दिन अनुभव अवचेतन र अचेतनमा स्मृतिका रुपमा सुरक्षित रहन्छन्।[७३] अहम् र पराहम् चेतनसँग सम्बन्ध राख्छन् तर कहिले- काहीँ इद अप्रत्यक्ष रूपमा चेतनमा व्यक्त हुनसक्छ। इदका आफ्ना इच्छा र आवश्यकताहरू पूरा गर्नका लागि अहम् र पराहमसँग सङ्घर्ष गर्नुपर्छ। इद, अहम् र पराहममा सन्तुलन नभएर इद प्रबल भयो भने व्यक्तिमा मानसिक असामञ्जस्य आउँछ।[७४]

**२ अवचेतन**

अवचेतनलाई चेतन र अचेतनको मध्यवर्ती भाग मानिएको छ।[७५] अचेतन मनमा इच्छा, स्मृति र विचार रहन्छन्, जसको तात्कालिक ज्ञान व्यक्तिलाई हुँदैन तर उसले चेतनमा फर्काएर पुनः स्मरण गर्नसक्छ।

---

[७२] पूर्ववत्, पृ १९४

[७३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ १७२

[७४] रमा सिवाकोटी, पूर्ववत्, पृ १९४

[७५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ १७२

## ३ अचेतन

मनको सबैभन्दा ठूलो भाग अचेतनलाई मानिन्छ। अचेतन मनचाहिँ विकास हुन नपाई दमित मनका इच्छा आकाङ्क्षाहरूको भण्डार हो। यसको प्रमुख विशेषता यौन भावना वा कामवासना हो।[७६] फ्रायडको भनाइमा प्रत्येक व्यक्तिको मानसिक अवस्था अचेतनबाट परिचालित हुन्छ। सामाजिक तथा नैतिक कारणहरूले गर्दा कतिपय कामआवेगहरू पूरा हुन सक्तैनन्, त्यस्ता इच्छा र सम्झनाहरूलाई दबाइन्छ अनि ती अचेतनमा गएर बस्तछन्।[७७] ती अचेतनमा बसेका इच्छा र स्मृति कि स्वयं प्रकट हुन्छन् कि सम्मोहन आदिको प्रयोगबाट व्यक्त हुन्छन् ।

फ्रायडले अचेतनमा निष्क्रिय र निरर्थक मानसिक प्रक्रियाहरू मात्र नरहेर त्यहाँ विशेष अनुभूतिहरू पनि रहन्छन् भनेका छन्। यसैबाट मानिसको सम्पूर्ण व्यक्तित्व निर्माण भएको हुन्छ। मानिसले दैनिक जीवनमा प्रशस्त भूलहरू गरिरहेको हुन्छ, कतिपय निरर्थक कार्यहरू अनायस नै गरिरहेको हुन्छ जस्तै- नङ टोक्नु, टाउको बारम्बार हल्लाउनु, औंला पड्काउनु, आँखा झिम्क्याउनु आदि। सामान्य रूपमा हेर्दा यसको कुनै खास अर्थ लाग्दैन तर फ्रायडले यी कार्यहरू निरर्थक नभएर अचेतनमा बसेका अनुभूतिका परिणाम हुन्। यिनका पछाडि कुनै न कुनै इच्छा वा दमित भावना प्रतीकात्मक रूपमा रहेको हुन्छ भनेका छन्।[७८]

---

[७६] पूर्ववत्, पृ १७३

[७७] रमा सिवाकोटी, पूर्ववत्, पृ १९५

[७८] पूर्ववत्, पृ १९५

प्राचीनकालको साहित्यमा समाजलाई बढी महत्त्व दिने चलन थियो। त्यस समयको साहित्यले समाजको हितका बारेमा विश्लेषण गरेको पाइन्छ। आधुनिककालमा आएर व्यक्तिका बारेमा साहित्य सिर्जना हुनथालेको पाइन्छ र नयाँ मूल्य र मान्यताले स्थान पाएको देखिन्छ। बीसौं शताब्दीको पूर्वार्धसम्म पनि साहित्यमा यथार्थवादले गति पक्रेको देखिन्छ।

बीसौं शताब्दीको शुरूदेखि पाश्चात्य साहित्यमा प्रचुर विकासको छाप परेको देखिन्छ। यसै अवधिमा प्रथम विश्वयुद्धले ल्याएको ध्वंसात्मक कार्यले युरोपमा ठूलो क्षति भएको पाइन्छ। त्यसपछि युद्धको परिणाम स्वरूप विभिन्न सिद्धान्तहरूको विकास भएको पाइन्छ। विशेषरूपमा दुई किसिमका विचारहरू लिएर विद्वानहरू अघि बढेको देखिन्छ-

१ भियानाका मनोविश्लेषक सिग्मण्ड फ्रायडको मनोविश्लेषणसिद्धान्त र

२ फ्रान्सका दार्शनिक जाँ पाल सात्रको अस्तित्ववाद।[७९]

डार्विन, मार्क्स, फ्रायड, सार्त्र, कामु, किर्केगार्ड, आदिका दर्शन र सिद्धान्तको प्रभावका कारण पुराना सामाजिक मूल्य-मान्यतामा परिवर्तन भएको पाइन्छ तथा व्यक्ति स्वतन्त्रताको अवधारणाको स्थापना भएको पाइन्छ। त्यसपछि व्यक्तिको बाह्य रूपभन्दा आन्तरिक पक्षको अधिक मूल्य बढेर गएको देखिन्छ। साहित्यमा पनि मनोजगतको सिर्जना हुनथालेपछि मनोविज्ञानले एउटा छुट्टै पृष्ठभूमिको जग बसालेको देखिन्छ।

दोस्रो विश्वयुद्धको समयदेखि साहित्यमा उपन्यास विधा फस्टाएर गएको देखिन्छ। उपन्यासमा चेतनप्रवाह, मनोवाद जस्ता पद्धतिहरू भित्रिँदै गएको देखिन्छ। मनोविज्ञानलाई आधार मानेर उपन्यास लेख्ने परम्परालाई अगाडि बढाउने आख्यानकारहरूमा फ्रान्सका

[७९] पूर्ववत्, पृ १८५

मार्सल प्राउस्ट, इङ्गल्याण्डकी डोरोथी मिलर रिचर्डसन र आयरिश विद्वान् जेम्स ज्वायस आदि पाइन्छन्। उनीहरूको आख्यान लेखन बाह्य संसारबाट आन्तरिक यथार्थतर्फ उन्मुख देखिन्छ। फ्रायडको उदयपछि मनलाई वैज्ञानिक तरिकाले बुझ्ने र विश्लेषण गर्ने परिपाटीको आरम्भ भएको मानिन्छ। पौराणिक युगमा शारीरिक तथा मानसिक रोगहरूको कारण पूर्वजन्मको अपराधको फल, दैवी शक्ति, जादु, टुना, भूत-प्रेत आदिलाई मानिन्थ्यो। कुनै रोगको निवारणको लागि रोगीलाई शारीरिक यातना दिने जस्तै- पिट्ने, पोल्ने, डाम्ने, हातखुट्टा भाँच्ने आदि लोक विश्वसासको परम्परा विद्यमान थियो। अठारौं शताब्दीपछि मात्र यस्ता व्यवहारप्रति विरोध भएको देखिन्छ र कुनै रोगीलाई रोग लाग्नपछिको कारण हुन्छ भन्ने कुरामा जनविश्वास विकसित भएको पाइन्छ। मनोविज्ञानलाई विज्ञानसँग जोडेर हेर्ने विचारको विकास भएको देखिन्छ।

फ्रायड, एडलर, युङ्ग प्रभृति विद्वानहरूले मनोविज्ञानका विभिन्न तथ्यहरू प्रकाशमा ल्याउनको साथै तिनको व्याख्या विश्लेषण पनि गरेको पाइन्छ। रोगीहरूको चिकित्सा गर्ने सन्दर्भमा फ्रायडले शारीरिक जाँचसँगै मनको पनि अध्ययन-अनुसन्धान हुनुपर्छ भनेको पाइन्छ। यी तीनैजना मनोविश्लेषकहरूका विचारप्रधान लेखहरू विभिन्न भाषामा अनुवाद हुनथालेपछि तिनले साहित्य, दर्शन, चिकित्सा, समाज आदि क्षेत्रमा ठूलो प्रभाव पारेको देखिन्छ। “मान्छेका आवेगात्मक क्षणलाई अवचेतन मनले नियन्त्रण गर्छ” भन्ने फ्रायडको भनाइको प्रभाव अतियथार्थवादमा परेको पाइन्छ। फ्रायडको मनोविश्लेषण सिद्धान्तले मानवप्रकृतिको अध्ययन गर्नका लागि वैज्ञानिक आयाम दिनका साथै यसले साहित्यलाई बाह्य पक्षबाट आन्तरिक यथार्थतिर उन्मुख गराएको पाइन्छ। मानिसका स्वभाव, प्रकृति, मानसिक उतारचढाव, आवेग, आकर्षण, विकर्षण जस्ता विश्वजनीन सत्य मानिसको सभ्यता जतिकै पुरानो मानिन्छ। फ्रायड र उनका सहयोगीहरूले मान्छेका मनका स्थितिहरूलाई सूक्ष्म

अध्ययन गरेर यसलाई एउटा वैज्ञानिक स्वरूप दिएपछि मात्र साहित्यमा सचेत रूपले मनोविज्ञानको प्रवेश भएको पाइन्छ। अचेतनको अविष्कारले पात्रको मानसिक रूपलाई सजीव रूपमा उभ्याउन सजिलो परेको देखिन्छ।

फ्रायडले साहित्यकारलाई मनोरोगीका रूपमा हेरेका छन्। ऊ आफ्नो कल्पनाका माध्यमद्वारा आफ्ना अतृप्त इच्छाहरूको पूर्ति गर्दछ। साहित्यका माध्यमबाट लेखकले आफ्ना दमित इच्छाहरू पूर्ति गर्दछ र पाठक पनि रचना पढेर तज्जन्य इच्छाहरूको पूर्ति गर्दछ।

फ्रायडले मनोविज्ञानमा यौनलाई महत्त्व दिए भने एडलरले चाहिँ व्यक्तिमनोविज्ञानको चर्चा गर्दै आत्मश्रेष्ठतालाई महत्त्व दिएको पाइन्छ। एडलरको विचारमा कला, साहित्य आदिको जन्म व्यक्तिको हीन भावनाको क्षतिपूर्तिको परिणाम हो। कार्लगुस्ताभ युङ्गले फ्रायडको अचेतन मनको अस्तित्वलाई स्वीकार गरेको पाइन्छ। उनले अचेतन मनका दुई तह बताएका छन्-

१ वैयक्तिक अचेतन

२ सामूहिक अचेतन।

उनको धारणाअनुसार वैयक्तिक अचेतनमा व्यक्तिका स्वानुभूति र दमित इच्छाहरू रहन्छन्। सामूहिक अचेतनमा चाहिँ जातीय अनुभव र सांस्कृतिक परम्पराहरू थन्किएका हुन्छन्। उनले अचेतन मन अहम् र पराहमको सन्तुलित रूप हो भनेका छन्। व्यक्तित्व विकासका लागि वैयक्तिक अचेतन र सामूहिक अचेतनको सन्तुलन हुन आवश्यक हुन्छ। साहित्यकारले साहित्यको सृजना गरेर आफ्ना वाञ्छित इच्छाहरू अप्रत्यक्ष रूपमा पूर्ति गर्छ। युङ्गले सामूहिक अचेतनलाई सृजनात्मक क्रियाको मूल श्रोत मानेका छन्।

मनोविज्ञानले मानिसका बाह्य स्वभाव तथा तिनीहरूलाई उत्प्रेरित गर्ने आन्तरिक मनको अध्ययन तथा विश्लेषण गर्ने एउटा दृष्टि दिइएको पाइन्छ। फ्रायडले मनका तीन स्तरमध्ये अचेतन मनलाई कला र साहित्यको श्रोत मानेका छन्। दमित यौनेच्छा नै  कला र साहित्यको मूल प्रेरक हो भन्ने उनको धारणा रहेको देखिन्छ।[८०]

### २.४.२ सामान्य मनोविज्ञान

सामान्य मनोविज्ञानले विभिन्न प्राणीहरूको भिन्न भिन्न क्रियाकलापहरूको अध्ययन गरेको पाइन्छ। यसले विशेषरूपमा मानव स्वभावको मौलिक व्यवहारसँग सम्बन्ध राखेको देखिन्छ। कुनै एउटा व्यक्ति अर्को व्यक्तिसँग सबै क्षेत्रमा समान हुँदैन। सबै मानिसहरूमा अवश्य कुन न कुनै विभिन्नता हुन्छ तापनि यी भिन्नताको साथसाथै उनीहरूको स्वभावमा कुनै मौलिक समानता पनि निहित हुन्छ। मानव स्वभावको यस्तो मौलिक व्यवहार मानवको अनुभूतिहरू अनि उसको व्यवहारहरूमा लक्षित हुन्छ।[८१] उदाहरणार्थ- यो भनाइ छ कि प्रेममा सामान्यतः सबै मानिसहरूको अनुभूति एकै प्रकारको रहेको पाइन्छ र त्यसकै अनुकूल उनीहरूको व्यवहार पनि रहेको देखिन्छ। यसै पनि सबै व्यक्तिहरूमा सिक्ने र विचार गर्ने कामहरूमा सामान्यतः केही न केही सन्तुलित मेल पाइन्छ। सामान्यतः मानव विज्ञान साधारण मानिसहरूको कतिपय यिनै क्रिया अर्थात् व्यवहारहरू अनि अनुभूतिको अध्ययन प्रस्तुत गर्दछ। यसमा विशेष गरी संवेदना, प्रत्यक्षीकरण, भाव, संवेग, प्रेरणा, स्मरण गर्नु, विचार गर्नु, व्यक्तित्व आदि विषयहरूको

---

[८०] पूर्ववत्, पृ १८५-१८८

[८१] रामप्रसाद पाण्डेय, सन् २०१२, **सामान्य मनोविज्ञान**, नई दिल्ली : राजकमल प्रकाशन प्रा. लि, पृ ४६

अध्ययन गरिन्छ। मनोविज्ञानको अन्य शाखा अर्थात् प्रकारहरूका समुचित अध्ययनको लागि सामान्य मनोविज्ञानको मूल सिद्धान्तको ज्ञान आवश्यक पर्दछ।[८२]

### २.४.३ असामान्य मनोविज्ञान

मनोविज्ञानले मानवव्यवहारको अध्ययन गर्छ। एउटै व्यक्तिको र व्यवहार सामान्य वा असामान्य हुनसक्छ। मानिस सामाजिक प्राणी भएकाले उसले समाजको मर्यादा, परम्परा, अनुशासन, नैतिक शिक्षा, संस्कार, संस्कृति, मूल्य-मान्यता आदि नियमको पालन गर्छ अर्थात् यी कुरालाई ध्यानमा राखेर व्यवहार गरिरएको हुन्छ। मानिसमा कुनै न कुनै सामान्य तथा असामान्य गुणहरू विद्यमान हुन्छन्। सामान्य र असामान्यका बीच प्रकारको भिन्नता नभएर मात्रामा भिन्नता हुन्छ। असामान्य व्यक्तिमा मानसिक तथा बौद्धिक दुर्बलता हुन्छ, तिनीहरू असामाजिक किसिमका, संवेगात्मक अस्थिरता भएका हुन्छन्। उनीहरूको इद, अहम् र पराहमका बीच सन्तुलन हुँदैन, त्यहाँ इदको इच्छाले प्रमुख स्थान ओगटेको पाइन्छ।

असामान्य व्यवहार अचेतन दमित इच्छाहरूसँग सम्बन्धित हुन्छ। मानसिक तथा शारीरिक रोग परस्पर सम्बन्धित रहेको देखिन्छ। व्यक्तिमा मानसिक विकृति पैदा गराउनका लागि दुई वा दुईभन्दा बढी मनोदैहिक तत्त्वहरूले सङ्घर्ष गरिरहेको पाइन्छ। कुनै एउटा लक्षण खास रोगको लागि नभएर एकै प्रकारको लक्षण अनेक प्रकारको रोगको कारण बन्नसक्छ।[८३]

---

[८२] पूर्ववत्, पृ ४६

[८३] रमा सिवाकोटी, पूर्ववत्, पृ २०१

असामान्यता देखापर्नुको पछाडि व्यक्तिमा दोषपूर्ण व्यक्तित्व विकास हुनसक्छ। कमजोर मानसिकता भएको व्यक्ति दबावपूर्ण अवस्थामा पऱ्यो भने त्यो स्थितिसँग सामना गर्न नसक्दा उसमा मानसिक असन्तुलन पैदा हुन्छ। व्यक्तिका शरीरका विभिन्न अन्तःस्रावी ग्रन्थिहरूबाट निक्लने हर्मोनमा अत्याधिक वृद्धि वा कमी भयो भने व्यक्तिमा असामान्यताको लक्षण देखा पर्छ। स्नायुमण्डलमा आघात परेर वा ब्रेन ट्युमरणको कारण पनि व्यक्तिमा विकृति आउनसक्छ। चिन्ता पनि मानसिक रोगको प्रमुख कारण मानिन्छ। यसले मानिसलाई मानसिक तथा शारीरिक रूपमा दुर्बल बनाउँछ र व्यक्तित्व विघटनको स्रोत बन्नपुग्छ।

व्यक्तिका सबै इच्छाहरू पूर्ति हुन सक्तैनन्, विभिन्न बाधाका कारणले गर्दा ती सन्तुष्टि प्राप्त गर्न सफल हुन्छन्। त्यो विफलताबाट कुण्ठा पैदा भएर उसमा हीनताभाव उत्पन्न हुन्छ। हीनताभावका कारणले गर्दा उसमा तनाव तथा संवेगात्मकताका लक्षणहरू देखा पर्छन्। यी तत्त्वहरूले व्यक्तिलाई असामान्यतातिर उन्मुख गराएको पाइन्छ। दीर्घकालीन रोग, लागू पदार्थको कारण संवेगात्मक तनाव आदि पनि व्यक्तिमा मानसिक विकार उत्पन्न गराउने सहयोगी हुन्छन्। असामान्य मनोविज्ञान पौराणिक युगमा असामान्य व्यवहारको मूल कारण पूर्वजन्मको कमाइ तथा दुष्टात्माको प्रवेशलाई मानिन्थ्यो। पाँचौं शताब्दीमा आएर ग्रीसका चिकित्सक हिप्पोक्रयाट्सले व्यक्तिको असामान्य व्यवहारको कारण शारीरिक विकृतिलाई मानेको पाइन्छ।[८४] उन्नाइसौं शताब्दीमा आएर मानसिक रोगको कारण शरीर मात्र नभेएर मन पनि रहेछ भन्ने अवधारणाको विकास भएको पाइन्छ। विद्वानहरूले मानसिक रोगको दुईवटा कारण बताएको पाइन्छ —

---

[८४] पूर्ववत्, पृ २०१-२०२

## १ मनः स्नायुविकृति

मनः स्नायुविकृतिमा सर्मप्रथम व्यक्तिमा कुण्ठा उत्पन्न हुन्छ। कुण्ठाको कारणचाहिँ आन्तरिक सङ्घर्ष तथा संवेगात्मक तनावलाई मानिएको छ। यस्ता व्यक्तिहरू सामाजिक आदर्शअनुरूप व्यवहार गर्ने, आत्मनिर्भर किसिमका हुन्छन्। साधारण रूपमा उनीहरूमा असामान्यताका लक्षण देखा पर्दैनन्। मनः स्नायुविकृति व्यक्ति र सामान्य व्याक्तिका बीच खास बौद्धिक फरक पाइँदैन। यस्ता व्यक्तिहरूमा विषाद्, ग्लानि, ध्यान एकाग्र गर्न नसक्ने, कुनै निर्णय गर्न असमर्थ, स्मरणशक्तिमा ह्रास, चिडचिडापन, शङ्कालु स्वभाव, बिनाकारण डराउने, सामाजिक सम्बन्धमा सुख प्राप्त गर्न नसक्ने जस्ता लक्षण देखिन्छन्। यसका अतिरिक्त आत्मविश्वासमा दुर्बल, संवेगात्मक अपरिपक्व, समस्यासँग सामना गर्न डराउने, स्वार्थी प्रकृतिका, हीनताभावले ग्रस्त तथा नीरस व्यक्तित्वका हुन्छन्।[८५] यस्ता विभिन्न कारणले व्यक्तिमा मानसिक सङ्घर्ष शुरू हुनथाल्छ र त्यसैबाट मनः स्नायुविकृतिको शिकार बन्न पुग्छन्। मनः स्नायुविकृतिका विभिन्न किसिम हुन्छन्-

### क चिन्तामनः स्नायुविकृति

यसको प्रमुख कारण भय हो। यसकै माध्यमबाट चिन्ता उत्पन्न भएको पाइन्छ। चिन्तामनः स्नायुविकृति रोगीहरूमा अत्याधिक मानसिक उत्तेजनाका कारणले गर्दा सामाजिक समायोजना विच्छिन्न हुनपुग्छन्। उनीहरूको डर, चिन्ताको विषय के हो भन्ने विषयमा रोगी स्वयम् अनभिज्ञ रहन्छ। कार्यमा असफलता, उच्च महत्त्वाकाङ्क्षा, आर्थिक नोक्सानी, लडाइँ, दुर्घटना आदि चिन्तामनः स्नायुविकृतिको खास कारण हुनसक्छ। फायडले चिन्तामनः स्नायुविकृतिको कारण लैङ्गिक शक्तिलाई मानेका छन्। एडलरले

---

[८५] पूर्ववत्, पृ २०२

चाँहि आत्मप्रकाशनको प्रवृत्तिको दमनलाई चिन्तामनः स्नायुविकृतिको कारण मानेको पाइन्छ भने कोलमैनले रोगीमा असुरक्षाको भावना, आत्मप्रतिष्ठामा बाधा, हीनताको भाव आदिलाई चिन्तामनः स्नायुविकृतिको कारण ठह्याएको पाइन्छ।[८६]

### ख मनोग्रस्तता बाध्यता मनः स्नायुविकृति

मनोग्रस्तता भनेको त्यो विचार वा आवेग हो, जन रोगीको इच्छाले प्रतिकूल स्वतः उसको मनमा बारम्बार आउने गर्छ। यो एउटा यस्तो मानसिक अन्तः क्रिया हो, जसलाई व्यक्ति अतार्किक सम्झन्छ तर त्यसमा उसको नियन्त्रण रहँदैन। बाध्यता एउटा मानसिक रोग हो। रोगी बारम्बार एउटै कुरा दोहोऱ्याउँछ र चेतनरूपमा व्यक्ति त्यो काम गर्न चाहँदैन। तर त्यसमा उसको नियन्त्रण गर्ने क्षमता रहँदैन। जस्तै- बारम्बार हात धुनु, टाउको हल्लाउनु, नङ् टोक्नु आदि सामान्य मनोग्रस्तता बाध्यताका उदाहरण हुन्। मनोग्रस्तता बाध्यता मनः स्नायुविकृतिमा मानसिक तनाव प्रमुख रूपमा रहेको पाइन्छ।

### ग उन्माद्

उन्माद् वा हिस्टोरिया एक किसिमको मानसिक रोग हो। फ्रायडले मानसिक आघातलाई यसको कारण मानेका छन्। जब व्यक्तिले जटिल तथा दबावपूर्ण अवस्थाको सामना गर्न सक्तैन तब ऊ पलायनको बाटो खोज्छ। यसलाई मनोवैज्ञानिकहरूले असामर्थ्यतर्फ पलायन भनेका छन्। समस्याबाट डराएर व्यक्ति अस्वाभाविक र असम्बन्धित कार्यहरू गर्न थाल्छ। उन्माद् वा हिस्टेरियाका रोगीमा विभिन्न शारीरिक तथा मानसिक लक्षणहरू देखा पर्छन् - शारीरिक लक्षणअन्तर्गत संवेगात्मक असमर्थता। मानसिक लक्षणअन्तर्गत - सम्झनाशक्तिमा ह्रास र व्यक्तित्व विघटन पर्दछ। निम्नलिखित लक्षण विशेष रूपमा

---

[८६] पूर्ववत्, पृ २०३-२०४

रहेका पाइन्छन् - निद्राभ्रमण, आत्मविस्मृति, अतिनिद्रा, स्मृतिलोप, संवेगात्मक अस्थिरता एवम् मूर्छा द्वैधव्यक्तित्व आदि।[८७]

## घ मनः स्नायुशिथिलता

मनः स्नायुशिथिलता त्यस किसिमको मानसिक असामान्य ता हो, जुन निरन्तर रूपमा हुने संवेगात्मक तनावको कारण उत्पन्न भएको पाइन्छ। यसअन्तर्गत रोगीले आफ्ना संवेगात्मक कठिनाइ र व्यक्तिगत समस्याहरूलाई बढी महत्त्व दिन्छ तथा आफै चिन्तित वा व्यग्र रहन्छ। शारीरिक वा मानसिक थकान, परिश्रमको कारणले गर्दा नभएर निराशा, निरूत्साह र तनावले गर्दा यस्तो रोग लाग्ने हुन्छ। यस्तो रोग लाग्नुको मुख्य कारणहरूमा दुर्बल केन्द्रीय स्नायुमण्डल, यौनविकृति, मानसिक बाधा-तनाव, आत्मविश्वासको कमी आदि मानिएको पाइन्छ।[८८]

## २ मनोविकृति

मनोविकृति भन्नाले पूर्ण रूपमा व्यक्तित्व विचलन बुझिन्छ। यसबाट रोगीमा आत्मासंयम तथा सामाजिक सन्तुलन असमायोजित हुन्छ। यस्ता रोगीहरू विशेषगरी विचित्र किसिमका हुन्छन्, कोही आक्रमणकारी स्वभावका पनि हुन्छन्। उनीहरूको इद, अहम् र पराहमको बीचको सन्तुलन बिग्रेको हुन्छ। त्यसैले रोगीको व्यवहार अस्वाभाविक देखिन्छ। सामाजिकता वा सामूहिकताको अभाव, विचार र प्रस्तुतिमा अनौठोपन, बारम्बार

---

[८७] पूर्ववत्, पृ २०४

[८८] पूर्ववत्, पृ २०६

आत्महत्या गर्नतर्फ उत्सुक आदि कारणहरूले गर्दा रोगी विचलित देखिन्छन्।[८९] विद्वानहरूले मनोविकृतिलाई दुई भागमा विभाजन गरेका छन्-

**क आङ्गिक मनोविकृति**

शरीरको कुनै अङ्गको क्षतिको कारणले गर्दा पनि व्यक्तिमा असामान्यता आउनसक्छ। पक्षघात हुने, अस्पष्ट ध्वनि निस्कने, स्मरण शक्ति क्षीण हुने, कहिले धेरै खुशी हुने र कहिले ज्यादै चिन्तित आदिको कारणले पनि व्यक्तिले मानसिक सन्तुलन गुमाउँछ।[९०]

**ख मानसिक मनोविकृति**

मानसिक विकृतिलाई विद्वानहरूले निम्नलिखित समूहमा बाँडेको पाइन्छ -

१ विच्छिन्न मानसिक अवस्था

२ भावनात्मक प्रतिक्रिया

३ मनोविक्षिप्त विषादयुक्त प्रतिक्रिया

**१ विच्छिन्न मानसिक अवस्था**

यस अवस्थामा व्यक्तिले व्यक्तित्व विघटन हुनको साथै मानसिक सन्तुलन हराउँछ। यसबाट उसले विभिन्न मानसिक कठिनाई वा सङ्घर्षहरू अनुभव गर्दछ। यस्तो व्यक्तिले यथार्थ जगतसँग कुनै सम्बन्ध स्थापित गर्न सक्तैन। विभिन्न मनोविक्षिप्तामध्ये विच्छिन्न

[८९] पूर्ववत्, पृ २०८

[९०] पूर्ववत्, पृ २०८

मानसिक अवस्था एकप्रकारको जटिल मनोविकृति मानिन्छ। यसका विशेष किसिमका लक्षणहरू हुन्छन्-

**क संवेगात्मक विकृतिहरू**

यसअन्तर्गत रोगीमा साधारण किसिमका संवेगहरूको समेत कमी रहन्छ। जस्तै- गर्मी, भोक, तिर्खा, आफन्तको मृत्यु आदि कुराले उसमा प्रभाव पार्दैन।[९१]

**ख मानसिक ह्रास**

यस्ता रोगीहरूको विचार श्रृङ्खलाविहीन र अस्पष्टता, असङ्गठित आदिको कारणले उनीहरू विच्छिन्न हुन पुग्छन्।[९२]

**ग बोलिमा विकृति**

विच्छिन्न मानसिक अवस्थाका रोगीहरू सामान्यतः चूपचाप बस्छन्। यदि बोले भने पनि पूरा वाक्य नबोल्ने र अस्पष्ट किसिमका हुन्छन्।[९३]

**घ विभ्रम**

सुन्नमा भ्रम, दृष्टिविभ्रम, गन्ध, स्पर्श आदि विभ्रमका लक्षणहरू रोगीहरूमा देखा पर्दछन्।[९४]

---

[९१] पूर्ववत्, पृ २०९

[९२] पूर्ववत्, पृ २०९

[९३] पूर्ववत्, पृ २०९

[९४] पूर्ववत्, पृ २०९

### ङ व्यमोह

व्यमोहग्रस्त व्यक्ति शङ्कालु किसिमका हुन्छन्। विच्छिन्न मानसिकता सरल किसिमको पनि हुन्छ। यसद्वारा ग्रस्त व्यक्ति मुख्यतः उदासीन, एकान्तप्रिय, कम बोल्ने, एकै ठाउँमा बसिरहने र बाह्य संसारसँग पृथक हुन्छ। उत्तेजित मानसिक विच्छिन्नतामा व्यक्तिको गति तथा अभिव्यक्ति उत्तेजित किसिमको हुन्छ। जड वा मुर्च्छित मानसिक विच्छिन्नतामा रोगी निष्क्रिय हुन्छ, एकैमुद्रा एउटै ठाउँमा धेरैबेर बस्ने, कहिले आँखा खुल्लाको खुल्लै राख्ने, कहिले आँखा चिम्लिने हुन्छ।[९५]

## ३ उत्साहविषाद् मनोविकृति

यसका रोगीमा दुई विपरीत किसिमका लक्षण पाइन्छन्। यस्ता रोगी कहिले अत्यन्त हर्षित र उत्साहित हुने, कहिले दुःखी वा उदासीन हुने गर्दछ। यी रोगीमा अति उत्तेजित वा अनावश्यक रूपमा बढी उदासीन भएका कारण उनीहरूमा चेतन हराउँछ। रोगको तीव्र आक्रमणले व्यक्तिका अचेतन मनका ग्रन्थिहरू चेतनमा प्रभाव जमाउँछन्। तसर्थ उसको चेतन अत्यन्त न्यून भएर जान्छ। रोगी सत्य र असत्य छुट्याउन सक्तैन। कसैको हत्या भएको कुरा सुन्यो भने त्यो हत्या आफैले गरेको भनिठान्छ। उत्साहविषाद् अवस्थामा रोगीमा भ्रम पैदा हुन्छ। फलस्वरूप ऊ उत्साहको अवस्थामा अपरिचित व्यक्तिलाई पिता वा पुत्र सम्झन्छ भने विषाद्को अवस्थामा शत्रु वा षडयन्त्रकारी सम्झन्छ। अति तीव्र उत्साहमा रोगी प्रायः पागल नै बन्छ। अति क्रियाशील हुने भएकाले व्यक्ति रून्ने, हाँस्ने, चिच्याउने, तोडफोड गर्ने हुन्छ। विषाद्को अवस्थामा चाहिँ रोगीमा जीवनप्रति पूर्ण उदासीन हुने, बालकको जस्तो व्यवहार गर्ने, आत्मग्लानिका

---

[९५] पूर्ववत्, पृ २०९

कारण आत्महत्याको प्रयास गर्ने, वरिपरिको वातावरणसँग अनभिज्ञ रहने, भ्रम बढ्दै जाने[९६] निष्क्रिय र दुर्बलता देखा पर्नाले व्याक्त असामान्य स्थितिको शिकार बन्दै गएको देखिन्छ।

[९६] पूर्ववत्, पृ २१०-२११

# तेस्रो अध्याय

# ३. नारी मनोविश्लेषणका दृष्टिले विन्द्या सुब्बाका उपन्यासको विवेचना

## ३.१ उपन्यासकार विन्द्या सुब्बाको परिचय

उपन्यासकार विन्द्या सुब्बाको जन्म दार्जिलिङ जिल्लाको खरसाङ, तीनधारेमा सन् १९५५, जुलाई १३ तारिखको दिन भएको हो। उनको शैक्षिक यात्रा नेपाली साहित्यमा एम. ए, शिक्षाशास्त्रमा बी. एड, बी. एस्सी (अनर्स), नर्सिङमा डिप्लोमा र हिन्दी साहित्यमा विशारदसम्म अध्ययन गरेकी हुन्। सन् १९७४ देखि १९७६ सम्म रेणुका कन्या उच्च विद्यालय, तीनधारेमा शिक्षण पेशामा आबद्ध, सन् १९७६ देखि नर्सिङ सेवामा प्रवेश, पश्चिम बङ्गाल राज्यका विभिन्न सरकारी अस्पतालहरूमा प्रशिक्षण गराउँदै अन्तमा सेविका प्रशिक्षण विद्यालय, जिल्ला अस्पताल दार्जिलिङमा प्राचार्यको कार्यभार निर्वाह गरी हालै सेवानिवृत्त भएकी छन्।

विद्यार्थी जीवनदेखि साहित्यमा रूचि भएकी सुब्बाको साहित्यिक लेखन यात्रा सन् १९६८ मा तीनधारे खरसाङबाट प्रकाशित **सागर** पत्रिकामा *जीवनफूल* शीर्षक कविता प्रकाशित भएको तथा सन् १९७१ मा काठमाडौंबाट प्रकाशित साहित्यिक पत्रिका **दर्पण**मा *जलन* शीर्षक कथा प्रकाशित भएपछि शुरू भएको पाइन्छ।

अहिलेसम्म सुब्बाका १५ वटा सिर्जनात्मक साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन्, जो यसप्रकार छन्-

१ **त्यागपत्र** सन् १९७८ हिन्दीबाट अनुदित उपन्यास

२ **कथाक्रम** सन् १९८४ कथासङ्ग्रह

३ **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६ उपन्यास

४ **अथाह** सन् १९९९ उपन्यास

५ **हस्पिस** सन् २००३ कथासङ्ग्रह

६ **अन्तर्निहित** सन् २००४ कवितासङ्ग्रह

७ **निर्गमन** सन् २००६ उपन्यास

८ **तिम्रा अक्षरहरूको आयाम** सन् २००७ संस्मरण लेखसङ्ग्रह

९ **अरब सागरको किनारामा** सन् २००८ संस्मरणात्मक यात्रा निबन्ध

१० **हृदयम** सन् २००९ अध्यात्ममूलक निबन्ध

११ **मेरो आकाशमा** सन् २०११ निबन्ध लेख

१२ **विविध आयाममा कृष्णसिंह मोक्तान** सन् २०११ व्यक्तित्व र कृतित्वको अनुशीलन

१३ **द्रौपदी** सन् २०१२ हिन्दीबाट अनुदित उपन्यास

१४ **शीतलहर** सन् २०१३ कथासङ्ग्रह

१५ **सत्यम् शिवम् सुन्दरम्** सन् २०१४ अनुदित जीवनी श्री सत्य साई बाबा।

यसबाहेक सुब्बाका विभिन्न कथा, निबन्ध, कविता र संस्मरणहरू भारत एवम् नेपालबाट समय-समयमा निस्कने विभिन्न अखबार वा पत्रिकामा प्रकाशित भएका पाइन्छन्। उनका केही लेखहरू अन्य भाषाहरू जस्तै अङ्ग्रजी, हिन्दी, बङ्गाली, उडीया, तेलगु, असामी, मैथिलीमा अनुदित भइसकेका पाइन्छन्। उनी **अथाह** उपन्यासको निम्ति साहित्य

अकादमी पुरस्कारले विभूषित भएकी हुन्। उनको **अथाह** उपन्यास हिन्दी भाषामा सुवास दीपकले अनुवाद गरेका छन्। अङ्ग्रजी भाषामा मनप्रसाद सुब्बा, उडीया भाषामा प्रशान्त मोहन्ते, मैथिली भाषामा अनन्त विहारी, असामी भाषामा चम्पा उपाध्यायले अनुवाद गरिसकेका छन् भने मराठी भाषामा असहाभारी कसकादेद्वारा अनुवाद गर्ने प्रक्रिया चलिरहेको छ।

**पुरस्कार एवम् सम्मान**

१ विजयश्री पुरस्कार सन् १९९७ नयाँ दिल्ली,

२ दियालो पुरस्कार सन् १९९८ एन. एस. एस दार्जिलिङ,

३ स्रष्टा पुरस्कार सन् १९९८ पश्चिम सिक्किम,

४ रामराज पन्त स्मृति पुरस्कार सन् २००० काठमाडौं,

५ साहित्य अकादमी पुरस्कार सन् २००३ नयाँ दिल्ली,

६ राधे कविता पुरस्कार सन् २००५ अन्तपुर अरूनाचल

७ गिरी पुरस्कार सन् २०१३ जी. टी. ए दार्जिलिङ।

**सम्मान**

१ निर्माण प्रकाशन रजत जयन्ती सम्मान सन् २००२ सिक्किम,

२ सिक्किम सम्मान सम्मेलनबाट विभूषित सन् २००४ सिक्किम सरकार,

३ स्पन्दन कवि सम्मेलनबाट सम्मानित सन् २००५ अन्तपुर अरूनाचल,

४ देवकोटा शताब्दी सम्मान सन् २०१० त्रृमुर्ती निकेतन काठमाडौं,

५ अन्तराष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्मान सन् २०१४ यु.एस.ए,

६ विश्व नारी नेपाली साहित्य सम्मान सन् २०१४ त्रृमुर्ती निकेतन काठमाडौं,

७ जीवन प्रोत्साहन पेन्शन सन् २००४ सिक्किम सरकार।

सिर्जनात्मक कार्य अतिरिक्त उनी नेपाली साहित्य अकादमी नयाँ दिल्ली, मन्दरा समिति प्रतिष्ठान दार्जिलिङ, वसुधा दार्जिलिङ, नेपाली साहित्य सम्मेलन दार्जिलिङ जस्ता विविध साहित्यिक, सामाजिक सङ्घ संस्थामा एकजना सक्रिय़ सदस्यका रूपमा काम गर्दै आएको देखिन्छ।

### ३.२ नारी मनोविज्ञानका आधारमा फूलहरू, पहाडहरू, धर्साहरू उपन्यासको विवेचना

आधुनिक नेपाली उपन्यास साहित्यमा सबैभन्दा पहिला विश्वेश्वरप्रसाद कोइरालाले फ्रायडको मनोविश्लेषणवादी सिद्धान्तलाई प्रवेश गराएका हुन्।[९७] उनले आफ्ना उपन्यासहरूका माध्यमबाट विशेषतः सिग्मण्ड फ्रायड, एलफ्रेड एड्लर, कार्लगुस्ताभ युङ्ग, कामु र सार्त्रको दर्शनलाई प्रयोगमा ल्याएका हुन्।[९८] उनका कृतिहरूमा मनोविज्ञान र अस्तित्ववादको प्रभाव पाइन्छ। यसरीनै विजय मल्ल, गोविन्दबहादुर मल्ल गोठाले, भवानी भिक्षु प्रभृति आख्यानकार यस दिशामा सक्रिय देखिन्छन्।

नेपाली उपन्यासलेखन परम्परामा कोइरालाले नारी मनको अतल गहिराइभित्र डुबेर त्यसका माध्यमबाट मनोविज्ञानको सैद्धान्तिक पक्षको विश्लेषण गर्ने प्रयत्न गरेका छन् भने

---

[९७] कविता लामा, सन् २००५, **दिदृक्षा,** दार्जिलिङ : श्याम प्रकाशन, पृ ८१-८२

[९८] पूर्ववत्, पृ ८१

भारतीय नेपाली उपन्यास साहित्यमा उपन्यासकार विन्द्या सुब्बा यही प्रवृत्तिलाई अँगाल्दै अघि बढेकी छन्।[९९] उनले आफ्ना उपन्यासलेखनमा नारीका मनोवैज्ञानिक पक्षको विश्लेषण गर्ने प्रयत्न गरेकी छन्। नेपाली उपन्यासमा उनले नारी मनोविज्ञान तथा मनोवैज्ञानिक प्रवृत्तिको प्रतिनिधित्व गरेकी छन्।

उपन्यासकार विन्द्या सुब्बाको पहिलो उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६ मा उनले आफूलाई उपन्यासको प्रमुख पुरुष पात्र वासुदेव प्रधानको रूपमा प्रस्तुत गरेकी छन्। प्रस्तुत उपन्यासमा अभिव्यक्त नैराश्यको भाव नै उपन्यासकारको जीवनदर्शन रहेको बोध हुँदछ-

"केही नभए पनि बनाउन खोज्दा बसेका प्रयत्नका डामहरू छन् मेरो यसमाथि (जिन्दगी), पाउन खोज्दा उम्किएका दुखाइहरू छन्, मेटाउँदा पनि नमेटिने छापहरू छन् मेरो यसमाथि। अरू केहि नभए यो पनि यी छापहरू, डामहरू त मेरा हुन् नि, सबै मेरा आफ्ना हुन् यो जिन्दगीसँगको मेरो सम्बन्धमा। यत्तिले गर्दा पनि मलाई माया लाग्छ यो जिन्दगीको, समाइरहन मन लाग्छ।"[१००]

यसरी उपन्यासकारले आफैलाई चिन्ने, बुझ्ने प्रयासमा उपन्यासको आरम्भ भएको देखिन्छ। उपन्यासको पात्र वासुदेवको साहित्यमा अभिरूचि भएको देखिन्छ तर उसको बाबुको इच्छाअनुरूप ऊ डाक्टर बनिन पुगेको वर्तमान पीडीको युवक हो। ऊ सुधालाई आफ्नो जीवनसाथी बनाउन चाहन्छ तर आफ्ना आमा-बाबुको इच्छाको कदर गर्दै उसले नीलमसित बिहे गऱ्यो। आफ्नो अहोदा, अनुशासन र नियमको पालनमा ऊ सबैसित

---

[९९] पूर्ववत्, पृ ८२

[१००] विन्द्या सुब्बा, सन् २००९, **फूलहरू, पहाडहरू, धर्साहरू**, गान्तोक : जनपक्ष प्रकाशन, दो.संस्क, पृ १४

हेलमेल गर्न सक्दैन। यस्ता अवरोधहरूको बीचमा जीवन बाँच्न बाध्य बनेको वासुदेव अरूले स्थापित गरेको अनुशासन, नियमअनुसार चल्न वा बाँच्न कटिबद्ध देखिन्छ। साधारण मानिसलाई झैं वासुदेवलाई घरप्रति मोह भए तापनि ऊ बसेको घर कमानको क्वाटर मात्र थियो। यसरी ऊ घर र जिन्दगीको तुलना गर्नतर्फ उन्मुख देखिन्छ।

प्रस्ततु उपन्यासमा वासुदेव सबैको बीच भएर पनि आफूलाई एक्लो अनुभव गर्दछ। उसले मनपराएकी अतीतकी सुधा नामकी युवतीसितका सम्बन्ध र घटनाहरूका स्मरणले ऊ पिरोलिइरहन्छ। वासुदेव र सुधाबीचको घटनाहरूबाट नै प्रस्तुत उपन्यास विकासतर्फ लम्किएको पाइन्छ। यसरी सुधाको सम्बन्धबाट ऊ आफूलाई पन्साउन सक्दैन। सुधालाई पाउने उसका चाहना अतृप्त नै रहन्छ।

उपन्यासमा सुधाको स्मृति रेशमफूल नामक अर्की युवतीमा अवलोकित भएको देखिन्छ। अर्कातिर नीलम नामकी युवती पनि उपन्यासमा त्यसरीनै अवतरित देखिन्छे। यी तीनैवटी युवतीहरू वासुदेवका जीवनमा समानान्तररूपमा अवतरित भएका उपन्यासको प्रमुख पात्रा को हो भनेर स्पष्ट चिन्न सकिन्न। सुधा, रेशमफूल र नीलम यी तीनैवटी युवतीहरू आ-आफ्ना भूमिका र अस्तित्व बोकेका नारी पात्रहरू हुन्। यी नारीहरूसित प्रमुख पात्र वासुदेवको त्रिकोणात्मक सम्बन्ध रहेको पाइन्छ। सुधाको प्रस्तुतिकरण रेशमफूलबाट भएको देखिन्छ भने रेशमफूलको परिचय नीलमको विरोधाभासमा टड्कारो देखिन्छ। सुधामा रेशमफूल प्रतिविम्बित हुनु, रेशमफूलमा सुधा खोज्नुले स्पष्ट पुष्टि गर्दछ कि वासुदेवको अन्तर्द्वन्द्व असंयमित रहेको छ।

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासले मनोविज्ञानको चरम उत्कर्ष स्पर्श गरेको पाइन्छ।[१०१] उपन्यासकारले प्रत्येक पात्र-पात्राको मनभित्र सहजै पसेर तिनीहरूको मनोभाव केलाउने प्रयास गरेकी छन्। प्रस्तुत उपन्यासमा चित्रित वासुदेव उपन्यासको मूल खाँबो अर्थात् धुरी भएर उभिएको पाइन्छ, जसको वरिपरि उपन्यासको कथानक बुनिँदै अघि बढेको देखिन्छ। यद्यपि वासुदेव आफ्नो दृढ सङ्कल्पको अभावमा मानसिक द्वन्द्वको उतप्त ज्वालामा निरन्तर जल्दै बाँच्ने उदासीन पात्रको रूपमा परिचित देखिन्छ।[१०२] उसको यही भ्रम र दृढ सङ्कल्पको अभाव नै कथानकको मूल आधार बनेको देखिन्छ। तापनि आफ्नो तह नमिलेको जीवनमा सामञ्जस्यता ल्याउने प्रयासमा उसको अन्तःचेतना केन्द्रित रहेको पाइन्छ। उसको जीवनप्रतिको दृष्टिकोण, मानसिक स्थिति तथा उसको अवचेतन मनमा सदैव उद्धेलित भइरहने भावुकताको प्रभावकारी ढङ्गमा प्रस्तुत गरेको देखिन्छ। उपन्यासको प्रमुख पात्र वासुदेवको माध्यमबाट जीवनप्रतिको आफ्ना विभिन्न दृष्टिकोण, मान्यताहरूलाई भिन्नभिन्नै आयामबाट व्यक्त गर्नु उपन्यासकारको विशेषता रहेको पाइन्छ। प्रस्तुत उपन्यासमा वासुदेवको माध्यमबाट नारीका मनोवैज्ञानिक पक्षको विश्लेषण गरिएको बोध हुँदछ।

यसै सन्दर्भमा वीरविक्रम गुरुङको भनाइअनुसार पारिजात र विन्ध्या सुब्बा दुवै नारी उपन्यासकारहरूले आफूलाई उत्तम पुरुष, पुरुषजस्ता पात्रमा ढाल्दै पुरुषानुकूल मनोभावना, संवेदना, कुण्ठा आदि यथार्थिक ढङ्गले अभिव्यक्त गरेको देखिन्छ। पारिजातको **बैंशका मान्छे** पढ्दा लाग्छ पारिजातको पुरुषावतार त्यहाँ विद्यमान भइरहेछ। **फूलहरू,**

---

[१०१] विचन्द्र, सन् २००९, *पत्रबाट,* **फूलहरू, पहाडहरू, धर्साहरू,** गान्तोक : जनपक्ष प्रकाशन, दो.संस्क, पृ १४१

[१०२] हस्त नेचाली, सन् २००९, *केही चिन्तन: केही मननमा सङ्कलित कथाक्रमदेखि फडको हान्दै अथाहसम्मबाट उद्धृत अंश,* **फूलहरू, पहाडहरू, धर्साहरू,** गान्तोक : जनपक्ष प्रकाशन, दो.संस्क, पृ १४८

**पहाडहरू, धर्साहरू** हेर्दा विन्द्या सुब्बाको पुरुषावतार वासुदेवको रूपमा संवेदना मागिरहेको प्रतीत हुँदछ।[१०३] **फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यास पारिजातको आख्यान शैलीबाट हुर्किएको पाइन्छ भन्ने घनश्याम नेपालको भनाइले यस कुराको पुष्टि गरेको देखिन्छ।[१०४]

प्रस्तुत उपन्यासमा चित्रित नारी पात्र सुधाप्रतिको प्रेम अर्थात् सुधालाई नै जीवनमा प्राप्त गर्न नसकेर भावुक र कमजोर बनेको वासुदेव अन्ततः नीलमसित वैवाहिक सम्बन्धमा गाँसिन पुग्नुले उपन्यासको मूल भागमा त्रासदी अनुभव भए तापनि सुखान्त अनुभव गर्न सकिन्छ। वासुदेव सोच्छ-

"यहाँबाट विदा हुनुभन्दाअघि उनको सम्झनालाई म त्यो डाँडामा लगेर सँधै फुलिरहने ती सेता फूलहरू माझ रोपिदिन्छु। त्यही सेता-राता जङ्गली फूलहरू फुल्ने डाँडोलाई म सुधाको निम्ति स्थान चुनिदिन्छु। सश्रद्धा तह लगाइदिन्छु म उनको स्मृतिलाई पनि, अब हाम्रो अपरिभाषित मित्रतालाई पनि।"[१०५]

उपन्यासकी पात्र सुधा सदैवको निम्ति वासुदेवको जीवनबाट टाढिएपछि उसलाई जीवन नियास्रो लाग्छ। ऊ जीवनदेखि पलायन बन्न पुग्छ तापनि सुधाको मोहबाट ऊ मुक्त बन्न सक्दैन। त्यसपछि उपन्यासकी अर्की नारी पात्र रेशमफूलको विवाहले वासुदेवको मन-मस्तिष्कमा नयाँ विचार जागृत गराउँदछ।[१०६] तसर्थ वासुदेव आफ्नो जीवनप्रति बढी

---

[१०३] बीरविक्रम गुरूङ, सन् २००९ भूमिका अनिवार्य छैन तापनि, **फूलहरू, पहाडहरू, धर्साहरू**, गान्तोक : जनपक्ष प्रकाशन, दो.संस्क, पृ ३

[१०४] घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी : एकता बुक हाउस, पृ २४४

[१०५] विन्द्या सुब्बा, पूर्ववत्, पृ १२२

[१०६] हस्त नेचाली, पूर्ववत्, पृ १४९

व्यावहारिक बन्दै गएको देखिन्छ। उसको विचार, आभास र सङ्कल्पमा आएको नौलो मोडलाई उच्च, गम्भीर विचारको प्रतीकका रूपमा लिन सकिन्छ-

"त्यो पहाडको पैह्रोका नाङ्गो धर्साहरूमा फेरि हरियोहरू पलाउन थालेछन् क्यार यो सालदेखि।"[१०७]

लीला लुइटेलको भनाईअनुसार **फूलहरू**, **पहाडहरू**, **धर्साहरू**मा अरूका इच्छाहरू लादिएर अरूकै लागि बाँच्न विवश निराशा र पलायनजन्य जीवन भोगिरहेको व्यक्तिको मनोविश्लेषण गरिएको छ। आफ्ना इच्छा र रहरअनुसार चल्न नपाएपछि मान्छे जस्तोसुकै सम्पन्नता, सम्मान र हरियालीमा पनि खुशी हुन नसक्ने तथ्यलाई प्रस्तुत गरिएको यस उपन्यासमा मानवीय इच्छा-आकाङ्क्षा, रहरहरूको स्वाभाविक र जीवन्त प्रस्तुति पाइन्छ। नारी सुलभ ईर्ष्या, लज्जा तथा अपेक्षा आदिको प्रस्तुति पाइने यस उपन्यासमा अस्तित्वचेत स्वाभिमानी मानसिकताको पनि अभिव्यक्ति भएको पाइन्छ। जीवन भावुकतामा नभएर व्यावहारिकतामा सफल हुने धारणालाई पनि उपन्यासमा अघि सारिएको छ।[१०८]

प्रेमको सम्बन्धमा फ्रायडको भनाइअनुसार प्रेम एउटा मूल प्रवृत्ति हो। प्रेम न त मात्र दैहिक सम्बन्ध हो न एकान्त आत्मतृप्ति, बरू यो सम्पूर्ण जीवन प्रसङ्गसित जोडिएको परिपक्क जटिल प्रक्रिया हो। यसले मनुष्यको तरुणावस्थालाई इङ्गित गर्दछ र बाल्यकालीन

[१०७] विन्ध्या सुब्बा, पूर्ववत्, पृ १२४

[१०८] लीला लुइटेल, सन् २०११, **नेपाली महिला उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, पृ २१

यौनरति जुनचाहिँ स्वरतिमा केन्द्रित थियो त्यसलाई पररतिमा परिणत गर्दछ। उनले प्रेममा यौन भावना पनि निहित रहेको कुरालाई स्वीकारेका छन्।[१०९]

उपन्यासमा सुधासितको वासुदेवको सम्बन्ध अस्पष्ट देखिन्छ। ती दुवै एकअर्कामा प्रेम गर्छन् तर त्यो प्रेम अमूर्त रूपमा रहेको हुनाले स्पष्ट खुलेको छैन। यद्यपि सुधाद्वारा वासुदेवलाई लेखिएको पत्रमा प्रेमको साधारण अर्थदेखि माथि उठेर पराभौतिक प्रेमसम्बन्ध रहेको कुरा स्पष्ट बुझिन्छ-

"मसँग पनि त्यो आत्मीयताको सही अर्थ छैन तथापि मलाई लाग्छ, संसारमा आमा-छोराबीचको ममता, दाजु-बहिनीको स्नेह, मित्र-मित्रको सौहार्दता, प्रेमी-प्रेमिकाको लगाव र पति-पत्नीको प्रेमभन्दा पर र माथि अरू कुनै दुई मान्छे-मान्छेबीचको आत्मीयता हुनसक्छ भने त्यो सर्वोच्च शिखरमा म हाम्रो मित्रतालाई लगेर राखुँ, त्यही बेजोड र विशिष्ट मान्यता यसलाई म प्रदान गरूँ।"[११०]

फ्रायडीय मनोविज्ञानको कसी राखेर हेर्दा एउटी युवतीले कुनै लोग्नेमान्छेसित प्रेम गर्नुले उसको यौन विकास सामान्य रूपमा भएको देखिन्छ। सुधाको यौन विकास कुण्ठाग्रस्त देखिन्छ। त्यसको विकास स्वास्थ्य ढङ्गले नभएको हुँदा ऊ पीडा र व्यथाको सज्जालभित्र परेकी देखिन्छ। दुई विपरीत लिङ्गीय व्यक्तिहरूमा मात्र यस्ता भावनात्मक उचाइ सृजित हुने हुँदा त्यसको तात्पर्य विपरीत यौनप्रतिको आकृष्टपन नै हो भन्न सकिन्छ। मित्रता त समलिङ्गीय व्यक्तिहरूमा नै मुख्यतः कायम हुँदछ तापनि ती दुईबीचमा यस्तो मर्यादित मित्रता कायम हुन सक्ला भन्ने शंङ्का उठ्दछ। सबैभन्दा पर र माथि कुन स्थन र

[१०९] विष्णुकुमारी शर्मा, सन् १९९२, **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य,** वाराणसी : सयपत्री प्रकाशन, पृ १२२

[११०] विन्द्या सुब्बा, पूर्ववत्, पृ १२२

मान्यता, बेजोड र विशिष्ट अर्थ हुनसक्ला भन्ने प्रश्न उठ्छ। यद्यपि सुधा र वासुदेवबीचको मित्रताको सम्बन्ध शारीरिक सुख, आनन्दभन्दा पर र बाहिरको सम्बन्ध हो भन्न सकिन्छ। **फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा वासुदेव र सुधाबीचको सम्बन्धलाई शंङ्का गर्ने अर्को ठाउँ पनि भेटिन्छ। वासुदेवको पिताले उसलाई प्रश्न गरेको समय वासुदेवको मनोभावको प्रस्तुतिकरणबाट थाहा लाग्दछ कि वासुदेव पनि सुधालाई अत्यन्त प्रेम गर्छ। उसका पिताले उसलाई-

"कि कोही छ तेरो केटी?"[१११] भनेर प्रश्न गर्दा वासुदेवको आँखाअघि सुधा सुटुक्क उपस्थित हुनुले स्वतः यस रहस्यको उद्घाटन हुँदछ। प्रस्तुत उपन्यासमा कतै पनि सुधाद्वारा वासुदेवलाई वा वासुदेवद्वारा सुधालाई प्रेम गर्छु वा गर्थे भनिएको छैन तापनि उपन्यासभित्र घटेका घटनाहरूद्वारा ती दुईबीचका परस्पर आशक्ति वा आकृष्टपनका साक्षी मान्न सकिन्छ।

उपन्यासको प्रमुख पात्र वासुदेवलाई सुधाले उसको नाम काढेर बोलाउने गर्थी। उसको विवाह नीलमसित भएपछि पनि वासुदेवकी पत्नीले उसलाई नामले नै सम्बोधन गरोस् भन्ने सोचले आफूभित्रको सुधाप्रतिको अव्यक्त धारणा प्रकट गरेको देखिन्छ-

"नीलम, मलाई वासुदेव भनेर बोलाउने गर न, ल?"[११२]

उपन्यासमा चित्रित वासुदेवले सुधालाई आफ्नो निस्वार्थ प्रेम दिएर ऊ रित्तिएको देखिन्छ। त्यसैले ऊ प्रेम, पीडा, व्यथा, असहायबोध गर्दछ। उपन्यासमा अर्की नारी पात्र रेशमफूल सामान्य रूपमा प्रस्तुत भएकी छे। ऊ वासुदेवको निम्ति सुधाको छाया प्रतिविम्बित

---

[१११] पूर्ववत्, पृ ३५

[११२] पूर्ववत्, पृ ३८

गराउने दर्पणका रूपमा देखिन्छे। घरिघरि स्कूलको युनिफर्म लगाएकी रेशमफूलमा सुधाको प्रतिरूप हेर्न चाहने वासुदेवले आफ्नो स्वार्थको निम्ति रेशमफूललाई प्रयोग गरेको पनि देखिन्छ। फ्रायडका अनुसार इद सँधै सुख प्राप्तिको चाहना राख्तछ र जुनसुकै अवस्थामा पीडाबाट मुक्त बन्न चाहन्छ। इद प्रबल भएको व्यक्ति नैतिकता, नियम, औचित्य आदिको परवाह गर्दैन। अधिक इच्छाशक्तिका कारण वास्तविकताको ज्ञान नरहनु यसको मूल कारण हो।  इद वृत्ति प्रबल रहेको हुनाले रेशमफूल सुख प्राप्तिको चाहना राख्छे र जुनसुकै अवस्थामा पीडाबाट मुक्त बन्न चाहन्छे। यसो गर्नाले रेशमफूलभित्रको नारी सुलभ चाहनाको अभिवृद्धि भएको पाइन्छ-

“तपाईं रेशमफूलभित्र त सुधालाई पो हेरिरहनु भएको रहेछ। सुधाको कारणले मात्र मलाई तपाईं गरीब केटीमाथि यसरी उदार हुनुभएको रहेछ। तपाईंले त मलाई माथि आकाशमा उचालेर फेरि भुइँमा नै फालिदिनु भयो सर।”[११३]

यसरी उपन्यासमा वरण गरिएका विभिन्न घटनाहरूबाट पुरुष पात्र वासुदेव सुधाको सम्झना, सामीप्य, प्रेममा डुबेको देखिन्छ। ऊ रेशमफूललाई देख्दा सुधाप्रतिको सम्मोहन, असाध्य मोह, लगाव र भावविभोर भएको देखिन्छ। यही कारणहरू नै वासुदेवका असामान्य स्थिति भएर देखा परेका छन्। उपन्यासमा मूलतः तीनजना नारी पात्रसित एकजना पुरुष पात्र वासुदेवको त्रिकोणात्मक सम्बन्ध स्थापित गराउनु नै मनौवैज्ञानिक पक्ष खोतल्नु हो भन्न सकिन्छ। वासुदेव मूर्त रूपमा नभए पनि अमूर्त रूपमा मनोरोग्रासित देखिन्छ। उपन्यासकार विन्धा सुब्बाले पुरुषका माध्यमबाट नारीका मनोवैज्ञानिक पक्षहरूको विश्लेषण गरेकी छन्।

---

[११३] पूर्ववत्, पृ १०१

उपन्यासकारले प्रस्तुत उपन्यासमा वर्णित पुरुष पात्र वासुदेवको रूपमा आफू स्वयं उपस्थित भएर जीवनलाई केलाउने जमर्को, प्रकृति प्रेम, नारी सुलभ कोमलता, संवेदनशीलताको आधिक्यता परिलक्षित हुनु नै उपन्यासको अभीष्ट रहेको पाइन्छ।

उपन्यासका विशेषताहरूलाई केलाउने क्रममा भन्न सकिन्छ कि वासुदेवका वृत्तमा उपन्यासको कथानक वरिपरि सिङ्गो उपन्यास घुमिरहेको अनुभूत गरिन्छ। नारी भएर पनि पुरुषका रूपमा आफूलाई प्रस्तुत गर्न यतिञ्जेल नेपाली उपन्यासमा पुरुष उपन्यासकारहरूले नारी मनको अवलोकन गरेर मनोवैज्ञानिक विश्लेषण गरेका प्रमाणहरू धेरै छन्। पुरुषको मनोस्थिति, मानसिकता, मनोविज्ञान, चरित्रचित्रण गरिने काम प्रस्तुत उपन्यासमा भएको देखिन्छ। यस्तो प्रयोग नेपाली उपन्यासमा थोरै मात्र भएको पाइन्छ। प्रस्तुत उपन्यास स्त्रीमा पुरुष अवतार अवतरित भएर प्रस्तुत भएको छ। एउटी स्त्रीलाई पुरुष बनेर लेख्नु र पुरुषलाई स्त्री भएर लेख्न कठिन र कसरतपूर्ण काम हो तथापि उपन्यासकार विन्ध्या सुब्बाको यो शिल्पकारिता उल्लेखनीय रहेको पाइन्छ।

प्रस्तुत उपन्यासमा रेशमफूललाई वासुदेवको सुधाप्रतिको अपूर्ण प्रेम भावनाको परिपूर्तिको रूपमा उभ्याइएको छ। यो गहिरो रहस्य उद्घाटित भएपछि वासुदेवप्रति रेशमफूलको मोहभङ्ग हुन्छ र ऊ आफ्नो मार्मिक भाव एवम् आक्रोश अभिव्यक्त गर्न पुग्दछे। यसरीनै सुधा वासुदेवकी यौवनकालकी साथी तर जीवनको होडमा पछिपरेकी युवती हो। उपन्यासमा सुधाकै प्रतिच्छाया रूपमा रेशमफूललाई हेरिएको छ अर्थात् सुधालाई रेशमफूलमा आरोपित गरिएको पाइन्छ। युवा अवस्थाकी प्रेमिकाको स्मृतिले वासुदेवलाई पीडित बनाएको छ। यही अतीतको पीडाले वासुदेवलाई विथोलिरहेको देखिन्छ। उसको अवचेतन मनको दमित इच्छा पूर्ण नहुँदा ऊ अन्य युवतीभित्र सुधालाई खोज्न पुग्दछ।

"केही नभए पनि बनाउन खोज्दा बसेका प्रयत्नका डामहरू छन् मेरो यसमाथि (जिन्दगीमाथि), पाउन खोज्दा उम्किएका दुखाइहरू छन्, मेटाउँदा पनि नमेटिने छापहरू छन् मेरो यसमाथि। अरू केही नभए पनि यी छापहरू, डामहरू त मेरा हुन् नि, सबै मेरा आफ्ना हुन् यो जिन्दगीसँगको मेरो सम्बन्धमा। यतिले गर्दा पनि मलाई माया लाग्छ यो जिन्दगीको, समाइरहन मन लाग्छ।"[११४] वासुदेवले आफ्नो अनुभूति यहाँ प्रष्ट बोलेको छ र ऊ आफूले चाहेजस्तो बन्न नपाएको गुनासो छ। उसको अभिभावकको इच्छा र आदेशले वासुदेवको जिन्दगीको मानचित्र नै परिवर्तन गरिदिएको पाइन्छ। प्रस्तुत उपन्यासमा वासुदेव चियाबारीको हरित वातावरण, एकान्त, शान्ति र आनन्दानुभूतिमा रमाउने चाहना पात्रका रूपमा उभिएको देखिन्छ। यद्यपि ऊ अरूकै इच्छाअनुरूप कमानको सुन्दर प्रकृति छोडेर शहरको कोलाहलभित्र रूमलिन बाध्य बनेको छ। सुधालाई छोड्नुपरेको चोट नथाक्दै अर्को चोटले मुटु चोइट्याएर बाँच्न बाध्य बनेको वासुदेवको जीवन पीडापूर्ण देखिन्छ। आमा-बाबु, स्वास्नी, अहोदा, सबैतिरको उत्तरदायित्व, नियम पालन र अरूकै मन राख्दा राख्दै आफूबाट भागीरहेको, छुट्टिरहेको आफ्नो चाहनालाई चोट दिएर अरूका निम्ति बाँचिरहेको वासुदेवको जीवन विकटिलो देखिन्छ। ऊ स्वतन्त्रताहीन र सत्ताहीन जिन्दगीप्रति तानिरहेको अनुभव गर्न सकिन्छ-

"मेरो आफ्नो होइन यो जीवन कसैले थोपिदिएको, बनाइदिएको मात्र हो।"[११५] यस भनाइका आधारमा वासुदेवको असन्तुष्टि, कण्ठा, मार्मिक अभिव्यक्ति पाइन्छ। सन्तोष, सुख, आनन्दको चाहना गर्दा-गर्दै असन्तोष, दुख, क्षुब्धतातिर चिप्लिन पुगेको छ।

---

[११४] पूर्ववत्, पृ १४

[११५] पूर्ववत्, पृ ३४

क्षुब्धमानसिकताले वासुदेव ग्रसित देखिन्छ। ऊ न जीवनलाई प्रेमले अँगाल्न सक्छ न दूतकारेर अफालिदिन सक्छ। उसका विवशताहरू यसरी प्रकट भएको पाइन्छ-

"फेरि मन चिसेनी भएर पनि यसरी फूलहरू मनपर्नु मलाई, यो घरसँग मोह हुनु र यो स्वाधीन जिन्दगीसँग यसरी आत्मसात हुनु बचाइ र बाँच्नुकै प्रयत्न हुनुपर्छ, बचाइभित्र छु म क्यार, यसभन्दा बाहिर छैन, त्यसैले कमसेकम यी तीन कुराहरूमा वितृष्ण छैन मलाई। यो सम्झेर आश्वस्त पनि हुन्छु आफैमा।"[११६] यसरी प्रस्तुत उपन्यासमा वासुदेव आफूलाई थुम्थुम्याउँदै राख्छ। स्व-सहानुभूति, शान्तवना दिएर दुखेको सन्तप्त हृदय थपथपाउँछ र फुस्ल्याउँछ। शरदपूर्णिमाको जून हेरेर ऊ मोहित बन्दछ। यसबाट उसको चियाबारी र कमानको जीवनसँगको मोह रहेको बुझिन्छ। एउटा अव्यक्त इच्छा, तड्पन, अतृप्ति, एकागीपनाभित्र वासुदेव रन्थनिएको देखिन्छ। यतिका भीड र कोलाहलभित्र पनि ऊ नितान्त एक्लो रहेको अनुभव गर्दछ। ऊ आफू उठेको उच्चतालाई पनि वैयक्तिक मान्छ। समाज, जाति, दाजु-भाइ सबै तलै छन् जस्तो लाग्छ र आफ्नो मात्र उठाइले पनि उसलाई कुनै सन्तोष दिँदैन। उसलाई आफ्नो जीवन अर्थहीन र मूल्यहीन लाग्छ। त्यसैले वासुदेवको जीवनमा सँधै बल्झिरहने एउटा विवशता, बाध्यता, विरक्ती र पीडा देखिन्छ-

"किन मान्छेको हृदय- हृदयमा फुल्न, फैलिन सकिन मैले?"[११७]

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा वर्णित सुधाको अभिव्यक्ति पनि मार्मिक रहेको पाइन्छ। यी दुवैका पात्रका बीचमा सामाजिक संस्कार, नियमका बन्धन, पारिवारिक

---

[११६] पूर्ववत्, पृ १४

[११७] पूर्ववत्, पृ ३२

हस्तक्षेप आदि व्यवधान भएर खडा रहेको पाइन्छ। त्यसका अगाडि दुवैले आत्मसमर्पण गरेको बुझिन्छ। वासुदेव आफूले रोजेको र आत्मीय ठानेको प्रेमिका नपाउँदाको चोट, पीडा र व्यथा ऊभित्र कुण्ठा बनेर उभिएको देखिन्छ। रेशमफूल उसकी विगतकी सुधा अवश्य होइन यद्यपि रेशमफूलमा सुधा देख्नुमा सोझै कुदृष्टि नै हो भनेर किटान गर्न पनि सकिन्न। रेशमफूलमा सुधाको आरोहणबोध गरे तापनि त्यसलाई सोझै वास्नात्मक क्षुधातृप्तिको सङ्केत भनिहाल्न मिल्दैन। उपन्यासमा वासुदेवले मनपराएको प्रेमिकाको अनुपस्थिति, अपूर्ण सपना तथा पराभौतिक स्मरणमा अभिव्यक्त भएका छन्। त्यसैले उसको प्रेमलाई रचनात्मक प्रेम भनिहाल्न पनि मिल्दैन किनभने सुधाप्रति उसका सोच, आत्मा र शरीर, अतीत स्मृति, वर्तमानमा मूर्त-अमूर्त रूपमा विभाजित भएर प्रकट भएको पाइन्छ। चेतन र अचेतन मन दुईतिर दुई फ्याँक भएर विभाजित भए पनि वासुदेवले खोजेको पराभौतिक प्रेमका लागि उसको आत्मानुभूति प्रेम गरेकी सुधालाई प्राप्त गर्ने रहर, इच्छा सम्झानामै सही तर उसलाई भेट्ने चौतारो बन्न पुगेको छ। जहाँ सपना र सम्भावनाहरू अदृश्य लोकका छन्। उपन्यासमा वासुदेव र सुधाबीच नपाएर पनि बिर्सन नसक्नुको मनस्थिति मुख्य रूपमा ध्वनित भएको देखिन्छ।

मनोविज्ञानको भित्रीतह छुन पुगेको प्रस्तुत उपन्यासमा अर्कीतिर सुधा पनि साधारण प्रेमबाट उठेर पराभौतिक प्रेम गर्न पुगेकी देखिन्छे। सुधाले वासुलाई लेखेको पत्रबाट पनि यस कुराको पुष्टि हुँदछ कि दुवैको प्रेममा शरीर नभएर आत्मा नै उज्ज्वल प्रतीक बनेर छाएको छ-

" मसँग पनि त्यो आत्मीयताको सही अर्थ छैन तथापि मलाई लाग्छ संसारमा आमा-छोराबीचको ममता, दाजु-बहिनीको स्नेह, मित्र- मित्रको सौहार्दता, प्रेमी-प्रेमिकाको लगाव र पति-पत्नीको प्रेमभन्दा पर र माथि अरू कुनै दुई मान्छे-मान्छेबीचको आत्मीयता

हुनसक्छ भने त्यो सर्वोच्च शिखरमा म हाम्रो मित्रतालाई लगेर राखुँ, त्यही बेजोड र विशिष्ट मान्यता यसलाई म प्रदान गरूँ।"[११८] उक्त भनाइबाट यी दुवैको चाहना र अनुपस्थितिको द्वैत असामञ्जस्यतामा रहेको सुख र मिलन नभएर आत्मा-आनन्दको उच्चता र शरीरभन्दा पर बेग्लै भावनात्मक उचाईको सम्बन्धबारे स्पष्ट खोलिएको देखिन्छ। वासुदेवका पिताले उसलाई 'कि कोही छ तेरो केटी?' भनेर प्रश्न गर्दा उसका आँखाअघि सुधा उपस्थित हुन्छे तर पितालाई स्पष्ट रूपमा सुधालाई बिहे गर्ने अनुभूति माग्न नसक्नु र उसका पिताले राखेको नीलमसँगको बिहेको प्रस्ताव स्वीकार गर्नुले आफ्नो चाहना, सोच र स्वतन्त्रतामा अडान लिन र अटल रहन नसक्नु नै देखिन्छ। आफ्नो बिहेको कुरा पत्रद्वारा सुधालाई सुनाउनु, सुधाबाट कुनै आपत्ति नहुनुले पनि माया- प्रेम, चाहना र बिहे केवल शारीरिक सम्बन्धका लागि मात्र गरिन्छ भन्ने मान्यता तथा मानसिकतालाई गलत हो भन्ने कुरा खुलस्त गरिदिएको देखिन्छ। सुधा र वासुदेवको मित्रताको पवित्र नैसर्गिक मर्यादित उचाई नै प्रस्तुत उपन्यासको नौलो प्रयोग हो। प्रस्तुत उपन्यासमा पुरुष अवतार लिएर पुरुष मनोविज्ञानको यस्तो विश्लेषण गरिएको पहल हो र उपन्यासको काव्य सौन्दर्य पनि यसैमा झल्किएको बोध गरिन्छ। प्रस्तुत उपन्यासमा सुधापछि रेशमफूल र रेशमफूलपछि नीलम वासुदेवका जीवनमा देखा परेका तीनवटी स्त्रीहरू हुन्। रेशमफूलमा सुधाको प्रतिच्छाया देख्नु र नीलममा पनि सुधाकै व्यवहार खोज्नुले पनि वासुदेव एकैक्षण पनि सुधाबाट अलग हुन नसकेको बुझिन्छ। उसमा सुधाको अतृप्त प्रेम जरा गाडेर झाङ्गिएको सहजै अनुमान लाउन सकिन्छ। नीलमलाई लेखेको एउटा पत्रमा वासुदेवले आफू नीलमप्रति नै इमान्दार रहेको कुरा बुझिन्छ-

---

[११८] पूर्ववत्, पृ १२२

"धेरै थोकहरू जोडेर मैले यो मनमा पनि र बाहिर पनि तिम्रो अधिकारलाई बचाएर राखेको छु, कसैबाट कहिले यसमा हनन् हुन दिएको छैन, हुन दिनुहुन्न भन्ने नैतिक प्रश्नको हिमायति म पनि छु"[११९] भन्ने कुराबाट नैतिकतालाई नै वासुदेवले मर्यादा मानेको छ। साधराणतः पति-पत्नीमा हुने सम्बन्धलाई उसले यथावत सम्मान दिइको बुझिन्छ र आफ्नो वैवाहिक सम्बन्धमा कुनै आंच आउन नदिएको थाहा लाग्छ-

"तिमी मनले पनि शरीरले पनि सम्पूर्ण आफ्नो मात्र बनाएर राख्न चाहन्छौ मलाई"[१२०] भन्ने कुरोबाट स्पष्ट हुन्छ शरीरको अधिकार दिए पनि मनभित्रको स्वतन्त्र अस्तित्व उसले चोखै राखेको छ। यहाँ वासुदेवलाई कर्तव्यबोधी, उत्तरदायी पतिका रूपमा हेर्न सकिन्छ। यद्यपि उसको मनोलोकमा नीलमकै मात्र एकाधिकार रहेको जानकारी पाइन्छ। एउटा साधारण मान्छेको सोचभन्दा वासुदेवमाथि उठेर समाज, दाजु-भाइका बारेमा पनि संवेदनशील रहेको बझिन्छ-

"तिम्रो विचार एउटा घरलाई सुन्दर बनाउनको निमित्त छ, मेरो विचार मान्छेको हृदयलाई, प्रत्येक जीवनलाई र समाजलाई नै व्यवस्थित देख्नुको निम्ति हो। यतिका कुरा छोडेर बाँकी सबै-सबै म तिम्रो हूँ तिम्रै मात्र हूँ।"[१२१] जस्ता घोषणाले पनि वासुदेवको आत्मा, भावना, सोच र मानसिकताको अर्को पक्ष स्पष्ट बुझ्न सकिन्छ। सामाजिक मर्यादा, पति-पत्नीको सम्बन्ध, पेशा, उत्तरदायित्व एकातिर राखेर आफ्नो मनोलोकको मालिक भएर त्यही वर्चस्वमा ऊ बाँचेको छ।

---

[११९] पूर्ववत्, पृ ११८

[१२०] पूर्ववत्, पृ ११९

[१२१] पूर्ववत्, पृ ११९

नारी पुरुष दुवै भई उपन्यासकार स्वयंनै अवतरित भएर लेखिएको पहिलो उपन्यास **शिरीषको फूल** जस्तै नारी लेखिका पुरुष भई उत्रेको **फूलहरू, पहाडहरू, धर्साहरू** दोस्रो उपन्यास हो। **शिरीषको फूल**मा सुयोगवीरको रूपमा पारिजातको उपस्थिति पाइन्छ र **फूलहरू, पहाडहरू, धर्साहरू**मा वासुदेवको रूपमा उपन्यासकार विन्द्या सुब्बाको मनोवृत्ति र मानसिक द्वन्द्व सजीव भएर प्रस्तुत भएको पाइन्छ। सही समयमा निर्णय लिन नसक्दाका अपूर्ण सङ्कल्प र सपनाभित्र वासुदेवको अन्तः चेतनामा नै उपन्यास केन्द्रित देखिन्छ। वासुदेवको जीवनप्रतिको दृष्टिकोण, मानसिक स्थिति अचेतन तथा अवचेतनभन्दा सँधै उद्धेलित भई रहने भावुकता, संवेदनशीलता तथा मनस्तापले उपन्यास कौतुहलपूर्ण बनेको पाइन्छ।

## ३.३ नारी मनोविज्ञानका आधारमा अथाह उपन्यासको विवेचना

भारतीय नेपाली उपन्यास साहित्यमा उपन्यासकार विन्द्या सुब्बाले नारी मनको अतल गहिराइभित्र डुबेर त्यसका माध्यमबाट नारीका मनोवैज्ञानिक पक्षको विश्लेषण गर्ने प्रयत्न आफ्ना उपन्यासलेखनमा गरेकी छन्। नारी प्राचीनकालदेखि आजसम्म साहित्यको केन्द्रबिन्दु भएर बसेकी छ। आजकी नारी प्राचीनकाल र आधुनिककालका नारी जस्ता पराश्रयी, रहस्यमय, प्रहेलिका नभएर व्यक्तित्वप्रधान, अस्तित्ववान, चेतनशील, बुद्धिजिवी पनि हो। जो आफ्नो कर्म, भागय र भविष्य निर्माण आफै गर्ने दायित्व वहन गर्न सक्ने, सङ्घर्ष, चुनौतिका साथ समस्यासित जुध्न सक्ने छन्। स्वतन्त्रता, अस्तित्वबोध आजका आधुनिक नारीको गन्तव्य हो।

उपन्यासकार विन्द्या सुब्बाको उपन्यासको विषय नारी पुरुष दुवै भए तापनि उनका उपन्यासका नारी पात्रहरू परम्परावादी प्रवृत्तिबाट मुक्त भएर आजको जटिल जीवनको सकस र विषमत्ताको समेत सही प्रतिनिधित्व गरेका देखिन्छन्। उपन्यासकार सुब्बाले

नारी मनको अतल गहिराइभित्र डुबेर मनोवैज्ञानिक विश्लेषण गर्ने प्रयत्न गरेकी छन्। नारी प्रकृति, नारी अस्तित्व र विभिन्न अवस्थामा नारीले भोग्दैल्याएका समस्या, यातना, पीडा, शोषण, दमन, उत्पीडन जस्ता विसङ्गत परिस्थितिलाई मनोवैज्ञानिक परिप्रेक्ष्यमा हेर्दै चेतन, अवचेतन र अचेतनको सङ्घर्षले गर्दा तिनीहरूमा आएका आन्तरिक द्वन्द्व, बाह्य सङ्घर्ष, मानसिक द्वन्द्वको गम्भीर विवेचना गर्नु र नारी पात्रहरूको समस्या, कुण्ठा तथा गोपनीय पक्षहरूलाई मनोवैज्ञानिक चातुर्यले खोदल्नु उपन्यासकार विन्ध्या सुब्बाको नारी चित्रणको विशेषता रहेको छ। यसरी खोदल्ने प्रक्रियामा उपन्यासकार स्वयं पुरुष पात्रमा अवतरित भएर पनि नारी मनको अन्तरतह गहिराइसम्म पुग्न सफल भएकी छन्। उपन्यासकार सुब्बाका उपन्यासमा समसामायिक समाजको द्वन्द्वलाई प्रस्तुत गर्ने सामाजिक मनोवैज्ञानिक एवम् वैयक्तिक तीनै पक्षलाई केलाउने काम भएको छ। त्यसैले फ्रायडको मनोविश्लेषणको सिद्धान्त र अस्तित्ववादमा आधारित उनका उपन्यासहरूमा व्यक्तिवादी दृष्टि पनि पाइन्छ। यसरीनै उपन्यासकार व्यक्तिलाई महत्त्व दिन्छिन् र व्यक्ति मनको मनोवृत्ति, व्यक्तिगत स्वतन्त्रता र अस्तित्वलाई सर्वोपरी ठान्छिन्।

उनले मानसिक कुण्ठा, विसङ्गति, मनोविकृति, मानसिक द्वन्द्व-अन्तर्द्वन्द्वका शिकार भएका नारीहरूको जीवनको सक्ष्मातिसूक्ष्म पक्षहरूको चित्रण गरेकी छन्। उपन्यासकारले चरित्राङ्कनबाट उनीहरूको व्यक्तिगत जीवन र नारी मनका अन्तर्मनभित्र पसेर मानसिक सन्तुलन गुमाउनका कारण खोज्ने प्रयत्न गरेकी छन्। यसका अतिरिक्ति उपन्यासभित्र चित्रित नारी पात्रहरू जीवनको मूलधाराबाट विच्छिन्न हुन पुगेका कारणहरू अन्वेषण गर्न उपन्यासकार सक्रिय रहेकी छन्। जीवनदेखि वितृष्णा जागेका नारी पात्रहरूलाई जीवनको मूलधारामा फर्काउने अर्थात् उनीहरूको चेतना वास्तविकतातर्फ झुकाउने र जीवनलाई अनुसरण गर्नतर्फ आग्रही बनेकी छन्।

नारी मनको मनोवैज्ञानिक विश्लेषण उपन्यासकार विन्ध्या सुब्बाका उपन्यासको केन्द्रिय पक्ष हुन्। नारी मनका पीडा, स्थितिबोध, समस्या र मनोदशाको अन्तरकुन्तरका ग्रन्थि परख गर्न र मार्मिक ढङ्गमा दमित इच्छा-आकाङ्क्षा, तिनको दुर्दशा र रहस्य उद्घाटन गर्नमा उपन्यासकार सुब्बा संवेदनशील देखिन्छिन्। हीनताबोध, उत्पीडन, यातना, यौन कुण्ठाले गर्दा कसरी मानसिक असन्तुलन पैदा हुन्छ र यस्ता समस्याले जीवनलाई कसरी क्षय गर्दछ भन्ने मनोवैज्ञानिक पक्षहरू उनका उपन्यासमा देखिने मूल मुद्दाहरू हुन्।

भारतीय नेपाली साहित्यको गरिमामा **अथाह** सन् १९९९ उपन्यास उल्लेखनीय रहेको छ। मानवीय समस्याको प्रखर अभिव्यञ्जनालाई उद्घाटन गर्नु नै प्रस्तुत उपन्यासको मूल विशेषता रहेको छ। उपन्यासमा विसङ्गति, विकृति र विभ्रान्तिको चपेटमा फसेका युवतीहरूको दुर्दशा र विवश दुर्भाग्यको कथा छ। प्रस्तुत उपन्यासमा नारीका स्थितिको वास्तविकता र अनियमताको प्रश्न उठेको छ। सामाजिक विसङ्गतिको खातमा मान्छे आफ्नो मानवीय मूल्यलाई कसरी गुमाउन पुग्दछ भन्ने सरल रेखाङ्कन प्रस्तुत उपन्यासको अभीष्ट रहेको छ। उपन्यासमा चित्रित नारी आगतभोगी पात्रहरूका रोगको कारण धेरै मात्रामा पत्तो लगाएर पनि धेरै कुराहरू रहस्यमय रहनु नै **अथाह**को अथाह हो भन्न सकिन्छ। नारीमाथि हुने उत्पीडनका अनेक स्वरूप र त्यसमार्फत विष्फोटित् हुने मानसिक विश्रृङ्खलता नै यस उपन्यासको केन्द्रिय तत्त्व हो।[१२२]

उपन्यासकार विन्ध्या सुब्बाका उपन्यास घटनाप्रधान र चरित्रप्रधान दुवै छन्। उनको दोस्रो उपन्यास **अथाह**मा नारीहरू प्रमुख चरित्रका रूपमा चित्रित छन्। यस उपन्यासको पृष्ठभूमिमा एउटा मानसिक चिकित्सालय छ र त्यसैको धरातलमा यसका चरित्रहरू

---

[१२२] सपन प्रधान, सन् २०१३-२०१४, *विन्ध्या सुब्बाकृत 'अथाह' उपन्यासको निरूपण,* नेपाली विभाग मानविकी तथा सामाजिकशास्त्र सङ्काय, सिक्किम विश्वविद्यालय, पृ ६

गतिमान छन्, जो मानसिक रोगले ग्रस्त छन्। **अथाह** उन्यासमा मनका दुखाइले ती रोगीहरू विश्रृङ्खलित भएका छन्। उपन्यासकार सुब्बा स्वयं एकजना उपचारिका पेशामा संलग्न तथा भावुक सर्जक पनि भएकीले स्वयंलाई माध्यम बनाएर आफ्ना अनुभवद्वारा रोगीहरूका सोझो साक्षात्कारसँगै पाठकसमक्ष उपस्थित भएकी छन्। उनी आफूले देखेका, भोगेका क्षण र अनुभव लिएर, स्वाभाविक, यथार्थ, वास्तविकतासँग प्रस्तुत भएकी छन्। यहाँ उनी त्यही क्षण, घटना, वस्तुस्थिति र परिस्थितिको प्रत्यक्ष साक्षी एवम् पक्षधर पनि देखिन्छिन्।

**अथाह**को मूल ध्वनि मनस्तात्विक अन्तः वेदना र एउटा साँघुरो केन्द्रमा मारिएका ठूल-ठूला फन्काहरूको वृत्त-चक्र हो।[१२३] प्रस्तुत उपन्यासमा अधिकांश नारी मनोविक्षिप्त पात्रहरूको बाहुल्य छ भने एकाध पुरुषहरूको सहभागितालाई पनि उपस्थित गराइएको छ। ती नारी पात्रहरू पितृसमाजबाट भोग वासना शिकार बनिइएका छन् र ती वस्तुसरह उपभोग्य छन्। उपन्यासमा विविध प्रकारका वाह्य विसङ्गति, चरम निराशा र हीनताबोधले सन्तुलन गुमाउन पुगेका पात्रहरूको मनोविश्लेषण गरिएको पाइन्छ।

मानिस मनोवहुल प्राणी हो, जसमा सामान्य-असामान्य न्युरोटिक (मनस्ताप) मनहरू हुन्छन्। सामान्य मन जस्तै असमान्य मन पनि मन नै भएकाले त्यसलाई असत्य मान्न सकिँदैन। व्यक्तिपरक दृष्टिले समान्येत्तर मन पनि सत्य हुनसक्छ तर वस्तुपरक जगत् त्यतिकै महत्त्वपूर्ण छ। जीवन बाँच्ने प्रक्रिया र सामाजिक अन्तर्क्रियाको जगतमा तथ्य र कल्पना, भ्रम र वास्तविकता छुट्टिन्छन्। यही छुट्टिन गएको विषयलाई मनोवैज्ञानिकहरू मनोविश्लेषणद्वारा पात्र अर्थात् व्यक्तिको मनोजगत् खोतल्छन् र समस्याको समाधानतर्फ उन्मुख रहन्छन्। मूलतः उपन्यासकारले  व्यक्ति मनलाई नै विशेष महत्त्व दिँदै मानसिक

[१२३] घनश्याम नेपाल, पूर्ववत्, पृ २४४

जिजीविषालाई अभिव्यक्त गर्दा खासगरी मनोवैज्ञानिक विषय, उद्देश्य र प्रक्रियालाई अङ्गीकार गरेकी छन्। त्यही नै उनको मूल औपन्यासिक विशेषता मानिन्छ। उपन्यासमा मनोजगत् खोतल्दै सामान्य-असामान्य पक्षको विश्लेषण गर्ने अभीष्ट राखिएको छ।

**अथाह** उपन्यास १२ परिच्छेदको बाह्य संरचनामा आबद्ध छ। विभिन्न घटना, सन्दर्भ तथा मानसिक चिकित्सालयका रोगी व्यक्तिलाई समेटेर औपन्यासिक संरचनाको बुनोट भएको छ। यी विविध पक्षलाई एकै सूत्रमा समेट्ने काम संवेदनशील छात्रा बानु (सुबानी) अर्थात् म पात्रका माध्यमबाट भएको देखिन्छ। प्रस्तुत उपन्यासमा अनेक प्रकारका बाह्य विसङ्गति, चरम निराशा, हीनताबोध जस्ता विभिन्न कारणबाट मानसिक सन्तुलन गुमाउन पुगेका व्यक्तिहरूको मनोविश्लेषण गर्ने प्रयास गरिएको छ। यसै क्रममा पितृरतिग्रन्थि, उच्चताभासजस्ता मनोविश्लेषणका क्षेत्रसँग सम्बन्धित सन्दर्भलाई पनि केलाउने प्रयास प्रस्तुत उपन्यासमा गरिएको छ। यसका अतिरिक्त यस उपन्यासमा शारीरिक तथा मानसिक रूपले शोषित-पीडित नारीको निरीह अवस्थालाई पनि प्रस्तुत गरिएको छ।[१२४]

प्रस्तुत उपन्यासमा सामान्यभन्दा असामान्य मनःस्थिति भएका र मानसिक तौरले रूग्ण पात्राहरूको उपस्थिति गराइएको पाइन्छ। प्रत्येक पात्राहरू रूग्ण हुनुमा प्रतिकूल वातावरणनै प्रमुख कारक भएकाले उपन्यासमा दुखद् र निराशाजनक वातावरणको प्रस्तुति पाइन्छ। मानिस स्वास्थ्य र सुखी रहन बाह्य एवम् आन्तरिक दुवै परिस्थितिअनुकूल हुनुपर्छ भन्ने धारणाको प्रस्तुति पनि प्रबल रूपमा भएको देखिन्छ। यसै सन्दर्भमा दीपक तिवारीको भनाइअनुसार-

---

[१२४] लीला लुइटेल, पूर्ववत्, पृ २१-२२

"एक्काइसौं शताब्दीमा आइपुग्दा समेत नारीलाई केवल भोगको साधन ठान्ने, वास्तुसरह व्यवहार गरिने सङ्कीर्ण पुरूषवादी मानसिकताको तीव्र सङ्केतात्मक विरोध उपन्यासमा पाइन्छ।"[१२५]

फ्रायडले मान्छेको मनलाई मूल दुई प्रवृत्तिमा बाँडेका छन्- जीवनोन्मुख र मृत्योन्मुख प्रवृत्ति। जीवनोन्मुख प्रवृत्तिलाई जीवन, प्रेम प्रजनन, अनुराग, आकर्षण, मैत्री, आशक्ति, प्रीति एवम् रचानात्मक कार्य आदिको प्रतीक मानिन्छ भने मृत्योन्मुख प्रवृत्ति घृणा, क्रोध, झै-झगडा पृथकता, विनाश र मृत्यु आदिका रूपमा अभिव्यक्त हुन्छ। यस प्रवृत्तिले व्यक्ति कलह गर्न, बदला लिन, घृणा गर्न, हत्या वा आत्महत्या गर्नका लागि आग्रसर हुन्छ। **अथाह** उपन्यासका नारी पात्राहरू प्रीति, अपराजिता, सन्ध्या, भारती, शशी, माया, गंगा, अस्मिता, मीरा मानसिक विसङ्गतिका शिकार भएर मनोरोगी र असामान्य भएका छन्। उनीहरू मृत्योन्मुख प्रवृत्तिभित्र नपरे तापनि जीवनको मूलधाराबाट विच्छिन्न हुन पुगेका छन्। त्यसैले उपन्यासकारले जीवनको मूलधाराबाट विच्छिन्न हुन पुगेका उपन्यासका नारी पात्रहरूलाई जीवनको मूल्यबोध, वास्तविकतासँग जोडेर जीवनप्रतिको मोह जगाउने र जीवनोन्मुख प्रवृत्तिभित्र प्रवेश गराउने प्रयत्न गरेकी छन्।

प्रस्तुत उपन्यासमा मनका विभिन्न तहमा उत्पन्न हुने द्वन्द्वको विश्लेषण गरिएको पाइन्छ। उपन्यासमा चित्रित नारी पात्रहरू मानसिक शक्ति र सबै परिस्थितिमा समानता नभएकैले मन शक्ति र व्यक्तिनिष्ठ भिन्नताले गर्दा मनको स्थलरूपात्मक वृत्तिहरूका बीच द्वन्द्वको सृजना भएको पाइन्छ। उपन्यासकारले प्रस्तुत उपन्यासमा यी पात्राहरूका मानसिक

[१२५] दीपक तिवारी, सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी : नेपाली साहित्य प्रचार समिति, पृ २५१

तहमा देखिने विभिन्न किसिमका द्वन्द्वास्थाको विश्लेषण गरेकी छन्।[१२६] यसका अतिरिक्त प्रस्तुत उपन्यासमा मानसिक तत्त्वहरूका बीच हुने द्वन्द्वको सृजना र विकास गरिएको देखिन्छ। प्रस्तुत सिङ्गो उपन्यास विचारशील लेखिका र उपचारिका विन्ध्या सुब्बाको निजी डायरीमा (तालिम अवधिअन्तर्गत) टिपिएका विविध घटनावलिका शिष्ट कलात्मक अवतरण हुन् भन्ने तथ्य ससम्मान निर्णयमा लिइन्छ।[१२७] उपन्यासको आरम्भदेखि लिएर अन्त्यसम्म नै मृगका झैं सुन्दर तथा मोहिनी आँखाहरूयुक्त युवती प्रीतिप्रति उपन्यासकार आशक्त र संवेदनशील बनेको देखिन्छ-

"प्रीतिलाई बिर्सन सकिनँ, त्यो वैंश, त्यो रूप र सबैभन्दा पर निराशाजनक उसको मानसिक विसङ्गति। थाहा छैन हजारौं रोगीहरूसँग हेलमेल गरेकी म, यता त्यो मानसिक अस्पतालमा पनि कैयौं रोगीहरूसँग दिनहरू बिताएकी, उनीहरूसँग गफ गरेकी, उनीहरूको नियतिलाई आत्मसात गरेर खूब पिरोलिएकी म, तर प्रीतिसँग कहाँ कसरी यति संवेदनशील र आशक्त भएँ? आफै भन्न सक्दिँन, बारम्बार यही चहान्छु जीवनको मूलधारामा फर्केर आवोस् ऊ, उसको चेतना वास्तविकतातर्फ झुकोस् र जीवनलाई अनुसरण गरोस्। तर भर्खरै बितेका केही दिनहरूमा मैले जति क्षणहरू उसँग पारस्परिक क्रियाप्रक्रिया चलाएँ, उसलाई अध्ययन गर्ने जति चेष्टा गरे, जति चाहें उसको चेतनाको झुकाउलाई खोज्न, उसको आत्मालाई छुन, ती सबैबाट यही नै बुझें ऊ कहिले एउटी नारीको सम्पूर्ण सौन्दर्यबोधको आभा लिएर मेरो सम्मुख आई, कहिले युवतीसुलभ कैयौं सपनाहरू आँखामा थुपारेर मलाई सहायता माग्न खोजी, कहिले भने वीभत्स रूपमा नाङ्गी

---

[१२६] सपन प्रधान, सन् २०११, **कृति- कीर्ति**, दार्जिलिङ : गामा प्रकाशन, पृ ९५

[१२७] शरद् छेत्री, सन् २०००, *केही क्षणः उपन्यास 'अथाह'- भित्र,* वीरभद्र कार्की (सम्पा), **प्रक्रिया,** सिकताम : प्रक्रिया प्रकाशन, वर्ष-१४, अङ्क-२५, पृ १५९

भई र नारीको मर्यादाभन्दा कैयौं तल आफूलाई खसाई र लुकाउनु पर्ने सत्य जति सबै उदाङ्गै पारिदिई। उसले कहीं कतै पनि जीवनलाई ठीकसँग छुन सकेकी छैन, कहिले छुन सक्ला जस्तो भए पनि बीचमा एउटा भ्रम सृष्टि हुन्छ र ऊ त्यहाँबाट चिप्लिहाल्छे र मूलधाराबाट नै विच्छिन्न हुनपुग्छे।"[१२८]

प्रस्तुत उपन्यासकी पात्र प्रीति सुसम्पन्न परिवारकी छोरी भएर पनि ऊ एउटा भ्रममा बाँचिरहेकी छे। ऊ दिवास्वप्नाहरूमा रमाउने गर्छे। प्रितमसित विवाह गर्ने उसको ठूलो इच्छा पूर्ण नहुँदाको पीडा उभित्र छ। दमित इच्छाका कारणले ऊ प्रक्षेपणको शिकार भएकी देखिन्छे। यसैकारण ऊ पूर्ण रूपले निको हुननसकेर घर र चिकित्सालय ओहोरदोहोर गरिरहन्छे। फ्रायडका अनुसार अधिक इच्छाशक्तिका कारण वास्तविकताको ज्ञान नरहनु इदको मूल कारण मानिन्छ। मनोविक्षिप्त व्यक्तिमा इदकै स्थान प्रमुख रहेकाले त्यहाँ अहम् र पराहम् छिन्न-भिन्न रहेका हुन्छन्। त्यसैले प्रीतिभित्रको इद वृत्ति कामशक्तिसँग सम्बन्धित भएकाले उसले तत्कालीन परितुष्टि प्राप्त गर्न चाहन्छे। यद्यपि यही सङ्घर्षमा सामञ्जस्य ल्याउन नसक्दा ऊ मनस्ताप, मनोविकृति र मानसिक असन्तुलनको शिकार बनेकी छ। दमित इच्छा प्रकट गर्न नसक्दा कुण्ठित छे र दिग्भ्रमित बन्न पुगेकी छे। मानसिक विसङ्गति र विकृतिको विभ्रान्तिमय विरोधभासहरूमध्ये आफन्तबाट अनैतिक शोषणले प्रताडीत बनेकी प्रीति सिजोफ्रेनीयाले ग्रसित देखिन्छे। सिजोफ्रेनियाको अर्थ — सिप्लट अफ माइन्ड अर्थात् मनबाट अलग हुनु, मन भत्कनु, टुक्रनु हो। मनोग्रन्थिको यो अवस्थाले रोगीलाई पागलतुल्य विहोशी र अचेत तुल्याउँछ। यो मानसिक कुण्ठा निकास नहुँदाको स्थिति हो।

[१२८] विन्ध्या सुब्बा, सन् १९९९, **अथाह**, दार्जिलिङ : हाङ्खिम परिवारको पक्षबाट, पृ ५-६

यसरीनै प्रस्तुत उपन्यासमा चित्रित पच्चीस वर्षीय अपराजिता अभिमानी, गम्भीर, संवेदनशील, स्वभावकी देखिन्छे र नै ऊ अन्तर्मुखी छे। ऊ आफ्ना व्यक्तिगत कुरा कसैसित बाँड्न चाहदिन। इदमा नै व्यक्तिका गतिशील शक्तिहरू रहन्छन् र यसैमा उसको जीवन ऊर्जा पनि रहेको हुन्छ। इदबाट उत्पन्न हुने प्रेरणा र इच्छाहरू परस्पर विरोधी हुन्छन् तथा तिनीहरूले सङ्घर्ष उत्पन्न गराउँछन् भन्ने विचार फ्रायडको रहेको देखिन्छ। अतः यहाँ अपराजिताको जीवन ऊर्जा, प्रेरणा र इच्छाहरू परस्पर विरोधी देखिन्छन्। फलस्वरूप इद वृत्तिको सङ्घर्षले गर्दा कहिले काहीँ ऊ आफ्नो अन्तर व्यथा प्रकट गर्दै सामान्य मानसिक स्थितिको निरोगी मानिसले झैं गीतका सन्तुलित शब्द र सुरहरूमा गाउँद्छे —

"बुझबेना केऊ बुझवेना कि ने मानेर व्यथा

अन्धकारे अन्तरे थाके जे सोनो सबाई जाने तारे कथा

आमी तोमाय कोनो दोष देबोना

आमारी मतन जलो ताई चाइबेना।"[१२९]

यसको नेपाली अर्थ हुन्छ- बुझ्दैन, कसैले बुझ्दैन कस्तो हुन्छ मनको व्यथा, अन्धकारमा अन्तरमा बस्छ जो सबैले जान्दछ, म तिमीलाई कुनै दोष दिन्न, म झैं जल्नु त्यो पनि चहान्नँ।

अर्की नारी पात्र सन्ध्या चञ्चली, धेरै बोलिरहने, सँधै खुसी देखिने मनोरोगी पात्र हो। उसको अनौठो व्यवहारले पुष्टि गर्दछ कि ऊ पनि कुण्ठित, मानसिक पीडाले ग्रसित पात्र

[१२९] पूर्ववत्, पृ १४

हो। सन्ध्याको कहिले विषाद्, कहिले उन्माद्को स्थितिलाई डाक्टरले मेनिक डिप्रेसिस साइकोसिस भनेका छन्। ऊ घरबाट निस्केर सारा दिन घुमिरहने, धेरजसो तलाव छेउमा गएर बसिरहने, विरह व्यथाले पिरोलिएकी देखिन्छे। प्रस्तुत उपन्यासमा सन्ध्याको स्थितिबारे एकठाउँ डाक्टरबाट सोधिन्छ-

"पहिलोचोटी विषाद् स्थितिमा ऊ यहाँ भर्ना भएकी थिई, आज कुन अवस्थामा छे?"[१३०]

उत्तरमा तुरुन्तै भनिन्छ -मेनिया वा उन्माद्। फ्रायडले मानसिक आघातलाई उन्माद्को कारण मानेका छन्। समस्याबाट डराएर व्यक्ति अस्वाभाविक र असम्बन्धित कार्यहरू गर्न थाल्छ। सम्झनाशक्तिमा ह्रास र वयक्तित्व विघटनको कारण सन्ध्या संवेगात्मक तनावले ग्रसित देखिन्छे। मानसिक रोगी र डाक्टबीचको सामूहिक वार्तालापले संवेदशील बनेकी उपन्यासकारमा करूणा उत्पन्न भएको देखिन्छ। सन्ध्याको उन्माद्को स्थितिलाई अनुभूत गर्दै त्यो स्थिति बिब्लेंटोमा नपरोस् भन्ने कामना उपन्यासकारले यसरी बोलेकी छन्-

"फेरि कुनै दिन ऊ विषादमा फर्केर जान सक्छे होला, अहिले आफैले सोचेकी छु। तर आज उसलाई हेरेर त सन्ध्यालाई विषाद् स्थितिमा कल्पना नै गर्न सक्दिँन, जहिलेदेखि देखेको छु यतिकै बकबक, यतिकै खुसी, जस्तो मुस्कानबिना प्रीतिलाई कल्पना गर्न सक्दिँन म।"[१३१]

---

[१३०] पूर्ववत्, पृ १८

[१३१] पूर्ववत्, पृ १८

भारती डाक्टर पेशामा रहेकी शिक्षित युवती हो। अहिले ऊ बिहानै उठेर हातमुख धोई, केश कोरी सिन्दुर टिकामा सजिएर पीपलको रूखमुनि ढुङ्गालाई पूजा गर्ने भएकी छ। ऊ कसैलाई विघ्नबाधा पुऱ्याउँदिन र आफ्नै सुरमा दिन बिताउने गर्दछे।

चौदह-पन्द्रह वर्षकी किशोरी, मध्यवर्गीय परिवारकी एउटै छोरी शशी पुष्ट सुङ्गठित शरीर भएर पनि अनुहारमा असन्तुष्टि र आक्रोशको भाव बोकेर हिँड्छे। ऊ आफ्नो बाबुसँग नजिक छे। अधिकांश समय बाबुसँग बिताउनु, खानु-बस्नु, चाहिएको कुरा माग्नु र पछ्याएर बाहिरतिर पनि जानु उसको बानी रहेको पाइन्छ। छोरी ठूली भई भनेर आमाले सम्झाउन, नियन्त्रण गर्न खोज्दा ऊ विरोध गर्छे, सर-सामानहरू फ्याँकछे, हठ र जिद्दी गर्छे, उग्र हुन्छे र आफ्नी आमासित झगडा गर्छे। शशी हरसमय बाबुको सामीप्य र माया मात्र खोज्छे। बाबुसितको संसर्गका निम्ति ऊ आमाप्रति ईर्ष्या र द्वेष राख्छे। आमालाई पनि बाबु छोरीको हेमखेम त्यति मन पर्दैन। तर उसमा कुनै अपराधबोध र ग्लानी पनि देखिँदैन। फ्रायडको भनाइअनुसार इद इच्छाशक्ति एवम् कामशक्तिको भण्डार हो र मानसिक शक्तिको स्रोत पनि हो। अधिक इच्छाशक्तिका कारण शशीमा वास्तविकताको ज्ञान नरहनु नै उसको इद वृत्ति मूल रूपमा रहेको देखिन्छ। यसरी शशीमा पितृरतिग्रन्थिको विकासले चरम सीमा नाघिसकेको कारण ऊ विश्रृङ्खल स्थितिमा पुगिसकेकी देखिन्छे।

यसरीनै प्रस्तुत उपन्यासमा अर्की नारी माया उमेर पचासमा ढल्किसकेकी एउटी प्रौढ नारी हो। तर ऊ आफ्नो उमेरलाई पैंतीस वर्षमा नै अल्झाएर बसेकी छे। ऊ आफ्ना अतीतको तरूण क्षणहरूमा मात्र मग्न भएकी देखिन्छे। उसको न वर्तमान छ न भविष्य नै। यसरीनै माया सँधै पहाडको नैसर्गिक हरित सुगन्धले भरिएको दार्जिलिङ कमानलाई सम्झँदै गीतको लयमा मग्न भएकी देखिन्छे।

छब्बीस-सताइस वर्ष पुगेकी गंगाले आत्महत्याको प्रयासमा एसिड खाँदा खाद्य नली सबै जलेको छ र शल्य चिकित्साद्वारा आन्द्रालाई सिधै घाटीमा ल्याएर जोडिदिँदा गला बाहिरबाट पोको परेको जस्तो विछित्र आकारको गाँड जस्तो भएको छ। त्यसैले त्यो खाद्य नलीले समय समयमा दुःख दिईरहने हुनाले उसले बारम्बार अस्पताल भर्ना हुनुपर्ने हुन्छ।

गंगा आफ्नो बाबुको हातबाट बेचिएकी, लोग्नेको यन्त्रणामा पिसिएकी पात्र हो। आफ्नी एउटी आँतकी बहिनी रमा सौता भएर आएकी कारण ऊ असहनीय पीडा र यातनाले ग्रसित छ। त्यसैले उसले एसिड पनि खाएकी हो। आत्महत्यको प्रयासले गर्दा पनि ऊ मर्न सकेकी छैन। गम्भीर स्वभावकी, सुकिली देखिने गंगाले खेलाउने र सजाउने वस्तुहरू बनाई बजारमा बेचेर ऊ आफ्नो जीवन धान्छे। आत्मनिर्भरताको सर्वश्रेष्ठ उदाहरण गंगाले प्रस्तुत गरेको देखिन्छ।

त्यही शल्यकक्षामा एउटी उन्नाइस वर्ष पुगेकी अस्मिता पनि छे जो अचल र गतिहीन देखिन्छे। शून्यमा टुलुटुलु हेर्छे, कहिले आफ्ना आँखा बन्द गर्दछे। आफ्ना खुट्टा काटिएर विकलाङ्ग भएकी अस्मिताले आफ्नो मर्मस्पर्शी प्रसङ्ग यसरी बोलेकी छ-

"एक हुल दुष्ट युवकहरूद्वारा कलेजबाट फर्किरहेकी बेला अपहरण, त्यसपछि सामूहिक बलत्कार र मार्ने ध्येयमा वेगले आउँदै गरेको ट्रकअघि फालिनाले धक्का खाएर गम्भीर चोटको कारण अस्पतालमा भर्ना भएकी छु।"[१३२]

समय बित्दै जाँदा अस्मिताको शरीरको घाउ निको भए तापनि मनको घाउ भरिन नसकेको स्थितिमा विषाद् पोख्द्छे-

---

[१३२] पूर्ववत्, पृ ६४

"जब मलाई ती दुष्टहरूले नङ्गन बनाए म आत्मशून्य भएँ, जब बलत्कार गरे चेतनाशून्य भएँ र जब मरो पाउ काटियो जीवनशून्य भएँ। बलत्कार हुँदा पनि बेहोशीमा थिएँ, पाउ काटिँदा पनि बेहोशीमा थिएँ, केही थाहा छैन मलाई। चेतना नै हराएपछि दुःख के हो दिदी? सब मिलाएर म त एक महाशून्य हूँ।"[१३३]

यही वीभत्स दुर्घटनाको शिकार भएपछि मानसिक सन्तुलन गुमाउन पुगेकी, नारी जीवनको चरम त्रासदी र विसङ्गतिको अभिमुख भइसकेपछि अस्मिता असामान्य स्थितिमा पुगेको देखिन्छ।

**अथाह** उपन्यासमा सोलह-सत्रह वर्ष पुगेकी मीरा अर्की नारी पात्र हो। ऊ आफ्नै लोग्नेबाटै शोषित देखिन्छे। नारीको प्राकृतिक अधिकारबाट हनन्, एउटै धुरीमुनि बाँचेकी तर जीवन सङ्गिनीको रूपमा आन्तरिकताको अनुभूतिसमेत लिन नपाएको जस्ता विविध यातना, अवहेलना, हैकममुनि रहेर ऊ अन्याय-अत्याचारको शिकार बनेकी देखिन्छे। यसरी मीरा असहायपन, अप्ठ्यारो र साँघुरो गल्लीहरूबाट जीवनलाई धकेल्दै बाँच्न बाध्य बनेकी छ। यसै सन्दर्भलाई टिप्दै मीराले बोलेका वाक्यलाई लिन सकिन्छ-

"बिहेको समयदेखि नै उसले मप्रति कुनै अनुराग देखाएन, सब कुरामा ठूलो-ठूलो डङ्क गर्ने, मनमानी गर्ने, सम्बन्धको मधुरता मलाई महशुस नै भएन। त्यसबेला त बुझिनँ, आज बुझ्छु, पूर्ण स्वाभाविक त त्यसबेला पनि थिएन रहेछ ऊ। कसरी हुन्छ मलाई जोताउनु, दुःख दिनु र  अभियोग लगाउनु र कहिले- काहीं हात पनि उठाउनु। बिहेको दुई-तीन वर्षपछिदेखि साथीभाइमा गाँजा तान्ने भयो र बेलाबेला घरमा उत्पात मच्चाउने। काखमा त्यही समय मेरो प्रथम छोरी। त्यसपछिदेखि फेरि औधि आँखा लगाउने, जो

[१३३] पूर्ववत्, पृ ६८

पायो त्यहीसँग दोष लगाउने, रातभरी नसुतेर कोठाभित्र के के खोजीरहने र सुत्न नदिने। नोकरीमा पनि बढ़ी गैरहाजिर हुने।"[१३४]

यसप्रकार **अथाह** उपन्यासमा उपन्यासकारले नारी पात्रहरूलाई मानसिक तहका मनोवृत्तिबीच द्वन्द्वको सिर्जना र विकास गरी द्वन्द्वात्मक जीवनको अभिव्यक्ति प्रस्तुत गरेकी छन्। प्रस्तुत उपन्यासमा चित्रित नारी चरित्रहरू सबै नै कुनै न कुनै विपत्ति, वाध्यता, विवशता, जटिलता, विसङ्गति, विकृति र विभ्रान्तिमा विचरण गरिहिँड्न वाध्य भएका देखिन्छन्। नारी मनका अदृश्य पाटाहरू केलाएर उपन्यासकारले विवश मनहरूका पीडाको उद्घाटन गरेकी छन्। उपन्यासका नारी चरित्रहरू सबै नै असामान्य मनोरोगीहरू छन्।

पात्र-पात्राका विविध मनोग्रन्थिहरू र तिनका मनोलोकीय रहस्यात्मक स्थितिको अध्ययनका सन्दर्भमा उपन्यासकार विन्धा सुब्बाको प्रस्तुत उपन्यासलाई एउटा विशेष माइल खट्टी मान्न सकिन्छ। पात्राको वैयक्तिक चरित्र अन्तर्वृत्ति आदिको उद्घाटनका लागि उपन्यासकार ग्रन्थि विज्ञानको प्रभावले सम्बद्ध देखिन्छिन्।

यस उपन्यासमा पात्राको प्रतिमाको रूपमा उनले विचारप्रवाहपद्धतिको प्रयोग गरेको देखिन्छ। फलतः पात्राको अचेत जीवनलाई बुझ्न र ग्रन्थिहरूको विश्लेषण गर्न उपन्यासकारलाई थप दृष्टि प्रदान गरेको देखिन्छ। पात्राको मानसिक ग्रन्थिको विश्लेषण गर्ने क्रममा मुख्यतः उपन्यासमा मानसिक प्रतिमाहरू प्रयुक्त छन्।[१३५]

---

[१३४] पूर्ववत्, पृ ९६

[१३५] सपन प्रधान, पूर्ववत्, पृ ९६

प्रस्तुत उपन्यासमा चित्रित नारी चरित्र प्रीति, अपराजिता, सन्ध्या, भारती, शशी, माया, गंगा, अस्मिता, मीरा हीनताग्रन्थिले ग्रसित छन् र मानसिक पीडाले पीडित देखिन्छन्। यसका अतिरिक्त उपन्यासमा अधिकांश पात्रहरू स्वपीडन ग्रन्थिले प्रपीडित रहेका सबल नमूनाहरू छन् भने पुरूषको नारीप्रतिको ढाँचापरक धारणालाई हेर्दा पुरुष पात्रमा परपीडन ग्रन्थिको मानसिक प्रभाव रहेको देखिन्छ। समग्रमा हेर्दा कुण्ठा र दमनको परिणाम स्वरूप सृजित हीनताग्रन्थिले जन्माएको स्वपीडन, परपीडनग्रस्त पात्रको चरित्रलाई उपन्यासमा महत्त्व दिई ग्रन्थिविज्ञानको मनोवैज्ञानिक पक्ष खोतलेको पाइन्छ।[१३६]

असामान्य नारी मनोवैज्ञानिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा मनोविकृत नारी पात्रको चरित्र चित्रणमा उपन्यासकार सुब्बाको बढी झुकाउ रहेको पाइन्छ। यस दृष्टिले हेर्दा नारीको असामान्य मानसिक अवस्थाको खोज र विश्लेषणमा उनी सक्रिय पनि देखिन्छिन्।

सिजोफ्रोनियाले आफैमा भत्किएकी प्रीति, गीतका सुरहरूमा व्यथा पोख्न रमाउने अपराजिता, कहिले उन्माद्  त कहिले विषाद्ले कुण्ठित सन्ध्या, आमासित इर्शालु शशी, अतीतका क्षणहरूमा मग्न माया, आत्महत्या रोज्ने भग्न गंगा, आत्मशून्य र मनको घाउ भरिन नसकेकी अस्मिता, लोग्नेको न्यानो छातीको मीठो अनुभूतिले सुस्ताउनु नपाएकी अभागिनी मीरा आदि सबै असामान्य भग्न नारी पात्रहरू हुन्।

**अथाह** उपन्यासमा पात्राको आन्तरिक द्वन्द्व र तनावको अध्ययन गर्ने क्रममा उपन्यासकारले विविध मनोरचनाको स्थिति उपस्थापन गर्दै अचेतन, इद वृत्तिको विश्लेषण गरेकी छन्।

---

[१३६]पूर्ववत्, पृ ९६

उपन्यासकार सुब्बाले पात्राका मानसिक स्थितिको अन्तः सूत्र पत्तो लगाएर त्यसको माध्यमबाट मनोरोगीको स्पष्ट विश्लेषण गरेको पाइन्छ। मनोरचनाका कारणले पात्रामा उत्पन्न मनोविक्षिप्तिको अध्ययन क्रममा उपन्यासकारले पात्रमा मनोरचना क्रियाको विशेष स्थितिहरूको खोज गरेकी छन्। अतः पात्रका मानसिक संवेगात्मक जीवनको गहिराइ तीक्ष्ण र प्रभावकारी बन्न गएको देखिन्छ।

पात्रगत मानसिक संवेगहरूको खोज गर्नु उपन्यासकारको औपन्यासिक विशेषता हो। उनको **अथाह** उपन्यासमा पात्रका मानसिक संवेगकै विश्लेषणको गतिशील पक्षले प्रमुख स्थान ओगटेको पाइन्छ। वास्तवमा मानिसको भावात्मक पक्षसित संवेगको सम्बन्ध हुनाले संवेगलाई जीवनको अपरिहार्य आवश्यकता ठानिएको छ। संवेगका लागि प्रत्यक्षीकरण अति महत्त्वपूर्ण पक्ष मानिन्छ। प्रत्यक्षीकरणपश्चात् मानसिक अवयवमा जुन प्रभाव जन्मिन्छ, त्यही प्रभाव नै संवेगको मूलभूत रूप हुन्छ।[१३७]

आँसु, करूणा, व्यथा, पीडा, रीस, ईर्ष्या, चिन्ता, व्याकुलता, भय, त्रास, हीनताबोध, नैराश्य जस्ता भावात्मक क्रियाहरू दुःखान्तबोधक संवेग हुन्। यही दुःखान्तबोधक संवेगहरूलाई उपन्यासकार सुब्बाले प्रस्तुत उपन्यासका पात्राहरूको चरित्रमा ढालेर विश्लेषण गरेकी छन्।

मनोवैज्ञानिक प्रयोजनका लागि आँसु, करूणा, व्यथा, पीडा, रीस, ईर्ष्या, व्याकुलता, भय, हीनताबोध, नैराश्य, घृणा आदि मानसिक संवेगहरूको अध्ययन विश्लेषण गरेकी छन्। यसै सन्दर्भको दृष्टिले हेर्दा उपन्यासकार सुब्बाले असामान्य स्थितिमा संवेगात्मक तनावको विश्लेषण गरेको पाइन्छ। यसरी एउटै उपन्यासमा पनि उनले विभिन्न मानसिक

[१३७] पूर्ववत्, पृ ९६

संवेगहरूको अध्ययनमा जोड दिएको देखिन्छ। यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा मदहोश आँखाहरूसित मुस्कान ओठहरूमा अल्झाइरहने प्रीति[१३८] आतङ्क, व्याकुलता, हताशा, आँसु, करूणा, दया, आदि तनावपूर्ण संवेगहरूका शिकार बनेकी देखिन्छ।

अर्की पात्र मेनिक डिप्रेसिप साइकोसिस (मनोरोगीहरूमा हुने एक विशेष प्रकारको रोग हो, जसमा कहिले उन्माद्, कहिले विषाद् हुने सङ्केतहरू हुन्छन्। मनोविज्ञानको भाषामा यसलाई 'मेनिक डिप्रसिस साइकोसिस' भनिएको छ।) की रोगी सन्ध्या, प्रेम, विषाद्, भय, आश्चर्य, जिज्ञासा आदि संवेगको दुखात्मक तनाव लिएर रहस्यात्मक रूपमा बाँचिरहेकी हुन्छे भने अर्की पात्र अभिमानी अपराजिता व्यथा, आँसु, पीडा, नैराश्य आदि दुखात्मक संवेगले पिरोलिएकी देखिन्छे। यसरीनै इलेक्ट्रा ग्रन्थिले परिपोषित भारती आश्चर्य, व्याकुलता, आँसु, व्यथा आदि संवेगको शिकार बनेकी छे।

ईर्ष्यालु शशी रीस, ईर्ष्या, हीनताबोध जस्ता मानसिक संवेगात्मक तनावले भित्र-भित्रै खिइँदै गएकी देखिन्छे। त्यसरी नै माया आश्चर्य, करूणा, दया, पीडामा परेकी देखिन्छे भने असामान्य स्थितिमा रहेकी गंगा पनि रीस, आँसु, करूणा, आतङ्क, हीनताबोध, हताशाले आत्महत्या गर्ने प्रयासमा छे। चरमशून्य बोधिनी अस्मिता आतङ्क, भय, त्रास, चिन्ता, हीनताबोध, हताशाले क्षतविक्षत् देखिन्छे। यसरीनै अर्की नारी पात्र मीरा पनि करूणा, आँसु, चिन्ता, दया आदि दुखात्मक संवेगद्वारा पीडित देखिन्छे र ऊ जीवनको विराट अन्धकारमा छट्पटिएकी छे।

---

[१३८] मोहन ठकुरी, सन् १९९९, *भूमिका,* **अथाह,** दार्जीलिङ्ग : हाङ्गखिम परिवारको पक्षबाट, पृ ख

प्रस्तुत उपन्यासमा कोही पनि पात्र-पात्रा संवेगात्मक अवयवमा समस्या निराकरण गरी चिन्तामुक्त गर्न सक्ने सबल चरित्रहरू देखिन्न। आफ्ना अस्तित्वलाई नै नष्ट गरेर चिन्तामुक्ति रोज्ने कतिपय चरित्रहरू अझ बढी चिन्तामा परेका देखिन्छन्।

सर्सती हेर्दा प्रस्तुत उपन्यासमा मूलतः पात्रगत संवेगको खास विशेषता संवेगात्मक मानसिक तथा शारीरिक प्रक्रियामा नै संवेगले प्रभाव पारेको देखिन्छ। संवेगकै कारण पात्र-पात्रा सामान्यताबाट टाढा पुगेका छन् एवम् एउटा विचित्र प्रकारको व्यवहारबाट मूर्त वस्तुजस्ता देखिन्छन्।

प्रस्तुत उपन्यास उपन्यासकार विन्धा सुब्बाले आफ्नो पेशागत अनुभूतिलाई भाषाका माध्यमबाट बुनेकी छन्। पाठकसमक्ष **अथाह** उपन्यास प्रस्तुत गर्ने उपचारिका स्वयंनै मानसिक रोगहरूले सताएका मनोरोगीहरूसित घनिष्ट बन्ने, मानसिक रोगका कारण पत्तो लगाउने प्रयासमा उपन्यासका प्रत्येक पात्र-पात्राहरू जीवन्त बनेका छन्। यही सन्दर्भलाई टिप्दै उपन्यासकार बोलेकी छन्-

"मेरो जीवनभरिका ज्ञान र अनुभवले पनि बुझ्न सकिनँ, एउटै व्यक्ति कहाँ सही, कहाँ गलत, कहाँ ठीक, कहाँनेर भत्केका।"[१३९]

मनोविकृत नारी पात्रको चरित्र चित्रणमा उपन्यासकारको बढी झुकाउ रहेको पाइन्छ। आर्थिक, सामाजिक, व्यावहारिक दृष्टिले उच्च, मध्यम र निम्नवर्गको जीवनलाई पृष्ठभूमिका रूपमा ग्रहण गरे तापनि मानसिक विक्षिप्त र आत्मअसन्तुष्टि, मानसिक असन्तुलन, अस्तित्वबोध, स्वत्व, स्वेच्छा, स्वनिर्णय तथा आत्मसम्मान उपन्यासकार विन्धा सुब्बाका पात्रहरूको प्रमुख विशेषता हो।

---

[१३९] विन्धा सुब्बा, पूर्ववत्, पृ ४०

नारी पात्रको यौन-बुभुक्षा तथा अस्तित्व बुभुक्षालाई कतिपय प्रसङ्गहरूमा सोझै उठान गरिएको पाइन्छ। स्वतन्त्रता, स्वच्छन्दता, बन्धनमुक्तताको चाहना राख्ने पात्राहरू पनि उपन्यासमा देखा परेका छन्। कतिपय पात्रहरू भने मनोरोगी मूलतः शोषण, कुण्ठा, यौन मनोरोगी, हीनत्वग्रन्थि, पुरूष मानसिकताको चेप-चेपेटामा थिचिएका आत्मअसन्तुष्टि मनोविकृत देखिन्छन्।

अहम् अर्थात् चेतन मनमा परेका मानसिक आघातले गर्दा त्यस्ता नारी पात्रहरू उपन्यासकार सुब्बाका उपन्यासमा मनोरोगका शिकार बन्न पुगेका छन्। विशेष गरी नारी पात्रका मानसिक दुर्बलता, दमित इच्छा-आकाङ्क्षा, चाहना, कुण्ठा, आन्तरिक तनावहरूको विश्लेषण उपन्यासकारका उपन्यासको चरित्र-चित्रणसम्बन्धित गुण रहेको पाइन्छ। यद्यपि उपन्यासकारले पुरुष पात्रको मानसिक दुर्बलता, दमित आशा, इच्छा-आकाङ्क्षा, हीनताबोध र कुण्ठाहरूको विश्लेषण पनि गरेकी छन् तापनि नेपाली समाज र संस्कृतिका शिकार, नारीको कारूणिक र सहानुभूतिपूर्ण चारित्रिक झलकको प्रस्तुत गर्नु उपन्यासकार सुब्बाको लेखनगत विशेषता रहेको बोध गरिन्छ।

उपन्यासकार विन्ध्या सुब्बाले मनः स्नायुविकृत, मनोविकृत पुरूष पात्रको चरित्रलाई भन्दा मनोविकृत, मनः असन्तुलित मनोरोगी पात्राहरूको चरित्रलाई बढी महत्त्व दिएकी छन्।

**अथाह** उपन्यास विसङ्गति र विकृतिले विवशित, भत्किएको, विच्छिन्न भएको मनहरूका बिलौना तथा विकीर्ण मनहरूका अचेतता र उग्रताको उपज हो।

## ३.४. नारी मनोविज्ञानका आधारमा निर्गमन उपन्यासको विवेचना

भारतीय नेपाली उपन्यास साहित्यमा विन्ध्या सुब्बाको तेस्रो उपन्यास **निर्गमन** सन् २००६को औपन्यासिक पृष्ठभूमि र प्रवृत्तिलाई हेर्दा मनोविश्लेषणात्मक लेखनकै पुनरावृत्ति

देखिन्छ। प्रस्तुत उपन्यासको कथावस्तुलाई एउटा नौलो मोड दिँदै नवीनतम वैचारिक आग्रहहरूको स्थापना गरिने प्रयास नितान्त नयाँ किसिमको देखिन्छ। नारीवादी चिन्तन, अध्यात्मदर्शन र चिन्तनको सङ्कथन, मानव-मनोविज्ञान, चिकित्सा क्षेत्रका सन्दर्भहरूको प्रयोगले उपन्यासलाई उत्तराधुनिकतर्फ इङ्गित गरेको देखिन्छ।[१४०] यद्यपि यथार्थ जीवनप्रतिको वितृष्णा, नारी मनोविज्ञानअन्तर्गत सामान्य-असामान्य चरित्रलाई यथावत् रूपमा उभ्याउनु उपन्यासको उपलब्धि मानिन्छ ।

**निर्गमन** उपन्यासमा पुरुषकेन्द्री समाजचेतनाको क्रमशः विघटन र समकालीन समाजमा नारीकेन्द्री दृष्टिभङ्गीको विकासशील स्थितिको उज्यालो सङ्केत पाइन्छ। यसका अतिरिक्त प्रस्तुत उपन्यासमा अस्तित्व चेतनाको कारण सुसम्पन्न घरपरिवार नै त्यागन पुगेकी नारीको रहस्यमयी अवस्थाहरूको प्रस्तुति पाइन्छ।[१४१] साधारण परम्परागत जीवनप्रक्रियादेखि वितृष्णाको केन्द्रियतामा अभिप्रेरित प्रस्तुत उपन्यासमा नारीको अस्तित्ववादी चेतनाको फराकिलो पृष्ठभूमिसमेत देख्न पाइन्छ।

प्रस्तुत उपन्यासमा साधारण-असाधारण पात्र प्रयोग र चरित्र चित्रणको माध्यमबाट संवृत्ति सत्यमा विशेष केन्द्रित रहेर परमार्थ सत्यको खोजको अनन्त प्रयास, लैङ्गिक समताको प्रयास एवम् जीवनचिन्तनको नौलो परिपाटीको प्रस्तुति पाइन्छ। स्वाभाविक अस्वाभाविक

[१४०] जय क्याक्टस, सन् २००६, *भारतेली उपन्यास परम्परा अनि प्रयोगमा विन्ध्या सब्बाकृत निर्गमन एक दृष्टि,* कुमार प्रधान (सम्पा), **हिमालय दर्पण**, सिलगढी : दर्पण पब्लिकेशन प्रा.लि, ३ दिसम्बर, सन् २००६, आइतबार, पृ ३

[१४१] राजकुमार छेत्री, सन् २०१४, *निर्गमन'को औपन्यासिक वस्तु शिल्प र रूपविन्यासपरक अध्ययन,* बी. डी. गुरूङ (सम्पा), **हिमालयन रिसर्च जर्नल**, कालिबुङ, वार्षिक, अङ्क-३, पृ १६४-१६५

रहर-कहरहरू, जीवनगत विविध सङ्गति-विसङ्गतिपूर्ण स्थितिहरूको जीवन्त प्रस्तुति **निर्गमन** उपन्यासको उपज रहेको पाइन्छ।[१४२]

भारतीय नेपाली उपन्यासलेखनको परिप्रेक्ष्यमा औपन्यासिक कृति **निर्गमन**ले एउटा छुट्टै किसिमको आधिकारिक मोड स्थापित गरेको देखिन्छ। उपन्यासकार विन्ध्या सुब्बाको उपन्यासलेखन अन्तर्मुखी देखिन्छ। उनी समसामयिक घटनास्थिति, समयसचेत र सान्दर्भिक पक्षको उठानतर्फ सचेत देखिन्छिन्। उपन्यासमा लेखक र पाठकमाझ दोहोरो सम्बन्धको उपस्थिति स्थापित गर्नु उनको लेखनगत विशेषता रहेको देखिन्छ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र वा सहभागीको रूपमा अक्षय उपस्थित देखिन्छ, जसको सुखद दाम्पत्य जीवनको सिङ्गो आठ वर्ष साथ दिने उच्च शिक्षित र पतिव्रता पत्नी तृष्णाले अचानक गृहत्याग गरेको पारिवारिक घटनास्थितिलाई केन्द्रीय बिन्दुमा राखेर औपन्यासिक घटनावस्तुलाई अघि बढाइएको पाइन्छ। उपन्यासकी मूल पात्र तृष्णाको अचानक निर्गमन अर्थात् पलायन भएको घटना समेट्दै उपन्यास अघि बढेको देखिन्छ। तृष्णा गृहस्थी जीवनका विविध उकुसमुकुस झेल्दै, जीवनका चुनौति र सङ्घर्षहरूसँग जुधेर बाँच्दै, जीवनको रसिलो स्वाद लिन असम्भव भए तापनि ऊ आफूलाई साहित्य लेखन, प्राध्यापन, समाज सेवामा व्यस्त राख्छे। तृष्णाको जीवनको अभीष्टनै महान् साधक बन्ने रहेको देखिन्छ। ऊ परमार्थ सत्यको खोज, जीवनका परम् सत्य र अर्थको खोजमा समर्पित देखिन्छे। तथापि जीवन साधनाको मूल माध्यम साहित्य लेखन पनि रहेको छ। गृहस्थी जीवनमा झेल्नु परेका विभिन्न समस्याहरू, अक्षयकी पत्नी, परागकी आमा, घरकी बुहारी, नन्द-देवरकी भाउजू, इष्टमित्र र छर-छिमेकी, समाज-सेवा तथा महाविद्यालयकी प्राध्यापक आदि वहुआयामिक भूमिका निर्वाह र उत्तरदायित्वमा निष्ठापूर्वक उपस्थिति दिन हरसम्भव

[१४२] पूर्ववत्, पृ १६५

प्रयत्न गर्दछे। यद्यपि गृहस्थी जीवन बाँच्नुमा उसको मन पूर्णतः रमाउन सकेको देखिँदैन। उसको जीवनको लक्ष्य साधारण मानिसको भन्दा अलग र माथि रहेको देखिन्छ। दिनभरिको समय आफ्नो घर-परिवार, महाविद्यालयमा प्राध्यापन कार्य, समाजसेवामा समर्पित गरेपछि रातको अधिकांश समय आफ्नो साहित्य साधनामा अर्पण गर्दछे। साधनाको समय ऊ आफ्नो शरीरबोधक स्थितिमा रहन्न। लेखन र जीवनका सम्बन्ध-विषयमा चिन्तन-मननमा निमग्न बन्दछे।

यसरी तृष्णा आफ्नो जीवनलाई विभिन्न खण्डमा खण्डित गर्दै, विभिन्न र नियमित कार्यमा च्यातेर बाँड्दा-बाँड्दै आफ्नो मायालु पति अक्षय, प्राणप्रिय छोरो परागलाई समेत छोडेर अनायस घरगृहस्थी र समाजदेखि पलायन हुन्छे। **निर्गमन** उपन्यासमा निखोज पात्रको खोज गरिएको छ। भूमिगत भएकी उपन्यासकी प्रमुख पात्र तृष्णाको मौन अन्वेषण र खोज गरिएको **निर्गमन**को घटनाले झट्ट सिद्धार्थको स्मरण गराउँद्छ। तृष्णाको गन्तव्य र सिद्धार्थको बोधी महायात्राको तुलना हुननसके तापनि अपर्झट गृहत्याग गर्नुको पछाडि कुनै महान् खोज नै लुकेको हुनुपर्छ भन्ने लख काटिएको प्रस्तुत उपन्यास आध्यात्मिक चिन्तनपरक रहेको देखिन्छ। महान् प्राप्ति र महत्तम उपलब्धि हत्याउनु नै निर्गमन गरेको हो भन्ने कुनै ठोस् आधार फेला नपरे तापनि पलायन हुनुका पछाडि अक्षयसँग गरेका वार्तालाप, संवाद, कुराकानी र तर्कहरूबाट रहस्यको गेडी के हुन सक्ला त ? भनेर प्रश्नको उत्तर अनुमानका आधारमा यही नै हुनुपर्ने भन्ने अडकल लगाइएको छ। कुनै अप्रिय घटनाको शिकार नहुनुपर्ने, अपहरण नहुनुपर्ने, अनैतिक कार्यमा लिप्त नहुनुपर्ने, कुनै आशङ्का नै नरहेको कुरा उसका शिष्टता, सभ्यता, संस्कार, शिक्षा, सौम्यता आदिका दृष्टिबाट हेर्दा यस्ता कुरा निराधार लाग्दछन्।

प्रस्तुत उपन्यासमा एउटी असाधारण प्रतिभासम्पन्न नारीको असाधारण सोच, क्रियाकलाप र वैचारिक द्वन्दको उद्घाटन गरिएको पाइन्छ। नारीको अत्याधिक कमजोरी उसको घर-परिवार, लोग्ने, छोरा-छोरी र नोकरी वा जागिर हुन्छ। नारीको शक्ति र सीमा मातृत्त्वलाई मानिन्छ। यी नारीका असाधाराण शक्तिपुञ्ज हुन् हो भने यिनै शक्तिलाई नै अधिकांश नारीको बन्धनको मूल कारण पनि मानिन्छ। त्यसैले नारी जति नै प्रतिभासम्पन्न शिक्षित, इमान्दार, सभ्य भए पनि मातृत्त्वको जिम्मेवारी निर्वाह गर्न उनीहरू आफ्ना प्रतिभा, क्षमता, इच्छाहरूलाई पन्छाएर घर-परिवार सम्हाल्न आफ्ना सम्पूर्ण समय, ऊर्जा-शक्ति खर्चन समर्पित बनेका हुन्छन् अथवा बाध्य बनेका हुन्छन्। **निर्गमन** उपन्यासकी तृष्णा भने यी सबै कर्तव्य र उत्तरदायित्व आदिका बन्धनहरूलाई तोडेर जीवनको परम सत्यको खोजमा हराएकी छे। ऊ हराउनु कुनै असाधारण वा लरतरो आँटले भ्याउन सक्ने देखिँदैन। यसरी तृष्णाले आफ्नो सहभागिता, जीवनको मूल उद्देश्य र अभीष्टको खोज अनुपस्थितिमा उपस्थिति दिएर गरेकी देखिन्छ। यही अनुपस्थितिमा उपस्थिति दिएर उसले आफ्नो परित्यक्त पति अक्षयलाई पनि जीवनका रहस्य र परम सत्यको खोजी गर्ने गोरेटोतर्फ उन्मुख गराएकी देखिन्छे। तृष्णा कुनै पूर्व सङ्केत, विदावरी नलिई, सुंइको पनि नदिई, पलायन हुनु, अनयास लोप हुनु, इज्जतदार एवम् साधारण परिवार र समाजको लागि ठूलो अपवाद, अवगाल, लाण्क्षणा, अभियोग, शङ्कालाई समाजको टिप्पणीले अधिक निम्नदर्जामा स्थापित गरिदिएको छ। अक्षयका लागि पत्नी वियोग हुनु ठूलो वज्राघात र आपत्तिपूर्ण विपत्ति हो। उसले एउटा अव्यक्त पीडा, क्षयबोध, ग्लानिबोध, पश्चताप र चिन्ताबोध गरिरहेको छ। उसका लागि यो भवितव्य र क्षति असहनीय घटना बनेको देखिन्छ। कुनै सङ्केत, कुनै दसी सूचना नहुनुको रहस्यले ऊ आहत भएको छ। रहस्यको कुनै निदान भेट्टाउने प्रयत्नमा ऊ दिनरात सोचिरहन्छ। तृष्णाको खोजमा कुनै आधार भेट्टाउने प्रयत्नमा ऊ अतीतमुखी बनेको छ। तृष्णासँगको

भेट, कुराकानी, वैवाहिक सम्बन्ध र उसले भनेका असाधारण तर्क आदिबाट अक्षय कुनै एउटा अनुमान र लख काट्ने चेष्टामा एकोहोरो लागिरहेको छ। यही मूल समस्या र सोचलाई नै हांक दिँदै यतिञ्जेलका स्थापित सामाजिक संरचनालाई एकपल्ट गम्भीरतापूर्ण सोच्नुपर्ने कुरानै उपन्यासकारले उठाएकी छन्।

एकजना शिक्षित, सभ्य, सुशील र दायित्वशील नारीबाट अचानक इमान्दार पति, नाबालक छोरो, सरकारी कार्यभार, जन्मथलो, घर-परिवारलाई कुनै कारणबिना अपर्झट गृहस्थी परित्याग गर्नु चित्तबुझ्दो पत्यारिलो कुरो हुनसक्दैन। त्यसैले यस्तो घटनालाई बढो अनौठो घटना मानिन्छ। नेपाली समाजको धारणामा नारी परित्यक्त हुनु नारीका भाग्य र चरित्रलाई दोषी ठहराइन्छ र त्यसलाई पुरुषको लागि साधारण घटना मात्र मानिन्छ। मर्दका दशवटा गोडा भए पनि जुत्ता पाइन्छ, घर सम्झेर आई भने घर छँदैछ नत्र भने झुकेर लिन गइन्न भन्ने तुच्छ तर्कद्वारा लोग्नेतर्फको घुर्की सुन्न पाइन्छ। तर नारीबाट पुरुष परित्यक्त हुनु नारीको दुश्चरित्र एवम् घर-परिवारको बेइज्जति मानिन्छ।[१४३] नेपाली समाजको तुच्छ सोच र संकीर्ण मानसिकताले स्त्री स्वतन्त्र र सचेततालाई कुनै मूल्य दिन सकेको पाइन्न। प्रस्तुत उपन्यासकी पात्र तृष्णाको पलायनको सन्दर्भमा पनि समाजका केही मानिसहरूको यस्तै किसिमका धारणाहरू यदा-कदा अघि आएको भए तापनि तृष्णाका पति अक्षय र अन्य कतिपय प्रतिष्ठित व्यक्तिहरूको सोचमा भने चरित्रहीन, गृहस्थीदेखि पलायन भएको धारणा व्यक्त भएको देखिँदैन। तृष्णाप्रति उनीहरूको समझदारी सम्मानभावको दृष्टिले घटनास्थितिलाई अवलोकन गरिएको देखिन्छ। यसरी प्रस्तुत उपन्यासमा नारीप्रतिको साधारण धारणा, सोचमा समेत केही परिवर्तन ल्याई

[१४३] पूर्ववत्, पृ १६७

नारीप्रतिको नवीन अवधारणा र चेतनाको विजारोपन गर्ने महत्त्वपूर्ण कार्यलाई उपन्यासको उपलब्धि मान्न सकिन्छ।

अक्षय तृष्णासँग बिताएका ती क्षणहरूको स्मरण गरेर, तृष्णाले राखेकी तर्क, संवाद, प्रतिक्रिया आदिको पुनरावृत्ति गरेर लापत्ता हुनुको कारण छानवीन गरिरहन्छ। तर अक्षयलाई कुनै ठोस् सूत्र हात लाग्न सकेको छैन। यसरी प्रस्तुत उपन्यासमा एउटा गहिरो शून्यता, मौनता, लक्ष्य, अनन्त यात्रा र गन्तव्य लिएर तृष्णा आफ्नो पति अक्षय र छोरो परागका जीवनदेखि टाढा हुनपुगेकी छ भन्ने कुराको उठान गरिएको पाइन्छ। तृष्णा अदृश्य हुनेवित्तिकै अक्षयको जीवनशैली, दैनिकी, कार्यलयका काम र सोचमा परिवर्तित भएको पाइन्छ। समाजका लागि ऊ परित्यक्त लोग्ने हो भने आफ्ना लागि पनि ऊ परित्यक्त लोग्ने नै हो। त्यसैले ऊ खण्डित बनेको छ। यहाँ उपन्यासकारले अक्षयको मनोवैज्ञानिक विश्लेषण गरेर तृष्णा हराउनुको कारण खोजेकी छन्।

आत्मज्ञान, मूल तत्त्वज्ञान, गृहत्यागको रहस्य, कुनै सिद्धिप्राप्ति, अनुभव, साधना, मोक्षप्राप्ति केका लागि तृष्णाले गृहत्याग गरी अर्थात् वात्सल्य, मातृत्त्वको दिव्य आनन्दानुभूति, पत्नित्वको सुख र भौतिक वैभव त्यागेर कुन आध्यात्मिक आनन्द र पराभौतिक दिव्य सुखको खोजमा आफूलाई समर्पित गरिदिई होला भन्ने सोचले अक्षय मर्माहित बन्दछ। तृष्णा कुनै मूल्यवान कुराकै खोजका निम्ति पलायन भई भन्ने अर्को सोचले ऊ पुनः हलुङ्गोबोध गर्दछ। तापनि मानसिक तनाव र अन्तर्द्वन्दले गर्दा अक्षय अधीर बन्न पुगेको देखिन्छ। एकदिन तृष्णाले कुनै सन्तात्माले भनेझैं भनेकी कुरा सम्झन्छ-

“म निरर्थक जीवन बाँचेर निः सार मृत्यु मर्न चाहन्न। कुनै पनि कर्मद्वारा जीवनलाई कुनै दिशा र एउटा अर्थ दिन चहान्छु। जीवन बितिसकेर एउटा पश्चतापसाथ होइन तर सानो

भएपनि एक विशेष सन्तुष्टिसाथ मर्न चहान्छु म। अन्तकालको त्यो सानो खुसी, सायद मोक्षको अर्थ पनि यही हो।"[१४४]

एउटा विचारगाम्भीर्य, जीवनदर्शन बोकेको तृष्णाका भनाइले अवश्य पनि ऊ कुनै सस्ता, फितला निर्णय लिएर गतिहीन, दिशाहीन मार्गतिर चिप्लिन होला। मोक्षप्राप्तिका निम्ति साधना, तपस्यातिर आकर्षित बनेकीले ऊ सर्वस्व त्याग गर्न अग्रसर बनेकी होला भन्ने विश्वासमा अक्षयलाई केही हलुङ्गोबोध भएको पाइन्छ।

बौद्ध दर्शनले पनि स्वयंको अस्तित्व सत्ताका लागि शून्यदेखि जीवन आरम्भ गर्ने मन्त्र दिएको छ। महाप्रयाणको समय बुद्धले भनेका थिए-

"आफ्नो निर्वाणका निम्ति आफै साधना गर। म तिम्रो कुनै सहायता गर्न सक्दिन, तिम्रो सहायता कसैले गर्न सक्तैन, आफ्नो सहायता आँफै गर।"[१४५] यही दर्शनको प्रभाव र प्रेरणाले उत्प्रेरित, आकर्षित बनेझैं तृष्णा आफ्नो स्वत्व, अस्तित्व- स्व तथा ठोस् निर्णयको प्राप्तिमा समर्पित बनेकी देखिन्छे। ऊ आफ्नो आत्मसम्मानको खोज, जीवनको अभीष्टको खोजमा, एउटा महायात्रामा एक्लै प्रस्तुत भएकी छे। अध्यात्मशक्तिका अगाडि संसारका सम्पूर्ण सुखवैभव जो नश्वर, क्षणिक, भ्रान्तिमय छन् भन्ने कुरामा तृष्णा सचेत देखिन्छे।

आत्मज्ञान जीवनको एउटै उद्देश्य हो भन्ने बुद्धले प्रचार गरेका सन्देश वा 'स्व'-को चेतले ऊ प्रभावित देखिन्छे। संसारको अन्तिम सत्य नै ज्ञानप्राप्ति हो। ज्ञानबिना मोक्ष असम्भव छ, यही चेतनाले प्रेरित तृष्णाले अन्तकाल मात्र नभएर अनन्तकालसम्म सार्थकता बोधको, आत्मप्रतिष्ठाको प्राप्ति नै उसको जीवनको मूल उद्देश्य हो भनेर भनिसकेकी थिई।

[१४४] विन्ध्या सुब्बा, सन् २००६, **निर्गमन,** नाम्ची दक्षिण सिक्किम : निर्माण प्रकाशन, पृ १४०

[१४५] पूर्ववत्, पृ १४१

अस्तित्व सचेत, स्वत्वबोधी, आत्मज्ञानी जसका अगाडि अन्य सांसारिकता विषयसुख र वैभवको कुनै मूल्य हुँदैन। त्यस्ता कुराहरूले तृष्णाका बाटो छेकथुन गर्नै सक्तैन भन्ने काव्य सौन्दर्य नै प्रस्तुत उपन्यासको केन्द्रीय भाव वा उद्देश्य रहेको पाइन्छ।

प्रस्तुत उपन्यासमा लैङ्गिक समानताको स्वर पनि तीव्र रूपमा अभिव्यक्त भएको पाइन्छ। उपन्यासकार विन्ध्या सुब्बा पुरुषप्रधान नेपाली समाजमा व्याप्त लिङ्गभेदबारे सचेत देखिन्छिन्। एउटी अन्तर्मुखी नारीलाई आफ्नो घर-परिवार, गृहस्थी र मातृत्त्वको दायित्व पालन गर्नका लागि के-कस्ता सामाजिक एवम् मानसिक सङ्घर्ष झेल्नुपर्छ भन्ने व्यावहारिक यथार्थको चित्रण उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ। यसका अतिरिक्त **निर्गमन** उपन्यासमा मानव र मानवताभन्दा पनि माथि महामानवको विशिष्टता जन्माउन सबल पक्षको प्रस्तुति पाइन्छ-

"म न नारी न पुरुष केवल एक मानव सम्झन्छु आफुलाई र चाहन्छु हाम्रो व्यवस्थामा पनि यो लिङ्गभेदको पर्खाल भत्किऊन्। स्वाभाविकतासाथ एकार्काका सम्पूरक, व्यावहारिक रूपमा उदार र सहयोगी भावनासाथ जिउन सकौ हामी दुवै वर्गहरू।"[१४६]

उपन्यासकी पात्र तृष्णाले लैङ्गिक समानतायुक्त समाजको चाहना अझ यसप्रकार गरेकी छ-

"सृष्टिमा कहीं यस्तो प्रमाण छैन कि पुरुषमा भन्दा नारीमा बुद्धि, अन्तर्निहित गुण, क्षमता र प्रतिभा कम हुन्छ। यस्तो गुण व्यक्तिगत हिसाबमा हुन्छ, लिङ्गअनुसार होइन। बरू कैयौं प्रसङ्गमा नारी बढो तीक्ष्ण, क्षमतासम्पन्न र सिपालु हुन्छन्। तर यसो हुँदाहुँदै पनि

[१४६] पूर्ववत्, पृ ४०

किन हरदरमा उचाइ हुने नारीहरू औंलामा गन्न सकिने मात्र छन्। गहिरिएर सोच्नुपर्ने विषय छ यो। प्रकृतिअनुसार त यो विभेद छैन।"[१४७]

उपन्यासकार स्वयं उपन्यासकी पात्र तृष्णाझैं चिन्तनशील र चैतन्यको खोजीमा पराभौतिक वा महामानव अवस्थामा पुगेको बोध हुन्छ। यसरी यसमा भारतीय नेपाली समाजकी नारीले भोग्नु परेका, सहन गर्नु परेका यथार्थलाई मृसण रूपमा विश्लेषण गरिएको पाइन्छ भने भारतीय नेपाली नारीको उच्चताबोध, उदात्त सोच र वैचारिकताको पनि विश्लेषण गरिएको पाइन्छ।

उपन्यासमा चित्रित मूल पात्र तृष्णाकै चरित्र-चित्रणमा केन्द्रित सिङ्गो उपन्यासमा तृष्णालाई कालजयी र ऐश्वर्यमयी रूपमा चिनाउने प्रयत्न गरिएको पाइन्छ। तृष्णा आफ्नो नामअनुसारको कर्म लिएर उपन्यासमा आफ्नो आधिपत्य, अस्तित्व र अनुपस्थितिमा पनि उपस्थिति झल्काउन समर्थ देखिन्छे। पेशागत नारीबाहेक एकजना सर्जक पनि रहेकी तृष्णाको व्यक्तित्व, बौद्धिकता र लेखनकला तार्किक वार्तालापमार्फत उसको परिचय पाइसकेको अक्षय उप्रति अवगत छ। उच्च अहोदामा कार्यरत अक्षयसित एउटै साक्षात्कारमा उसले भनेकी थिई-

"रूचि र साधनामा धेरै फरक हुन्छ अक्षयजी र फरक हुन्छ एउटा एउटा मान्छेको जीवनको प्रयोजनबोधमा, जिउने शैली र प्राथमिकता बोधमा। उसमाथि साधनामार्गमा हिँड्नेहरूको आफ्नो जीवनशैली कठिन त हुन्छ नै उसका वरिपरिका अन्य सम्बन्धितहरूलाई पनि यी अप्ठ्याराहरूले लपेटिन्छ। तपाई यति शिक्षित व्यक्ति बुझ्न सक्नु हुन्छ, खुराक पुऱ्याउन चर्कै भए पनि एउटा हात्ती पाल्नु सजिलो छ तर एउटा

[१४७] पूर्ववत्, पृ ८७

प्रतिबद्ध लेखकलाई घरभित्र निर्वाह गर्न अति सहज नहोला। लेखक उसमाथि पनि एउटा स्वास्नीमान्छे जसका काँधमाथि घर-परिवारको धेरै आशाहरू हुन्छन्। निकै ठूलो मन हुनुपर्‍यो एउटा लेखकलाई स्वीकार्ने मान्छेको पनि। म आफ्नो अवधारित कार्यमा बाँडिरएकी छु, यस्तैमा मलाई स्वीकार गर्न के मञ्जुर छ तपाईलाई ?"[१४८]

आफ्नो मन्तव्य खुलेर व्यक्त गर्न सक्ने साहस भएकी तृष्णामा एउटा ओज, पारदर्शिता एवम् अस्तित्वबोध रहेको पाइन्छ। यस अर्थमा तृष्णा स्वाभिमानी, संवेदनशील र प्रतिबद्ध नारी लेखक बनेर साधनाको कठिन मार्गमा अन्तरात्माको सन्तुष्टिका लागि अन्तर्दृष्टि राखेर हिँड्ने, साधारण नारीभन्दा धेरैमाथिको व्यक्तित्वको रूपमा देखा परेकी देखिन्छे। बुद्धले दुःखको कारण तृष्णालाई मानेका छन्। उनले आफ्नो चार सत्य (चत्वारि आर्यसत्यान) मा निर्वाणको मार्गमा तृष्णा निरोध गर्न वा हराउन अनिवार्य मानेका छन्। यसरी तृष्णाको उपस्थितिले दुःखद घटनाहरू घट्नु, उसको अनुपस्थितिमा ज्ञानहरू, अनुभूतिहरू र बोधहरू फैलिँदैजानु अन्त्यमा एउटा निष्कर्ष जस्तो निर्गुण सत्यबोघमा समग्र पात्र-पात्राहरू सहमत हुँदै जानु र एउटा अभीष्टमा पुग्नसक्नुको प्रेरक तत्त्व मान्न सकिन्छ। त्यसैले उपन्यासमा तृष्णा मूर्ततादेखि अमूर्ततातिर, सरलतादेखि जटिलतातिर, लौकिकदेखि परलौकिकतिरको गमनको अर्थमा सफल चरित्र हो भनेर मान्न सकिन्छ।[१४९]

प्रस्तुत उपन्यासमा प्रेम-प्रणयको सन्दर्भलाई पनि उठाएर शाश्वत प्रेमद्वारा सत्यको खोज गर्ने तथ्यलाई प्रस्तुत गरेको पाइन्छ। अक्षय तृष्णालाई अत्याधिक प्रेम गर्छ भने सम्पूर्णा पनि अक्षयलाई अत्याधिक प्रेम गर्ने पात्रका रूपमा देखा परेकी छे। यी दुवै नारीलाई लिएर अक्षयको अन्तरमनमा चलेको मौन संवाद अर्थात् अन्तर्द्वन्दमा प्रेमका विविध

---

[१४८] पूर्ववत्, पृ १८

[१४९] जय क्याक्टस, भाग- ३, पूर्ववत्, पृ ३

पक्षलाई केलाइएको पाइन्छ। अक्षयको सोचअनुसार भौतिक मिलन मात्र प्रेम नभएर प्रेम मनको विशिष्ट भावदशा हो। भौतिक प्रेमभन्दा पराभौतिक प्रेम नै बढी शाश्वत र महत्त्ववपूर्ण हुन्छ। यही पराभौतिक प्रेमद्वारा नै परम सत्यको खोज, जीवन जगतबोधको सही दिशा लिएर अघि बढेको छ।

भारतीय संस्कृति उच्च संस्कृतिको प्रतीक मानिने नेपाली समाजमा नारीलाई हेर्ने, परख गर्ने, मूल्याङ्कन गरिने विभिन्न दृष्टिकोण रहेको पाइन्छ। **निर्गमन** उपन्यासकी पात्र तृष्णाले उठाएको कदम, साहस, दिशाबोध र उसको आवश्यकताभन्दा माथि उच्च कुन निर्णय, कस्तो महानता, के-का लागि यस्तो सङ्घर्ष भन्ने अडानमा नेपाली समाज अन्योलमा परेको आभास हुन्छ। अर्कोतिर तृष्णाको पति अक्षय भने तृष्णाको गृहपलायन कुनै राम्रो र ठोस् कामका निम्ति नै हो भन्ने आशामा आस्थावान देखिन्छ। उसलाई लाग्छ तृष्णाले आफ्नो घर-परिवार केही दिनका निम्ति मात्र त्यागेको हो। ऊ अवश्यै फर्किएर आउँछे भन्ने विश्वासमा अडिग बनेको देखिन्छ। तृष्णाकै विषयमा सँधै चिन्तनशील रहनु, उसको अनुपस्थितिमा अझ उसको मूल्यबोध गर्नु, घरमा आमा बहिनीहरूको परामर्शअनुरूप घर-परिवार सम्हाल्न दोस्रो विवाह गर्ने प्रस्तावलाई पनि उसले ख्याल नगरी लत्याएको देखिन्छ। दोस्रो विवाह गर्नुको साटो उसले तृष्णाले लेखी छाडेका रचनाहरू पढेर उसको मूल्याङ्कन गर्न खोज्नु, उसका अप्रकाशित कृतिहरू प्रकाशनमा ल्याउने काममा व्यस्त रहनु एवम् तृष्णाको पुस्तक प्रकाशनमा आएपछि आफू पनि मूल्याङ्कित भएको बोध गरेको पाइन्छ। तृष्णाले आफू टाढा रहेर पनि मानसिक तनावले  पीडित पति अक्षयलाई पनि नारी जीवनको रहस्य, नारीका मन, नारीका प्राकृतिक अधिकार, साधना, आत्मसम्मान, मानवीय मूल्यको खोज र लैङ्गिक समानतामुखी समाजको विकासमा पुरुषवर्गको समेत दायित्वबोध हुनुपर्छ भन्ने सचेततातिर उत्प्रेरित गरेको पाइन्छ।

चिन्तनप्रधान पुरुष मनोविज्ञानलाई महत्त्व दिइएको प्रस्तुत उपन्यासमा आकस्मिक घटनापछिको अप्रत्याशित पीडाबोध, पश्चतापबोध, कहालीलाग्दो सन्नाटा, खटखटी, शङ्का-उपशङ्का र अनुमान पाइन्छ। यद्यपि असामान्य घटनाबाट मानवीय कर्तव्य, नैतिकता, मर्यादा र आदर्शव्यवहार एवम् अध्ययन गरिएको पाइन्छ। पात्रका अचेतन मनको अध्ययनमा तिनका नैतिक दायित्वको तीव्र रूपमा विश्लेषण गरिएको पाइन्छ।

उपन्यासकार बिन्द्या सुब्बाका मनोवैज्ञानिक उपन्यासमा पाइने चरित्रहरूको सामान्य-असामान्य मनोदशाकै काँटमा **निर्गमन** उपन्यासको पुरुष पात्रको पनि असामान्य मानसिक अवस्थाको वर्णन गरिएको पाइन्छ। असहनीय पीडाबोधले कुण्ठित अक्षय तृष्णाको वियोगले विह्वल देखिन्छ। ऊ हीनभावनाले ग्रसित बनेको छ र नै चेतनशून्य देखिन्छ। उसको अचेतनले तृष्णाको अचेतनको खोज गरेको छ। यसरी अक्षयको मनोविज्ञानको उल्लेख गरेर अक्षयद्वारा तृष्णाको मनोविज्ञानको विश्लेषण गरी उसका मानसिक रूग्णताको अध्ययन गरिएको पाइन्छ। तथापि तृष्णाको स्वत्वबोध स्वतन्त्रप्रिय क्रियाकलाप, शिष्ट व्यवहार विशुद्ध नैतिकता, विनयशीलता, शिष्टता तथा मानवीय संस्कार, स्मरण गर्दा उसमा मानसिक रूग्णताभन्दा बढी सांसारिक मोहजाल र जीवनप्रतिको वितृष्णा सक्रिय देखिन्छ। आत्मज्ञान, आध्यात्मिक चिन्तन, मानवीय संवेदना, अलौकिक सुखको खोजले गर्दा ऊ पराभौतिक यात्रातिर आकर्षित देखिन्छे।

प्रस्तुत उपन्यासमा चेतन मनको द्वन्द स्थापना गर्दै नारी मनको मनस्थिति र नारी जीवनको जटिल समस्यामूलक स्थितिको उकुसमुकुसताभन्दा माथि उठेर तृष्णाको मानसिक प्रवृत्ति र अचेतन मनका चिन्तनमूलक विश्लेषण गरिएको देखिन्छ।

**निर्गमन** उपन्यासमा एउटी असाधारण नारीपात्रको असाधारण कर्म, अलौकिक सोच, वैचारिक द्वन्द र असाधारण चरित्रको चित्रण गरिएको पाइन्छ। उपन्यासकी मुख्य नारी

पात्र तृष्णाले साधारण मानसिकताभन्दा माथि उठेर असाधारण विचार यसरी व्यक्त गरेकी छ-

"के को निम्ति जन्में म, किन यति तुमूल द्वन्द मेरो मनभित्र? आम छोरीहरूको जस्तै त्यस्तै बाल्यकाल, स्वास्नीमान्छेको उही जीवन प्रक्रिया र उही परम्परागत पूर्व निर्धारित दैनिक तालिकाहरू। म केही बेग्लै बाँच्न चाहन्छु, सकें भने एउटा बेग्लै बाटो कोर्न चाहन्छु तर लाग्छ सबै अप्रकट, अपूर्ण, अव्यावहारिक रहनेछ र फेरि उही आम मृत्यु।"[१५०]

यही भनाइबाट तृष्णाको चरित्र सकारात्मक कर्मप्रेरित रहेको छ भन्ने कुरा पुष्टि भएको छ। साधारण मानिसमा यस किसिमको भाव वा वैचारिक दृष्टिले प्रवेश पाएको हुँदैन। समाजले कोरेको बाटो जे-जस्तो छ त्यसैमा सरासर हिंडेर त्यही मानकमा उत्तीर्ण हुनु नै सामान्य मानसिकता हो। फलतः प्रस्तुत उपन्यासकी प्रमुख पात्र तृष्णाको सोच सामान्य वा साधारण मानसिकताभन्दा उच्च उदात्त देखिन्छ। ऊ स्वनिर्भर छे र नै स्व-निर्णयमा अटल रहेकी देखिन्छे। त्यसैले तृष्णा आफ्नो बाटो, जीवन, उद्देश्य आदिको निर्माण स्वयं गर्नतर्फ अग्रसर देखिन्छे। साधारण मानिसको जस्तो निरर्थक मृत्यु ऊ मर्न चाहन्न। जीवन र मृत्युबारे उसको आफ्नै दर्शन र सोच रहेको थाहा लाग्छ। समाजमा प्रचलित लिङ्गभेदका कारण आफ्नो सोचअनुसारको जीवन बाँच्न नपाउँदा मृत्यु पनि साधारण मृत्युझैं हुने हो कि भन्ने त्रासले ऊ पिरोलिएकी देखिन्छे।

[१५०] विन्द्या सुब्बा, पूर्ववत्, पृ ४१

तृष्णाको सोच, स्वनिर्भर क्रियाकलाप, स्वाभिमान, सहासिक कदम, सभ्य समाज निर्माण गर्ने धोको, जीवनको नयाँ बाटो र मूल्य-मान्यताको स्थापना गर्नतर्फ उन्मुख देखिन्छ। यस किसिमको असाधारण सोचको प्रस्तुति तृष्णाका माध्यमबाट भएको देखिन्छ।

**निर्गमन** उपन्यासलाई बाह्य दृष्टिकोणबाट अध्ययन गर्दा भारतीय नेपाली समाजको उच्चमध्यमवर्गीय परिवारका सामाजिक-सांस्कृतिक तथा साहित्यिक बौद्धिक परिवेशको पृष्ठभूमिमा केन्द्रित रहेको पाइन्छ। प्रस्तुत उपन्यासमा लैङ्गिक विभेदका कारण जन्मिएका बौद्धिक सचेत अर्थात् शिक्षित नारीले भोग्नुपरेका पारिवारिक, सामाजिक, मानसिक विविध उकुसमुकुसहरूका चित्रण, लैङ्गिक समतामुखी समाजको विकासतर्फ पहल उठाएको पाइन्छ भने प्रस्तुत उपन्यासलाई आध्यात्मिक वा आन्तरिक दृष्टिकोणबाट अध्ययन-अनुसन्धान गर्दा यसमा परमार्थ सत्यको खोजी गरिएको थाहा पाइन्छ। शरीरको पञ्च इन्द्रिय तथा मन, बुद्धिद्वारा देखिने, बोलिने, सुनिने, अनुभव गरिने सत्यहरू व्यावहारिक सत्य हुन्। यसलाई लौकिक सत्य पनि मानिन्छ। बुद्धले यसलाई संवृत्त सत्य भनेका छन्। बुद्धअनुसार मानिसलाई सत्य, सत्यको भ्रम मात्र हो। यो अस्थायी र विनाशशील पनि छ। यद्यपि परमार्थ सत्य नै सर्वव्यापक सत्य मानिन्छ। यही नै ब्रह्म सत्य पनि हो। यही अन्तिम सत्यको खोजी नै मानवसमाजको लक्ष्य एवम् अभीष्ट हो। वास्तवमा लौकिक जगत्-मा दैनिक रूपमा घटिरहने जन्म-मृत्यु, मान-सम्मान, सफलता-असफलता, प्रेम-घृणा, दुःख-सुख, आशा-निराशा जस्ता संवृत्ति सत्यहरूलाई परमार्थ सत्य मानेर भौंतारिरहेका हुन्छन्। यी लौकिक जगतका सत्य हुन् भने परमार्थ सत्यको खोज नै मानव जीवनको मुख्य अभीष्ट हुनुपर्छ भन्ने तथ्यलाई उपन्यासको केन्द्रीय भावका रूपमा प्रस्तुत गरिएको पाइन्छ।[१५१]

---

[१५१] राजकुमार छेत्री, पूर्ववत्, पृ १६९

उपन्यासकारले प्रस्तुत उपन्यास **निर्गमन**मा आफ्नो अभीष्टको खोजमा घर-गृहस्थी र नाबालक छोरोलाई समेत त्याग गर्न सक्ने एउटी वितर्कित नारी चरित्र तृष्णाको महाभिनिष्क्रमणपछिको शून्यतालाई बुद्धत्वको अर्थमा हेर्न खोजेकी छन्।[१५२]

नारी र पुरुषमा शारीरिक भिन्नता भए तापनि मनोवैज्ञानिकहरूले मनोविज्ञानको विशेषताको आधारमा पुरुषचरित्र र नारीचरित्रमा धेरै भेद हुन्छ भन्ने कुरा स्पष्ट पारेको देखिन्छ। कार्लगुस्ताभ युङ्गले संस्कार प्रतिमाहरूको माध्यमबाट पुरुष र नारी दुवैमा परस्पर नारीत्व र पुरुषत्वका पूरक तत्त्वहरू विद्यमान हुन्छन् भन्ने तथ्य प्रस्तुत गरेका छन्। पुलिङ्ग र स्त्रीलिङ्गको फरकले गर्दा उनीहरूको सिकाइमा फरक देखिन्छ। सन् १९७४ मा एस. एल. बेमले श्रेणीक्रममा आधारित पुंनारीत्व स्केल (Androgyny Scale) निर्माण गरेको पाइन्छ। बेमले ६० वटा विशेषताहरूको आधारमा पुरुष र नारी प्रवृत्तिहरूको अध्ययन गरेको पाइन्छ।[१५३]

एकातिर आत्मविश्वास, स्वतन्त्रता, खेलाडीपन, सबल व्यक्तित्व, विश्लेषणात्मकता, बल, साँचोपन, निर्णायक शक्ति, सङ्घर्षशीलता, आत्मपर्याप्ता, दृढता, आक्रमकता, नेतृसादृश्य, व्यक्तिवादी प्रतिस्पर्धा र महत्त्वाकाङ्क्षा आदि विशेषताहरू पुरुषत्वका लक्षण मानिन्छन् भने अर्कातिर नारीमा प्रसन्नता, उत्पादनशीलता, लज्जा, प्रेम, इमान्दारी, नारीत्व, सहानुभूति, समझदारी, सहृदयता, मधुरवाणी, न्यानोपना, कोमलता, वात्सल्य र भद्रताका विशेषताहरूले मनोवैज्ञानिक नारीत्व झल्काउँछन्।[१५४]

---

[१५२] पूर्ववत्, पृ १६९

[१५३] मुरारीप्रसाद रेग्मी, सन् २००८, **मनोविश्लेषणात्मक समालोचना** ( समसामयिक कथाखण्ड), ललितपुर : साझा प्रकाशन, दो. संस्क, पृ १५

[१५४] पूर्ववत्, पृ १५

यसै दृष्टिकोणद्वारा **निर्गमन** उपन्यासकी प्रमुख पात्र तृष्णाको स्वभाव, हाउ-भाउ, चालचलन र उसले गरेका व्यवहारलाई पहिल्याउँदै जाँदा उसमा यी लक्षणहरू फेला पार्न सकिन्छ। विश्लेषणात्मक दृष्टिकोणले विचार गर्दा, यी विशेषता र लक्षणहरू बाल्यावस्थाको पालन-पोषण, सांस्कृतिक कारकहरूको फलस्वरूप पुरुष र नारी दुवैमा विरोधात्मक तौरले पनि विकसित भएको मानिन्छ। प्रस्तुत उपन्यासकी पात्र तृष्णा असाधारण नारीको स्थानमा उभिएकी छे। ऊ आफ्नो गृहस्थी जीवन, समाज, आफ्नो पेशाप्रति आत्मसन्तुष्ट देखिन्छे र ऊ आफ्नो व्यक्तित्व निर्माणमा इमान्दार बन्न सकेकी देखिन्छे। आफ्नो पति अक्षयप्रति सँधै प्रेम, सहृदयता, समझदारीपूर्वक व्यवहार गरेकी देखिन्थी भने आफ्नो प्राणप्रिय छोरो परागप्रति वात्सल्य, कोमलता, न्यानोपन, मधुरवाणी एवम् आत्मीयताका साथ व्यवहार गरेकी देखिन्छे। सर्सरी हेर्दा सबै कुरो सहज सफल र श्रृङ्खलाबद्ध ढङ्गले चलिरहेको थियो।

समाजले पुरुषलाई सँधै गणित र विज्ञान विषयलाई मन पराउने, दृढ, दम्भ, प्रहसनप्रियता, हैकम, प्राकृतिक अधिकारका पक्षधारी बन्ने सोच, कार्य, मन बनाइदिएर उसको वर्चस्व बचाइराखेको छ भने नारीलाई मर्यादित, संस्कारी, धार्मिक, असुरक्षितबोधक, नारीत्वको सूचक बनेर उभ्याइदिएको हुन्छ। तर यस्ता दृष्टिकोणलाई धराशाही पारेर तृष्णा नयाँ परिवर्तनको अन्वेषण गर्न खडा भएकी छ।

प्रस्तुत उपन्यासकी पात्र तृष्णाले कुनै आवश्यकताबोध गरेर विद्रोहको स्वर उरालेको देखिँदैन। तर उभित्र एउटा दमित इच्छा बलियो भएर हुर्केको छ। उसको अचेतन मनमा नयाँ समाजको निर्माण गर्ने, नयाँ ज्ञानको खोजी गर्ने आदि जस्ता कुराहरू दबिएर बसेका बोध हुन्छन्। सामाजिक तथा नैतिकताको बन्धनभित्र बाँधिएर ऊ समाजका नियम, अनुशासन, आदर्शरूपी चपेटामा बस्न सकिन्। त्यसैले उसलाई जीवनका

परम्परागत यथार्थ प्रक्रियादेखि वितृष्णा जागेको छ। समाजका परम्परागत मूल्य-मान्यता एवम् उसको असाधारण सोचका बीच मेल नभएको अर्थात् सन्तुलन कायम नभएको कारण ऊ जीवनको अन्तिम सत्यको खोजमा पलायन भएकी छ। उसको अचेतनमा भएका इच्छा, अनुभूति, साहस, जीवनप्रतिको नयाँ सोच आदि असाधारण कार्य मूर्ततादेखि अमूर्ततातिर आकर्षित भएको देखिन्छ। तृष्णाको यही असाधारण सोच र कार्यद्वारा अमूर्तताको प्रतीकात्मक रूप लिनु उपन्यासको विशेषता रहेको छ।

## ३.५ निष्कर्ष

उपन्यासकार विन्ध्या सुब्बाका तीनैवटा उपन्यासहरूको विवेचना गरिने क्रममा प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिन्छ-

यस अध्यायको मुख्य उद्देश्यअनुरूप नारी मनोविज्ञानका आधारमा विन्ध्या सुब्बाका उपन्यासको विवेचना गरिने क्रममा आधुनिक मनोविज्ञानका आधारभूत स्थापनाहरूको चर्चा गरी त्यसैका आधारमा उनका तीनैवटा उपन्यासका नारी पात्रहरूको चारित्रिक विश्लेषण गरिएको छ।

उपन्यासकार विन्ध्या सुब्बाका उपन्यासहरू सूक्ष्म घटनाको कार्यभूमिमा अधिक चरित्रप्रधान देखिन्छ। उपन्यासमा विभिन्न सूक्ष्म घटनाहरूको उपस्थिति महत्त्वपूर्ण रहेको छ। **फूलहरू, पहाडहरू, धर्साहरू** र **निर्गमन** उपन्यासका नारी पात्रहरू पराभौतिक प्रेम, अमूर्त प्रेम तथा अत्याधिक सामाजिक, पारिवारिक, नैतिक जिम्मेवारी र उत्तरदायित्व थेग्न नसक्दा विविध मानसिक मनोदशाले ग्रसित देखिन्छन्। यसरी उपन्यासहरूमा पात्रको मानसिक मनोदशाहरू विकास भएको देखिन्छ।

**अथाह** उपन्यासको नारी पात्रहरूमा मानसिक विसङ्गति, कुण्ठा, उत्पीडन, पारिवारिक झै-झमेला र अनैतिक शोषण आदि समस्याबाट उत्पन्न विविध मनोग्रन्थिको विकास भएको छ। उपन्यासका सबै पात्रहरूमा मुख्यतः अभिमान, ईर्ष्या, स्वरति, परपीडनरति तथा मानसिक मनोविकृति जस्ता मनोग्रन्थिहरू पाइन्छन्। अधिकांश नारी पात्रहरूमा इद, अहम् र पराहमका बीच सँधै सङ्घर्ष चलेको हुनाले तिनीहरूका मनमा नैराश्य, आवेग, संवेग, विच्छिन्नता, विभ्रान्ति, विफलता आदि स्थिति उत्पन्न भएको पाइन्छ। त्यसको प्रतिक्रिया स्वरूप तिनीहरूमा यथार्थ जीवनप्रति विरक्तिभाव सामाजिक मूल्य मान्यता, नैतिकता, परम्परावादी, आदर्शप्रति वितृष्णा र विरोधको भाव तीव्र बोकेको पाइन्छ। यस किसिमको तनावपूर्ण स्थितिलाई सन्तुलनमा राख्न नसकेर तिनीहरूमा मानसिक विघटन शुरु भएको देखिन्छ। पात्रहरूका मूलप्रवृत्तिमा मृत्योन्मुखी लक्षण देखा नपरे तापनि तिनीहरू जीवनका मूलधाराबाट विच्छिन्न हुनपुगेका देखिन्छन्। यही विच्छिन्नता, विभ्रान्ति र वितृष्णाका लक्षण सशक्त हुँदै गएको कारणले तिनीहरूमा मानसिक विचलन आएको देखिन्छ। समष्टिमा हेर्दा यी विभिन्न मनोवैज्ञानिक कारणहरूबाट सबै नारी पात्रका क्रियाकलापहरू प्रेरित र प्रभावित देखिन्छन्। मनोवैज्ञानिक अवधारणाको पुष्टि गर्ने उद्देश्यले सृजित र परिलक्षित पात्रहरूको क्रियाकपालअनुरूप नारी पात्रहरूको चयन स्वाभाविक रूपमा हुनसकेको देखिन्छ।

**फूलहरू, पहाडहरू, धर्साहरू** र **निर्गमन** उपन्यासका पात्रहरूमध्ये वासुदेव र अक्षय पनि मनोग्रन्थिका शिकार भएका देखिन्छन्। यी दुवै पात्रहरू उपन्यासको शुरुमा सामान्य रूपमा देखा परेका पाइन्छन् भने उपन्यासको अन्त्यतिर पुग्दा यी पात्रहरू असामान्य स्थितिमा पुगेको पाइन्छ। तिनीहरूमा हीनताबोध, निराशा, कुण्ठा, जडअस्तित्वचेत, विसङ्गतिचेत तथा दिग्भ्रमित जस्ता कुराहरूले प्रभावित पारेका पाइन्छन्। **फूलहरू,**

**पहाडहरू, धर्साहरू**का प्रमुख पुरुष पात्र वासुदेव सुधालाई प्राप्त गर्न चाहन्छ तर उसको घर परिवारले सुधालाई स्वीकार नगरेको स्थितिबाट ऊ आक्रान्त बनेको देखिन्छ। यस परिस्थितिमा जीवनलाई बुझ्ने चेष्टाले गर्दा ऊ भित्र अन्तर्द्वन्द्वको विकास भएर जान्छ। यसरीनै **निर्गमन** उपन्यासको मुख्य पुरुष पात्र अक्षय पनि आफ्नी पत्नी तृष्णा घर फर्केली कि! भन्ने आशामा निरन्तर त्रासदीय जीवनको नियति भोग्न बाध्य देखिन्छ। यी दुवै उपन्यासहरूमा पुरुष पात्रहरूको मनोविज्ञान प्रखर रूपमा देखिन्छ र यी दुवै पुरुष पात्रहरूका माध्यमबाट नारीका मनोविज्ञान खोतल्ने प्रयास भएको पाइन्छ।

यसप्रकार उपन्यासकार विन्द्या सुब्बाका तीनैवटा उपन्यासहरू मनोविज्ञानमा आधारित देखिन्छन्। उपन्यासका पात्रका मानसिक गतिविधि, अर्न्तद्वन्द्व र बाह्य क्रियाकलापका बीचको कार्यकरणसम्बन्धलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ। पात्रहरूको मनोवैज्ञानिक विश्लेषण तिनीहरूका आन्तरिक चरित्र प्रकाश पार्न उपन्यासकार विन्द्या सुब्बा अघि बढेकी देखिन्छिन्।

# चौथो अध्याय

## ४. आधुनिक नेपाली उपन्यास परम्परामा विन्द्या सुब्बाको स्थान र योगदान

### ४.१ आधुनिक नेपाली उपन्यास परम्परामा विन्द्या सुब्बाको स्थान र योगदान

नेपाली साहित्य साधनामा तीनदशकसम्म निरन्तर संलग्न रही विभिन्न विधा र विषयमा उपन्यासकार विन्द्या सुब्बाले १५वटा पुस्तकाकार कृतिहरू प्रकाशित गरेकी छन्। नेपाली साहित्यलाई उच्च र समृद्ध बनाउने पहल उनका यी कृतिहरूले दिएको पाइन्छ। उपन्यासकार सुब्बाको औपन्यासिक मूल्याङ्कन गरी भारतीय आधुनिक नेपाली उपन्यास परम्परामा उनको स्थान निर्धारण गर्नु तथा उनले आफ्ना उपन्यासद्वारा दिएका योगदानको चर्चा गर्नु आफैमा चुनौतिपूर्ण विषय हो भन्ने अनुभव गरिएको छ।

उपन्यासकार सुब्बाको मूल्याङ्कन गर्ने क्रममा उनी बाँचेको युग र समाज विकासको सापेक्षतामा उनको जीवनदर्शन एवम् विचारहरूको यथास्थानमा चर्चा गरिनु आवश्यकताबोध गरिन्छ। आधुनिक नेपाली उपन्यास परम्परामा उपन्यासलेखनको प्रारम्भ सामाजिक यथार्थवादी धाराबाट प्रभावित भएको पाइन्छ। त्यस अवधिका उपन्यासहरूमा आदर्श र तत्कालीन समाजको यथार्थ प्रस्तुत गरिएको पाइन्छ भने उपन्यासकार विन्द्या सुब्बाले चाहिँ मनोवैज्ञानिक यथार्थलाई अघि सारेकी छन्। त्यसपछि स्वच्छन्दतावादी धाराको प्रवेशसँगसँगै उपन्यासहरूमा व्यक्ति चरित्रमा जोड, पात्रका चारित्रिक सबलता र दुर्बलताको चित्रण, मानसिक आवेग, उत्तेजना, द्विविधा, आन्तरिक भावतरङ्गको चित्रण आदिका सन्दर्भमा उपन्यासकार सुब्बाको औपन्यासिक प्रवृत्तिले मेल खान गएको देखिन्छ। स्वच्छन्दतावादी उपन्यासहरूमा पात्रका आवेग, संवेग, दुःख-पीडा, प्रेम-प्रणय, शङ्का -उपशङ्का, छटपटी, पश्चताप आदिको चित्रणद्वारा पात्रको मानसिक तस्वीर उतार्ने

प्रयास गरिएको पाइन्छ। यही पृष्ठभूमि र प्रेरणास्वरूप उपन्यासकार सुब्बाले आफ्ना उपन्यासहरूमा मनोवैज्ञानिक प्रवृत्तिको जग बसाएकी हुन् भन्न सकिन्छ।

सामाजिक यथार्थवादलाई निरन्तरता दिएका त्यस समयका कतिपय उपन्यासहरूमा समाजको यथार्थ चित्रणका साथै आर्थिक दुरावस्थाका कारण मान्छेले बाँच्नका लागि गर्नुपर्ने यावत् सङ्घर्षबारे वर्णन गरिएको पाइए तापनि त्यतातिर उपन्यासकार सुब्बाको ध्यान आकर्षित रहेको पाइन्न। उनी पात्रका  अस्मिता, आत्मसम्मान, मानसिक गतिविधि, व्यक्ति स्वतन्त्रता, समाजमा नयाँ मूल्य र मान्यताको निर्माणतर्फ रूचि राख्छिन्।

प्रगतिवादी यथार्थवादी उपन्यासहरूमा सामाजिक सङ्कीर्णताको विरोध, वर्गभेद, अन्याय-अत्याचार तथा समाजमा विद्यमान विसङ्गत र विरोधाभाषयुक्त तत्त्वहरूको आलोचना, सामाजिक रूढी, थोत्रा मान्यता, परम्परावादी कोल्टे नीति-नियम भत्काउनुतर्फ जोड दिएको पाइन्छ। यसका अतिरिक्त कतिपय उपन्यासहरूमा वैवाहिक समस्यालाई सामाजिक समस्याको रूपमा उठाएको, अनमेल विवाहको विरोध गरिएको पाइन्छ भने उपन्यासकार सुब्बाका उपन्यासका पात्रले विवाहलाई सामाजिक बाध्यता ठानेको पाइँदैन। उपन्यासका पात्रले वैवाहिक सम्बन्धलाई व्यक्तिगत रूपमा हेर्दै आत्मस्वतन्त्रता, स्वअस्तित्व, स्वनिर्णय र मानवीय मूल्यको खोज गरेको पाइन्छ। यस सम्बन्धमा **निर्गमन** उपन्यासकी मुख्य पात्र तृष्णाको स्वत्वलाई अघि सार्न सकिन्छ। **निर्गमन** उपन्यासकी मुख्य पात्र तृष्णा सचेत भएर आफ्नो व्यक्तिसत्ता, स्वतन्त्रता, नारी हकहितको चेतनालाई अघि सार्दै अनिश्वरवादी धाराणाको विकासतर्फ आग्रही बनेकी छ। त्यसैले प्रगतिवादी यथार्थवादी धाराका उपन्यास लेखनभन्दा उपन्यासकार सुब्बाका उपन्यासकारिता बेग्लै देखिन्छ। वैयक्तिक अधिकार, स्वतन्त्रताबोध, अस्तित्वबोध, आफूले लिएको ठोस् निर्णयमा अटल रहेर जीवनको

महत्तम उपलब्धितिरको यात्रा तय गर्नुले **निर्गमन** उपन्यासको भावभूमि अन्यभन्दा भिन्न र अलग देखिन्छ।

आधुनिक नेपाली उपन्यासमा मनोवैज्ञानिक परम्पराको प्रारम्भ गोविन्दबहादुर मल्ल गोठालेले गरेका हुन् भने यसै प्रवृत्तिलाई अँगाल्दै विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षु अघि बढेका पाइन्छन्। यी तीनैजना मनोवैज्ञानिक उपन्यासकारले आफ्ना उपन्यासमा पात्रको अन्तर्द्वन्द्व, आन्तरिक जीवन, रतिरागात्मकता, यौन समस्या, अवचेतन र अचेतन मानसिक प्रक्रिया, कामवृत्ति आदि मनोवैज्ञानिक पक्षको विश्लेषण गरेको पाइन्छ। विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना उपन्यासमा मूलतः अस्तित्ववादी जीवनदर्शनलाई केन्द्रमा राख्दै मानवीय यौनसमस्याको जटिलतालाई विश्लेषण गरेका छन्।

यही मनोवैज्ञानिक परिप्रेक्ष्यमा नै उपन्यासकार विन्द्या सुब्बा आफ्ना उपन्यासका विषयवस्तु चयन गरी अस्तित्ववादी जीवनदर्शन, सामाजिक उत्पीडन र मानवीय मूल्यको केन्द्रियतामा मनोवैज्ञानिक जटिलतालाई विश्लेषण गर्न अग्रसरित देखिन्छिन्। उनका उपन्यासका सबै पात्रहरू लौकिक जीवनका जटिलतासँग सङ्घर्षरत देखिन्छन्। उपन्यासभित्र ती सबै पात्रहरू विभिन्न समय, स्थिति र घटनाको सङ्घर्षमा होमिन पुगेका छन् भने कतिपय पात्रहरू पलायन पनि भएका छन्। यद्यपि कतिपय पात्र चाहिँ पलायनदेखि मुक्त हुन खोज्दै फेरि मानसिक सङ्घर्षमा फर्किएका छन्। उपन्यासकार सुब्बाका मनोवैज्ञानिक उपन्यासमा समाज र व्यक्तिबीचको अन्तर्द्वन्द्व, विभिन्न परिस्थितिले निम्त्याएको जटिलता, वैयक्तिक समस्या आदि योगको सफल मिश्रण पाइन्छ। उपन्यासका सबै पात्रहरू विषयगत, प्रस्तुतिगत र परिवेशअनुरूप देखिन्छन्। मनोवैज्ञानिक उपन्यासको मूल ध्येय पात्रका मानसिक मनोलोकको रहस्य उद्घाटन गर्नु मात्र नभएर मानवीय मूल्यको स्थापना गर्नु र चेतना प्रदान गर्नु रहेको देखिन्छ। उनले पात्रको

मानसिक असन्तुलनको कारण पत्तो लगाउने र त्यस दलदलबाट पात्रलाई मुक्ति दिने, विसङ्गत जीवनका कारण भोग्नुपरेको विभिन्न समस्या, पात्रहरूको मानसिक दुर्दशाका कारण र समाज परिवर्तनको क्रममा आफ्ना प्रत्येक पात्रको सापेक्ष भूमिकाबारे अधिक सजगता देखाएकी छन्। व्यक्तिको इच्छा-आकाङ्क्षा, आशावादी क्रियाकलाप र व्यक्ति मनको आलोकभित्र पसेर मृसण निरीक्षण तथा अन्वेषण गर्ने काममा उनको लेखन केन्द्रित रहेको पाइन्छ। यसका अतिरिक्त उनको औपन्यासिकतामा स्वयं भोगेका र अनुभूत गरेका विषयवस्तुमा प्रस्तुतिको प्रभावकारिता पाइन्छ। उनका उपन्यास बर्हिमुखी नभएर अन्तर्मुखी देखिन्छन्।

उपन्यासकार सुब्बाको उपन्यासकारिता सकारात्मक वैचारिक क्रान्तिद्वारा सँधै निर्देशित पाइन्छ। उपन्यासलेखनको शुरुमा उनी मनोविश्लेषणात्मक वैचारिकताबाट प्रभावित देखिन्छिन् भने केहीपछि आएर उनको उपन्यासलेखनमा आध्यात्मिक दर्शन र नारीवादका स्वर पनि थपिँदै गएको अनुभव गर्न सकिन्छ। उनी भन्छिन्-

“हाम्रो अस्तित्वमा जसरी शरीरको महत्त्व छ, त्यतिकै महत्त्व मनको पनि छ। मानिस पचास प्रतिशत शरीर र पचास प्रतिशत मनले सञ्चालित हुन्छन्। त्यही मनको शास्त्रप्रति आरम्भदेखि नै मेरो रूचि रह्यो। जीवनलाई सम्पूर्णतः हेर्दा एक महत् पक्ष मन र मनोविज्ञानलाई पर राख्न सकिन्न।”[१५५]

उनको मनोवैज्ञानिक धाराबाट रचिएको उपन्यास **अथाह**बाट साहित्य अकादमी पुरस्कार प्राप्त गरी सम्मानित भएकी उपन्यासकार सुब्बामा लेखनको क्रमसँगै वैचारिक स्पष्टता, लिङ्गभेदविहीन समाजको निर्माण, आन्तरिक मनोलोकको रहस्य खोज्दै जाँदा उनले मानव

[१५५] विन्द्या सुब्बा, १७ अगस्त, २०१५ को दिन दार्जीलिङमा विन्द्या सुब्बाबाट लिइएको अन्तर्वार्ताबाट

जीवनको अन्तिम सत्य अर्थात् आध्यात्मिक दर्शनलाई प्रवेश गराएकी छन्। पेशागत रूपमा मनोचिकित्साद्वारा उपचारार्थ मानव जीवनसँग सम्बन्धित रहेकी उपन्यासकार सुब्बाभित्र उग्र मानवीय चेतना र संवेदना पाइन्छ। यसै धरातलबाट नै उनको लेखनगत सौन्दर्यगतचेत पनि विकसित भएको पाइन्छ। त्यहीँबाट प्राप्त अनुभूतिलाई आफ्नो उपन्यासको विषयवस्तु बनाएर उपन्यासलेखन अघि बढाएको पाइन्छ। उनी साहित्यलाई जीवनकै निम्ति ठान्छिन्। उनका उपन्यासमा जीवनजगतलाई बेग्लै प्रकारले हेर्ने दृष्टि तथा जीवनोन्मुख व्याख्याहरू प्रखर रूपमा मुखरित भएका पाइन्छन्।

उपन्यासकार सुब्बाका उपन्यासमा प्रेम-प्रणयका प्रसङ्गहरू पनि रहेको देखिन्छ। मानवीय सम्बन्धप्रतिको सकारात्मक अवधारणाको स्थापना गर्नुपर्छ भन्ने पक्षमा वकालत गर्दै **फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासको सन्दर्भमा उनी भन्छिन्-

"वास्तवमा सुधा मानवीय सम्बन्धमा भावनाको श्रेष्ठताप्रति मेरो विश्वासकै एक भावरूप हुन्। त्यो उच्च कामनाको एक अवधारणा हुन् र हुन् जीवनको एक पीडाबोधी, मनले निःसङ्ग भएकी मोडमा पनि सम्बन्धप्रति मेरो अटुट श्रद्धा र सकारात्मक वृत्तिको एक अभिव्यक्त रूप। सुधा केवल एक भावनात्मक उचाई हुन्। केवल सौन्दर्यमयी एक मानस अस्तित्व।"[१५६]

उनका उपन्यासको शैलीगत विशेषता नै उपन्यासमा पाइने कलाको घनत्व हो। उनको औपन्यासिक शिल्पकारिता र दर्शन मुख्य विशेषता मानिन्छ भने शैली र प्रस्तुतिकरण उनका उपन्यासमा पाइने गुण हुन्। पुरुषको हैकम, वर्चस्व, विसङ्गत समाजको प्रत्यक्ष दर्शन, जीवन दृष्टिकोण, यथार्थ जीवनप्रतिको वितृष्णा, नारी मनोविज्ञान, सामान्य- असामान्य

[१५६] विन्द्या सुब्बा, सन् २००९, *मेरो उपन्यासको कथा,* **फूलहरू, पहाडहरू, धर्साहरू,** गान्तोक : जनपक्ष प्रकाशन, दो. संस्क, पृ ९

स्थितिको चित्रणलाई उपन्यासभित्र स्वाभाविक रूपमा उभ्याइएको कारण यी पक्षहरूले उपन्यासकार सुब्बाका औपन्यासिक वैशिष्टय निर्माण गर्न थप टेवा पुऱ्याएको देखिन्छ।

नारीवादी चिन्तन, अध्यात्म दर्शन र चिन्तनको सङ्कथन, मानव मनोविज्ञान, चिकित्सा क्षेत्रका सन्दर्भहरूको प्रयोगले उपन्यासकारका उपन्यासलाई उत्तराधुनिकतातर्फ सङ्केत गरेको पाइन्छ। उनको उपन्यासकारितामा कालगत रूपान्तरण र दर्शनगत सम्प्रेषणले पनि सँधै नयाँ स्थान ओगट्न सकेको देखिन्छ। उनका औपन्यासिक प्रवृत्तिको मूल चुरो खोतल्दै जाँदा सम्पूर्णतामा उपन्यासकार सुब्बा जीवनप्रतिको सकारात्मक दृष्टि, सौन्दर्य तथा जीवनोन्मुख प्रवृत्तिकी स्रष्टा देखिन्छिन्। उनका उपन्यासहरू विभिन्न आयममा देखा परे तापनि त्यहाँ सामाजिक यथास्थितिप्रति असन्तुष्टि पाइन्छ। यद्यपि विसङ्गतिबोध र अस्तित्वचेतका बीच अन्तर्द्वन्द्व उत्पन्न भएका उपन्यासहरूमा पनि उनी असन्तुष्ट र उदासीन देखिन्छिन्।

उपन्यासकार सुब्बाका तीनैवटा उपन्यासमा विशेषतः मानव जीवन सङ्घर्षका जटिल चेपाइहरू पाइन्छ। मानव जीवनको समस्याप्रति अति संवेदनशील रहेकी उपन्यासकार सुब्बाको आन्तरिक जगत् पनि उद्धिग्न रहेको पाइन्छ। सामाजिक विसङ्गति र विडम्बनापूर्ण व्यवस्था देखेर आक्रान्त बनेकी उनको मानसमा कहिले अतीतमुखी मोह जागेर आउँछ, कहिले भविष्यमुखी विद्रोहले हुँकार गर्दछ, कहिले व्यक्तिवादी अहमले शीर उठाउँछ भने कहिले उदासीन वर्तमान स्थितिले भयानक रूप लिएको बोध गरिन्छ। शून्यवादी अतीतप्रति उपन्यासकारको सचेतता, मानवताप्रति मोह, मानवीय तृष्णा र वितृष्णाबीचको द्वन्द्व, शून्यवादी दर्शनले आफूमाथि पारेको प्रभाव, व्यक्तिवादी संस्कार र सचेत मनले स्वीकार गरेको जनहीत र प्रतिष्ठाबीचको द्वन्द्व नै उपन्यासको कर्मस्थल बन्न गएको देखिन्छ। यही द्वन्द्वहरूले जन्माएको तत्त्व नै उपन्यासकार सुब्बाको

व्यक्तित्वविशेष मान्न सकिन्छ। समग्रतामा भन्नुपर्दा यही द्वन्द्वले जन्माएको आत्मचेत र समर्पण, उत्साह र निराशा, आनन्द र पीडा नै उपन्यासकारको उपन्यासमा पाइने समष्टिगत रूप हो।

उपन्यासमा कवितात्मक शैली, संवाद एवम् नाटकीय शैलीले पनि प्रवेश पाएको देखिन्छ। उनका उपन्यासमा कथानकलाई भन्दा घटना र चरित्रको व्यापकतालाई बढी प्राथमिकता दिएको पाइन्छ। उपन्यासकार सुब्बाका तीनैवटा उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६, **अथाह** सन् १९९९ र **निर्गमन** सन् २००६ मा युगबोध, चारित्रिक दायित्वबोधको अभिव्यक्ति रहेको भेटिन्छ। यसका अतिरिक्त आत्मपरक मूल्याङ्कनको भावभूमिमा व्यक्तिकेन्द्रित मनोविश्लेषणको प्रयोग गरिएको पाइन्छ। उनका उपन्यासहरूमा सबै प्रकारका चरित्रहरू प्रस्तुत भएका छन् तापनि नारीचरित्रलाई सशक्त रूपमा उभ्याइएको देखिन्छ। उनका उपन्यासमा नारीका इच्छा-आकाङ्क्षा र प्राकृतिक स्वभावहरू कस्ता हुन्छन् भन्ने कुराको खोज गरिएको पाइन्छ। तथापि उपन्यासकारले नेपाली समाज र घरभित्र नारीहरूले भोग्दैल्याएका विभिन्न परिस्थिति, बाध्यता, तिरष्कार र यातनाको तस्वीर सचित्र उतारेकी छन्। यही विविध उत्पीडन, यातना, शोषणको प्रकोपले गर्दा मानसिक सन्तुलन गुमाउन पुगेका नारी चरित्रको पनि शब्दचित्र खिचेकी छन्।

उपन्यासकारले औपन्यासिक कथ्यको पुष्टिका लागि आवश्यक परिवेशको निर्माण, पाठकीय आकर्षणका लागि कौतुहलता र द्वन्द्व निर्माणमा पाइला चालेकी छन्। मानव जीवन र समाज कल्याणका लागि अत्यन्त महत्त्वपूर्ण अर्थ राख्ने युगका मसिना पक्षहरूमा स्पष्ट दृष्टि र पारदर्शी अभिव्यक्ति दिएकी छन्।

यसरी उपन्यासकार विन्ध्या सुब्बाले आफ्ना अग्रज उपन्यासकारहरूबाट प्रेरणा लिँदै आधुनिक नेपाली उपन्यास साहित्यमा मनोवैज्ञानिक धाराको प्रतिपादन गर्ने ऐतिहासिक

योगदान दिएको पाइन्छ। उनी उपन्यास प्रस्तुतिका सन्दर्भमा विविध नवीन शैली र नयाँ जीवनदर्शन प्रस्तुत गरेर आफ्नो बेग्लै परिचय दिन सकेकी छन्। नेपाली उपन्यास साहित्यमा उपन्यासकार विन्द्या सुब्बाका तीनवटा उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू** सन् १९८६, **अथाह** सन् १९९९ र **निर्गमन** सन् २००६ ले तीन दशकको समयलाई मात्र नलिएर एउटा युगबोधलाई समावेश गरेको पाइन्छ। गुणात्मक परिणामका दृष्टिले हेर्दा उपन्यासभित्र भेटिने औपन्यासिक कथावस्तुको कलात्मक सङ्गठन, पात्रविधानगत विशिष्टता, युगसचेतता, विषयगत विविधता, शिल्पगत उच्चता, बौद्धिकता, दृष्टिबिन्दुको एकरूपमा र सिर्जनात्मक प्रभावले गर्दा उनका तीनैवटा उपन्यासको गुणस्तर एवम् कलात्मक मूल्य उच्च किसिमको देखिन्छ। अतः उपन्यासकार विन्द्या सुब्बा आफ्ना अग्रज उपन्यासकार र विभिन्न प्रवृत्तिगत विशेषताका आधारमा उपन्यासलेखन र उपन्यासकारका तुलनामा बेग्लै तथा विशिष्ट नारी उपन्यासकारका रूपमा प्रतिष्ठित छन्। सन् १९८६ देखि हालसम्म नेपाली उपन्यासलेखनमा विभिन्न अवधारणा, शिल्पगत लगायत बौद्धिक युग चेतनालाई आत्मसात् गर्दै निरन्तर रूपमा आफूलाई समकालीन स्रष्टाका रूपमा क्रियाशील बनाइराख्नु उनको विशेषता हो। आफ्ना यी नै सिर्जनात्मक प्रयास र प्राप्तिका कारणले गर्दा आधुनिक नेपाली उपन्यास परम्परामा उपन्यासकार विन्द्या सुब्बाको स्थान र योगदान महत्त्वपूर्ण रहेको स्वतः पुष्टि हुँदछ।

नेपाली उपन्यासलेखन धेरजसो सामाजिक संरचनामा मात्र ध्यानकेन्द्रित रहेकाले नारी र पुरुषको पहिचानका आधारमा हुने लैङ्गिक उत्पीडनपट्टि चाहिँ वेवास्ता गरिएको देखिन्छ तर उपन्यासकार विन्द्या सुब्बाका उपन्यासमा नारीवादी चिन्तनको फाँट फराकिलो देखिन्छ। परम्परावादी सामाजिक संरचनाले ल्याएका विभिन्न समस्याहरू यथावत् रहनु र

त्यसलाई केवल आदर्शवादी सुधारात्मक दृष्टिकोणले मात्र हेरिने एकोहोरो प्रस्तुतिभन्दा भिन्नै दृष्टिकोण राखिएका उनका उपन्यास प्रभावशाली रहेको पाइन्छ।

उनका उपन्यासमा मनोविश्लेषणात्मक पद्धति अप्नाइएको पाइन्छ, जसले नारीवादी चिन्तनभित्र आफूलाई पनि शक्तिशाली रूपमा स्थापित गरेको पाइन्छ। नारी समस्याका फाँटमा विकसित भइरहेको विभिन्न दृष्टिकोणहरू, समयको गतिमा देखिरहेको परिवर्तनसँगसँगै नारीसत्ता, मातृविम्बमाथि केन्द्रित रही नारी आधिपत्यको सांस्कृतिक पहिचान र नारी स्वत्वको मूल्यमाथि जोड दिएको पाइन्छ। यस्तो दृष्टिकोणले नारीका आत्मा निर्णयमा पितृसत्तात्मक सामाजिक मानसिकतामा आधारित सिद्धान्तको आलोचनात्मक पुनर्मूल्याङ्कन गर्दै, नारीत्वसम्बन्धि उदात्त दृष्टिकोणको समेत सकारात्मक पुनर्मूल्याङ्कन गरेको बोध गरिन्छ। आत्मनिर्णय लिनमा स्त्री-पुरुष दुवै एकै हुनसक्छन् न कि पुरुषमात्र यसको अधिकारी हो भन्ने भ्रम तोड्दै उपन्यासकार सुब्बा  महिला आवाज, महिला निर्णय, नारी सजगता, सक्षमता र सोंचतिर लक्षित देखिन्छिन्। उनले महिलाहरू अक्षम हुन्छन् भन्ने परम्परावादी असमान सामाजिक व्यवस्था, महिलामाथि राखिने दृष्टिकोण, लैङ्गिक दमनको मान्यतालाई चुनौति दिएकी छन्। महिला अवमूल्यनको सोझो अस्वीकार र भविष्यको आशा भरोशाको स्रोतका क्रममा सुधार होइन परिवर्तनको पारदर्शी मनोवैज्ञानिक संरचनाको महत्त्व अघि सारेकी छन्।

पुरुष लिखित उपन्यासमा नारी छविभन्दा महिला लिखित उपन्यासहरूमा नारी छवि अधिक प्रभावकारी तथा सत्यभाषित हुन्छ भन्न सकिन्छ। पुरुष लिखित उपन्यासमा प्रस्तुत नारी छवि आधाकल्चो हुन्छ र महिला लिखित उपन्यासमा नारी छवि सही रूपमा प्रस्तुत हुनसक्छ। यसरीनै उपन्यासकार विन्द्या सुब्बाले पनि नारीवादी वास्तविकतालाई चित्रण गर्ने आधिकारिक मोड स्थापित गरेकी छन्।

आजसम्मको नारीवादी मनोवैज्ञानिक विश्लेषण भनेको पुरुषवादी दृष्टिकोणमा आधारित इतिहास हो। पुरुषको मानसिकताभित्र डुबेर नारी समस्याले पूर्णता पाएको सम्झने, नारीलाई सम्झौता गराउन घुँडा टेकाउने परम्परालाई भत्काउँदै नेपाली महिला साहित्यकारको असली लेखन परम्पराको थालनी उनको प्रयासबाट विकसित भएको बोध गरिन्छ। यसलाई नारीवादी विमर्श, चिन्तन र मूल्याङ्कन विशिष्टता तथा वैज्ञानिक आधार मान्न सकिन्छ। उनीमार्फत यसलाई अध्यावधिक निरन्तरता दिने जुन पहल भइरहेको छ त्यो उनको लेखकीय अभीष्ट हो भन्न सकिन्छ। नारीमुक्तिलाई औपन्यासिक उद्देश्य बनाएर यस क्षेत्रमा क्रियाशील हुने, नारी सत्ता, नारी मूल्य र मानवीयतालाई साहित्य मञ्चमा आरोहण दिएर चर्चाको केन्द्रमा स्थापित गर्ने र रुढीवादी सामाजिक सोच र मान्यतालाई हाँक दिँदै सही समस्या पत्तो लगाउने दिशामा उपन्यासकार विन्द्या सुब्बा नारीस्थितिको जग बलियो बनाउन प्रयत्नरत देखिन्छिन्। सामाजिक सोचमा वैचारिक क्रान्ति ल्याउन, नारीप्रति राखिने दुस्साहसयुक्त मानसिकता राख्ने सामाजिक परिपाटीमा परिवर्तन ल्याउन र जीवनलाई जैविक तथा जीवनमय बनाउन उनको कलम सक्रिय रहेको देखिन्छ।

उपन्यासकार विन्द्या सुब्बाका उपन्यासको विषयवस्तु जीवनको बाह्य पक्ष नभएर पात्रको आन्तरिक जीवन हो। उनका उपन्यासमा घटनाभन्दा पात्रलाई महत्त्व दिइएको पाइन्छ। यसका अतिरिक्त उपन्यासकार सुब्बाका उपन्यासमा संक्षिप्त कथानक बुनिनु उनको उपन्यासको विशेषता हो। उनको उपन्यासमा कथानकभन्दा नयाँ बौद्धिक चेतना र जीवनदर्शनको झलक परिलक्षित भएको देखिन्छ। त्यसैकारण उनका उपन्यासलेखनमा विचारतत्त्वको प्रधानता रहेको पाइन्छ। उनका उपन्यासका पात्र र परिवेश भारतीय नेपाली समाजमात्र नभएर बङ्गाली समाज एवम् अन्य स्थान देश विदेशभरि छरिएर बसेका नेपाली समाजभित्र पनि रहेको पाइन्छ। यद्यपि उनका उपन्यासको विषयवस्तु सार्वभौमिक

तथा सार्वकालिक सत्य उद्घाटन गर्नतर्फ प्रेरित देखिन्छ। उपन्यासकार सुब्बाका उपन्यासमा मूलतः वैयक्तिक भावि प्रखर रूपमा झल्किन्छन्।

उपन्यासकार विन्धा सुब्बाको पहिलो उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू**को कथानक सामान्य भए तापनि प्रस्तुति रोचक किसिमको छ। उपन्यासका पात्र-पात्रा वासुदेव सुधाबीचको सम्बन्ध 'नपाएर पनि बिर्सन नसक्नको मनस्थिति' का रूपमा प्रस्तुत गरिएको छ। उपन्यासको प्रमुख पात्र वासुदेवलाई उसकी विगतकी प्रेमिका सुधा नामक युवतीसितका घटनाहरूले पिरोलेको पाइन्छ र ती घटनाहरूलाई कथानकको माध्यम बनाइएको पाइन्छ। वासुदेव समाख्याता अर्थात् उपन्यासको धुरी खाँबो भएर उभिएको छ, जसको वरिपरि कथानक बनिँदै र फुस्किँदै अघि बढेको छ। वासुदेव आफ्नो भ्रम र दृढ सङ्कल्पको अभावमा मानसिक द्वन्द्व उतप्त ज्वालामा निरन्तर जल्दै बाँच्ने एकजना उदासीन पात्र पनि हो। उसमा रहेको यही उदासीनता, भ्रम र दृढ सङ्कल्पको अभाव नै कथानकको मूल आधार बनेको देखिन्छ। जसलाई समातेर उपन्यास अघि बढेको पाइन्छ। यसप्रकार वासुदेवको जीवनमा घटित घटनाहरूले विभिन्न मोड लिँदै उपन्यास विकासतर्फ लम्किएको पाइन्छ।

वासुदेव र सुधा दुवै सचेत र बौद्धिक पात्र हुन्। उनीहरू आफ्नो विगतलाई पुनरावलोकन गर्दछन्। प्रस्तुत उपन्यासमा वासुदेवलाई पूर्वदीप्तिप्रणालीको सहयोगद्वारा आफ्नो जीवनवृतान्त भन्न लगाइएको छ। त्यसैले **फूलहरू**, **पहाडहरू**, **धर्साहरू** उपन्यास आत्मनिरीक्षणमूलक देखिन्छ।

**अथाह** उपन्यास परम्परित औपन्यासिक प्रविधिलाई पन्छाउँदै नितान्त बेग्लै परिपाटीमा लेखिएको कृति हो। जसको कार्यकरण श्रृङ्खलालाई हेर्दा औपन्यासिक संरचनागत दृष्टिले

अधिउपन्यास जस्तो लाग्ने अनुभव हुन्छ।[१५७] उपन्यासका अधिकांश दृश्यहरू एउटा समस्त महानगरले एक कुनामा पन्छाएर राखेको मानसिक चिकित्सालयभित्र छन्। त्यही परिधिका अनि त्यसैसित सम्बन्धित घटनाक्रमलाई रोचक ढङ्गमा त्यहाँ अध्ययन र तालिमप्राप्त गर्न आएकी संवेदनशील छात्रा बानु  अर्थात् सुवानीको माध्यमबाट पेश गरिएको छ। प्रस्तुत उपन्यासमा कथानक, घटना मनोरोगीहरूको विगत जीवन कोट्याउने क्रममा नारीमाथि हुने प्रताडना, दबाब र अन्याय-अत्याचार उद्घाटित भएका छन्। उपन्यासकारले अस्वाभाविक, रोगीहरूलाई लिएर उनीहरूका मनलाई चिरफार गर्दै, केलाउँदै, त्यसलाई मार्मिक कथानक बनाउदै उपन्यास लेखेकी छन्।[१५८]

उपन्यासको बुनोट आत्मपरक रहेको देखिन्छ। कथानक पाँचभागमा बाँडेको पाइन्छ- स्त्री मानसिक रोगी, पुरुष मानसिक रोगी, शारीरिक रोगी, रोगी कक्षहरू र अस्थायी  ग्रामीण स्वास्थ्य शिविर। प्रस्तत उपन्यासको कथानक केही जटिल किसिमको देखिन्छ। उपन्यासकार विन्धा सुब्बा उपन्यासको कथानक निर्माण गर्नतर्फ लाग्दालाग्दै विभिन्न मनोरोगी पात्रहरूको मनोदशाको चित्रण गर्ने क्रममा उनको भावविचार अन्यत्रै मोडिँदै-फेरिँदै फेरि मूल प्रवाहमा आई मिसिन हतारिएको पाइन्छ। त्यसैले उपन्यासमा कथानकले निश्चित रूप नलिएको अनुभव गर्न सकिन्छ।

परिच्छेद छुटयाएर कथानकलाई एउटा क्रममा गति दिने प्रयास गरिएको भए तापनि शीर्षकविहीन परिच्छेदको निर्माणले औपन्यासिक कथानकलाई क्षीण कथानकको रूपमा प्रस्तुत गरेको बोध गरिन्छ।

---

[१५७] सपन प्रधान, सन् २०१३-२०१४, *विन्धा सुब्बाकृत उपन्यासको निरूपण,* नेपाली विभिग मानविकी तथा सामाजिकशास्त्र सिक्किम विश्वविद्यालय, पृ २

[१५८] शरद् छेत्री, सन् २००६, **केही पृष्ठहरू अध्ययनका**, सिक्किम : निर्माण प्रकाशन, पृ १३७

उपन्यासकार विन्धा सुब्बाको तेस्रो उपन्यास **निर्गमन**मा पनि कथानकको बुनोट सामान्य किसिमको देखिन्छ। प्रस्तुत उपन्यासमा पुरुष पात्र अक्षय उपन्यासको प्रमुख सहभागीको रूपमा उपस्थित रहेको छ। उसको दाम्पत्य जीवनको सिङ्गो आठ वर्षसम्म इमान्दारीपूर्वक साथ दिने उच्च शिक्षित पतिव्रता उसकी पत्नी अर्थात् उपन्यासकी प्रमुख पात्र तृष्णाले अचानक गृहत्याग गरेको पारिवारिक घटनास्थितिलाई वृत्तमा राखेर उपन्यासको कथानक बुनिएको छ। तृष्णाको यही दृढ सङ्कल्प अर्थात् अचानक गृहत्याग गर्नु नै कथानकको विशेष कारण बनेको देखिन्छ।  यस घटनाद्वारा अक्षयको जीवनको मानचित्र नै परिवर्तित भएको छ। उसका अन्तर्द्वन्द्व र आन्तरिक मनोदशाहरूले अक्षयका जीवनमा विभिन्न समस्याहरूले निम्त्याएको पाइन्छ।  तृष्णाको गृहत्यागपछि अक्षयको परिवर्तित जीवनशैली तथा उसले भोग्नुपरेका सङ्घर्ष, चुनौतिसँगसँगै उपन्यासको कथानक पनि विकाशील बनेको पाइन्छ।

तृष्णा र अक्षय दुवै सचेत पात्र हुन्। उपन्यासमा तृष्णाद्वारा जीवनको मूल्यबोध, ज्ञानप्राप्तिको खोज गराइएकोले  नारी जीवन, नारी मन र मानव जीवनका रहस्यमय स्थितिको उद्घाटन गर्न तथा नारीले बाँच्ने जीवनप्रक्रियालाई बुझ्ने प्रयास गर्दा-गर्दै स्वयं अक्षय पनि नारीमा अवतरित बन्न पुगेको छ। त्यसैले **निर्गमन** उपन्यासको कथ्यले उपन्यासकारको आत्मअवलोकन गरेको प्रतीत हुँदछ।

उपन्यासकार विन्धा सुब्बाका तीनैवटा उपन्यासहरू पात्रका अन्योल मानसिक अवस्थाबाट शुरु भएका पाइन्छन्। उपन्यासको प्रारम्भमा नै पात्र-पात्राहरू समस्याग्रस्त देखिन्छन्। तीनैवटा उपन्यासको गर्भमा रहेका कथ्य चाहीँ सामाजिक पृष्ठभूमिमा व्यक्तिगत समस्या हो भन्न सकिन्छ। सामाजिक विधिविधानका कारण तीनैवटा उपन्यासको नारी पात्रहरूको व्यक्तिगत स्वतन्त्रता खोसिएकोचाहिँ देखिँदैन तथापि **अथाह** उपन्यासको पात्रहरू भने

पितृसमाजबाट उत्पीडित र पारिवारिक अनैतिक शोषणबाट ग्रस्त देखिन्छन्। व्यक्तिको मानसिक जीवनमा सामाजिक नीति नियम र अनुशासनको चापले प्रशस्त प्रभाव पारेको देखिन्छ। **अथाह** र **फूलहरू**, **पहाडहरू**, **धर्साहरू**का नारी पात्रहरू सामाजिक रूढिग्रस्तताबाट प्रताडीत देखिन्छन् भने **निर्गमन**को नारी पात्र सम्पूर्णा पनि सामाजिक अव्यवस्थाबाट नै पीडित देखिन्छे। यद्यपि प्रस्तुत उपन्यासकी प्रमुख पात्र तृष्णा भने रूढिग्रस्त सामाजिक नीतिनियमबाट मुक्त देखिन्छे। यसप्रकार तिनीहरू यथास्थितिप्रति असन्तुष्ट छन् र त्यसबाट मुक्ति चाहन्छन्। उपन्यासकार स्वयं पनि सामाजिक परम्परावादी मान्यता र नियन्त्रणबाट असन्तुष्ट देखिन्छिन्। त्यसैले उपन्यासकार सुब्बाले सङ्घर्षशील तथा सामाजिक अन्धपरम्पराका विरुद्ध खुल्ला चुनौति दिने सहासिक, सचेत पात्रहरूको उपस्थिति गराएकी छन्।

उपन्यासकार सब्बाले औपन्यासिक वस्तुगठनमा मनौवैज्ञानिक विधिको प्रयोग गरेकी छन्। उनी आफ्ना पात्रहरूलाई मानसिक आवेगमा ल्याएर तिनीहरूलाई विकट मानसिक अवस्थामा पुग्न उत्प्रेरित गराउँछिन्। त्यसपछि विगतका घटना र वर्तमानका परिस्थितिलाई पुनः स्मृतिमा ल्याउन लगाएर कथानकलाई अघि बढाउँछिन्।

उपन्यासकार विन्ध्या सुब्बाका उपन्यासको कथानकमा नाटकमा जस्तै पात्रका क्रियाकलाप, संवादको प्रयोगद्वारा जीवन्तता ल्याइएको पाइन्छ। उदाहरणका लागि उपन्यासमा प्रयोग गरिएका संवादहरूलाई लिन सकिन्छ-

१ "सर म त कत्रो भूल सोचाइमा थिएछु। मैले त रेशमफूल मात्र नभएर तपाईंबाट यो स्नेह र माया जस्तो केही पाएको होइन रहेछु। सुधाको कारणले पो, मेरो स्वरूपमा

सुधालाई हेरेर पो हामीजस्तो गरीब र साधारण केटीमाथि यसरी उदार हुनुभएको रहेछ तपाईं त।"[१५९]

२ "उसले मलाई अँगालोमा बाँध्थ्यो, चुम्थ्यो। म फेरि प्रितमसँग बिहे गर्न चाहन्थे, चौबीसै घण्टा उसको दुलही भएको सपनामा डुबिरहन्थें।"[१६०]

३ "पेशागत नारी बाहेक म एक लेखक पनि हुँ त्यो त थाहा छँदैछ तपाईंलाई।"[१६१]

उपन्यासकार सुब्बाका तीनैवटा उपन्यासको शीर्षक पात्रको क्रियाकलाप र घटनासँग जोडिएको पाइन्छ र पात्र विशेषलाई उपन्यासको केन्द्रीय बिन्दु बनाएर घटनास्थितिको सृजना गरिएको पाइन्छ। उपन्यासका शीर्षक र विषयवस्तुका बीच अन्तर्सम्बन्ध देखाउँदै उपन्यासकार सुब्बाले तीनैवटा उपन्यासको शीर्षकचयन गरिएकोले उपन्यासका शीर्षक **फूलहरू, पहाडहरू, धर्साहरू, अथाह,** र **निर्गमन** औचित्यपूर्ण देखिन्छ।

चरित्रविश्लेषण पनि उपन्यासको उद्देश्य भएकाले उपन्यासकार सुब्बाका तीनैवटा उपन्यास घटनाको बाह्य रूप र संयोजनमा नअलमलिएर पात्रको अन्तर्मनको गहिराइतर्फ आकृष्ट देखिन्छ। मनौवैज्ञानिक सत्यलाई प्रतिपादन गर्नु उपन्यासको ध्येय भएकाले उपन्यासकारको कल्पना र बौद्धिकता नै तीनवटा उपन्यासको कथानक हुनपुगेको देखिन्छ।

---

[१५९] विन्ध्या सुब्बा, सन् २००९, **फूलहरू, पहाडहरू, धर्साहरू**, गान्तोक : जनपक्ष प्रकाशन, दो. संस्क, पृ १०१

[१६०] विन्ध्या सुब्बा, सन् १९९९, **अथाह**, दार्जीलिङ्ग : हाङ्खिम परिवारको पक्षबाट, पृ ३१

[१६१] विन्ध्या सुब्बा, सन् २००६, **निर्गमन,** नाम्ची दक्षिण सिक्किम : निर्माण प्रकाशन, पृ १७

समग्रतामा भन्नुपर्दा उपन्यासकार विन्द्या सुब्बा आधुनिक, बौद्धिक चिन्तनयुक्त कथानक प्रस्तुत गर्दछिन्। उनका उपन्यासका विषयवस्तु पात्रको आन्तरिक जीवन हो। कथानक प्रस्तुतिका सन्दर्भमा उपन्यासकार सुब्बाले आत्मकथात्मक तथा समाख्यानात्मक पद्धतिको प्रयोग गरेकी छन्। सबै उपन्यासको कथ्य सामाजिक जीवनमा व्यक्तिगत समस्या हो। यद्यपि औपन्यासिक वस्तुगठनलाई मनोवैज्ञानिक विधिद्वारा गरिएको छ। कथानक प्रस्तुतिमा पूर्वदीप्तिप्रणाली र नाटकीय शैली प्रयोग गरेर त्समा सजीवता र जीवन्तता ल्याइएको पाइन्छ। तीनैवटा उपन्यासका कथानक क्षीण रहेर पनि विन्यस्त किसिकमका रहेका पाइन्छन्। यद्यपि एकाध स्थलमा उपन्यासको कथानक विकासको गति सन्तुलित नरहेको बोध गरिन्छ। उनका उपन्यासहरू पूर्णतः त्रासदीले भरिएका भए तापनि त्यहाँ काहीँ काहीँ भने सुखद बनाउने झीणो सङ्केत भने पाइन्छ। यसप्रकार उपन्यासकार सुब्बाका कथानक सङ्गठन, विकास, प्रस्तुति, परिच्छेदयोजना आदिमा केही साना मसिना अन्तर देखिए तापनि समष्टिगत रूपमा हेर्दा ती सबल देखिन्छन्।

कथानकले सङ्गठनात्मक एकता, कार्यन्विति, घटनाको विविधता लगायत पाठकका सामाजिक तथा बौद्धिक चेतनामा परिष्कार ल्याएर भावलाई निश्चित दिशामा प्रवाहित गराएको पाइन्छ। कथानकमा द्वन्द्वका प्रस्तुतिले पाठकमा कौतुहलता, उत्सुकता एवम् रूचि जगाएको अनुभव गरिन्छ। उपन्यासकार सुब्बाका उपन्यासमा कथानक र पात्रका बीच सन्तुलन पाइन्छ। उनका उपन्यासका कथानकमा भन्दा पात्र र तिनका चरित्रविकासमा विशेष जोड दिएको पाइन्छ। उनका उपन्यासका कथानकमा बाह्य घटना र परिस्थिति पात्रका आन्तरिक मानसिक स्थितिहरूका बीच अन्तर्क्रिया भइरहको पाइन्छ। जस्तै - **अथाह** उपन्यासकी पात्र अस्मिता एक हूल दुष्टयुवकद्वारा सामूहिक बलात्कारको शिकार भएपछि पनि उसलाई निर्ममतापूर्वक ट्रकअघि हुत्ताइदिएर विकलाङ्ग

हुनुपुग्नु बाह्य घटना हो, त्यसले पात्रको आन्तरिक मानसिकतामा प्रभाव पारेर औपन्यासिक परिवेश तथा पात्रको जीवनमा खास स्थिति सृजना गरिरहेको छ। उपन्यासकार सुब्बाका उपन्यासमा पात्रको स्थान विशिष्ट र कथानकचाहिँ सामान्य देखिन्छ। वास्तवमा चरित्रहरूले नै आख्यानको अर्थ र मर्म बोकेका छन् अर्थात् उनका उपन्यासमा पात्रभित्र नै कथानक पाउन सकिन्छ।

उपन्यासकार विन्ध्या सुब्बाका उपन्यासमा वर्णित पात्र एवम् चरित्रका माध्ममद्वारा आफ्नो जीवनदृष्टि प्रस्तुत गर्ने प्रयास गर्छिन्। यस सन्दर्भमा उनले पात्रका अचेतन मनलाई बढी महत्त्व दिएकी छन्। उनी साधारण र सामान्य पात्रका प्रयोगको साथै असाधारण तथा असामान्य पात्र, तिनका गतिविधिमा रूचि राख्छिन्। उपन्यासकार सुब्बाका उपन्यासका अधिकांश पात्र मनोविकार र मनोग्रन्थिका शिकार बनेका देखिन्छन् भने कतिपय पात्र सामान्य स्थितिमै देखिन्छन्। मानसिक एवम् शारिरिक रूपमा रूग्ण भए पनि तिनीहरूमा चारित्रिक उदात्तता भने पाइन्छ। उनका उपन्यासका कतिपय पात्र सचेत र शिक्षित छन् भने कतिपय सामान्य शिक्षित मात्र देखिन्छन्।

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा उपन्यासकार स्वयं पृष्ठभूमिमा रहेर पात्रका क्रियाकपाल, सोचाइ र तिनका अन्योलका अवस्थाहरू प्रस्तुत गर्दछिन्। यसमा परोक्ष रूपमा सुधाको अवस्था बताइरहेको अनुभव हुँदछ भने प्रत्यक्ष रूपमा वर्णन-विश्लेषण गरेर पनि पात्रको प्राथमिक परिचय दिएको अनुभव हुँदछ-

"रेशमफूललाई हेर्छु म। लामो केश दुइपट्टि अघिल्तिर ल्याएर छोडेको, काली-काली भए पनि बान्की परेको उज्यालो अनुहार। कतै पनि शहरको उस्तो छाप नपरेको, सोह्र-सत्र जति पुगेको उमेर।"[१६२]

पात्रका क्रियाकलापको वर्णन गर्नुभन्दा पहिले उपन्यासकारले उपन्यासमा सजीव रूपमा स्थितिको वर्णन गरेकी छन्। बाह्य परिवेशको कारणले पनि व्यक्तिले आचरण र सोचाइमा प्रभाव पारिरहेको हुन्छ।

**अथाह** उपन्यासमा पनि उनी स्वयं पृष्ठभूमिमा रहेर पात्र परिचय र तिनका क्रियाकलाप, सोचाइ, तिनका अन्योलका अवस्थाहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा प्रस्तुत गरिएको पाइन्छ-

"दश मिनटपछि प्रीति कोठामा देखा परी, एकदमै सुस्तरी चालै नापइने हावाको झोंका जस्तो। उतिकै दुब्लाएकी, उतिकै राम्री, सलवार, कुर्ता लाएकी जुनअघि पनि देखेकी थिएँ मैले। उही ठूला-ठूला एकजोरी आँखा मोहिनी आँखा जहाँ चञ्चलताभन्दा बढी आज केही त्रासदीका छायाहरू छन्।"[१६३]

उपन्यासकार सुब्बाका अन्य दुईवटा उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू** र **अथाह**मा झैं **निर्गमन** उपन्यासमा पनि उपन्यासकार स्वयंनै उपस्थित रहेर पात्रका क्रियाकलाप, सोचाइ र तिनका अन्योलका अवस्थाहरू प्रस्तुत गरेर परोक्ष रूपमा तृष्णाको अवस्था बताइरहको बोध हुँदछ। उपन्यासकारले प्रत्यक्ष रूपमा व्याख्या विश्लेषण गरेर पनि पात्रको प्राथमिक परिचय दिएकी छन्। यसका अतिरिक्त उपन्यासकार सुब्बाले पात्रका क्रियाकलापको

[१६२] विन्द्या सुब्बा, पूर्ववत्, पृ १८

[१६३] विन्द्या सुब्बा, पूर्ववत्, पृ ३

वर्णन गर्नुभन्दा पहिला उपन्यासमा सजीव रूपमा स्थितिको चर्चा गरेकी छन्। बाह्य परिवेशको कारणले पनि व्यक्तिको आचरण, सोचाइ र कार्यमा प्रभाव पारिरहको कुरा उपन्यासभित्र चित्रित पात्रद्वारा थाहा लाग्दछ।

व्यक्तिका व्यक्त र अव्यक्त अर्थात् बाह्य र आन्तरिक गरेर दुई रूप हुन्छन्। उसलाई चिन्न दुवै स्वरूप बुझ्नु आवश्यक देखिन्छ। व्यक्तिको बाह्य स्वरूपको प्रेरक, तत्त्व उसको अन्तरमा पनि रहेको हुन्छ। उपन्यासकारले **फूलहरू, पहाडहरू, धर्साहरू**को पात्र सुधाको चरित्रलाई उपन्यासमा प्रमुख स्थान दिएकी छन्। उपन्यासको उद्देश्यचाहिँ समाजमा विद्यमान रुढि परम्परालाई हटाएर एउटा स्वास्थ्य समाजको निर्माण गर्नु हो। सुधा विगतमा वासुदेवकी प्रेमिकाका रूपमा चिनिएकी पात्र हो। वासुदेव र सुधा एक-अर्कालाई प्रेम गर्छन् र प्राप्त गर्न पनि चाहन्छन्। यद्यपि वासुदेवको परिवारले सुधालाई स्वीकार नगरेकाले उनीहरूको प्रेम सम्बन्ध विच्छेद भएको छ। तर वासुदेवको मनमा चाहिँ सधैं सुधाकै स्मृति र प्रेम दिगो भएर बसेको पाइन्छ। आफ्ना चाहना, इच्छा र रूचिलाई दबाएर परिवारको निर्देश पालन गर्ने वासुदेव आफ्नो परिवारको इच्छअनुरूप नीलमसित विवाह गर्छ। तर अवचेनत मनमा सुधाबाट एकैक्षण पनि अलग हुनसक्दैन।

यसरी चेतन र अचेतन, इद र अहमको द्वन्द्वमा उपन्यास पूर्ण रूपमा उभिएको देखिन्छ। यही परिप्रेक्ष्यमा उपन्यासकारले वासुदेवका अन्तर्द्वन्द्व, दमित इच्छा, अतृप्ति र असन्तुलित आवेग आदिलाई प्रकाश पारेकी छन्।

उनको दोस्रो उपन्यास **अथाह**को औपन्यासिक बुनोट क्रममा पात्रको अन्तर्द्वन्द्व, आन्तरिक मनस्थितिको वर्णन गरिएको पाइन्छ। व्यक्ति वा चरित्रमा बाहिर देखिएको स्वरूप नै प्रेरक तत्त्वका रूपमा उसका अन्तरमा लुकेको हुन्छ। तथापि व्यक्ति वा चरित्रलाई पूर्णरूपमा चिन्न र बुझ्न तिनीहरूको बाह्य र आन्तरिक दुवै स्वरूप बुझ्न आवश्यक

देखिन्छ। यसैले गर्दा उपन्यासकार सुब्बाले प्रस्तुत उपन्यासका पात्रको बाह्य क्रियाकलाप, व्यवहार स्वभाव आदि पक्षलाई बुझ्ने प्रयास गर्दा-गर्दै पात्रको आन्तरिक स्थितिको मनोवैज्ञानिक विश्लेषण गरेको पाइन्छ।

विभिन्न बाधा, अवरोध, अभाव र अतृप्तिका कारण व्यक्तिगत पनि विभिन्न असन्तुलित मनोग्रन्थिहरूको विकास भएको पाइन्छ। मनोग्रन्थिहरूले समाधान गर्न नसकेमा व्यक्तिको भित्री स्वभावको परिचय पाउन सकिन्न र उसका जीवनमा आइपरेका समस्याहरूको समाधान पनि गर्न सकिन्न। त्यसैले उपन्यासका सम्पूर्ण पात्र-पात्रा कुनै न कुनै समस्या र मनोग्रन्थिहरूले ग्रसित देखिन्छन्। मनोवैज्ञानिकहरूले पनि पात्रका ग्रन्थि वा मानसिक समस्या तथा मनोदशाहरूलाई प्रकाशमा ल्याउनका लागि मानसिक आलोकको अन्वेषण गर्छन् र आन्तरिक सङ्घर्षको चित्रण गर्दछन्। मानसिक सङ्घर्षबाट व्यक्ति अर्थात् पात्रमा अन्तर्द्वन्द्वको विकास भएको पाइन्छ। उपन्यासकार विन्धा सुब्बाले पात्रामा विद्यमान अन्तर्द्वन्द्वद्वारा तिनीहरूको मानसिक सङ्घर्षको चित्रण गरेकी छन्। मानसिक सङ्घर्षबाट पात्रको दोधार, भ्रम, अतृप्ति, कुण्ठा आदि असन्तुलित मनस्थितिको अवस्था थाहा पाउन सकिन्छ।

**अथाह** उपन्यासका सम्पूर्ण पात्राहरूमा रहेका अन्तर्द्वन्द्व चेतन तहमा मात्र सीमित नभएर अचेतन र चेतनका बीच पनि घटित भइरहेको पाइन्छ। यस दृष्टिले हेर्दा पात्राको चेतन मन प्रबल रूपमा देखिन्छ र चेतन मन अचेतनसँग पराजित भएको अनुभूत गरिन्छ।

उपन्यासमा वर्णित चरित्र उद्घाटन गर्नका लागि मनोवादलाई पनि एउटा उपयुक्त विधि मानिन्छ। यसमा पात्रका मनभित्र उठिरहेका विभिन्न मानसिक तरङ्गहरू, तनावहरू, विरोधी भावनाहरू, आन्तरिक असामञ्जस्यका स्थितिहरू आदिलाई मनोवादको रूपमा व्यक्त गर्न सकिन्छ। यही मनोवाद अन्तर्मुखी पात्रका चरित्र उद्घाटनका लागि उपयुक्त मानिन्छ।

**अथाह** उपन्यासमा पनि पात्राका मानसिक उथलपुथलहरूलाई मनोवादको प्रयोगद्वारा प्रकाश पारिएको देखिन्छ।

फ्रायडले मान्छेमा पाशविक प्रवृत्तिहरू पनि हुन्छन् भनेका छन्। यी प्रवृत्तिहरूलाई मान्छेले धर्म, संस्कृति, नैतिकता, आदिको आवरणले ढाकेर राखेको हुन्छ। बाहिरबाट हेर्दा ती क्रियाकपाल, साधारण देखिए तापनि भित्रि मनमा रहेका दमित इच्छा बढो तीव्र हुनाले तिनीहरूले सङ्घर्ष मच्चाइरहेका हुन्छन्। त्यसैले गर्दा व्यक्तिको बाह्य स्वभावमा र प्रतिक्रियामा पनि त्यसले प्रभाव पारिरहेको हुन्छ। पात्रको आन्तरिक बाधा, अड्चन आदिलाई तिनको अचेतनस्तरबाट निकालेर यसको निराकरण गर्ने प्रयास गर्नु मनोविज्ञानको उद्देश्य हो।[१६४] जसलाई मनोवैज्ञानिक विश्लेषणद्वारा मानसिक पीडाको निरीक्षण गरिन्छ र समस्या पत्तो लगाइन्छ। उपन्यासकार सुब्बाले पनि पात्राका आन्तरिक मनलाई उद्घाटन गर्नका लागि मनोविश्लेषणको सहारा लिएकी छन्।

प्रस्तुत उपन्यासमा कलकत्ताको एउटा अस्पतालमा उपचारधीन हतभागी मानसिक र शारीरिक रोगका रोगीहरू नै मुख्य पात्रहरू छन्। उपन्यासभित्र समेटिएका पात्रहरूले समाजमा हुने गरेका विकृतिलाई अरूले जस्तै सामान्य रूपमा लिन सकेका देखिन्न। यसका अतिरिक्त कुट यथार्थहरूको प्रहारलाई चुपचाप थेग्न नसकी प्रचलनका प्रवृत्तिलाई अप्रचलित शैलीमा सोच्न बाध्य बने र मानसिक अस्वास्थ्यतालाई अँगाल्न पुगेका देखिन्छन्। एउटा मानसिक अस्पतालको सेरोफेरोमा उपन्यासभित्र समावेश गरिएका पात्रहरूले समाजमा भिन्दा-भिन्दै विसङ्गतिलाई आफ्नो पृष्ठिभूमिमा बोकेका छन्। उपन्यासभित्रका पात्र प्रीति, अपराजिता, सन्ध्या, भारती, माया, शशी, गंगा, अस्मिता, मीराजस्ता

---

[१६४] रमा सिवाकोटी, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,** काठमोडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्, पृ ३४५

मानसिक रोगीहरू मात्र नभएर तिनीहरूलाई बन्धीगृहजस्तो चिकित्सालयमा राखिन प्रत्यक्ष-अप्रत्यक्ष रूपले बाध्य बनाउने पात्रहरू पनि छन्। पुरुष पात्र मनोरोगीहरूसँग पनि कुनै न कुनै नारी पात्र पनि प्रत्यक्ष परोक्ष तौरले जोडिएका छन् र ती नारी पात्र पनि त्यति नै सताइएका देखिन्छन्। प्रस्तुत उपन्यासमा आफ्नै बाबुप्रतिको आकर्षणलाई लुकाउन नसकेको अपराधमा पागल बन्न पुगेकी शशीदेखि लिएर लोग्नेको यातनाबाट भाग्न आत्महत्या गर्न खोज्दा असफल भएपछि मानसिक सन्तुलन गुमाएकी गंगाको कथा समेटिएको छ। अनैतिक शोषणका कारण अस्मिता र प्रीतिको मन भत्किएको पाइन्छ भने भारती र मायाका पेमको पीडाले मानसिकता कच्याककुचुक भएको देखिन्छ। भावुक गतिले असामान्य स्थितिमा पुगेको रजत र अतिचाहनाको उँचाइबाट खसेको राजीवको व्यथालाई पनि उपन्यासमा चित्रण गरिएको पाइन्छ।

उपन्यासमा विद्रूप किसिमका असन्तुलित, अमानवीय, असामान्य प्रवृत्ति भएका चरित्र वा पात्र-पात्रा छन्। अनेक पात्रको उपस्थितिमा पनि उपन्यासकारले आफ्नो मानवीयताद्वारा दर्शनको दैलो उघारेकी छन्।

**निर्गमन** उपन्यासमा उपन्यासकारले पात्र तृष्णाको चरित्रलाई प्रमुख स्थान दिएकी छन्। उनले प्रस्तुत उपन्यासमा पात्रको बाह्य क्रियाकलाप, स्वभावद्वारा पात्रको आन्तरिक मनस्थिति केलाउने र बुझ्ने प्रयास गरेकी छन्। पारिवारिक, सामाजिक तथा साहित्यिक परिवेशमा सृजना गरिएको प्रस्तुत उपन्यासमा साधारण-असाधारण दुवै किसिमका चरित्रको वर्णन पाइन्छ। उपन्यासकी प्रमुख पात्र तृष्णा आफ्नो जीवनको अभीष्टको खोजमा घर-गृहस्थी र नाबालक छोरोलाई समेत त्याग गर्न पुगेकी देखिन्छे। उसको यही असाधारण सोच, मानसिकता, क्षमताद्वारा उसले समाजमा स्थापित पुराना मूल्य-मान्यता, परम्परा, अन्धविश्वासको जरासमेत उखालेर फ्याँकेको देखिन्छ। तृष्णा पलायन भएपश्चात

अक्षयमा पत्नीप्रतिको प्रेम र सम्मानको भाव जागृत हुँदछ। अक्षय आफ्नी पत्नीबाट परित्यक्त भएपछि त्यसबाट परेका पारिवारिक, सामाजिक तथा मानसिक चोटले उसमा अन्तर्मुखी स्वभावको विकास भएको देखिन्छ। अक्षय उपन्यासको आरम्भमा साधारण पात्रका रूपमा देखा परे तापनि उपन्यासको अन्त्यतिर आइपुग्दा असाधारण बन्न पुगेको पात्रका रूपमा चित्रित भएको पाइन्छ। उपन्यासमा चित्रित अर्की पात्र सम्पूर्णा भौतिक एवम् पराभौतिक दुवै पक्षको प्रेमलाई आत्मसात गर्नसक्ने चरित्रका रूपमा उभिएकी देखिन्छे। ऊ समाजले बोकाएको कर्तव्य, उत्तरदायित्वबोध गर्ने र परम्पराले कोरिदिएको बाटोमा नै हिँड्न मनपराउने पात्रका रूपमा उपस्थित रहेकी थाहा लाग्दछ।

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा उपन्यासकार पृष्ठभूमिका रूपमा रहेकी छन्। प्रस्तुत उपन्यासमा कतिपय घटना र चरित्र आख्याताको मुखबाट प्रकट हुन्छ भने कतिपय कुराहरू पात्रहरूका क्रियाकपाल, सोचाइ, दृष्टिकोण आदिबाट परोक्ष रूपमा उपन्यासकारले पात्रका बारेमा भनिरहेकी छन्। यहाँ कहिले चरित्रले घटनालाई अघि बढाइरहको छ भने कहिले घटनाहरूले चरित्रलाई गति प्रदान गरेको छ। प्रस्तुत उपन्यासमा चरित्रप्रस्तुति कथानकलाई गति दिन मात्र नभएर पात्रको चरित्रविकास गर्नका लागि पनि उपयोग गरेकी छन्। उपन्यासकार सुब्बाले पात्रको चरित्र उद्घाटन गर्नका लागि पत्रात्मक शैलीद्वारा नाटकीय रूपमा चरित्रचित्रण गरेकी छन्। उनले प्रस्तुत उपन्यासमा चिट्ठीको माध्यमद्वारा सुधा र वासुदेवको आन्तरिक तनाव र आवेगलाई चर्चा गरेकी छन्-

“बासु, मान्छे-मान्छेको बथानमा म बहुतै कम मान्छेको सम्पर्कमा आएकी छु, अझ पुरुष समुदायमा तपाईं एक्लो र एकमात्र पुरुष हुनुहन्छ। मसँग पनि यो आत्मीयताको सही अर्थ छैन, तथापि मलाई लाग्छ संसारमा आमा-छोराबीचको ममता, दाजु-बहिनीको स्नेह,

मित्र-मित्रको सौहार्दयता, प्रेमी-प्रेमिकाको लगाव र पति-पत्नीको प्रेमभन्दा पर र माथि अरू कुनै दुई मान्छे-मान्छेबीचको आत्मीयता हुनसक्छ भने त्यो सर्वोच्च शिखरमा म हाम्रो मित्रतालाई लगेर राखुँ, त्यही बेजोड र विशिष्ट मान्यता यसलाई म प्रदान गरूँ।"[१६५]

प्रस्तुत उपन्यासमा अनेक पात्रहरू उभ्याइएका छन्। उपन्यासको शुरुदेखि अन्त्यसम्म धेरै प्रभावपार्ने चरित्र वा पात्रको रूपमा वासुदेव र सुधालाई उभ्याइएको हुनाले केन्द्रीय गतिशील, गोला र सापेक्ष पात्रको रूपमा देखिन्छन्। रेशमफूल, नीलम सापेक्ष पात्र भए तापनि गौण, सपाट पात्रका रूपमा प्रस्तुत भएका छन्। रमा, सृजना र अन्य पुरुष पात्रहरू सबै गतिहीन सहायक पात्रका रूपमा विद्यमान छन्।

**अथाह** उपन्यासमा कतिपय घटना र चरित्र उपन्यासभित्र कथावाचकको उपस्थितिले बताएको देखिन्छ। उपन्यासमा कतिपय पक्षहरू पात्रका क्रियाकलाप, व्यवहार, दृष्टिकोणबाट परोक्ष रूपमा उपन्यासकारले पात्रका बारेमा व्याख्या गरेकी छन्। प्रस्तुत उपन्यासमा कथानकलाई भन्दा पात्रको चरित्र विकास गर्नका लागि उपन्यासकार सक्रिय देखिएकी छन्। उपन्यासकार सुब्बाले **अथाह** उपन्यासभित्र पात्रको चरित्र उद्घाटन गर्नका लागि संवादको प्रयोग गरी नाटकीय रूपमा चरित्र चित्रण गरेकी छन्। उनले उपन्यासमा प्रत्येक नारी पात्रका चरम निराशा, हताशा, यातनापूर्ण स्थितिद्वारा तिनीहरूको आन्तरिक तनाव र आवेग संवेगलाई संवेदनशीलशैलीमा चर्चा गरेको पाइन्छ।

प्रस्तुत उपन्यासमा अधिकांश नारी पात्रहरू उभ्याइएका छन् भने अंशतः पुरुष पात्रको पनि उपस्थिति रहेको पाइन्छ। उपन्यासभित्र प्रीति उपन्यासको शुरुदेखि अन्त्यसम्म निकै प्रभाव पार्ने चरित्रको रूपमा रहेकी हुनाले केन्द्रीय गतिशील, गोला पात्रको रूपमा

[१६५] विन्ध्या सुब्बा, पूर्ववत्, पृ १२२

देखिन्छे। सन्ध्या, माया, गंगा, अपराजिता, अस्मिता, मीरा, शशीचाहिँ काहीँ गौण, सपाट रूपमा देखा परेका छन् भने काहीँ केन्द्रीय रूपमा देखिन्छन्। उपन्यासमा अन्य पुरुष पात्र पनि छन्, ती सबै गतिहीन सहायक पात्रका रूपमा विद्यमान छन्।

उपन्यासकार विन्धा सुब्बाको तेस्रो उपन्यास **निर्गमन**मा कथावाचकले आफ्नो जीवनको दर्शन, अनुभूति, वैचारिकद्वन्द्व प्रस्तुत गरेको पाइन्छ। कथावाचकले उपन्यासको पात्र-पात्राका क्रियाकलाप, मनस्थिति, विचारका बारेमा वर्णन गरेको देखिन्छ भने कतिपय पात्रका विचारहरूलाई तिनीहरूकै माध्यमबाट प्रकट गर्न लगाइएको छ। उपन्यासकार सुब्बाले प्रस्तुत उपन्यासमा पात्रको चरित्र उद्घाटन गर्ने क्रममा संवाद एवम् पत्रात्मकशैलीद्वारा नाटकीय रूपमा चरित्र चित्रण गरेकी छन्। उनले **निर्गमन** उपन्यासमा प्रमुख पात्र तृष्णा र अक्षयबीचको सम्बन्ध, आन्तरिक तनाव, मनस्थितिलाई संवादका माध्यमबाट चर्चा गरेकी छन्। यद्यपि उपन्यासमा प्रमुख सहभागी अक्षय र सापेक्षरूपमा रहेकी पात्र सम्पूर्णा तर अक्षयको जीवनदेखि टाढा हुनपुगेकी देखिन्छे। यसरी उपन्यासकारले अक्षय र सम्पूर्णाबीचको स्थितिलाई चिट्ठीको माध्यमद्वारा प्रस्तुत गरेको अनुभव गर्न सकिन्छ।

**निर्गमन** उपन्यासमा तृष्णा र अक्षय केन्द्रीय गतिशील, गोला, सापेक्ष र सार्वभौम पात्रको रूपमा रहेका देखिन्छन्। उपन्यासमा अर्की पात्र सम्पूर्णा गौण, सहायक, सापेक्ष पात्रको रूपमा चित्रित भएकी देखिन्छे। यसरीनै उपन्यासभित्रका अन्य नारी र पुरुष पात्रहरू सहायक गतिहीन पात्रका रूपमा वर्णित छन्।

उपन्यासको कथानकसँग सम्बन्धित स्थान, समय र परिवेश नै उपन्यासको देश, काल, वातावरण, हो। यही नै उपन्यासको पात्र उभिने र क्रियाकलाप गर्ने प्रयोगभूमि हो। देश,

काल, वातावरणको संयुक्त रूप परिवेश पनि हो, यसमा उपन्यासभित्रका सम्पूर्ण पर्यावरण समाविष्ट हुन्छन्।

उपन्यासकार विन्द्या सुब्बाको औपन्यासिक विशिष्टता देश, काल, वातावरण पनि हो। उनी पात्रका बाह्य तथा आन्तरिक मनोलोकको विचरण गर्दै तिनीहरूका सामाजिक समस्यालगायत व्यक्तिगत समस्या पनि अघि सार्दछिन्। उपन्यासकार युगबोध तथा बौद्धिक सचेततायुक्त लेखक हुन्। त्यसैकारण उनका उपन्यासमा व्यञ्जित कुराहरू सार्वकालीक र जीवनसत्यका नजिक पाइन्छन्। अत: उनका उपन्यासका पात्रहरू देश, काल, वातावरणअनुकूल देखिन्छन्।

उपन्यासकार सुब्बाले तीनैवटा उपन्यासहरूमा विभिन्न स्थानहरूको चर्चा गरेकी छन्। **फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा मूलत: नेपाली समाजको जनजीवन पृष्ठभूमिका रूपमा रहेको छ भने **अथाह** उपन्यासमा पनि नेपाली समजा र बङ्गाली समाजको जनजीवनलाई चर्चा गरिको पाइन्छ। यसरीनै **निर्गमन** उपन्यासमा नेपाली समाजमा र देशदेखि बाहिर अन्य देशको नेपाली समाज पृष्ठभूमिको रूपमा रहेको पाइन्छ। उनका उपन्यासमा रचनागत, क्षेत्रगत र समुदायगत रूपमा चित्रित पात्रहरू देश, काल, वातावरणअनुकूल देखिन्छन्। स्थानीयताको वर्णन, आञ्चलिकबोधक तथा स्वाभाविकता प्रकट गरेको प्रस्तुत उपन्यासले सजीवता झल्काएको पाइन्छ।

देश, कालअन्तर्गत स्थानलगायत उपन्यासको कार्यव्यापारको समय भन्ने पनि बुझिन्छ। उपन्यासकार विन्द्या सुब्बाको पहिलो उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू**मा उपन्यासकारको तरुणावस्थाको समय र अघिको किशोरावस्थाको समयावधिलाई समेटिएको पाइन्छ। यस उपन्यासमा चित्रित नारी पात्र सुधा र नीलम जीवनको तरुणावस्थाको अवधिमा पुगेका हुन्छन् भने यसै उपन्यासकी अर्की नारी पात्र रेशमफूल

किशोरावस्थामा पुगेकी हुन्छे, जसलाई उपन्यासको प्रमुख पुरुष पात्र वासुदेवले आफ्नी विगतकी प्रेमिका सुधाको प्रतिच्छायाका रूपमा उभिएको देख्छ। प्रत्यक्षतः उपन्यासको समयावधि वासुदेवले रेशमफूललाई भेटेदेखि उसका सम्पूर्ण जीवनगाथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सुनाएर वा भनेर फेरि रेशमफूललाई आफ्नो यथार्थ विस्मृतिमा फर्काउँदासम्मको अवधि खर्च भएको छ। यहाँ उपन्यासको कथानक, घटना र समयावधिको सटिक प्रयोगद्वारा उपन्यासमा जीवन्तता ल्याइएको देखिन्छ।

**फूलहरू**, **पहाडहरू**, **धर्साहरू** उपन्यासको तुलनामा **अथाह** तथा **निर्गमन** उपन्यासको समयावधि वा कथानककाल केही लामो र अनौठो किसिमको देखिन्छ। यी दुई उपन्यासमा नारी पात्रहरूको तरुणावस्था लगायत अर्धवैंश अवस्थामा पुगेका स्थितिको चर्चा गरिएको पाइन्छ।

**अथाह** उपन्यासमा परिवेशका रूपमा मधेसको कुनै एउटा महानगरीमा अवस्थित मानसिक चिकित्सालयमा चिकित्साधीन मनोरोगीहरूमध्ये विशेष गरी नारी मनोरोगीहरूमा केन्द्रित रहेको छ।[१६६] विविध प्रकारका विसङ्गति, चरम निराशा र हीनताबोधले सन्तुलन गुमाउन पुगेका पात्रहरूको मनोविश्लेषणात्मक अध्ययन गरिएको हुनाले यस उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भन्न सकिन्छ। उपन्यासको भावभूमि नै मानसिक चिकित्सालय हो। मनोविश्लषणमा आधारित हुनाले मनोचिकित्सापद्धतिलाई अप्नाइएको छ।[१६७] मूलरूपमा मानसिक तत्त्वहरूका बीच हुने द्वन्द्वको सृजन र विकास गरिएको छ। मानसिक विसङ्गति र विकृतिको विभ्रान्तिमय विरोधाभासहरूमध्ये आफन्तबाट अनैतिक शोषणले प्रताडीत बनेकी प्रीतिलाई सिजोफ्रेनीया छ। आफ्ना आन्तरिक व्यथा पोख्न

[१६६] सपन प्रधान, पूर्ववत्, पृ ४

[१६७] कविता लामा, सन् २००५, **दिदृक्षा,** दार्जिलिङ : श्याम प्रकाशन, पृ ८४

नसक्दा मनोग्रस्त बनेकी अभिमानी अपराजिता गीतका असन्तुलित शब्द र सुरहरूमा मस्त देखिन्छे। प्रेमले पिरोलिएकी र कहिले विषाद्, कहिले उन्माद् हुने मेनिक डिप्रेसिस साइकोसिसकी शिकार सन्ध्या यातनापूर्ण जीवन बाँच्न ग्रसित छे, इलेक्ट्रा ग्रन्थिले ग्रस्त भारती, ईर्ष्यालु शशी, बलात्कृत अस्मिता, चेतनाशून्य माया, बाबुद्वारा बेचिएकी गंगा, लोग्नेको यन्त्रणामा परेकी मीरा, अतिभावुक रजत, मक्तिका आरोही राजीव आदि पात्रहरूका विविध मनोग्रन्थिहरू र तिनका मनोलोकीय रहस्यात्मक स्थितिको वर्णन संवेदनशील ढङ्गले गरिएको पाइन्छ। मनोवैज्ञानिक अध्ययनका दृष्टिले असामान्य नारी मनोविज्ञानमा आधारित प्रस्तुत उपन्यास नारीका असामान्य मानसिकता खोतल्न सकेको देखिन्छ।[१६८]

**निर्गमन** उपन्यास भारतीय नेपाली समाज र अन्य देश (अमेरिका) को नेपाली समाज परिवेशका रूपमा रहेको छ। यस उपन्यासमा पनि तरुणावस्थामा पुगेका नारी-पुरुष दुवै पात्रहरू घटनास्थलमा संलग्न देखिन्छन्। नेपाली समाजअन्तर्गत संस्कार-संस्कृति, धर्म परम्परा, रीतिरिवाज, मर्यादा, नैतिकता, पुराना मूल्य र मान्यता आदिबाट उपन्यासकी प्रमुख पात्र तृष्णा वञ्चित रहेकी देखिन्छे भने अर्की नारी पात्र सम्पूर्णाचाहिँ यी सबै कुराको पक्षधरमा रहेकी देखिन्छे। तृष्णाले अचानक गृहत्याग गर्नुले उक्त कुराको पुष्टि गर्न सकिन्छ। उसको पलायनपश्चात अक्षयको जीवनमा परिवर्तन आएको देखिन्छ। तृष्णा असामान्य वा असाधारण कार्यका निम्ति घर परिवार र समाजबाट आकस्मिक भूमिगत हुनु नै अक्षयका लागि ठूलो दुर्घटना भएको छ भने ऊ अन्तर्द्वन्द्वको शिकार हुन पुगेको देखिन्छ। प्रस्तुत उपन्यासको विषयवस्तु सार्वभौमिक तथा समयानुकूल देखिन्छ।

उपन्यासमा सामाजिक-संस्कृतिक, तथा धार्मिक पक्षहरूको चित्रण पनि पाइन्छन्। पात्रका अन्तस्थल उपन्यासकार सुब्बाको कार्यक्षेत्र भएकाले बाह्य वातावरण वा परिवेशलाई

[१६८] सपन प्रधान, सन् २०११, **कृति-कीर्ति**, दार्जिलिङ : गामा प्रकाशन, पृ ९६

उनले त्यति जोड दिएकी छैनन्। तर तिनीहरूको आन्तरिक परिवेश प्रस्तुत गर्नका लागि अत्यावश्यक न्यूनतम बाह्य वातावरणको चित्रण पनि गरेकी छन्। उपन्यासकार पात्रहरूका आन्तरिक मानसिक जीवनसँग निकट भएर सामान्य-असामान्य मनस्थिति भएका पात्रहरूका मानसिक परिवेशलाई सचित्र उतार्नतर्फ उन्मुख भएकी छन्।

दृष्टिबिन्दुले कथावस्तुलाई शुरुदेखि अन्त्यसम्म नै निश्चित उद्देश्यतर्फ उन्मुख गराएको हुन्छ। कथावस्तुलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न प्राविधिक कला दृष्टिबिन्दु हो।

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुमा कथा भनिएको छ। कथावाचक स्वयं उपन्यासको पात्र हो भन्ने कुरा स्वतः ज्ञात गर्न सकिन्छ। उपन्यासभित्र उपन्यासकारको रूपमा वासुदेव उपस्थित रहेको छ। प्रथम पुरुष दृष्टिबिन्दुमा कथा भनिएको हुनाले यो वासुदेवको आत्मकथाजस्तो भएको थाहा लाग्दछ-

"कहिलेकाहिँ आफ्नै जिन्दगीलाई पनि एकातिर राखेर वरबाट हेर्छु म, मेरो 'म' को निम्ति 'म' माथि खोल हालिदिएको हो, कुनै सत्ताधीन जिन्दगी हो।"[१६९] उपन्यासमा लेखक स्वयं आख्याताको रूपमा उभिएको देखिन्छ। म पात्रले प्रत्यक्ष अनुभव गरेका कुराहरू मात्र उसले पाठकलाई बताइरहेको छ। आफ्नो जीवनको सम्बन्धमा, जीवनमा घटेका विभिन्न घटनाले आफूमा पारेको प्रभाव प्रस्तुत गरेको छ। उपन्यासकी पात्र सुधासँग सम्बन्धित अन्य घटनाहरूचाहिँ उसकै मुखबाट बोल्न लगाइएको छ र कथावस्तुको गतिलाई अगाडि बढाइएको पाइन्छ।

---

[१६९] विन्द्या सुब्बा, सन् २००९, पूर्ववत्, पृ १४

उपन्यासको प्रस्तुतिलाई रोचक बनाउनका लागि यथास्थानमा म पात्रको प्रयोगद्वारा पाठकलाई अर्को दृष्टिबिन्दुमा लैजान संवादको पनि प्रयोग गरिएको पाइन्छ। वासुदेव भन्छ-

"विचारहरूमा उल्टो बगेर फेरि म कतातिर फर्केर पुगेछु। कागतमा कविता केही बनिएको छैन, खाली किरिङ मिरिङ बक्ररेखाहरू जस्तो मात्र के-के कोरिएछन्।"[१७०]

प्रथम पुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय हुन्छ। प्रस्तुत उपन्यासमा केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। यहाँ वासुदेव प्रमुख पात्रका रूपमा आएको हुँदा उपन्यासको जिज्ञासा पनि उसमा निहित देखिन्छ। वासुदेव र सुधा दुवैले यही दृष्टिबिन्दुको प्रयोग गरेर आफ्ना बाह्य तथा आन्तरिक मनका उतारचढाव, द्वन्द्व, सङ्घर्षजस्ता सम्पूर्ण कुराहरू प्रस्तुत गरेका छन्। उपन्यासभित्रका घटना र क्रियाकलापहरू प्रत्यक्ष सक्रिय एवम् सहभागी भएकाले आफ्ना अनुभवलाई प्रत्यक्ष अनुभवको रूपमा प्रस्तुत गरेका छन्। यहाँ दृष्टिबिन्दु पुर्णतः आन्तरिक बन्न पुगेको देखिन्छ। यस दृष्टिले हेर्दा यहाँ प्रशस्त मात्रमा वैयक्तिकता देखा परेको पाइन्छ।

**फूलहरू, पहाडहरू, धर्साहरू** उपन्यासको म पात्र वासुदेव हो भने सुधा पनि परोक्षतः म पात्रकै रूपमा प्रस्तुत भएकी छ। आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरेर उपन्यासकारले आफ्ना स्वर, अनुभव र विचारहरूको प्रस्तुति दिएको पाइन्छ। वासुदेवले वर्तमानबाट कथानक शुरु गरेर, स्मृतिको सहयोग लिएर कथानकलाई अघि बढाइएको पाइन्छ। ऊ प्रत्यक्ष रूपमा कथावाचक भएर उभिएको छ भने सुधाचाहिँ सोझै पाठकलाई आफ्नो जीवनस्मृति नसुनाएर वासुदेवका माध्यमबाट सुनाएकी छे। उपन्यासमा वासुदेव

---

[१७०] पूर्ववत्, पृ ७६

मानसिक अन्तर्द्वन्द्वभित्र झेलिन पुगेको छ र सुधाचाहिँ वासुदेवको पीडाको कारण बन्न पुगेकी देखिन्छे। मनोवैज्ञानिक प्रणालीमा मुक्त साहचर्य पद्धतिद्वारा सुधालाई बाधारहित रूपमा आफ्ना अनुभव र अनुभूतिहरू प्रकट गर्न लगाइएको छ। उपन्यासको प्रमुख पात्र वासुदेव हो भने तुलनात्मक रूपमा उपन्यासमा सुधाको स्थिति गौण रहेको देखिन्छ। ऊ कथन प्रस्तुतिको माध्यम भएर देखा परेकी छ। वासुदेवको सन्दर्भमा सुधा निरपेक्ष रूपमा सूचनावाहक मात्र बनेकी छ। यसका अतिरिक्त उपन्यासका पात्रहरूका बाह्य क्रियाकलाप, मानसिक जटिलताहरू, आवेग आदि कुराहरू केलाउन र भन्न सक्ने क्षमता कथावचाकमा देखिन्छ। उपन्यासभित्र वक्ता आफूले चाहेको ठाउँ र समयमा पस्न र निस्कन सक्छ। यस्तो किसिमको प्रयोगले प्रत्येक पात्रका मानसिक गतिविधि, आवेग, खण्डित विचारप्रवाह आदि समातिरहेको हुन्छ। यहाँ मनोवाद, संवाद, वर्णन, विश्लेषण, चेतन र अचेतनको द्वन्द्व, विम्ब, प्रतीक, चेतनाप्रवाहशैली, पूर्वदीप्तिप्रणालीको पनि प्रयोग गरेर कथानकलाई अघि बढाइएको पाइन्छ। प्रस्तुत उपन्यासमा दृष्टिबिन्दुले पाठकको कौतुहलताको निदान दिन सकेकाले उपन्यासकारको उद्देश्यमा सामञ्जस्य देखिन्न तापनि घटनास्थितिले भने उचित स्थान लिन सफल देखिन्छ।

**अथाह** उपन्यासको आख्याताले आन्तरिक दृष्टिबिन्दु अर्थात् प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ। अंशतः कतै कतै भने आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुलाई पनि सन्तुलित रूपमा अप्नाइएको छ। उपन्यासकारले प्रथम पुरुष वा म  पात्रको रूपबाट आख्यानकथन गरिएको हुनाले प्रस्तुत उपन्यास एउटा आत्मपरक उपन्यास सिद्ध भएको देखिन्छ। यस सन्दर्भमा कतै कतै सुक्ष्मावालोकनका अतिरिक्ति विहङ्गावलोकनको समेत

मिश्रण गरी उपन्यासकार सुब्बाले आफ्नो उपन्यासको सीमाभित्र सम्भाव्य नाटकीयताको पनि समावेश गरेकी छन्।[१७१]

उपन्यासमा म पात्रले प्रत्यक्ष अनुभव गरेका जीवनको सम्बन्ध, पेशालगायत अन्य विभिन्न घटनाले आफूमा पारेका प्रभाव प्रस्तुत गरेको पाइन्छ। प्रस्तुत उपन्यासमा पात्रका अतीतावलोकन, आत्मलाप, अन्तर्द्वन्द्व जस्ता आख्यानकथन पद्धतिलाई प्रयोग गरिएको छ। उपन्यासका अधिकांश पात्रहरू सामाजिक यातना, मानसिक तनाव, विसङ्गति, चरम निराशाका शिकार भएका छन् भने कथावाचक उपचारिका भएर उभिएको पाइन्छ। यीबाहेक उपन्यासमा बाह्य क्रियाकलाप, मानसिक जटिलता, आवेग संवेग, मनोवाद, मनोविकृति, संवाद, पूर्वदीप्तिशैली, इद वृत्तिको उपस्थापन आदिका प्रयोग गरेर पनि कथानकलाई विकासतर्फ लगिएको पाइन्छ।

**निर्गमन** उपन्यास पनि प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको पाइन्छ। प्रस्तुत उपन्यासमा म पात्रद्वारा कथावाचन गरिएको छ। उपन्यासको प्रमुख पात्र अक्षय उपन्यासभित्र कथावाचक अर्थात् उपन्यासकारमा अवतरित भएको देखिन्छ। प्रथम पुरुष दृष्टिबिन्दुमा कथा भनिएको हुनाले यो उपन्यास अक्षयको आत्मकथा बन्न पुगेको छ। अक्षय भन्छ-

"तिमीले नै दिएको यो चेत, मलाई देखाएको यो बाटो, अब सबै सम्हालिदेऊ तिमी नै।"[१७२] उपन्यासमा म पात्रले प्रत्यक्ष अनुभव गरेका कुराहरू उसले पाठकलाई बताइरहेको देखिन्छ। उपन्यासमा वर्णित विभिन्न घटनाहरूले अक्षयमा पारेका प्रभाव, आफ्नो पीडा, कुण्ठाको प्रस्तुत गरेको छ। उपन्यासकी प्रमुख पात्र तृष्णासँग सम्बन्धित

---

[१७१] सपन प्रधान, पूर्ववत्, पृ ५

[१७२] विन्ध्या सब्बा, सन् २००६, पूर्ववत्, पृ १३१

अन्य घटनाहरूचाहिँ उसकै मुखबाट बोल्न लगाइएको छ। उपन्यासमा काहीँ काहीँ भने अक्षय आफ्नो विचार, अनुमान, सम्भावित सोचद्वारा कथावस्तुको गतिलाई अघि बढाएको छ। **निर्गमन** उपन्यासको कथावस्तु अन्य दुईवटा उपन्यासको तुलनामा केही बेग्लै र अनौठो किसिमको रहेको छ। उपन्यासकी मूल पात्र तृष्णाद्वारा कुनै ठोस् अभीष्टका निम्ति अचानक गृहत्याग गर्न लगाइएको छ र जीवनको मूल्यबोधप्रति सचेत तुल्याइएको छ। यही घटनाको कारण अक्षयको जीवनमा धेरै चुनौति, समस्या, मानसिक कुण्ठा, जिम्मेवारी, कर्तव्यबोध हुनथालेपछि उसले जीवन बाँच्ने क्रममा यी सबै समस्याका समाधान र जीवनको रहस्यमय स्थितिलाई बुझ्ने प्रयासमा गरेको अनुभूत हुँदछ। यसरी उपन्यासको सेरोफेरो अक्षयको जीवनवृत्ति वरिपरि घुमेको देखिन्छ। उपन्यासमा अक्षयको उपस्थिति प्रमुख सहभागीका रूपमा रहेको हँदा उपन्यासको मूल ध्वनि, जिज्ञासा पनि उसमा नै निहित देखिन्छ।

प्रस्तुत उपन्यासमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ। यस दृष्टिले हेर्दा यहाँ वैयक्तिकताको झलक रहेको पाइन्छ। अक्षयले वर्तमानबाट कथानक शुरु गरेर, स्मृति र अतीतको सहयोग लिएर कथावस्तुलाई उचित रूपमा प्रस्तुत गरेको छ। ऊ प्रत्यक्ष रूपमा आख्याता भएर उभिएको छ भने तृष्णाचाहिँ सोझै पाठकलाई आफ्नो जीवनस्मृति नसुनाएर अक्षयका माध्यमबाट सुनाएकी छ। उपन्यासका पात्रहरूका बाह्य क्रियाकलाप, संवाद, वर्णन, विश्लेषण, विम्ब, प्रतीक, पूर्वदीप्तिप्रणाली, चेतन र अचेतनको द्वन्द्व, असामान्य स्थितिको पनि प्रयोगले गर्दा कथानक अझ बढी रोचक बन्न गएको देखिन्छ। अक्षय सापेक्ष पात्र हो भने उसको तुलनामा तृष्णा निरपेक्ष भएर सूचनामात्र दिइरहेकी हुन्छे। प्रस्तुत उपन्यासमा प्रयोग गरिएको दृष्टिबिन्दुले पाठकको कौतुहलतालाई चरम

उत्कर्षमा आरोहण गरिए तापनि कथावाचकको उद्देश्यमा सामञ्जस्य पाउन नसकेको अनुभव हुन्छ। यद्यपि कथावस्तु, कथनपद्धति भने युगसापेक्ष बन्न पुगेको देखिन्छ।

आश्चर्यबोध, अनौठो घटनाले पाठकलाई आश्चर्यचकित तुल्याउँदै उपन्यास समाप्त हुन्छ। पाठक अन्योलमा पर्दछ, यहीनै प्रस्तुत उपन्यासको नविन जीवनदर्शन, नयाँ कार्यव्यापार र काव्य सौन्दर्य हो भनेर भन्न सकिन्छ। उपन्यासकार विन्धा सुब्बाका यी तीनैवटा उपन्यासमा प्रयोग गरिएको दृष्टिबिन्दुमा एकरूपता पाइन्छ। यसले उपन्यासको प्रवाहलाई प्रभावकारी बनाएको देखिन्छ। दृष्टिबिन्दुको सिर्जनात्मक प्रभाव र कथनपद्धतिले उपन्यासमा पाठकको ध्यान बेलाबेलामा अन्त्यै गए तापनि फेरि विचारप्रवाहद्वारा पाठकको ध्यान आकर्षित गरेको पाइन्छ। दृष्टिबिन्दुले कथावचकको अवस्थितिलाई बुझाएको अनुभूत पाइन्छ भने उपन्यासका संरचनात्मक घटनाहरूलाई पनि सँगसँगै समेटेको पाइन्छ। निष्कर्षमा भन्न सकिन्छ तीनैवटा उपन्यास दृष्टिबिन्दुका दृष्टिले उपयुक्त बनेका छन्।

भाषाका माध्यमबाट साहित्यले अभिव्यक्ति पाएको देखिन्छ। उपन्यास गद्यविधाअन्तर्गत पर्ने भएकाले यसमा गद्यभाषाको प्रयोग गरिएको पाइन्छ। उपन्यासको भाषा वर्णनात्मक वा विश्लेषणात्मक गरी दुई प्रकारको पाइन्छ। यद्यपि आजभोलिका उपन्यासमा वर्णनात्मक वा विश्लेषणात्मक भाषाको मात्र प्रयोग नभएर कवितात्मक भाषा, संवादात्मक नाटकीय भाषाको पनि प्रयोग गरिएको पाइन्छ।

उपन्यासकार विन्धा सुब्बाले उपन्यासलेखनमा नितान्त बेग्लै शैलीको प्रयोग गरेको पाइन्छ। उनी पाठकलाई  प्रभाव पार्ने र आकर्षित गर्ने किसिमको भाषाशैली प्रयोग गर्दछिन्। उपन्यासकार सुब्बाका तीनैवटा उपन्यासहरू **फूलहरू**, **पहाडहरू**, **धर्साहरू**, **अथाह** र **निर्गमन**मा संवेदनशील, शिष्ट, आदरपूर्ण,  स्वाभाविक, व्यावहारिक, सम्प्रेषणीय भाषाको

प्रयोग गरेको देखिन्छ। यसका अतिरिक्त आध्यात्मिक दर्शनमा ओतप्रोत, आत्मपरक विश्लेषण, प्रभावकारी शब्दशक्ति, घटनाक्रमलाई विस्तृति दिने प्रसङ्गमा उपन्यासकारले उपयुक्त शब्दको प्रयोग गरेको देखिन्छ। भाषाशैलीगत दृष्टिले हेर्दा उनका उपन्यासहरूको भाषिक विधान काहीँ गम्भीर देखिए तापनि पाठकप्रति कौतुहलता उत्पन्न गराउने किसिमको क्षमता उनमा देखिन्छ। पात्रको स्तर, उमेर, परिवेश र स्थितिअनुसार संवाद-योजना, विषयवस्तु तथा उद्देश्यअनुरूपको प्रस्तुति गरिएको हुनाले उनका उपन्यास जीवन्त बनेको बोध गर्न सकिन्छ। उनले उपन्यासमा दिन खोजेको चिन्तन र भाषाशैली परस्परसम्बन्धित देखिन्छ। पात्रको स्तरअनुसारको भाषा प्रयोगद्वारा पात्रका भित्री मनका रहस्य उद्घाटन गर्नु उपन्यासकार सुब्बाको भाषिकदक्षता मानिन्छ। उनी घटनाको वर्णनमा मात्र नभएर घटनास्थिति र चरिचत्रका विश्लेषणमा बढी अभिरूचि राख्छिन्। अतः उनको औपन्यासिक लेखन विवरणात्मक, वर्णनात्मक र भावप्रवण किसिमको नभई मूलतः आत्मविश्लेषणात्मक शैलीको प्राधान्य रहेको स्पष्ट देखिन्छ। उपन्यासमा विभिन्न प्रसङ्ग र सन्दर्भमा संवादको प्रयोगसँगसँगै मनोवाद र एकालापको समेत प्रयोग भएको भेटिन्छ। उपन्यासमा कतिपय घटनास्थिति, अवस्था वा घटनासन्दर्भमा वस्तुको चित्रमय तस्वीर पाइन्छ। पात्रका आन्तरिक मनोदशालाई सूक्ष्म रूपमा प्रस्तुति दिन सोहीअनुरूपको उपयुक्त भाषा प्रयोग गरिएको पाइन्छ।

उपन्यासकार सुब्बाका उपन्यासमा कतिपय ठाउँमा स्थानीय आञ्चलिकताबोधक कथ्यबोलीको प्रयोग पाइन्छ। **अथाह** उपन्यासमा दार्जिलिङको पहाड र सुन्दर प्रकृतिप्रति उपन्यासकारको प्रेम परिलक्षित देखिन्छ-

"म दार्जिलिङमा थिएँ, तकभर कमानमा र गीत पनि जान्दछु त -हेर ती गाउँमा रमाइलो ठाउँमा बज्यो मादल।"[१७३]

उनका उपन्यासमा दार्जिलिङपनाको आभास हुने हुनाले कवितात्मक विम्बको प्रयोग गरिएको पनि देखिन्छ-

"कसैले मलाई पागल भने

म विरोध गर्छु त्यसको

तर तिमीले यदि पागल भने

धन्य हो त्यो पागलपन

धन्य, म पागल तिम्रो निम्ति।" [१७४]

उनका औपन्यासिक प्रस्तुतिमा संस्कृत तत्सम् शब्द, नेपाली ठेट शब्द, झर्रा शब्द, आगन्तुक शब्द र अनुकरणात्मक शब्दहरू पनि प्रशस्त रूपमा रहेका पाइन्छन्। उदाहरणार्थ **निर्गमन** उपन्यासमा संस्कृत तत्सम् शब्दहरूको यथास्थानमा प्रयोग भएको भेटिन्छ; शयनकक्ष, निमग्न, अभियान, प्रतिबद्धता, असाध्य, अभीष्ट, गृहस्थी, गृहणी, समर्पण, निर्लज्ज, सान्निध्य, विस्मृत, आराध्य, अभिज्ञता, विलक्षण, आत्माभिमानी, सहिष्णुता, निर्वासन, अभिप्रेरणा, कृतज्ञ, कृतज्ञता, अस्मिता, निर्विकार, आत्मविस्मृत, मन्तव्य, स्नग्ध, स्मित, चिरस्मरणीय, अपयश, प्रस्तावना आदि। प्रस्तुत उपन्यासको तुलनामा **अथाह** र **फूलहरू**, **पहाडहरू**, **धर्साहरू** उपन्यासमा धेरै कम रूपमा तत्सम् शब्द प्रयोग गरिएको पाइन्छ।

---

[१७३] विन्द्या सुब्बा, सन् १९९९, पर्ववत्, पृ ७

[१७४] पूर्ववत्, पृ ३०

उपन्यासकार सुब्बाका उपन्यासमा अङ्ग्रेजी, बङ्गाली, हिन्दी भाषाबाट भित्रिएका शब्दहरूले गर्दा स्थानीय एवम् आञ्चलिकताबोधक भाषाशैली पाइन्छ र नेपाली भाषाका शब्दभण्डार भरिन पुगेको देखिन्छ। उनको **निर्गमन** उपन्यासमा अङ्ग्रेजी भाषामार्फत भित्रिएका शब्दहरू तथा अङ्ग्रेजी कटुमिश्रण शब्द र पदावलीहरूमा एन्टिसेप्टिक क्रिम, जोन्सवस्टिक, कलेज, टिफिन, स्कूल, नर्भस, लिथियम, हाइड्रोजन ग्यास, आइस्क्रिम, केरियर, टेलिफोन, प्रोफेसर, ड्रेसिङ टेबल, वार्डरोब, फायल, डाइरी, हाइफाइ, प्लास्टिक ब्याग, प्याकेट, रजिष्टर, मूड, टेबल रोटेशन, फेबर, सिरियस, आर्ट, आर्टिस्ट, आर्ट पेपर, डिप्लोमा, स्केच पेन, कलर सेट, टेबल ल्याम्प, फाइन आर्टस, सर्टिफिकेट, कम्प्युटर, अफसेट, अफसेट प्रिन्टर्स, कमिटमेन्ट, फेस्टुन, राइटिङ पेड तथा नर्सरी स्तर, सानो हाफप्यान्ट, ब्लेजरको कोर्ट, टेबलल्याम्प जलाएर, सात-आठ क्लास, टेबल-चौकी, कलेजियन केटी, क्रिकेटको बल, नयाँ क्लासको, कम्प्युटरमा टंकन, साथै वेरी गुड माइसन्, आइ एम मिसिङ आमा, आइ एम टू, आइ रियल्ली मिस हर सो अफन, तिमीसँग त मेरो Love at first sight हो नी, बी प्रेक्टिकल आदि रहेका छन्।

यसरीनै **अथाह** उपन्यासमा पनि डायरी, कलबेल, फ्रेम, सिन्थेटिक, क्लाइन्ट, साइकियाट्रिक, सोफा, नर्सिङ्ग, डिग्री, रेलिङ्ग, क्लिनिक, कर्लिङ्ग, ह्याङ्ग ओभर, फाइल, डिस्टर्व, सिजोफेनिया, होस्टेल, मेनिक डिप्रेसिस साइकोसिस, फेन्टेशी, साइकाईट्रिष्ट, प्राइवेट, रोमान्टिक, करेन्ट, ओपरेशन थियेटर, पुलिस, बी.ए., अम्बासडर, वेस्ट फ्रेन्ड, एड्जस्टमेन्ट, लेक्चर, लाइब्रेरी, रेस्टुरेन्ट, पेप्सी, क्लास, शो केश, होटल, प्लास्टिक, फिल्टर, एसिड, आन्टी, एक्यूरियम, सिस्टर, रिमोट कन्ट्रोल, प्लेटफार्म, बी.एस.सी, स्टाम्प, अफिसर, मेडम, चक्लेट, रिलेक्स, म्यूजिक सेट, अडियो भिडियो, कम्युनिकेट, क्यारामवोर्ड, सेलोफिन, रेगुलेटर, सिग्रेट, थैंक्यू, ब्रेन, इमोशन, क्यालेण्डर, प्लेट, पोष्ट, विल्स, सोमनामबुलिज्म तथा सानो डायरीमा, ढोकाको कलबेल,

फ्रेममा राखेका, एउटा सोफाको, नर्सिङ कलेजकी, एउटा डिग्री, मोटो रेलिङ्ग, मनोचिकित्सकको क्लिनकमा, कर्लिङ्ग परेको, रोमान्टिक रूप, आफ्नो क्लाइन्ट, टिफिन बक्समा, बी.एस पढेकी, सेतो अम्बासडर, तिम्रो वेस्ट फ्रेन्ड, कलेजका लेक्चरहरू, रेस्टुरेन्टमा बसेर, शो केशभित्र, फिल्टरको पानी, प्लास्टिकको थैलो, सिस्टर आन्टिसँग, लामो प्लेटफार्म, लिफा र स्टाम्प, नीलो सेलोफिन, खैनी सिग्रेट, मान्छेको ब्रेन, पितलको प्लेट, विल्सका प्याकेटहरू साथै यू आर मेड फर इच अदर, I like you, will you remember me?, कुड यू प्लिज डु मी अ फेवर? आदि रहेका पाइन्छन्।

उपन्यासकार सुब्बाका उपन्यास **फूलहरू**, **पहाडहरू**, **धर्साहरू** र **अथाह**मा भन्दा बढी **निर्गमन** उपन्यसमा प्रशस्त मात्रामा क्रियायुक्त, क्रियामुक्त, पदावलीको पदलालित्मय समुचित प्रयोग भएको भेटिन्छ। दृष्टान्तका निम्ति उपन्यासमा प्रयुक्त क्रियायुक्त र क्रियामुक्त पदावलीहरू यसप्रकार पाइन्छन्- अनन्त ज्ञानको तृष्णा, अनुरागका तरङ्गहरू एकान्त कामना, अज्ञात मार्ग, मनको तुमूल द्वन्द्व, आत्मघाउको पीडा, मनको असीम अनुराग, अगम रहस्य, ओझल सत्य, निराकार सत्य, सीमाहीन आकाङ्क्षा, दोषपूर्ण आँखाहरू, मनको आँखा खोल्नु, आशाको छायाँ, अभीष्टको खोज, उज्यालो भाव, अटल सत्य, अनन्त आकाश, अदृश्य सत्ता, आत्मगौरवको अनुभूति, जीवनको नियति, जीवनको अज्ञात सत्य, अप्रकट सत्यको उद्घाटन, असुविधाहरूको अभाव, अन्जान प्रेरणा, मौसमका फूलहरू, एकान्त क्षणहरूमा, रातको अन्धकारमा, अप्रियताबोध, पारदर्शी आँखाको शीशा, विद्रूप भल, आपारदर्शी कालो चश्मा, तीतो घटना, सिरसिरे शीतल बतास, अदृश्य दिशाहरू, एक प्रगाढ अन्धकार, अज्ञात गर्भ, अनन्य विद्रोह, समयको अज्ञात गर्भभित्र, स्वर्गको नैसर्गिक फूल, पीडामय निर्णय, असीम विविधता, उदारताको मानदण्ड, अत्याज्य दायित्व, अक्षय विचार, भीषण मौनता, पुरुष अभिमान, गृहस्थीको सुख, खण्डित गृहस्थी, नितान्त निर्विकल्प, अन्तस्थ

जगत, अलिखित सूक्ष्म सत्यहरू, एउटा चिसो मौनता, अस्तित्वको आभास, अदृश्य अभिप्रेरणा, आत्मिक सम्बन्ध, तरल प्रेमभाव, निःशब्द केवल विस्मित, अजस्र आँसु, अदम्य दुःसाहस, चेतनाका निर्बाध अभिव्यक्तिहरू, गहिरा आँखा, विप्लवी आँखाहरू, मर्यादाको सीमाभित्र, अज्ञात खुशी, अनन्त श्रद्धा, मनका अज्ञान छालहरू, आत्महीनताको पीडा, समयका निर्मोही छापहरू, अज्ञान पीडाबोध, जीवनदायी नदी, भावावेगका छालहरू, मनको आँखाबाट आदिलाई लिन सकिन्छ।

उपन्यासमा नेपाली ठेट झर्रा शब्द, अनुकरणात्मक शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ। तसर्थ उपन्यासकारका उपन्यासहरू पढ्दा पाठकले आफ्नोपनाको अनुभूति बोध गर्दछ। अनुकरणात्मक शब्दहरूको प्रयोगद्वारा उपन्यास रोचक र आकर्षित बनेको देखिन्छ। जस्तै- रनक्क, गजक्क, ठक्क, छ्याप्प, दिक्क, छताछुल्ल, गमक्क, ङिच्च, गम्म, थपक्क, सिनिक्क, झमक्क, चिटिक्क, स्वाट्ट, च्वास्स, छक्क, मुसुक्क, सुटक्क, पलुक्क, चट्ट, ढुक्क, खिसिक्क, थपक्क, ठ्याक्क, च्याप्प, टुक्रुक्क, पटकै, भताभुङ्ग, झुलुक्क, झुरूप्प, भुतुक्कै, एक्कासी, चकमन्न, झ्ल्यास्स, छताछुल्ल, हत्तपत्त, निथ्रुक्क, खुरुक्क, थ्याच्च, बुरुक्क, जुरुक्कै, गजक्क, मिलिक्क, तल्तल्, खिस्रिक्क, वाक्क, लुटपुटु, झझल्को, निर्धक्क, सुमुसुमु, फट्याकफुटुक, झमझम, टुलुटुलु, ठम्ठम्, धकधकी, गद्गद आदि। यसरीनै द्वित्व प्रक्रियाबाट बनेका साम्यध्वनियुगल शब्दहरूमा- ओहरदोहोर, तरह-तरह, तानातान, फुईं-फुईं, प्रहर-प्रहर, छपलङ्ग-छपलङ्ग, मसक्क-मुसक्क, हतार-हतार, खचाखच, बल्ल-बल्ल, झुप्पा-झुप्पा, फत्रक्-फत्र्क, बुरुक-बुरुक तथा झर्कोफर्को, तानाबाना, सितिमिति, लहनतहन, अटेसमटेस, हस्याङ-फस्याङ, उथुलपुथुल, अलगथलग, हल्लाखल्ला, जसोतसो, नातागोता, हाबीजाबी, नक्साफक्सा, लुवाइ-खुवाइ, यताउता, जल्दोबल्दो, घच्याकघुचुक प्रभृति शब्दहरूलाई लिन सकिन्छ।

कतिपय सन्दर्भमा उपन्यासकार सुब्बाले शब्दलाई प्रतीकात्मक रूपमा पनि प्रयोग गरेकी छन्। भाषामा प्रतीक प्रयोग पनि सम्प्रेषणको एउटा माध्यम भएर उभिएको पाइन्छ। यसले सीधा अर्थ नदिएर लक्षित अर्थ प्रदान गरको पाइन्छ। मनौवैज्ञानिक उपन्यासहरूमा प्रतीक प्रयोगको व्यापकता पाइन्छ। यसै दृष्टिले हेर्दा उनका तीनैवटा उपन्यासको शीर्षकले प्रतीकात्मक अर्थ बोकेको पाइन्छ।

उपन्यासकार सुब्बाका उपन्यासहरू **फूलहरू**, **पहाडहरू**, **धर्साहरू** र **निर्गमन**को तुलनामा **अथाह** उपन्यासको भाषिक संरचना केही दुर्लब र त्रुटिपूर्ण रहेको देखिन्छ। यसका अतिरिक्त प्रस्तुत उपन्यासको वाक्यगठन र कथनपद्धति पनि खज्मजिएको देखिन्छ। यद्यपि उपन्यासमा दृश्यविधान, नाटकीकरणको प्रक्रिया, दृश्यखण्ड तथा छरिता संवादद्वारा तीव्र गतिले उपन्यास अगाडि बढेको देखिन्छ। पात्रका मानसिक रोगको वर्णन मनोविज्ञानका सही शब्दचयनद्वारा गरिनु **अथाह** उपन्यासको उपलब्धि मानिन्छ।

कवितात्मक विम्ब, अनुप्रासमय वाक्य संयोजन तथा आलङ्कारिक शैलीको प्रयोग गरिएका उपन्यासको उदाहरण निम्नलिखित रहेका छन्-

१ जीवनको मूल्यबोध खोजीको तृष्णा,

केही परिवर्तनहरूको तृष्णा र समग्रमा नयाँ नयाँ ज्ञानको तृष्णा।[१७५]

२ मेरो जीवनको अर्को भाग त्यसै छ बाटो खोज्दै, दिशाहरू खोज्दै।[१७६]

---

[१७५] विन्ध्या सुब्बा, सन् २००६, पूर्ववत्, पृ १९

[१७६] पूर्ववत्, पृ २५

३  जीवनको एउटै उद्देश्य छ ज्ञान प्राप्त गर्नु। ज्ञान जो नै संसार र यो जीवनको अन्तिम सत्य हो। जीवनको शाश्वत  माङ्ग हो। बाँकी सबै अस्थायी, क्षणिक र भ्रान्तिहरू मात्र।[१७७]

४  कागजको एउटै टुक्राले तहसनहस् बनाइदिन सक्छ उसको संसारलाई।[१७८]

यसका अतिरिक्त उपन्यासकार सुब्बाको उपन्यासमा जीवनदर्शनमूलक सन्दर्भलाई पनि यसरी टिपेका पाइन्छन्-

१  आत्माका खुसी सबै खुसीहरूभन्दा ठूलो र साँचो हुँदोरहेछ।[१७९]

२  म निरर्थक जीवन बाँचेर निःसार मृत्यु मर्न चाहन्नँ।[१८०]

३  सत्य जहिले पनि भित्र लुकेको हुन्छ।[१८१]

प्रस्तुत उपन्यासमा प्रचलित उखान-लोकोक्तिहरूलाई केही सामान्य परिवर्तन गरी सन्दर्भअनुसार वस्तु र परिवेशसित ठिक्क मिल्ने गरी प्रस्तुत गरिएको पाइन्छ। उदाहरणको रूपमा लिन सकिन्छ: मही पनि माग्नु, ढुङ्ग्रो पनि लुकाउनु।[१८२]

---

[१७७] पूर्ववत्, पृ १४१

[१७८] पूर्ववत्, पृ ७४

[१७९] पूर्ववत्, पृ १३०

[१८०] पूर्ववत्, पृ १४०

[१८१] पूर्ववत्, पृ ६३

[१८२] पूर्ववत्, पृ ११०

## ४.२ निष्कर्ष

उपन्यासकार विन्धा सुब्बाको मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

उपन्यासकार विन्धा सुब्बाले आफ्ना तीनैवटा उपन्यासहरूमा कथानकलाई भन्दा बौद्धिक चेतना र नयाँ जीवनदर्शन दिन खोजेको पाइन्छ।

उनका उपन्यासभित्र घटनाहरूको सूक्ष्म आयोजन पाइन्छ भने पात्र पात्राहरूको चारित्रिक विशेषतालाई प्रकाश पार्न विशेष जोड दिएको पाइन्छ।

पात्रविधानअन्तर्गत पात्रको बाह्य तथा आन्तरिक रूपलाई प्रष्ट पार्न वर्णन, विश्लेषण, संवाद, मनोवाद, आवेग, संवेग तथा अन्तर्द्वन्द्वको चित्रण पाइन्छ।

पात्रका आन्तरिक मानसिक वृत्तिहरूलाई प्रकाशमा ल्याउनका लागि मनोविश्लेषणात्मक विधिको प्रयोग गरेको देखिन्छ। जसअन्तर्गत पूर्वस्मृतिको आह्वान, मुक्त साहचर्य पद्धति, चिट्ठीपत्रको सहयोग, प्रतीक र विम्बको सहयोग र नाटकीय विधिको सटिक प्रयोग गरिएको पाइन्छ।

देश, काल, वातावरणको चित्रण सूक्ष्म तथा संक्षिप्त रहेको पाइन्छ। उपन्यासकारको उद्देश्य यसको उपयुक्त पृष्ठभूमिमा पात्रको चरित्र निर्माण गरेर तिनलाई देश, काल, समयसापेक्ष बनाएको देखिन्छ।

उनका तीनैवटा उपन्यासमा दृष्टिबिन्दुको एकरूपता पाइन्छ। उपन्यासमा पाठकको रूचिलाई अन्त्यसम्म कायम राख्न सकेको देखिन्छ। प्रथम पुरुष म पात्र अर्थात् आन्तरिक दृष्टिबिन्दुबाट तीनैवटा उपन्यासको भावभूमि निर्माण गरिएको पाइन्छ।

भाषाशैलीको प्रयोग पनि विषयवस्तु र उद्देश्यअनुरूपको देखिन्छ। पात्रका स्तरअनुसारको सामान्य भाषाको प्रयोग गरिएका उनका उपन्यासहरूमा प्रतीक र विम्बहरूको प्रयोगद्वारा थप आकर्षक प्रधान गरेको देखिन्छ।

प्रतीक र विम्बको चित्रण पात्रका मानसिक द्वन्द्व प्रस्तुतिका लागि प्रयोग गरिएको पाइन्छ। उपन्यासमा पात्रले आ-आफ्ना प्रतीक र विम्बको काम गरेका छन् भने अर्कोतिर कुनै स्थिति, घटना वा परिवेशले प्रतीकात्मक अर्थ बोकेको परिलक्षित हुँदछ।

कथानकको प्रारम्भ र विकास,उत्कर्ष, चरमोत्कर्ष हुँदै समापनमा पुगेपछि सारवस्तु लक्षित मार्गबाट केही विचलित भएको प्रतीत हुँदछ। उपन्यासमा उद्देश्यका लागि देश, काल, वातावरण र घटनाको सृष्टि पनि विषयवस्तुअनुकूल रहेको देखिन्छ तापनि उद्देश्यप्राप्तिका लागि पात्र वा चरित्रहरू पनि सक्षम देखिन्छन् भने कतिपय पात्रमा चारित्रिक दुर्बलता, मानसिक कमजोरी तथा मानसिक विचलन ल्याइदिएर उद्देश्यप्राप्तिमा बाधा पुऱ्याएको देखिन्छ। वास्तवमा यहीनै उपन्यासकार विन्द्या सुब्बाका उपन्यासमा पाइने काव्य सौन्दर्यचेत हो भन्न सकिन्छ।

उनका तीनैवटा उपन्यासको शीर्षक पात्रको क्रियाकलाप र घटनासँग जोडिएको पाइन्छ। पात्रविशेषलाई उपन्यासको केन्द्रियबिन्दु बनाएर घटनास्थितिको सिर्जना गरिएको तथा शीर्षक र विषयवस्तुका बीच अन्तर्सम्बन्ध देखाउँदै शीर्षकचयन गरिएकोले औचित्यपूर्ण देखिन्छ।

# पाँचौं अध्याय

# ५ शोधनिष्कर्ष

## ५.१ शोधनिष्कर्ष

**नारी मनोविशेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचना** शीर्षकअन्तर्गत शोधकार्य प्रस्तुत गरिएको यस लघु शोधप्रबन्धको पहिलो अध्यायमा शोधकार्यको परिचय दिइएको छ। यस क्रममा शोध शीर्षकको परिचय, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोध सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन स्रोत, शोधको सैद्धान्तिक आधार र ढाँचासम्बन्धि विषयहरूमा प्रकाश गरिएको छ।

शोधप्रबन्धको दोस्रो अध्यायमा आधुनिक नेपाली उपन्यासमा मनोविज्ञानको परम्परा र प्रवृत्तिअन्तर्गत नेपाली उपन्यासको पृष्ठभूमि, विकास- परम्परा, स्वरूप, प्रवृत्ति, मनोविज्ञानको थालनी र विकास तथा शोधप्रबन्धका लागि आवश्यक सैद्धान्तिक स्वरूप उल्लेख गरिएको छ। यस कुराको पुष्टि गर्नका लागि सिग्मण्ड फ्रायड र आधुनिक मनोविज्ञान, सामान्य-असामान्य मनोविज्ञानलाई आधार मानिएको छ।

तेस्रो अध्यायमा नारी मनोविश्लेषणका दृष्टिले विन्ध्या सुब्बाका उपन्यासको विवेचनाअन्तर्गत उपन्यासकारको परिचय, नारी मनोविज्ञानका आधारमा विन्ध्या सुब्बाका तीनवटा उपन्यासहरूमध्ये फूलहरू, पहाडहरू, धर्साहरू, अथाह र निर्गमनको विवेचना गरिएको छ। यस अध्यायअन्तर्गत प्राप्त निष्कर्षलाई बुँदागत रूपमा उल्लेख गरिएको छ।

चौथो अध्यायमा आधुनिक नेपाली उपन्यास परम्परामा विन्ध्या सुब्बाको स्थान निर्धारण गरेर उनले आधुनिक नेपाली उपन्यासलाई पुऱ्याएको योगदानबारे चर्चा गर्दै विन्ध्या सुब्बाको मूल्याङ्कन पनि गरिएको छ।

पाँचौं अध्यायमा समग्रतामा प्रस्तुत लघु शोधप्रबन्धबाट प्राप्त निष्कर्षलाई बुँधागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

आधुनिक नेपाली उपन्यास परम्परामा मनोविज्ञानको प्रयोग गोविन्दबहादुर मल्ल गोठालेबाट भएको पाइन्छ। यही प्रवृत्तिलाई अँगाल्दै उपन्यासकार विन्ध्या सुब्बा अघि बढेकी छन्।

आधुनिक नेपाली उपन्यासमा मनोवैज्ञानिक अवधारणाको विकासमा हुर्किएको उपन्यासकार सुब्बाका उपन्यास **फूलहरू, पहाडहरू, धर्साहरू, अथाह र निर्गमन**ले भारतीय नेपाली उपन्यासको विकास परम्परामा थप योगदान दिएको पाइन्छ।

उपन्यासकार सुब्बाका तीनैवटा उपन्यासमा नारीवादी स्वर, आध्यात्मिक दर्शन र चिन्तनको सङ्कथन, मानव-मनोविज्ञान तथा चिकित्साक्षेत्रका सन्दर्भहरूले उत्तराधुनिकताको विशेषता झल्काएको पाइन्छ।

नारी मनोविज्ञानको पक्षहरू एवम् सामान्य-असामान्य चरित्रको उद्घाटन गरिनुले उपन्यासभित्र उपन्यासकारको उपस्थिति रहेको देखिन्छ। नारी र पुरुष दुवै पात्रको मनोवैज्ञानिक विश्लेषणद्वारा उपन्यासकार र पाठकमाझ दोहोरो सम्बन्ध स्थापित भएको पाइन्छ। महिला लेखक पुरूषमा अवतरित भई उत्रेको र महिला पुरूष दुवै भई उपन्यासभित्र नारीमा निहित मनोवैज्ञानिक पक्षको उठान गरिएको पाइन्छ।

उपन्यासमा नारी चरित्रलाई प्राथमिकता दिनुको साथै तिनीहरूको मानसिक स्थितिको उद्घाटन गर्नु, मानसिक सन्तुलन गुमाउन पुगेका रहस्यको पत्तो लगाउने चेष्टा गरिएको पाइन्छ भने इद, अहम् र पराहमको सङ्घर्षले गर्दा पात्राहरू मानसिक रोगका शिकार भएको देखिन्छ।

महिलामाथि राखिने अन्यायपूर्ण दृष्टिकोणको विरोध गर्दै सामाजिक, पारिवारिक, शारीरिक-मानसिक तथा अनैतिक शोषणबाट पीडित बनेका महिलामाथि आत्मनिर्भर एवम् स्वनिर्णयतर्फ पाइला उठाइएको पाइन्छ।

नारी स्वतन्त्रताको पक्षधरता, तिनीहरूको समस्याको समाधानतर्फ उन्मुखता, सुधारात्मक लोलोपोतोबाट मुक्ति र सामाजिक परिवर्तनको अपेक्षा राखिएको पाइन्छ।

नारी दमन, प्रताडना, लैङ्गिक विभेदमाथि प्रश्न चिन्ह उठाउँदै नारी अस्तित्वको खोज, स्वनिर्णय, क्षमताको पहिचान तथा नारी सचेत र हैसियत वृद्धिका लागि प्रयास गरिएको पाइन्छ।

उपन्यासमा सामाजिक एवम् पारिवारिक व्यवधान, लैङ्गिक दमनबाट भोग्नुपरेको अक्षम्य अपराधको तीव्र विरोध पाइन्छ।

बौद्ध दर्शनबाट उत्प्रेरित आध्यात्मिक चिन्तनद्वारा मानवीय मूल्यको खोज गरिएको पाइन्छ।

मानवतावादी दर्शनको प्रस्तुतिका साथसाथै नारीवादी जागरण पनि पाइन्छ।

लैङ्गिक विभेदले ल्याएको असमानता र विसङ्गतिले ग्रसित समाज सुखी हुँदैन भन्ने वैचारिक चेतनाको प्रस्तुति पाइन्छ।

मनोचिकित्सा पद्धतिद्वारा नारी मनोलोकको निरीक्षण गर्दै जीवनप्रति मोह, वास्तविकतातर्फ उन्मुख गराउने सक्रिय भूमिका रहेको पाइन्छ।

आक्रान्तित परिस्थिति, अन्योल, असहाय स्थिति, भ्रम, दिग्भ्रम आदि अचेतावस्थाबाट मुक्ति दिलाउने र नारीप्रति विशेष सहानुभूति, संवेदना प्रकट गरिएक पाइन्छ।

परम्परावादी दृष्टिकोण र संरचनामा स्थापित सामाजिक सुधारको चाहना होइन तर नयाँ समाज निर्माण गर्न, नारीप्रति गरिने तुच्छ व्यवहार र सोचमा परिवर्तन आउनुपर्छ भन्ने सशक्त अडान पाइन्छ।

युगबोध, सान्दर्भिक तथा समयानुकूल परिवेशको निर्माणतर्फ पहल उठाइएको पाइन्छ।

पात्रका चतनमनलाई भन्दा अचेतन मनलाई बढी प्राथमिकता दिएको पाइन्छ।

मनोग्रन्थिका शिकार बनेका पात्रहरूमा विविध मनोरचना  र मानसिक जटिलताको विश्लेषण गरिएको पाइन्छ।

पात्रका चेतन र अचेतनका द्वन्द्वमा तिनीहरूका मनमा चिन्ता, तनाव उत्पन्न भएका कारण व्यामोह, विभ्रम र उन्मादका लक्षणहरूको प्रस्तुतिबोध गर्न सकिन्छ।

सामान्य मनस्थितिका पात्रभन्दा असामान्य मनस्थिति भएका अन्तर्मुखी, आवेगी पात्रको सिर्जना भएको अनुभव गरिन्छ।

पात्रमा मानसिक उथलपुथल, द्वन्द्व, सङ्घर्ष, अतृप्ति आदिको चित्रण गर्दै पात्रका जटिलतालाई प्रष्ट्याएको देखिन्छ।

अस्तित्ववादी चेतनाको प्रवेश गराउँदै नारीअस्मिता र मूल्यको संरक्षणतर्प पहल उठाइएको पाइन्छ।

# सन्दर्भग्रन्थ सूची

## क. नेपाली पुस्तक


१. तिवारी, दीपक, सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी : साहित्य प्रचार समिति

२. थापा, मोहनहिमांशु, सन् २००९, **साहित्य परिचय,** (पांचौं संस्क), ललितपुर : साझा प्रकाशन

३. दाहाल, मोहन. पी, सन् २०११, **आधुनिक नेपाली उपन्यास**, (दो.संस्क), दार्जिलिङ : गामा प्रकाशन

४. दाहाल, मोहन. पी, सन् २००१, **दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** दार्जीलिङ : श्याम ब्रदर्स प्रकाशन

५. दाहाल, विद्यापति, सन् २००४, **पाश्चात्य समालोचना र प्रमुखवाद**, आसाम : दाहाल प्रकाशन

६. नेपाल, घनश्याम, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास,** सिलगढी : एकता बुक हाउस

९. नेपाल, घनश्याम, सन् २००५, **आख्यानका कुरा,** (दो. संस्क), सिलगढी : एकता बुक हाउस प्रा.लि

८. प्रधान, कृष्णचन्द्रसिंह, सन् २००४, **नेपाली उपन्यास र उपन्यासकार**, (चौथो संस्क), पुलचोक : साझा प्रकाशन

९. प्रधान, सपन, सन् २०११, **कृति-कीर्ति,** दार्जिलिङ : गामा प्रकाशन

१०. भण्डारी, राजेन्द्र र शम पारसमणि, सन् २०१२, **भाषा साहित्य,** (दो. संस्क), गान्तोक : साहित्य सिर्जना सहकारी समिति लिमिटेड

११. रेग्मी, मुरारीप्रसाद, सन् १९९३, **मनोविश्लेषणात्मक समालोचना,** (उपन्यास खण्ड), (दो. संस्क), काठमाडौं : साझा प्रकाशन

१२. रेग्मी, मुरारीप्रसाद, सन् २००८, **मनोविश्लेषणात्मक समालोचना,** (समसामयिक कथा खण्ड), (दो. संस्क), ललितपुर : साझा प्रकाशन

१३. लामा, कविता, सन् २००५, **दिदृक्षा,** दार्जिलिङ : श्याम प्रकाशन

१४. लुइटेल, लीला, सन् २०६८, **नेपाली महिला उपन्यासकार,** ललितपुर : साझा प्रकाशन

१५. शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, सन् २०१०, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** (तेस्रो संस्क), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

१६. शर्मा, विष्णुकुमारी, सन् १९२२, **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य,** वाराणसी : सयपत्री प्रकाशन

१७. सिवाकोटी, रमा, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्

१८. सुवेदी, राजेन्द्र, सन् २००७, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** (दो. संस्क), ललितपुर : साझा प्रकाशन

१९. सुब्बा, विन्द्या, सन् २००९, **फूलहरू, पहाडहरू, धर्साहरू,** (दो. संस्क), गान्तोक : जनपक्ष प्रकाशन

२०. सुब्बा, विन्द्या, सन् १९९९, **अथाह,** दार्जिलिङ : हाङ्खिम परिवारबाट

२१. सुब्बा, विन्द्या, सन् २००६, **निर्गमन,** नाम्ची दक्षिण सिक्किम : निर्माण प्रकाशन

२२. श्रेष्ठ, शेखरकुमार र अर्याल शेखर, **नेपाली कथा र उपन्यास**, काठमाडौं : ओसन पब्लिकेसन प्रा.लि

**ख. नेपाली सम्पादित पुस्तक**

१. लामा, कविता, सिन्हा, गोकुल र अन्य (सम्पा), सन् २०११, **नेपाली लेखन शैली**, सिलगढी : पुष्प प्रकाशन

**ग. हिन्दी पुस्तक**

१. पाण्डेय, रामप्रसाद, सन् २०१२, **सामान्य मनोविज्ञान**, नई दिल्ली : राजकमल प्रकाशन

**घ. अङ्ग्रेजी पुस्तक (e-जर्नलबाट)**

१. Freud, Sigmuend, 1931, **The Interpretation of Dreams,** www.Abika.com

२. Freud, Sigmuend, 1932, **The Anatomy of the Mental Personality,** source: *New Introductory Lecture on Psychoanalysis,* pub: Hogarth Press

३. Freud, Sigmuend, 1921, **A Young Girl's Diary**, www.Abika.com

**ङ. अङ्ग्रेजीबाट नेपालीमा अनुदित पुस्तक**

१. प्रसाई, पुण्यप्रसाद, (अनु:), सन् २०१२, **फ्रायडको मनोविश्लेषण**, काठमाडौं : डिकुरा पब्लिकेशन

# परिशिष्ट

## उपन्यासकार विन्ध्या सुब्बासँग अन्तर्वार्ता लिँदै गरेको चित्र



## अन्तर्वार्ताका निम्ति प्रश्नावली

१. तपाईंको लेखनप्रतिको रुचि र साहित्यप्रतिको आग्रहमा कुनै प्रेरणादायी पृष्ठभूमि छ कि ?

२. तपाईं कस्तो वातावरणमा लेख्न मनपराउनुहुन्छ ?

३. तपाईंले समालोचना, लेख, निबन्ध, कथा, कविता, उपन्यास, सबै विधामा लेख्नुभयो तर तपाईं विशेष कुन विधामा अभिव्यक्त हुन मनपराउनुहुन्छ ?

४. विश्व साहित्यमा कुन-कुन कृतिहरूले तपाईंलाई आकर्षित गरे ? विश्वका कुन-कुन स्रष्टाहरूबाट तपाईं प्रभावित हुनुहुन्छ ?

५. तपाईं आफ्नो लेखनमा कुन वाद/धारालाई प्रवेश गराउनुभएको छ अर्थात गर्नुभएको छैन कि ?

६. तपाईं साहित्य कस्तो होस् भन्ने ठान्नुहुन्छ ?

७. समग्र नेपाली उपन्यास परिप्रेक्ष्यमा भारतीय नेपाली उपन्यासलाई कहाँ पाउनुहुन्छ वा यसको अवस्था कस्तो रहेको बोध गर्नुहुन्छ ?

८. नेपाली समाजमा नारीहरूको अवस्थालाई कुन दृष्टिले हेर्नुहुन्छ ?

९. नारी आन्दोलन चलिरहेकै छ, नेपाली समाज नारी असमानता, मानसिक - शारीरिक तथा शोषणले पीडित छ। यसबारे तपाईंको धारणा के छ? यस समस्याबाट मुक्तिको पहल हुँदैछ कि ? आन्दोलनले बोली पाउला ? नारी उन्मुक्तिका लागि समाजको कस्तो भूमिका हुनुपर्ने ? नारी स्वयंको कस्तो पहल हुनुपर्ने बताइदिनु हुन्छ कि ?

१०. मानवजीवन आन्तरिक र बाह्य सङ्घर्ष जेलिएको हुन्छ र यसबाट उम्कने कोसिश गर्दागर्दै मानिस आफैं त्यसबाट फुस्किन्छ। जीवनमा तपाईंले भोगेका सङ्घर्षका केही पक्षहरू छन् कि?

११. तपाईंको पहिलो उपन्यास 'फूलहरू, पहाडहरू, धर्साहरू' प्रकाशित हुँदा तपाईंले कस्तो अनुभव गर्नुभयो?

१२. तपाईंको पहिलो उपन्यासबारे कतिपय समालोचकहरूले पारिजातको लेखनबाट प्रभावित रहेको बताएका छन् तर यसबारे तपाईंको विचार के हुनसक्छ?

१३. 'फूलहरू, पहाडहरू, धर्साहरू' उपन्यासको मूलखम्बा बासु छन् अनि उसको आडमा अन्य पात्र–पात्राहरूको निम्ति ठाउँ/Space दिइएको छ जसभित्र उनीहरू आउँदै बस्दै जाँदै गर्दछन्। तपाईंले किन बासुका माध्यमबाट उपन्यासको थालनी गर्नुभयो? कुनै नारी पात्रको प्रमुख स्थान उपन्यासमा किन रहेन?

१४. उपन्यासका तीनजना नारी पात्र नीलम, सुधा र रेशमफूलसित बासुको त्रिकोणात्मक सम्बन्ध रहेको थाहा लाग्छ। यो सम्बन्धलाई लिएर पाठकको मनमा कौतुहल उत्पन्न हुनु स्वभाविक हो तर किन यी तीनजना नारीलाई एउटै स्थानमा उभ्याइयो जबकि उनीहरूले आ–आफ्नो अस्तित्व अलग–अलग रूपमा बोकेका छन्।

१५. तपाईंले मेरो उपन्यासको कथा भनेर ११३ पृष्ठमा भन्नुभएको छ कि– "एकप्रकारको मानसिक पीडा, भीषण अन्तर्द्वन्द्व, नैराश्य र असन्तुष्टिको स्थिति थियो आफ्नो।" यो कुरालाई बुझ्न हामीले बासुले उपन्यासभित्र खेलेको भूमिकालाई बुझ्नुपर्छ अनि बासुले निर्वाह गरेको भूमिका केलाएर अध्ययन गर्दा विन्ध्या सुब्बाको आभास हुन्छ। तपाईं यसबारे के भन्नुहुन्छ?

१६. बासु र सुधाबीचको सम्बन्धबारे शङ्का गरेर हेर्न सकिन्छ तर उपन्यासमा कतै पनि सुधाद्वारा बासुलाई वा बासुद्वारा सुधालाई प्रेम गर्छु वा गर्थें भनिएको छैन। बासुका पिताले उसको मनोभाव बुझ्नका निम्ति 'कोही छ तेरो केटी' भन्ने प्रश्न गर्दा बासुको आँखा र मनमा सुधा सुटुक्क उपस्थित हुन्छे। यसको पछाडि कुनै पृष्ठभूमि छ कि ?

१७. 'अथाह' उपन्यास लेखन र तपाईंको जीवन भोगाइमा के फरक पाउनुहुन्छ ? आफ्नै जीवन भोगाई वा अनुभवबाट निर्मित हो जस्तो लाग्छ र पाठकलाई यसमा तपाईंको भनाई के रहेको छ ?

१८. भारतीय नेपाली उपन्यास लेखनमा 'अथाह'ले राम्रो हुई स्थान ओगट्न सकेको थाहा लाग्दछ। यस उपन्यासमा तपाईंले पुरुष पात्रभन्दा नारी पात्रालाई धेर प्राथमिकता दिनुभएको पाइन्छ, सो किन होला ?

१९. 'निर्गमन' उपन्यास पढ्दा नारी मनोविज्ञान पनि अनुभूत गर्न सकिन्छ। मनोरोगी पात्रहरूको मनोजगतभित्र पसेर तपाईंले उनीहरूको अवस्थाको चित्रण गर्नुभएको बोध गरिन्छ। नारी जीवनमा तपाईंले मनोविज्ञानलाई कति सीमासम्म लिनुभएको छ अर्थात् मनोविज्ञानले तपाईंको जीवनमा पनि महत्व राखेको छ ?

२०. अन्यको साहित्यको कुनचाहिँ कृति सर्वप्रिय लाग्छ तपाईंलाई अनि तपाईंले सृजना गर्नुभएको आफ्नै कुन कृति सर्वप्रिय मान्नुहुन्छ ?

२१. तपाईं नारीका अन्तर्मनभित्र पसेर नारी मनको केस्रा-केस्रा केलाउनुहुन्छ । आफैं पनि मनोचिकित्सकको पेशासँग संलग्न हुनु यसको मुख्य कारण हो अथवा नारी समस्या तथा मानसिक रोगीहरुप्रति रहेको सहानुभूतिले गर्दा हो ? जान्ने उत्सुकता रहेको छ. यसबारे केही बताइदिनुहुन्छ कि ?

२२. बौद्ध दर्शनबाट तपाईं प्रेरित हुनुहुन्छ भन्ने बोध 'निर्गमन' उपन्यास पठनबाट थाहा लाग्दछ । के तपाईं बौद्ध दर्शनबाट प्रभावित हुनुहुन्छ ?

२३. नारी मुक्तिका लागि सुधार, सुरक्षा, आरक्षणको खाँचो छ कि परिवर्तनको खाँचो छ होला ? परिवर्तनका के आधार हुनसक्लान् ?

२४. नेपाल र भारतको सामाजिक जीवनमा के अन्तर पाउनुहुन्छ ? यदि केही अन्तर भए त्यसको के कारण हुनसक्छ ? तपाईंको सृर्जनालाई समालोचनात्मक पोषण कुन ठाउँबाट धेरै प्राप्त भएको छ ?

२५. आफ्नो पेशाबाट जीवनका अनुभवहरु बताइदिनुहुन्छ छ ? उपन्यासको गहन अध्ययनबाट थाहालागेअनुसार आफ्नो पेशासँग तपाईंको निष्ठा, इमान्दारिता अत्यन्त सहारणीय छ, सो उपन्यासका पात्रहरुको मनोवैज्ञानिक विश्लेषण गरेबाट तिनका मनोरोगको आरब्धानात्मक शल्यचिकित्सा गरेबाट अनुभूत हुँदछ यसमा तपाईंको भनाई के रहेको छ-मेरो उत्सुकता मेटाइदिनुहुन्छ कि ?

२६. भारतीय संस्कृति उच्च संस्कृतिको प्रतीक भनेर मानिन्छ। पूर्वीय भारतीय दर्शनले नारीको अवस्था, स्थिति र स्थितिलाई अर्कै दृष्टिकोणद्वारा परिभाषित गरेको पाइन्छ। नारी स्वतन्त्रताको आन्दोलन पश्चिमी राष्ट्रहरूबाट थालिएको मानिन्छ। पूर्वीय दर्शनमा नारीको महत्त्व र पश्चिमी सभ्यताले ल्याएको नारी स्वतन्त्रतामा केही मेल, स्वार्थ मिल्दछ कि मिल्दैन ?

२७. नारी लेखकप्रति पुरुषको मानसिकता कस्तो रहेको छ होला ? तपाईंलाई यसको केही अनुभव रहेको छ कि ?

२८. तपाईंको उपन्यासमा नारीवादी दृष्टिकोण पाइन्छ। तपाईं स्वयंलाई नारीको पक्षधर मान्नुहुन्छ ?

२९. '**निर्गमन**' उपन्यासका तृष्णा र सम्पूर्णा दुईवटी नारी चरित्रहरू छन्, दुवै अनौठा प्रकृतिका छन्। तीमध्ये तृष्णाको चरित्र बडो विचित्रको छ। यस्ता विचित्र चरित्रलाई आजसम्म अन्य कोही उपन्यासकारहरूले उभ्याएका छैनन् जस्तो लाग्छ। तपाईंले तृष्णाको चरित्रबाट विशेष के सन्देश दिन चाहना राख्नुभएको हो ?

३०. हक, अधिकार, र समानताको सङ्घर्षमा भागीदार हुनु मात्र नारीवाद हो अथवा स्व-अस्तित्व, स्वेच्छा, स्वतन्त्रता, स्वनिर्णय लिएर, अनुमति, कुनै सूचना, सर्तविनै पलायन हुनु पनि नारीवादकै एउटा लक्षण हुन सक्छ कि ?

३१. मनोविज्ञानाश्रित – मनोवृत्ति, मनोविकार, मनस्ताप आदिको विश्लेषण गर्ने क्रममा तपाईंको लेखनमा पात्रको मन केलाउने शिल्प, क्षमता छन्। के तपाईं आफ्ना उपन्यासलाई मनोवैज्ञानिक मान्नुहुन्छ?

३२. तृष्णाले रोजेको बाटो अवश्य पनि राम्रो होला भन्ने अनुमान, शङ्का-उपशङ्का गरेको छ अक्षयले तर पाठकलाई एउटा बडो खुलदुलीको अवस्थामा लगेर छाडिदिएको छ। अक्षयले अनुमान गरेको कुरा सही हो वा होइन भन्ने जिज्ञासा दिँदैछ। बौद्धदर्शन-अनुसार सिद्धार्थले गृहत्यागेको, भौतिक संसारदेखि पलायन भएको सन्दर्भ उठ्छ। **'निर्गमन'** उपन्यासलाई के-को प्रतीक अर्थात सङ्केतको रूपमा लिनु?

३३. उपन्यासको पात्रा तृष्णालाई कुनै हेकारो, व्यवधान, बाधाले रोक्न सकेन। एउटी परिपक्व पेशामा संलग्न रहेकी, पति, पुत्र, गृहस्थी, समाजमा उसको सम्मान आदिलाई नाघेर ऊ पलायन हुन पुगी। मानिसको साधारण आवश्यकता – खाना, घर, कपडा (रोटी, कपडा, मकान) र यौनतुष्टि पनि एउटा ठूलो समस्या हो। त्यसको परिपूर्ति नहुँदा मानिस कुण्ठित बन्छ। असन्तुलित बन्छ। यी समस्याभन्दा अर्कै भिन्नै समस्या, रहर, इच्छाले प्रेरित भएर त्यसको प्राप्ति, परिपूर्तिका लागि यस्तो अचम्म र अनौठो लाग्दछ। यो सर्वको पद्धति के कारण हुनसक्छ? यसलाई असामान्य स्थिति भन्नु कि अर्थात् यसका कारण के हुनसक्छ?

चन्द्या सुब्बा

(१) गीता शर्मा, एम.फिलकी विद्यार्थी, सिक्किम विविक्त- - प्रश्नहरूका उत्तर -

प्रश्न (१) को उत्तर – पाँचौं-छैटौं श्रेणीकी विद्यार्थी हुँदा नै ममा नेपाली साहित्यका – कथा र उपन्यासहरू पढ्ने रुचि बढ्यो। घरमा आमा कुशल कथा वाचक थिइन्, दाजु-दिदीहरू नेपाली कथा र उपन्यासहरू पढ्थे। त्यसबेलातिर नै श्री अगीत राई, हर्क थापा 'चिति' जस्ता साहित्यकारहरू पनि शिक्षण पेशा लिएर हाम्रो घरमा बस्ताबस्तो गर्नुहुन्थ्यो, चाहे आफ्नो सम्पर्कमा ग्रहण गर्नुहुन्थ्यो उहाँहरूले मलाई। घर-बाहिरका यस्तै वातावरणमा साहित्य पढ्दा-पढ्दै ममा पनि लेखनप्रति स्वतः रुचि बढ्न गयो र आफैं पनि कथा कविताहरू लेख्थालें।

(२) लेखलाई म वातावरण र मनोस्थिति दुईवटा कुरालाई नै प्राथमिकता दिन्छु। मलाई शान्त र बाधाविहीन वातावरणमा लेख्न मनपर्छ। जतिसक्दो बिहानको समयमा लेख्न रुचाउँछु म। वातावरण र एकान्तपनको प्रतीक्षामा कहिलेकाहीं महिनौं र वर्षौं पनि केही नलेखी बसेकी छु मैले।

(३) नाटकबाहेक प्रायः सबै विधामा मैले कलम चलाएँ। 'समालोचना लेखिनँ' भन्न सही मान्छु, कारण जति लेखेँ ती मेरा पाठकीय टिप्पणी र समीक्षा-त्मक दृष्टिकोणसम्म हुन्। तर मलाई अभिव्यक्त हुन कथा र उपन्यास नै मनपर्छ। तर कहिलेकाहीं कुनै संवेदना, दर्द र कुनै भेकतत्वले पनि मलाई कविता लेखाएको छ।

(४) विश्व साहित्य मैले धेरै पढ्न पाएकी छैन तर जति पढेँ, रसियाली लेखकहरूको वर्ग-संघर्षका साहित्यहरू मनपर्छ मलाई, जस्तै मेक्सिम गोर्कीको 'आमा' र उनका केही कथाहरू। पर्ल एस बकको उपन्यास 'द गुड अर्थ' र गर्ग नै को 'लिभिङ टु' आदि मनपर्छ। इब्सनको नोबिको कृति 'पुतली घर' लाई सबैभन्दा रुचाएकी छु मैले पनि। ओ हेनरीको कथालाई एउटा मोड दिने जुन तकनिकी छ त्यो खुब मनपर्छ। 'द लास्ट लिफ' जस्तै एउटा सुन्दरतम कथा हो।

(५) मैले वाद र कुनै धारालाई ध्यानमा राखेर कथा वा उपन्यासहरू लेखेकी छैन। लेखेपछि त्यो कुन धारामुखी, वादमुखी भयो, त्यो समालोचक र पाठकहरू-ले छुट्याएका छन्।

(६) साहित्य जीवनको निम्ति हो, त्यो जीवन जस्तै हाँस गर्न न सक्छ।

(७) भारतीय नेपाली साहित्यमा लेखिका धेरै भएको विधा कविता हो, त्यस-पछि कथा/उपन्यास प्रशस्त लेखिएका छैनन् तर जति लेखिएका छन् तीमध्ये धेरै उत्कृष्टतम छन् – रूपनारायण सिन्हाको 'भ्रमर', शिवकुमार

(२)

राईको 'डाकबङ्गला', कृष्णसिंह मोक्तानको 'जीवन गोरेटोमा', मत्स्येन्द्र प्रधानको 'नीलकण्ठ', इन्द्रबहादुर राईको 'आज रमिता छ', भीम दाहालको 'दौड' र पुष्पा राईको 'मध्यान्तर' यस्तै उत्कृष्ट औपन्यासिक कृतिहरू हुन्।

(८) भारतीय समाजमा नेपाली नारीहरूको अवस्था अघिभन्दा धेरै लचिलो र लचकिलो बनेको छ। तथापि अर्कोतिर बालिका, किशोरी र युवतीहरू बाटाघाटा, बजारहाट, रेल-मोटर यतिसम्म कि आफ्नै घरभित्र पनि सुरक्षित छैनन्। नारी उत्पीडनका भयावह स्थितिहरू पनि हामी देखिरहेका छौं। अन्य भारतीय समाजको तुलनामा नेपाली समाज उदार छ, केही मुक्त छन् नारीहरू। तर यो समाजलाई पनि बालिकाहरूप्रति कुदृष्टि र नारी बेचबिखनको रोगले आक्रान्त पारेको छ। समग्रमा नारीहरूको जीवन कतै पनि सुरक्षित, उज्यालो र स्वाधीन छैन।

(९) यहाँ माथिकै कुरामा अनुपूर्ति अनि थपौं, केही कुरा यसैमा थप्छु। सामाजिक बन्धनबाट नारीहरू मुक्त होऊन् भन्ने दिशातर्फ पहल भइरहेकै छ, तर यस सन्दर्भमा एउटा कुरा के भन्न चाहन्छु भने नारीहरू आत्मस्वतन्त्रताको खोजी गर्दै आफ्नो मूल प्रकृति र परिवारको एक अहम् सदस्य भएको नाताले आफ्नो कर्तव्यबाट पछाडि भएर जानु मुनासिब कुरो होइन। आजका पिँढीका नारीहरूले पनि नारीमुक्तिको नाममा जे पायो त्यही गर्दैछन्। तर नारीवादको अवधारणा, सिद्धान्त र अभिष्ट यो भन्दा माथि छ, हाम्रा चेष्टाहरू यसैमा आधारित हुनुपर्छ। समाजले गर्दिएला भनी पर्खेर नबसीकन नारीहरू स्वयंले आफ्ना पारिवारिक सत्ता, सामाजिक साथै राजनैतिक हक र हितका लागि लडेर आफूलाई ठीकसँग तयार गर्नुपर्छ र लड्नुपर्छ।

(१०) जीवनको अर्को नाम नै चुनौती र संघर्ष हो। बाल्यकालदेखि आजसम्म मैले भन्नु भने प्राय: संघर्षै संघर्ष गरें। तर मीठा फलहरू पनि प्राप्त भएको छ मलाई र यसै संघर्षमा जीवनको स्वादको आनन्द पनि उठाएँ। जीवन यस्तै अप्ठ्याराहरूको नाम हो भनेर सोँचेर सन्तोष नै गर्छु म।

(११) 'फूलहरू, पहाडहरू, धर्साहरू;' प्रकाशित हुँदा म ३१ वर्षकी थिएँ। भारतीय साथै नेपाली साहित्यका थुप्रै उपन्यासहरू पढेकी, तीनवटा कृति बनेकी मैले त्यो कृति उपन्यासमध्ये नै प्रथम र कृतिहरूमा तृतीय थियो। यस कृतिले मेरो उपन्यास लेखनप्रतिको दिशा र सम्भावनाहरूलाई प्रशस्त उजागर गर्ने मन्तव्यहरू दिए विद्वान समालोचकहरूले। पाठकहरूले पनि पढेर आफ्ना सकारात्मक र उत्साहप्रद मन्तव्य दिएकी थिइन्। ती मन्तव्यहरूद्वारा मलाई उपन्यास लेखनमा प्रशस्त प्रेरणा र ऊर्जा प्राप्त भयो नै तर दिशानिर्देशन पनि प्राप्त भएको थियो। प्रथम त उपन्यास प्रकाशित हुँदा नै मलाई धेरै खुसी अनुभव भएको थियो।

* १२ मैले पारिजातजस्तै लेखक भनेर उपन्यास लेख्न थालिनँ। तर मेरो लेखनमा पारिजात जस्ती स्रष्टाको प्रभाव समालोचकहरूले देख्दछन् भने ठीकै होला। तर मेरो प्रयास लेखनमा नितान्त आफ्नो शैली र तकनिकी सम्प्रेषण, रचना र कृतिहरू प्रस्तुत गर्ने रहेर आएको छ।

* १२

१३ एकजना सर्जक जब सिर्जना गर्न बस्छ त्यसबेला ऊ न नारी हुन्छ, न पुरुष हुन्छ। ऊ केवल स्रष्टा र कलाकार हुन्छ। कलाका आफ्नै आवश्यकता, धर्म र एउटा सीमाहीन सीमा हुन्छ। विषयलाई चिन्तन गर्दा, बुन्दा र सजाउँदा कहिले त्यो कुन पक्षबाट धेरै सही जाँच्छ अथवा धेरै उघ्रिन्छ, त्यसबारे प्रशस्त सोचिन्छ। मैले सुधालाई हाँगाहरू जस्ता पार्श्वमा राखी केवल स्मृतिमा आरोह-अवरोह गराई एउटी नारीको गरिमा र सौन्दर्यमय रूपलाई प्रस्तुत गर्न चाहेकी हुँ। त्यस उपन्यासमा लेखक म स्वयम् पुरुष पात्रमा अवतरित भएँ र एक नारी सुधालाई न्याय दिएँ, उनलाई मर्यादित गर्न सकें। सुधा भएर मैले लेखेकी भए ठीक यत्ति के हुने थियो होला र? विषयलाई अभिव्यक्त रूपमा ल्याउने भाव र शब्दहरू कहाँबाट थालिन्छ अथवा चित्रकारले चित्र बनाउँदा क्यानभासमा रेखा कहिले कुन आयामबाट कुन रङमा आरम्भ गर्दा त्यो चित्रको अवधारणालाई निर्धारित गर्छ।

१४ जीवन सम्बन्धहरूको एउटा सञ्जाल पनि हो। वासुको जीवनमा तीनजना नारीहरू आए, एकभन्दा एक विशेष नारीहरू। उनको जीवनवाटिका उनमाथि उनीहरूलाई। विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती' पनि उपन्यासको नायकको यस्तै तीनजना नारीहरूसँग त्रिकोणात्मक सम्बन्ध रहेको विषयप्रधान उपन्यास हो। हो, यी तीनजना नारीहरू आफ्ना-आफ्ना स्थान र स्थितिमा छन्। तीनजनाको अलग अलग अस्तित्व छन् तर उनीहरूको जीवन डा० वासुदेवको जीवनका वरिपरि रहे।

१५ मैले यो पनि त भनेकी छु नि – " वास्तवमा सुधा मानवीय सम्बन्धमा भावनाको उच्चताप्रति मेरो विश्वासको एक भावरूप हुन्, त्यो उच्च कामनाको एक अवधारणा हुन् र हुन् जीवनको एक पीडाबोधी, मनले नियाल्ने मनको मोडमा पनि सम्बन्धप्रति मेरो अटुट आस्था र सकारात्मक वृत्तिको एक अभिव्यक्त रूप। सुधा केवल एक भावनात्मक उचाइ हुन्। केवल सौन्दर्यमयी एक मानस अस्तित्व।"

१६ मैले एक मानिस-मानिसबीचको आत्मिक प्रेम, त्यस प्रेमको सीमाहीन उचाइ र गहिराइ दर्शाउन खोजेकी हुँ यहाँ। 'म तिमीलाई प्रेम गर्छु' भन्ने किसिमको प्रेमभन्दा पनि असीम प्रेम हो सुधा र वासुबीचको त्यो अपरिभाषित प्रेम। यसलाई किन एकजोडी प्रेमी-प्रेमिकाको देहासक्त भौतिक प्रेमको दृष्टिले हेर्नु? त्यहाँ एक ठाउँ व्यक्त गरेकी पनि छ सुधाले – 'म हाम्रो सम्बन्धलाई कुनै साधारण अर्थमा राख्न चाहन्न। संसारमा दाजु-बहिनीबीचको प्रेम, पिता-छोरीबीचको प्रेम, प्रेमी-प्रेमिकाबीचको प्रेमभन्दा पनि माथि अरू कुनै सम्बन्ध छ भने त्यही उचाइमा लगेर म हाम्रो सम्बन्धलाई राख्न चाहन्छु।"

१७ 'अथाह' असामान्य मानसिक अवस्थामा भेटिएका, अँध्यारोमा बाँचिरहेका मानिसहरूको स्थितिका वर्णन र दृश्यहरू छन् । नर्सिङमा अध्यापन पेशासँग म जोडिएकी हुँदा विद्यार्थीको एक समयमा महानगरको मानसिक चिकित्सालयमा मैले अध्ययन गराउँदैको घटनाहरू छन् 'अथाह'का पात्रहरू । भोगाइभन्दा पनि मैले केही समय उनीहरूसँग बिताएकी, किनकि मेरो र उनीहरूको समस्यामा निर्धक्क लेखेकी लेखक हुँ म । मेरो अध्ययनकालका अनुभव र सम्बद्धताहरू छन् ती यथार्थ पात्र-पात्राहरू ।

१८ नर्सिङमा बी० एस० सी० (आनर्स) विद्यार्थीको अध्ययनकालीन मानसिक चिकित्सालयमा थाक थाक समयमा स्त्री विभाग र पुरुषविभागपछि म संलग्न भएकी थिएँ । यही नारीजनित समस्या, भोगाइ र उनीहरूको स्थितिप्रति म संवेदनशील बनें म । जो त्यो समयमा त्यहाँ ठीक त्यस्तै तरुणीहरू, नारीहरू थिएँ घर-समाजबाट प्रताडित, आफ्नै पतिका स्वास्थ्यबाट यौन शोषणमा परिएका । एकभन्दा एक सुन्दरी, जवान र जीवनको मूलधारबाट विच्छिन्न । आजको युगमा नारीहरूको स्थिति र अवस्था दर्शाउनलाई पनि अधिक नारी पात्रहरू उभ्याइए उपन्यास 'अथाह'मा ।

१९ मनोविज्ञान भनेको मनको अध्ययन गर्ने शास्त्र वा विज्ञान हो । जसरी हाम्रो अस्तित्वमा शरीरको महत्व छ, उतिकै महत्व मनको पनि छ । मानिस पचास प्रतिशत शरीर र पचास प्रतिशत मनले सञ्चालित हुन्छ । त्यही मनको शास्त्रप्रति आकर्षित भै मेरो रुचि रह्यो । यसैमाथि आधारित मेरा एकाधिक कथाहरू पनि छन्, जस्तै - 'अभाव', 'उडान', 'तुवालो', 'फर्गेट मी नट', आदि साथै बालमनोविज्ञानमा - 'परी', 'गेटबेल सुन' आदि कथाहरू छन् । साहित्य जीवनकै निमित्त हो, जीवनलाई सम्पूर्णतः हेर्दा एक महत् पक्ष मन र मनोविज्ञानलाई पर राख्न सकिन्न ।

२० भारतीय साहित्यमा मलाई नारीलेखकहरू - अमृता प्रीतम, डा० प्रतिभा राय र अनिता देसाईका कृतिहरू मनपर्छ । कमलेश्वर, फणीश्वरनाथ रेणु, जैनेन्द्र कुमार र शरदचन्द्रका कृतिहरू पनि मनपर्छ । अरू पनि धेरै छन् कसको नाम लिऊँ, कसको नलिऊँ? त्यसै त आफ्ना सृजनाहरू सबै राम्रै लाग्छन्, तापनि भन्नुपर्दा भने मलाई उपन्यासमा 'निर्गमन' र कथामा 'हीपल' लगायत केही कथाहरू मनपर्छ र 'तिम्रा अक्षरहरूको आयाम' जिन्दगीका एक-दुई संस्मरणहरू राम्रा लाग्छन् । तर एउटै मात्र कृति भन्नु हो भने भन्छु - 'निर्गमन' ।

२१ मैले नारी पात्रहरूलाई केन्द्रित गरेर आख्यानमै कथाहरू लेखेकी छु । त्यस बेला पनि लेखेकी छु जुन बेला मैले नर्सिङ प्रशिक्षण विद्यालयमा प्रवेश गरेकी थिइँन । 'हाँगाबाट खसेको फूल', 'क्रान्ति युगमा', 'सरिता र मोहनको कथा', 'संस्कार' आदि नारी चिन्तन, नारीवादी भावनाका कथाहरू छन् ।

(२२) मलाई 'बौद्ध दर्शन' अति नै मनपर्छ, विशेष चार आर्यसत्य र भगवान बुद्धले देखाउनुभएको मध्यममार्ग मनपर्छ। म साईभक्त हुँ, तर स्वामी श्री सत्य साईबाबाले पनि बौद्धदर्शनलाई लिएर धेरै सिद्धान्त दिनुभएको छ। अनात्मवादी, अनिश्वरवादी बुद्धका सत्यपथ र मानवतावादी सिद्धान्तमा आधारित सिद्धान्त हाम्रा जीवनका लागि ठूलो उज्यालो र ज्योतिहरू छन्।

(२३) आरक्षणमा भन्दा पनि मलाई कर्ममा विश्वास छ। त्यसै पनि हाम्रो समाजमा नारीहरूलाई दुई (कमजोर) वर्गको रूपमा, दोस्रो लिङ्गको रूपमा हेरिन्छ। आरक्षण होइन तर नारीको आफ्नो प्रतिभा, क्षमता, शक्ति र अपरिमेय ज्ञान प्रयोग गरी कर्म गरेर उनीहरूले आफ्नो हक र हितका लागि मूलधारमा नै स्थान बनाउनुपर्छ भन्ने मेरो मान्यता र विश्वास छ।

(२४) नेपाल-भारत दुई अलगअलगै देशहरू हुन्। सामाजिक भन्दा होइन भौगोलिक, राजनैतिक, राष्ट्रियता प्रायः सबै परिवेशमा केही विषमता रहनु स्वाभाविक हो। दुई मानिस-मानिसबीच त व्यक्तिगत भिन्नता हुन्छ भने दुई राष्ट्र-राष्ट्रहरूबीच विभिन्न दृष्टिकोणले एकभन्दा अर्को फरक रहनु स्वाभाविक हो। तर नेपाल होस् या भारत हामी नेपाली जाति सहजाति हौं। रीत र संस्कृतिको सम्बन्ध छ हामीबीच। यसरी दुई देशका मानिसबीच साहित्यिक र सांस्कृतिक समन्वयता बढ्दो अझ फस्टाउँदो पनि हो। अघि अघि मेरा सृजनाहरूले नेपालबाट जुन समालोचनात्मक पोषण पायो मेरो साहित्यिक जीवनमा त्यो अति महत्त्वपूर्ण छ। तर आज त नेपाल-भारत दुवै पटिबाट म यसप्रकारको पोषण, ऊर्जा र सौगातहरू पाउँदछु जो कहीँ कहीँ आजभोलि— अधिक भारतबाट नै।

(२५) आफ्नो पेशाबाट मैले मिश्रित अनुभवहरू बटुलेकी छु। घाम-छाँया, हर्ष-आमर्ष सबै बाबा छन्। आजसम्म मैले साहित्य लेख्दा आफ्नो पेशालाई अलग्गै, अछुतो राखें, मेरो पेशागत जीवनको त्यहाँ कुनै छाया छैन तर 'अथाह' लेखियो यही पेशामा मैले आर्जित गरेको एक यथार्थ एवं विशाल अनुभवबाट। त्यही उपन्यासले मेरो साहित्यिक जीवनको दिशा निकै स्पष्ट र फराकिलो बनाइदियो। त्यस कृतिलाई सर्वत्र मनपराइयो। धेरै मान्यता पायो त्यसले। 'साहित्य अकादमी पुरस्कार'ले सम्मानित हुनसाथै ६ वटा भारतीय भाषाहरूमा यसको अनुवाद भयो। त्यसपछि आफ्नो पेशामा बटुलेकी केही अनुभवहरूबाट 'हीपस', 'अन्ता' आदि जस्ता कथाहरू पनि लेखें।

(२६) पूर्वीय दर्शनमा नारीको महत्त्व र पश्चिमी सभ्यताले ल्याएको नारी स्वतन्त्रता दुईवटा नितान्त फरक र भिन्न कुरा हुन्। पूर्वीय दर्शन र सभ्यतामा विश्वकै तुलनामा पनि एक गहन, आदर्श र उच्च दर्शन

(६)

छ जसको मूल स्रोत हो - वेद। मानिसको जीवनको उद्देश्य, मूल्य, अध्यात्मवाद, मानवतावाद वेदकै हाँगाबिँगाहरु हुन्। हो, नारीका निम्ति हाम्रा शास्त्रहरुले जुन समय तोकिदिएको छ, त्यसले नारीको जीवनलाई औधि दुर्गम पनि बनाइदिया। तर शास्त्रमा वर्णित नारीको जीवन र हाम्रो समाजका कर्णधारहरुले नारीका लागि बनाइदिएका व्यवस्थामा ठुलो भिन्नता छ। उनीहरुले पुरुषको रुपमा आफूले पाउने स्थान, प्रायश्चित र सहुलियत-अनुसारको व्यवस्था बनाए। अथवा सबै मिलाएर भन्ने हो भने नारी जीवनको यत्रतत्र दुरुपयोग भयो पूर्वीय समाजमा। यसका विपरीत पश्चिमी समाजमा नारीहरु धेरै स्वाधीन छन् तर अधिक खुल्ला पनि छन् जसमध्ये धेरैका रुचिदैन हामीलाई। तर नारी नारी नै हुन् जुन दिशाका पनि होऊन्। त्यहाँ पनि नारीलाई दोस्रो लिङ्गको रुपमा हेरि शोषण गर्ने प्रचलन रह्यो। अमेरिकाहरुमध्ये कति नै पश्चिम मै पनि नारीलाई चाहिँ कम पारिश्रमिक दिने गरिन्थ्यो, त्यसैले नारी-मुक्ति आन्दोलनको थालनी पश्चिमबाट नै भयो। त्यतिको साहस, आत्मसचेतनता र संघर्षका लागि पहल पूर्वका नारीहरुमा अझै पनि भरिएको छैन र नारीमुक्ति आन्दोलन सफल भएको छैन यता।

२७ नारी-लेखनप्रति पुरुषको मानसिकता पनि अति उदेको र उदार छैन, तर सबै पुरुषलाई एउटै स्थानमा राखेर हेर्नु पनि अतिकै बेमुनासिब हुनजान्छ।

२८ शत-प्रतिशत आफूलाई नारीको पक्षधर मान्छु म। नारीवादी नै हुँ म तर उग्र नारीवादी भने होइन। कसैलाई चोट नपुर्याई स्वाभिमान र आत्मविश्वाससाथ, आफ्ना अन्तर्निहित शक्ति र प्रतिभा उपयोग गरी कर्म गरेर मूलधारामा नारीले आफ्नो स्थान बनाउनुपर्छ भन्ने मान्यता छ मेरो।

२९ तृष्णाको चरित्रलाई उत्तो गरी विचित्र मान्दिनँ म, केवल आममन्दा बेग्लै चिन्तन र वृत्तिकी नारी हुन् उनी। हरु शिक्षित र प्रतिभासम्पन्न नारीहरुमध्ये कोही कोही यस्ता चिन्तन र अभिष्टका नारीहरु हुनसक्छन् भन्ने मेरो विचार छ। सम्पूर्ण त एक आम र कोमल नारी हुन्। आफूले औधि-प्रेम गरेको व्यक्तिलाई भुल्न नसक्नु, यो पनि स्वाभाविकताभित्रै पर्दछ।

हो, कुनै पनि स्रष्टाले तृष्णाको जस्तो चरित्र सृजनाहरुमा उभ्याएका नहोलान्। तर मैले यस चरित्रलाई आफ्नो सृजनाको मूल चरित्र बनाएको कारण समाजअघि यी प्रश्नहरु उभ्याउन चाहन्छु म - ती हुन्, ज्ञानको तृष्णा, आफ्नो अभिष्टको निम्ति गृहत्याग - के पुरुषहरुले मात्र गर्न सक्छन्? के पुरुषभन्दा स्त्रीमा यस्तो इच्छा, प्रतिभा र ज्ञानको कमी हुन्छ?

तृष्णा आधुनिक विचारसम्पन्न एक प्रतिभाशाली र अति मर्यादित नारी हुन्। नारीका अवधारणालाई माथि उठाउन उपन्यासका लागि 'तृष्णा' जस्तो चरित्रको चिन्तन गरेँ मैले जो र अति यथार्थिक धरातलमा नै उभिएकी छे।

(३०) अति नारीवाद र अतिस्वतन्त्रताको नाममा जेसुकै गर्दिँदिनुलाई म नारीवाद हो भनेर मान्दिनँ।

(३१) साहित्य जीवनको प्रतिबिम्ब, दर्पण र आँखी भएकाले मनका झलकहरू त्यहाँ रहनु मुनासिब हुनु मात्र होइन र अपरिहार्य कुरा पनि हो। यस्ति मनलाई अध्ययन गर्ने विज्ञान हो मनोविज्ञान। मनोविज्ञानका धेरै हाँगाहरू छन्, मुख्यतः र दुईवटा छन् — सामान्य मनोविज्ञान र असामान्य मनोविज्ञान। कथाहरूमा प्रायः मैले मनलाई सूक्ष्मरूपमा केलाएर लेखेकी छु अथवा यस दिशातर्फ म सिपालु छु भन्ने मन्तव्य प्रकट गरेका छन् पाठक र समीक्षकहरूले। र मनोविज्ञानलाई नै विषयगतरूपमा आधार लिई मैले दुईचारवटा कथाहरू साथै विशेष असामान्य मनोविज्ञान-माथि एउटा उपन्यास लेखेँ, त्यो हो – 'अध्याय'।

(३२) प्रश्न २७ को उत्तरबाट यसबारे केही स्पष्ट भएकै हुनुपर्छ। सिद्धार्थ गौतमको गृहत्याग पनि भौतिक संसारदेखि पलायन होइन र यही भौतिक संसारका मानिसहरूले भोगिरहेका दुःखहरूका कारण र त्यसको निवारणको उपाय खोज्नुको निम्ति थियो। तृष्णाको अभिष्ट उनको आचरण र हाउभाउबाट पनि झल्काइएको छ जसलाई पाठकहरूले आ-आफ्ना दृष्टिकोणले हेरेका छन्। 'निर्गमन' मार्फत मैले आफ्नो मनको खोज र अभिष्टको निम्ति पुरुषले मात्र गृहत्याग गर्दैन र समस्त मोहभङ्ग गरी नारीले पनि गर्नसक्छे भनेर झल्काउन चाहेकी छु।

(३३) के सिद्धार्थ गौतमको गृहत्यागलाई असामान्य मानसिक स्थितिको कारण थियो भन्नु मिल्छ? स्वामी विवेकानन्दले घरका चार दिवारभित्र नबसी ज्ञान बाँड्दै सारा संसारभरि भ्रमण गरे, के उनलाई पनि मानसिक असन्तुलनका कारण त्यसो गरेका हुन् भन्ने? या स्वामी श्री सत्य साईंले पनि १४ वर्षको विद्यार्थी जीवनमा आफ्नो विद्यालय, घर सबै त्यागी फरक स्थानमा बसी मानवकल्याणार्थ आफ्नो सेवाकार्यलाई विस्तारित गरे, उनलाई पनि के त्यसै भन्ने? यदि यी सम्पूर्ण महापुरुषहरूलाई असामान्य मानसिक स्थितिका भन्न मिल्छ भने त्यही स्तर र उचाइको नभए पनि तृष्णा सन्दर्भमा पनि भन्न सकिन्छ, हो उनी असामान्य मानसिक स्थितिकी हुन्। अन्यथा तृष्णा जीवनजगतमा मानिसका लागि, विशेष नारीहरूका लागि कुनै दिशाको खोजमा बाहिर निस्केकी एक प्रकार चिन्तनधाराकी नारी हुन्॥